महालेखापरीक्षकको
सन्ताउन्नौं वार्षिक प्रतिवेदनसंग सम्बन्धित



संगठित संस्थाको लेखापरीक्षण
प्रतिवेदन
२०७७



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने।

(We strive to be a Credible Institution in Promoting Accountability, Transparency and Integrity for the benefit of the people)

गन्तव्य

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न
स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।

(Provide Independent and Quality Audit Service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

- स्वतन्त्रता (Independence)
- निष्ठा (Integrity)
- व्यावसायिकता (Professionalism)
- पारदर्शिता (Transparency)
- जवाफदेहिता (Accountability)

प्राक्कथन

नेपालको संविधान, लेखापरीक्षण ऐन र प्रचलित कानुनले महालेखापरीक्षकलाई सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको सम्वन्धमा लेखापरीक्षक नियुक्ती गर्ने र अधिकांश स्वामित्व भएका संगठित संस्थाको हकमा लेखापरीक्षक नियुक्ति गर्दा परामर्श उपलव्ध गराउनुपर्ने जिम्मेवारी तोकेको छ। महालेखापरीक्षकले प्रचलित कानुन र लेखापरीक्षणका मान्य आधारभुत सिद्धान्तबमोजिम संगठित संस्थाहरुको वित्तीय अवस्था, संस्थाहरुको सञ्चालन नतिजा, खरीद प्रकृया, ऐन नियमको पालना लगायतका क्षेत्रको सुधार गर्नुपर्ने विषयहरु पहिचान गरी कार्यान्वयको लागि सुझाव सहित प्रतिवेदन पेश गर्दै आएको छ।

राज्यले आम नागरिकको दैनिक जीवन यापनसंग प्रत्यक्ष सम्बन्ध रहेका अत्यावश्यक बस्तु वा सेवा सर्वसुलभ रुपमा उपलव्ध गराउन सार्वजनिक प्रतिष्ठान तथा संस्थानहरुको स्थापना गरेको हुन्छ। सार्वजनिक निकायहरुलाई प्राप्त अधिकार तथा जिम्मेवारीअनुसार आम्दानी खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गरी सोको वित्तीय जवाफदेहिता पुरा गर्न वित्तीय कारोवारको लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था छ। संगठनप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमामात्र संगठित संस्थाको आर्थिक कारोबार सुदृढ हुन सक्दछ। यसका निमित्त आर्थिक कारोबार गर्ने संस्था, नियमनकारी निकाय तथा सरोकारवाला सबैको सहकार्यले मात्र तोकिएको लक्ष्य हासिल हुन सक्दछ।

प्रत्येक वर्ष सार्वजनिक संस्थानको लेखापरीक्षण यथासमयमा गरी व्यवस्थापनलाई समयमै प्रतिवेदन वुझाउने गरी लेखापरीक्षण योजना तय गरिएकोमा कतिपय संस्थाले लेखा स्रेस्ता सहितको वित्तीय विवरण तोकिएको समयमा पेश गर्न नसकेको कारण लेखापरीक्षण हुन सकेन। तापनि विगतमा लेखापरीक्षण नभएका निकायको यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएको, सार्वजनिक संस्थानको वित्तीय विवरणको गुणस्तरीय सुधारको लागि नेपाल लेखामानको आधारमा वित्तीय विवरण तयार गर्न शुरुवात गरिएको, वित्तीय सुशाशन अभिवृद्धिका लागि सूचना प्रविधिको उपयोगमा वृद्धि गरेको जस्ता सकारात्मक पहल हुन थालेको छ। संस्थानको वित्तीय सूचकतर्फ सवै संस्थानले अपेक्षाकृत रुपमा मुनाफा गर्न नसकेको, संघिय संरचना अनुरुप सवै संस्थाको कार्यक्षेत्र यकिन गर्न नसकेको, संस्था सञ्चालनमा दिर्घकालिन नीति नभएको जस्ता व्यहोरा रहेको देखिन्छ।

सार्वजनिक संस्थाको लेखापरीक्षण गर्दा संस्थागत जोखिमको पहिचान गरी योजना तथा कार्यक्रम तर्जुमा गरिएको थियो। निकायबाट प्राप्त स्रेस्ता तथा विवरणका आधारमा स्थलगतरुपमा स्रेस्ता परीक्षण गरी प्रमाण संकलन, मस्यौदा उपर व्यवस्थापन संगको छलफल पश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। यस वर्ष ९३ पूर्ण स्वामित्व भएको संगठित संस्थाको रु. २३ खर्ब ५५ अर्व ४८ करोडको लेखापरीक्षक नियूक्त गरी परीक्षण सम्पन्न गरिएको छ भने ३२ वटा अधिकांश स्वामित्व भएका संगठित संस्थाको रु. ९ खर्व ५० अर्व ८५ करोडको लेखापरीक्षण गर्न परामर्श दिई सम्पन्न भएको छ । यस अनुसार यस वर्ष संगठित संस्थातर्फ कूल रु. ३३ खर्च ५ अर्व ९३ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । कानुनबमोजिम फछ्यौंट नभई बाँकी रहेका व्यहोरा मिलान गरी अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ।

संगठित संस्थाहरुले गरेको वित्तीय, व्यवस्थापकीय र उद्देश्य अनुरुपका सेवामूलक कार्य र सोबाट प्राप्त उपलब्धी सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले जारी गरिएका लेखापरीक्षण प्रतिवेदनको व्यहोरा सहितको समावेश गरी यो संगालो प्रकाशित गरिएको छ। प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने लेखापरीक्षक, कर्मचारी, तथा संगठित संस्थाका व्यवस्थापन कार्यमा संलग्न सबैमा म आभार व्यक्त गर्दछु । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई संगठित संस्थाको आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

संगठित संस्थाको लेखापरीक्षण प्रतिवेदन, २०७७

विषय सूची

पेज नम्बर

१. लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति १
२. संगठित संस्थाको लेखापरीक्षणको कानुनी व्यवस्था २
३. सार्वजनिक संस्थानको लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा ३
४. सुझाव ४

(क) पूर्ण स्वामित्वका संगठित संस्था

विषय सूची

पेज नम्बर

१. अपर अरुण हाईड्रो-इलेक्ट्रिक लिमिटेड, २०७५/७६ ..... ८
२. उदयपुर सिमेण्ट उद्योग लिमिटेड, २०७३/७४ ..... ८
उदयपुर सिमेण्ट उद्योग लिमिटेड, २०७४/७५ ..... ११
उदयपुर सिमेण्ट उद्योग लिमेटेड, २०७५/७६ ..... १४
३. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, २०७५/७६ ..... १८
४. कर्मचारी सञ्चय कोष, २०७५/७६ ..... १९
५. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, २०७५/७६ ..... २१
६. कानुन किताब व्यवस्था समिति, २०७५/७६ ..... २६
७. कृषि सामग्री कम्पनी लिमिटेड, २०७५/७६ ..... २६
८. गुठी संस्थान, २०७३/७४ ..... ३०
गुठी संस्थान, २०७४/७५ ..... ३१
९. गोरखापत्र संस्थान, २०७३/७४ ..... ३३
गोरखापत्र संस्थान, २०७४/७५ ..... ३६
१०. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७२/७३ ..... ३९
जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७३/७४ ..... ४१
जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७४/७५ ..... ४२
जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७५/७६ ..... ४४
११. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, २०७५/७६ ..... ४७
१२. जनकपुर चुरोट कारखाना लिमिटेड, २०७५/७६ ..... ४८
१३. तनहुँ हाइड्रोपावर लिमिटेड, २०७५/७६ ..... ५०
१४. तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७४/७५ ..... ५२
तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७५/७६ ..... ५४
१५. तारागाउँ बिकास समिति, २०७४/७५ ..... ५६
१६. दुग्ध विकास संस्थान, २०७५/७६ ..... ५८
१७. नगर विकास कोष, २०७५/७६ ..... ६१
१८. नागरिक लगानी कोष, २०७५/७६ ..... ६२
१९. निक्षेप कर्जा तथा सुरक्षण कोष, २०७५/७६ ..... ६५
२०. नेपाल औषधी लिमिटेड, २०७५/७६ ..... ६६
२१. नेपाल खाद्य संस्थान, २०७४/७५ ..... ६७

२२. नेपाल खाद्य संस्थान, २०७५/७६ ..... ७१
२३. नेपाल खानेपानी संस्थान, २०७२/७३ ..... ७३
नेपाल खानेपानी संस्थान, २०७३/७४ ..... ७७
नेपाल खानेपानी संस्थान, २०७४/७५ ..... ८१
२४. नेपाल टेलिभिजन, २०७५/७६ ..... ८४
२५. नेपाल नागरिक उड्डयन प्राधिकरण, २०७४/७५ ..... ८५
२६. नेपाल पशु चिकत्सा परिषद्, २०७५/७६ ..... ९०
२७. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, २०७५/७६ ..... ९१
२८. नेपाल बिद्युत प्राधिकरण, २०७५/७६ ..... ९२
२९. नेपाल बिद्युत प्राधिकरण (स्वीकृत अवकाश कोष), २०७५/७६ ..... ९७
३०. नेपाल राष्ट्र बैङ्क, २०७५/७६ ..... ९८
३१. नेशनल ट्रेडिङ्ग लिमिटेड, २०७५/७६ ..... १००
३२. प्रेश काउन्सिल नेपाल, २०७५/७६ ..... १०२
३३. रघुगंगा हाइड्रोपावर लिमिटेड, २०७५/७६ ..... १०३
३४. राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, २०७५/७६ ..... १०५
३५. राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड, २०७५/७६ ..... १०७
३६. राष्ट्रिय समाचार समिति, २०७५/७६ ..... १०९
३७. राष्ट्रिय सहकारी विकास बोर्ड, २०७४/७५ ..... ११०
३८. स्यार्पू पावर कम्पनी लिमिटेड, २०७५/७६ ..... ११३

(ख) अधिकांश स्वामित्व भएका संगठित संस्था

विषय सूची

पेज नम्बर

१. अपर तामाकोशी हाईड्रोपावर लिमिटेड, २०७५/७६ .....११६
२. आरविवि मर्चेन्ट बैङ्किङ्ग लिमिटेड, २०७५/७६ .....१२०
३. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, २०७५/७६.....१२१
४. कृषि विकास बैंक लिमिटेड, २०७५/७६ .....१२२
५. गोरखकाली रबर उद्योग लिमिटेड, २०७३/७४ .....१२५
गोरखकाली रबर उद्योग लिमिटेड, २०७४/७५ .....१२७
गोरखकाली रबर उद्योग लिमिटेड, २०७५/७६ .....१३०
६. चिलिमे जलविद्युत कम्पनी लिमिटेड, २०७५/७६ .....१३२
७. दोलखा दुग्ध उद्योग लिमिटेड, २०७५/७६ .....१३४
८. नलगाड हाईड्रोपावर कम्पनी लिमिटेड, २०७५/७६ .....१३५
९. नेपाल आयल निगम लिमिटेड, २०७५/७६ .....१३७
१०. नेपाल टेलिकम लिमिटेड, २०७५/७६ .....१३८
११. नेपाल बैङ्क लिमिटेड, २०७५/७६ .....१४१
१२. नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, २०७५/७६ .....१४४
१३. बिद्युत लगानी तथा विकास कम्पनी लिमिटेड, २०७५/७६.....१४६
१४. बुटवल धागो कारखाना लिमिटेड.....१४८
१५. मध्यभोटेकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७५/७६ .....१४९
१६. राष्ट्रिय वाणिज्य बैंक, २०७५/७६ .....१५०
१७. रेमिट हाइड्रो लिमिटेड, २०७५/७६.....१५३
१८. साझा भण्डार सहकारी संस्था लिमिटेड, २०७५/७६.....१५४
१९. साझा यातायात सहकारी संस्था लिमिटेड, २०७५/७६ .....१५६
२०. साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७४/७५.....१५९
२१. सान्जेन जलविद्युत कम्पनी लिमिटेड, २०७५/७६ .....१६०
२२. सिडिएस एण्ड क्लियरिङ लिमिटेड, २०७५/७६ .....१६२
२३. त्रिशुली जलबिद्युत कम्पनी लिमिटेड, २०७५/७६ .....१६३

(ग) लेखापरीक्षण गर्न बाँकी रहेको संस्था

संगठित संस्थाको लेखापरीक्षण प्रतिवेदन, २०७७

१. लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१.१ **संवैधानिक तथा कानुनी व्यवस्था** — नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा महालेखापरीक्षकको नियुक्ति हुने व्यवस्था छ। संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ।

१.२ संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष तथा धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाही सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्ने संवैधानिक व्यवस्था छ।

१.३ **उद्देश्य** — सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ भने अन्य सहायक उद्देश्यहरु देहायअनुसारका विषयमा मूल्याङ्कन विश्लेषण गरी प्रतिवेदन गर्ने रहेका छन्:

- संगठित संस्थाको हिसाब यथार्थपरक रहेको,
- आर्थिक विवरण तोकिएको ढाँचामा तयार भई कारोबारको यथार्थ चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- संस्थानको आय र धरौटी असुली तथा दाखिला गरेको,
- सार्वजनिक संस्थानको सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी जिन्सी तथा सार्वजनिक सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी
- आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण
- राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धी हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- उद्देश्य, नीति, कार्यक्रम कार्यान्वयन र उपलब्धी हासिल गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

१.४ **क्षेत्र र विधि** — यो वर्ष संवैधानिक अङ्ग, संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालयसमेत कानुनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको संस्थाको आर्थिक वर्ष २०७५।७६ को आर्थिक कारोबार र पेस भएसम्म बक्यौता कारोबारलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। यो वर्ष वित्तीय तथा नियमितता, कार्यमूलक, वातावरणीय, दीगो विकासलगायत सूचना प्रविधिमा आधारित एवं विशेष लेखापरीक्षण गर्दा प्रक्रियामूलक तथा नतिजामूलक

विधि अवलम्बन गरिएको छ। लेखापरीक्षणको क्रममा विकास निर्माण, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, राजस्व प्रशासन र सेवा प्रवाहको सम्बन्धमा वित्तीय जवाफदेहिता स्थिति मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरिएको छ।

१.५ **पद्धति —** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, लेखापरीक्षणका आधारभूत सिद्धान्त, मान्यता, सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन र अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमनसमेत ४ चरणमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ। जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नमुना छनौट गरी नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ।

१.६ **वार्षिक प्रतिवेदन —** महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेस गर्नुपर्ने नेपालको संविधानको धारा २९४ मा व्यवस्था भएबमोजिम यो प्रतिवेदन तयार गरिएको छ।

२. संगठित संस्थाको लेखापरीक्षणको कानुनी व्यवस्था

२.१ **संबैधानिक व्यवस्था** — नेपालको संविधानको धारा २४१(२) मा पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसंग परामर्श गर्नुपर्ने र त्यस्तो संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। उपधारा (५) मा सरकारले कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गर्नुपर्ने गरी संघीय कानुनद्वारा व्यवस्था गर्न सक्ने व्यवस्थाबमोजिम विभिन्न संघीय कानुनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने गरी तोकेको छ।

२.२ **लेखापरीक्षण व्यवस्थापन —** कानुनी व्यवस्थाअनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्वमा तथा पचास प्रतिशतभन्दा बढी स्वामित्वमा सञ्चालन हुँदै आएका संगठित संस्थाहरु महालेखापरीक्षकको क्षेत्राधिकार भित्र रहेका छन्। पूर्ण स्वामित्वका संस्थाहरुको लेखापरीक्षण महालेखापरीक्षकका कार्यालयका कर्मचारीहरुबाट गराउने वा महालेखापरीक्षकले आपनो सहायकको रुपमा अन्य लेखापरीक्षक नियुक्त गर्ने गरेको छ। पचास प्रतिशतभन्दा बढी स्वामित्वका संगठित संस्थाहरुमा लेखापरीक्षक नियुक्तिको लागि महालेखापरीक्षकसंग परामर्श माग भए आएअनुसार सिफारिस गर्ने गरिएको छ। महालेखापरीक्षकबाट नियुक्ति भएका लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकलाई लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने र परामर्शबाट लेखापरीक्षण भएका संस्थाहरुको हकमा लेखापरीक्षकले त्यस्ता संस्थामा लेखापरीक्षण प्रतिवेदन बुझाएपछि संस्थाले महालेखापरीक्षकको कार्यालयमा सोको एक प्रति प्रतिवेदन पठाउनुपर्ने व्यवस्था छ।

२.३ **उद्देश्य —** प्रचलित कानुन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड एवं नीतिहरुको पालना गरी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण वा पचास प्रतिशतभन्दा बढी स्वामित्वका संगठित संस्थाको लेखापरीक्षण गर्न सहयोग पुऱ्याउनु यस निर्देशनको उद्देश्य रहेको छ।

२.४ **पूर्ण सरकारी स्वामित्वका संस्थाको लेखापरीक्षण —** लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था तथा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने व्यवस्था छ। ऐनको दफा १० बमोजिम भने त्यस्ता संस्थाको लेखापरीक्षण गर्न आवश्यकताअनुसार प्रचलित कानुनबमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरुलाई महालेखापरीक्षकले सहायकको रुपमा नियुक्ति गर्न सक्ने व्यवस्था छ। त्यसरी नियुक्त लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, नियन्त्रण र रेखदेखमा

रही काम गर्नुपर्ने तथा निजको काम कर्तव्य, अधिकार, सेवाका शर्त, दायित्व, निजले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था यस ऐनमा उल्लेख भएकोमा यसै ऐनबमोजिम र उल्लेख नभएको बिषयमा महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था छ।

२.५ **पचास प्रतिशतभन्दा बढी सरकारी स्वामित्वका संस्थाको लेखापरीक्षण —** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पचास प्रतिशतभन्दा बढी स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकले तोकिदिएको सिद्धान्तको अधिनमा रही लेखापरीक्षण गराउन सक्ने, लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने र लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनबाट औल्याएका बिषयको कार्यान्वयनको प्रगति विवरण महालेखापरीक्षकले तोकिदिएको अवधिभित्र पेश गर्नुपर्ने व्यहोरा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा उल्लेख छ।

२.६ **लेखापरीक्षणको सिद्धान्त —** महालेखापरीक्षकले नियुक्ति गरेका वा महालेखापरीक्षकको परामर्शमा नियुक्ति भएका लेखापरीक्षकले अन्य कुराका अतिरिक्त सामान्यतः महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरी प्रकाशित गरेको लेखापरीक्षण सम्वन्धी मानदण्ड तथा निर्देशिकाले प्रतिपादन गरेको स्वतन्त्रता र वस्तुपरकता, सक्षमता, उचित सतर्कता, सूचनाको गोपनीयता, लेखापरीक्षण योजना, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याकन, लेखापरीक्षण कार्य योजना, अन्य लेखापरीक्षक तथा विशेषज्ञसंगको सम्बन्ध, लेखापरीक्षण व्यवस्थापन, सुपरिवेक्षण तथा पुरानलोकन, प्रमाण अभिलेखाङ्कन, वित्तीय विवरणको विश्लेषण, ऐन नियमको पालना, लेखापरीक्षण समापन, लेखापरीक्षण कार्यपत्र फाइलको पुनरावलोकन, वित्तीय विवरण सम्बन्धी प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सम्बन्धी मानदण्ड अनुरुपका सिद्धान्त अपनाई लेखापरीक्षण कार्य सम्पादन गर्नु पर्नेछ।

३. सार्वजनिक संस्थानको लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा

३.१ **सार्वजनिक संस्थानको अवस्था —** सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७६ को प्रतिवेदनअनुसार हाल ३९ सार्वजनिक संस्थान अस्तित्वमा रहेको उल्लेख छ। यसका अलवा आंशिक स्वामित्व भएका २४, आयमूलक कार्यक्रममा संलग्न ११, विशेष ऐनद्वारा स्थापित १ संस्था रहेको पाईन्छ। सार्वजनिक संस्थालाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, सेवा क्षेत्र, सामाजिक क्षेत्र, जनउपयोगी क्षेत्र, वित्तीय क्षेत्रमा वर्गीकरण भएको पाइन्छ। त्यस्तै आयमूलक कार्यमा संलग्न सरकारी स्वामित्वका विकास समिति तथा विशेष ऐनबमोजिम स्थापित संस्थाको रुपमा समेत सार्वजनिक निकाय रहेका छन्।

३.२ **लेखापरीक्षण अंक** - यो वर्ष पूर्ण स्वामित्वको संगठित संस्थातर्फ ३८ इकाईको रु. २१ खर्ब ५९ अर्ब २६ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त अधिकांश पूर्ण स्वामित्वका ३९ संगठित संस्था मध्ये ३२ संस्थाको लेखापरीक्षणको परामर्श मार्फत रु. ९ खर्ब ५० अर्ब ८५ करोडको लेखापरीक्षण भएको छ।

३.३ **पूर्ण स्वामित्वका संस्थाको लेखापरीक्षण** - यस वर्ष लेखापरीक्षक नियुक्ति गरिएका संगठित संस्था ४५ मध्ये १२ संस्थाले १४ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन्। गुठी संस्थान, तारागाउँ विकास समिति, वन पैदावार विकास समिति, गोरखापत्र संस्थान, द टिम्बर कर्पोरेशन, नेपाल रेल्वे कम्पनी, मोदी जलविद्युत कम्पनी, राष्ट्रिय आवास कम्पनी लिमिटेड, राष्ट्रिय सहकारी विकास वोर्ड र हेटौंडा सिमेन्ट उद्योगको यो वर्षको र सांस्कृतिक संस्थान तथा नेपाल खानेपानी संस्थानको विगत २ वर्षको वक्यौता रहेको छ। लेखापरीक्षणको लागि स्रेस्ता उपलव्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलव्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारवाही गर्नुपर्दछ।

३.४ **अधिकांश स्वामित्वका संस्थाको लेखापरीक्षण** - लेखापरीक्षक नियुक्तिको लागि परामर्श दिइएका संगठित संस्था ३७ मध्ये ८ संस्थाले ३७ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन्। साझा स्वास्थ्य सेवा, साझा

प्रकाशन, ओरियन्टल म्याग्नेसाईट, हिमाल सिमेन्ट, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय विमा संस्थान, राष्ट्रिय विमा कम्पनी, दुधकोशी जलविद्युत कम्पनीको विगत वर्ष एवं यस वर्षको लेखापरीक्षण भएको छैन। लेखापरीक्षणको लागि स्रेस्ता उपलव्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलव्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारबाही गर्नुपर्दछ।

४. सुझाव

४.१ **संगठित संस्थामा गर्नुपर्ने सुधारः** पूर्ण स्वामित्वको सार्वजनिक संस्थान र अधिकांश स्वामित्व भएको सार्वजनिक संस्थानको लेखापरीक्षण गर्दा संस्थानको गठन, स्वामित्व संरचना, वित्तीय विवरण, सम्पत्ति व्यवस्थापन, आन्तरिक नियन्त्रण, वित्तीय व्यवस्थापन, लेखापरीक्षण, वस्तु तथा सेवाको मूल्य निर्धारण र सेवा प्रवाह लगायतमा गर्नुपर्ने सुधारको व्यहोरा देहायअनुसार छः

४.२ **सञ्चालक समितिः** सार्वजनिक संस्थानको गठन व्यवस्थापनमा एकरुपता नदेखिएको, विशेष ऐन, संचार ऐन, कम्पनी ऐन, प्राधिकरण ऐन, कोष ऐन, संस्था ऐन अन्तर्गत स्थापना भई ५ देखि ११ जनासम्म संचालक समिति रहने गरेकोमा ऐन तथा संचालक समितिको संख्यामा विविधता रहेको, संचालक समितिमा रहने सदस्यको योग्यता किटान गर्ने नगरेको, अध्यक्षमा कतिपयमा विभागीय मन्त्री, कतिपयमा कर्मचारी तथा कतिपयमा वाह्य व्यक्तिलाई नै तोक्ने गरेको देखिन्छ। नीतिगत भिन्नता भएका कारण समयमा वित्तीय विवरण स्वीकृत गर्ने, नीति कार्यक्रम तय गर्ने लगायतका कार्यमा स्पष्टता रहेको छैन। लेखापरीक्षणको प्रतिवेदन उपर सञ्चालक समितिमा छलफल गर्ने, जवाफ दिने, लेखापरीक्षक नियुक्तको परामर्श दिई पठाएकोमा समयमा नियुक्ति नदिने लगायतका व्यवस्थामा सञ्चालक समिति सक्रिय नरहेको हुदा संस्था सञ्चालनमा गंभीर समस्या रहेको छ।

४.३ **स्वामित्व संरचनाः** नेपाल सरकारले संस्थामा लगानी गर्दा शेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति नभएका कारण लगानीको दायरा यकिन हुन सकेको छैन। महालेखा नियन्त्रक कार्यालयले देखाएको हिसाव र संस्थाले देखाएको लगानी हिसाव विवरणमा फरक पर्ने गरेको, संस्थाले सहायक कम्पनीको रुपमा नयां संस्था स्थापना गर्दा सर्वसाधारणलाई समेत शेयर दिनुपर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरको वारेमा थप अध्ययन गर्ने नगरेको, कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लावेग्लै शेयर स्वामित्व कायम गरी संस्था संचालन रहेकोमा समग्रमा नेपाल सरकार एउटै निकाय भएकोले तदनुरुप ऐन, नियममा संशोधन भैसकेको छैन। स्वामित्व संरचना सम्वन्धमा नीतिगत स्पष्टता ल्याई सरकारको लगानीको उचित संरक्षण गर्नुपर्दछ।

४.४ **वित्तीय विवरणः** संगठित संस्थाहरुले तयार गर्ने वित्तीय विवरण लेखा व्यवसाय नियमन गर्ने निकायले तोकेको लेखामान वमोजिम तयार गर्नुपर्नेमा कतिपय निकायबाट प्रचलित नेपाल वित्तीय प्रतिवेदन लेखामान वमोजिम वित्तीय विवरण तयार नभएकोमा सुधार गर्न नियामक निकाय थप सक्रिय हुनु पर्दछ। अधिकांश संस्थाको लेखाढांचा तथा अभिलेख प्रणालीलाई सफ्टवेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत गर्ने नगरेको, नेपाल लेखामानहरु, नोट, टिप्पणी, सम्पत्तिको ह्रास कट्टी, अक्चुरियलको मूल्यांकन गरी दायित्व यकिन नगरेको र वासलातमा अनुसूचीहरु, विदेशी मुद्राको कारोवारको अभिलेखांकन गर्ने लगायतका विषयमा लेखा अभिलेख सम्वन्धी स्पष्ट लेखा टिप्पणी तयार गरेका छैनन्। विद्युतीय प्रविधिमा आधारित लेखा अभिलेख प्रतिवेदन तयार गर्ने गरी एकाउन्टिंग सफ्टवेयरको प्रयोगमा जोड दिने, सबै वित्तीय सूचना समेट्ने गरी वित्तीय विवरण तयार गर्ने, सार्वजनिक सम्पत्ति, प्रविधि र संरचनाको प्रयोग एकीकृत ढंगबाट गर्ने व्यवस्था मिलाउने लगायतका विषयलाई थप व्यवस्थित पार्नुपर्ने देखिन्छ।

४.५ **सम्पत्ति व्यवस्थापनः** सार्वजनिक संस्थाको सम्पत्ति यकिन गरी वैकल्पिक उपयोगको व्यवस्थापन गर्न नसकेको, कतिपय संस्थाको मेशिन, पार्टपूर्जा, उपकरण, औजार लगायतका सम्पत्तिहरु पुरानो प्रविधिमा रहेको संस्थाको सम्पत्तिको जग्गा लगत यकिन गरी अभिलेख प्रणालीलाई व्यवस्थित नगरेको, पुराना सामाग्री

लिलाम विक्री नगरेको, सबै संस्थाबाट प्रदान गरिने सबै प्रकारका सेवालाई एकीकृत ढंगबाट प्रदान गर्ने व्यवस्था मिलाउन नसकेको, प्रक्रियामा समन्वय नगरेको, सम्पत्तिको स्वामित्व विवादलाई टुंगो नलगाएको जस्ता व्यहोरा देखिएका हुंदा सार्वजनिक सम्पत्तिको संरक्षणमा संस्थालाई थप जिम्मेवार बनाउनु पर्दछ।

४.६ **आन्तरिक नियन्त्रणः** संस्थाको सुधारको लागि सरकारले जमानी वसी ऋण दिने व्यवस्थामा पुनरावलोकन हुनुपर्ने, संस्थानको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन एकीकृत नियन्त्रण प्रणाली लागु गर्नुपर्ने, संचालक समिति र संस्था प्रमुखको नियुक्तिमा व्यवसायिक क्षमता भएका व्यक्तिलाई मात्र नियुक्ति दिने व्यवस्था हुनुपर्ने, कर्मचारी दायित्व लगायत अन्य दायित्व भुक्तानीको लागि कोष सहितको व्यवस्था हुनुपर्ने, संचालक समिति तथा कर्मचारीलाई वित्तीय सुशासनमा रहन कार्य विवरणमा समावेश गर्नुपर्ने, संचालक समितिका अध्यक्ष, सदस्य र कोषाध्यक्ष विच आन्तरिक सामन्जस्यता हुनुपर्ने, अनुगमन तथा मूल्याकंन प्रणाली सुदृढीकरण हुनुपर्ने, पद्धति र प्रविधिको विकास गरी कार्य प्रणालीमा आधुनिकीकरण गर्नुपर्ने लगायतमा सुधार गर्नुपर्ने देखिन्छ। त्यस्तै संगठित संस्था, प्रतिष्ठान लगायतमा कार्यकारी प्रमुख तथा जिम्मेवार पदमा नियुक्ति गर्दा जवाफदेहिताको स्तरमापन गर्न बेरुजु, अनियमितता, कर चुक्ता जस्ता विषयको मूल्यांकन गर्ने व्यवस्था गर्नुपर्दछ।

४.७ **वित्तीय व्यवस्थापनः** बोझिलो संगठन, तलब, भत्ता, कार्यालय संञ्चालन लगायतका चालु प्रकृतिका कार्यमा बढ्दो खर्च, साँवा ब्याज भुक्तानीको बोझ, पुरानो प्रविधिको प्रयोगबाट उत्पादन तथा सेवाको लागतमा वृद्धि, क्षमताको न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ। अल्पकालीन कर्मचारी सुविधा बढाई भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको व्यवस्था नगरिँदा सार्वजनिक संस्थानहरुले दीर्घकालमा भुक्तानी गर्नुपर्ने दायित्व अन्ततः नेपाल सरकारलाई नै पर्न जाने अवस्था छ। खर्चमा मितव्ययिता, उत्पादन क्षमताको अधिकतम उपयोग, आम्दानी र कार्य सम्पादन सूचकको आधारमा सुविधामा बृद्धि गर्ने, दैनिक कार्य सञ्चालनमा पारदर्शिता एवं जवाफदेहिता अभिवृद्धि गरी संस्थागत सुधारमा सबै सरकारी संस्था लगायत सरोकालवालाको सक्रिय सहभागिता रहनुपर्ने अवस्था छ।

४.८ **वित्तीय जवाफदेहिताः** प्रचलित कानुनमा तोकेबमोजिम प्रत्येक वर्ष लेखापरीक्षण गर्ने, सम्बन्धित संस्थाले तयार गरेको वित्तीय विवरण नियमन निकायले परीक्षण गरी आवश्यक निर्देशन दिने, सम्बन्धित संस्थाको कार्यक्षेत्र समीक्षा गर्ने, समयमा नै लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग गर्ने र विगत वर्षको लेखापरीक्षण समयमा नै गरी देखिएका व्यहोरा फरफारक गरी वित्तीय जवाफदेहितामा अभिवृद्धि गर्नुपर्ने देखियो।

४.९ **वस्तु तथा सेवाको मूल्य निर्धारणः** संगठित संस्थाबाट सरकारले मूल्य अभिवृद्धि कर, आयकर तथा वोनस संकलन गर्ने गरेकोमा संस्थालाई बजार मूल्यअनुसार सेवा शुल्क तोक्न स्वतन्त्रता प्रदान नगरेको र कतिपय संस्था विगतदेखि घाटामा सन्चालन भएकोमा संस्था सुदृढीकरणको लागि थप पहल नगरेको कारण सरकारको लगानीको तुलनामा प्रतिफल न्यून रहेको छ। सरकारकोतर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्यांकन एवं लगानीको समीक्षा गरी व्यवस्थापनमा सुधार गर्ने वा अन्य उपयुक्त विकल्प अवलम्बन गर्नु जरुरी छ।

४.१० **निर्माण कार्यमा समन्वयः** वित्तीय व्यवस्थापनसंग सम्बन्धित विषयमा सरकारी तथा अन्तरसंस्थान समन्वय गरी सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास हुनुपर्ने, एकै स्थानमा गरिने विकास निर्माण कार्यहरु जस्तै विद्युत प्राधिकरण, नेपाल टेलिकम, खानेपानी संस्थान, काठमाडौं उपत्यका खानेपानी लिमिटेड लगायतका निकायहरुले कार्य गर्दा अन्तरसमन्वय गरी संचालन गर्नुपर्ने, अन्तरमन्त्रालय तथा अन्तरसंस्थाको संचार प्रणालीमा सुदृढीकरण गरी सबै संस्थानलाई एकीकृत ढंगबाट नीति निर्देशन जारी गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।

४.११ **सेवा प्रवाहः** जन सरोकारसंग सम्बन्धित खानेपानी, बिजुली, खाद्यान्न, दुग्ध पदार्थ, बीउ बिजन, रासायनिक मल, आवास, लगायतका आधारभूत सेवा प्रदान गर्ने संस्थानको कार्यशैलीमा आधुनिकता ल्याउनु पर्ने आवश्यकता

छ। त्यस्तै सेवाको लागतमा कमी ल्याई विद्युतीय प्रणालीबाट प्रवाह गर्न संरचनात्मक सुधारलाई जोड दिनुपर्दछ। आधुनिक सूचना प्रविधि, सेवामा टोकन प्रणाली, ई-सेवा मार्फत भुक्तानी प्रणालीमा सुधार, अन्तरसञ्जाल सूचनाको उपयोग तथा वेभसाइट लगायतका प्रविधिको उपयोग गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र छिटो छरीतो पार्नुपर्दछ।

खण्ड - क

पूर्ण स्वामित्वका संगठित संस्था

अपर अरुण हाईड्रो-इलेक्ट्रिक लिमिटेड, २०७५/७६

1. Report on Financial Statements:

We have audited the accompanying financial statements of Upper Arun Hydro-Electric Ltd., Kathmandu, which comprise the balance sheet as of 31 Asadh, 2076 (16 July 2019) and the Income statement, the statement of changes in equity and cash flow statement for the year then ended and significant accounting policies and other explanatory notes.

2. Management Responsibility for Financial Statements:

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards (NAS). This responsibility includes designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies and making accounting estimates that are reasonable in the circumstances.

3. Auditor's Responsibility:

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance whether financial statements are free from material misstatement.

The Audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

4. Auditor's Opinion:

In our opinion, the financial statement give true and fair view of financial position of Upper Arun Hydro-Electric Limited, Kathmandu, as of 31 Asadh, 2076 (16 July, 2019) and its financial performance and its cash flows for the year then ended in accordance with Nepal accounting standards and relevant provisions of Company Act, 2063.

उदयपुर सिमेण्ट उद्योग लिमिटेड, २०७३/७४

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले उदयपुर सिमेण्ट उद्योग लिमिटेडको यसै साथ संलग्न २०७४ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र त्यस सम्बन्धी प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार तयारी गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा त्रुटिबाट हुन सक्ने सारभूतरुपमा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको बनावट, कार्यान्वयन र

कायम गर्ने उचित लेखा नीतिहरु चयन तथा कार्यान्वयन गर्ने तथा परिस्थिति अनुरुप उचित लेखा सम्बधी अनुमान गर्ने दायित्व पनि समावेश हुन्छ ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनकाअनुसार व्यावसायिक आचारसहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत अनुमानरहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा र तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगाायत अन्य विवरणकाबारेमा पुष्ट्याईएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आकडा प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन, व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिएको भए तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै, वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. मौन रायको आधार

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाद्वारा राज्यको स्वामित्व रहेको सूचीकृत नभएका संस्थाहरुमा नेपाल वित्तीय प्रतिवेदनमानहरु (NFRS) आर्थिक वर्ष २०७३।०७४ देखि अनिवार्य रुपमा लागु गरेको छ । नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमानहरुमा परिवर्तन भएकोले आर्थिक वर्ष २०७३।७४ देखि हालको वित्तीय सम्प्रेषण खाकालाई नेपाल वित्तीय प्रतिवेदनमानहरुमा (NFRS) परिवर्तन गर्नुपर्ने र कम्तिमा तीन आर्थिक वर्षको वित्तीय विवरण, दुई आर्थिक वर्षको नाफा नोक्सानको विवरण, दुई आर्थिक वर्षको नगद प्रवाहको विवरण, दुई आर्थिक वर्षको ईक्वीटीमा भएको परिवर्तनको विवरण प्रस्तुत गर्नुपर्ने हुन्छ । तर उद्योगले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदनमानहरु (NFRS) बमोजिम तयार नगरेको साथै नयां लेखा सिद्वान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुति र खुलासा पनि गरिएको पाइएन ।

उल्लिखित परिवर्तित नेपाल वित्तीय प्रतिवेदनमानहरुअनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुति र खुलासा सम्प्रेषण नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुनसक्छ । तसर्थ, माथिको मौन रायको आधार हरफमा उल्लिखित कुराहरुको महत्व र परिवर्तित प्रतिवेदन वित्तीय प्रतिवेदनमानहरु (NFRS) को पहिलो पटक ग्रहण गर्दा चाहिने एकीकृत वित्तीय सूचनाको पुनर्लेखन र थप खुलासा यस उद्योगबाट पालना नगरिएकोले, यसबाट पर्न जान सक्ने असरकोबारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकोले, हामी यस उद्योगको आर्थिक वर्ष २०७३।७४ को वित्तीय विवरण उपर हामीले कुनै राय व्यक्त गरेका छैनौं ।

४.१. अल्पकालीन ऋण लगानी

उद्योगको लेखाअनुसार २०५१।६।२४ मा रु. २४ लाख र २०५२/६/३१ मा रु. १० लाख गरी रु. ३४ लाख भविष्यमा जुट बोरा सप्लाई गर्ने गरी विराटनगर जुट मिल लि.लाई उपलब्ध गराएको ऋण रकम उद्योगले लगानी शीर्षक अन्तर्गत लेखाङ्कन गरी राखेकोले लेखाको सामान्य सिद्धान्त र नेपाल लेखामानअनुसार देखिदैन । उक्त रु. १० लाख बिना करारनामा वा सम्झौता पुनः ऋण उपलब्ध गराएको । साथै उक्त सांवामा प्रस्तुत वर्षको रु. १६,११८,८७५। को अनुमानित ब्याज थप गरी रु. ११६,६०६,२७६। (उद्योगको लेखाको टिप्पणी (४.१२) उल्लिखित) बिराटनगर जुट मिल लिमिटेडबाट आर्थिक वर्ष २०७२।७३ को अन्त्यमा लिनुपर्ने देखिन्छ । करारनामामा स्पस्ट रुपमा शर्तहरु उल्लेख

नभएको हुंदा ब्याज आम्दानी बांध्नु अगाडि दोस्रो पक्षसंगको सहमति बिना आम्दामी बांध्न उचित हुदैन । साथै, वित्तीय विवरणमा देखाइएको प्रस्तुत वर्षको आम्दानी तथा प्राप्त गर्नुपर्ने अल्पकालीन ऋण रु. १६,११८,८७५। सहित प्राप्त गर्नुपर्ने अल्पकालीन ऋण लगानी कुल रु. ११६,६०६,२७६। ले यथार्थभन्दा बढी चित्रण (overstate) भएको छ । उद्योग संचालकको अध्यक्षतामा विराटनगर जुट मिलका प्रतिनिधिहरु तथा घरेलु तथा साना उद्योग कार्यालयको प्रतिनिधि बीच एक संयुक्त बैठकको आयोजना गरी विराटनगर जुट मिलको रकम असुली सम्बन्धमा छलफल गरी असुल उपर गर्नका लागि उद्योग तथा विराटनगर जुट मिलबीच भएको करारनामाबमोजिम ठोस कदम चाल्नु पर्नेछ ।

४.२. शेयरमा लगानी

उद्योगले मिति २०५६।४।२६ देखि २०५९/९/१२ सम्म एक प्रा.लि.को शेयरमा रु. ७,६९५,०००/- लगानी गरेको पाइयो । तर हालसम्म कुनै लाभांस तथा आर्थिक विवरण उपलब्ध नभएकाले यो लगानी सुरक्षित छ भन्ने यकिन हुन नसकिएको कारणले रु. ७,६९५,०००। को व्यवस्था (Provision for impairment) गर्नुपर्ने देखिन्छ । एक प्रा.लि.को आर्थिक विवरण तथा आर्थिक अवस्थाको जानकारी समय समयमा लिनु पर्दछ । शेयरहोल्डरका हैसियतले माग गरिएका आर्थिक विवरण तथा अन्य कागजात प्राप्त नभएमा कानुनी सल्लाह लिई सोही अनुरुप आवश्यक कदम चाल्नु पर्नेछ ।

४.३. प्रतितपत्र हिसाब

उद्योगले विगतका वर्षहरुमा तथा प्रस्तुत वर्षमा प्रतितपत्र खोली आयात गरेको सामानहरु खपत गरी सकेको भए तापनि उक्त रकम खर्च नलेखी वासलातमा प्रतितपत्र हिसाब भनी रु. ४८ लाख ६१ हजार जनाइरहेको छ । जसले गर्दा सोही बराबरको रकमले चालु सम्पत्ति यथार्थभन्दा बढी चित्रण (overstate) भएको छ ।

४.४. जिन्सी मौज्दात

उद्योगले मेकानिकल एण्ड इलेक्ट्रिकल स्टोर्सबाट प्राप्त सामग्रीहरु रु. १४ करोड १९ लाख २६ हजार (उद्योगको लेखाको टिप्पणी (४.१३) मा उल्लिखित तथा फर्नेस आयल रु. १ करोड ३८ लाख १२ हजार गरी रु. १५ करोड ५७ लाख ३८ हजारको जिन्सी मौज्दातहरुको परिमाण मात्र खर्च लेखी रकम खर्च नलेखिएको तथा सोही मौज्दातको नोक्सान व्यवस्था (Provision for impairment) नभएकोले वित्तीय विवरणमा यथार्थभन्दा बढी चित्रण (overstate) भएको छ । साथै, खर्च भईसकेको रु. २३ लाख ४९ हजार मूल्यको जिन्सी मौज्दात (उद्योगको लेखाको टिप्पणी (४.१३) मा उल्लिखित) शाखा स्टोर शीर्षकमा जिन्सी देखाईएकोले जिन्सी मौज्दात वित्तीय विवरणमा यथार्थभन्दा बढी चित्रण (overstate) भएको छ । त्यस्ता जिन्सी मौज्दातको भौतिक परीक्षण गरी प्रयोगमा आउने, नआउने सामानहरु छुट्याई प्रयोगमा नआउने सामानहरु नियमानुसार लिलाम बिक्री गर्नेतर्फ व्यवस्थापनको ध्यान जानुपर्दछ । मौज्दातहरुको वास्तविक खपतको सही मूल्याङ्कन गरी खपत नभएका तर भौतिक रुपमा पनि उपलब्ध नभएका जिन्सी मौज्दातको स्थितिको अनुसन्धानका लागि समिति गठन गरी समितिको प्रतिबेदनअनुसार मौज्दातहरुको अपलेखन गर्नुपर्दछ । त्यस्तै उद्योगको जिन्सी मौज्दात २०७४ असार मसान्तसम्ममा रु. ८४ करोड ८५ लाख ७४ हजारको देखिन्छ । यद्यपी उद्योग व्यवस्थापनले आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण जिन्सी मौज्दातको भौतिक परीक्षण गरेको छैन ।

४.५. पुंजीकरण

उद्योगको सारभूत लेखा नीतिको बुँदा नं ३.९ मा उल्लिखित तथ्यहरुलाई विश्लेषण गर्दा उद्योगको लागत निर्धारण गरी सम्पत्तीकरण तथा दायित्व देखाउदा नेपाल सरकार र उद्योग बीच २०४४ साल आश्विन २८ मा भएको सहायक ऋण सम्झौताको बुंदा नं ट मा भएको विनिमय दरको व्यवस्थाको व्याख्या स्पष्ट नगरेको कारणले उद्योगको सम्पत्ति अधिक मूल्याङ्कन र दायित्वको अधिक मूल्याङ्कन हुनगई ह्रास तथा ब्याज खर्च वास्तविकभन्दा बढी लेखाङ्कन हुंदा वास्तविक वित्तीय अवस्था चित्रण हुन नसकेको उद्योगको व्यवस्थापनको जिकिर रहेको छ ।

४.६. नेपाल सरकारको ऋण तथा ब्याज

महालेखा नियन्त्रक कार्यालयको २०६६।७।९ को पत्रअनुसार २०६६ असार मसान्तसम्म उद्योगसंग लिन बांकी रु. २ अर्ब ७२ करोड ५० लाख देखाएकोमा उद्योगले उक्त अवधिमा रु. १ अर्ब ७७ करोड ५० लाख देखाएकोले दुई निकाय बिचको हिसाबमा रु. ४८ करोड ५० लाखको फरक देखिएको छ । उद्योगको

लेखाअनुसार २०६६ असार मसान्तदेखि २०७४ असार मसान्तसम्म उद्योगले रु. ५ करोडको साँवा चुक्ता गरिसकेको छ। उद्योगको वित्तीय विवरणअनुसार चालु आर्थिक वर्षसम्म मध्यम तथा दीर्घकालीन ऋण रु. १ अर्ब ७२ करोड ५० लाख रहेको छ। उद्योगले दिनुपर्ने देखिएको ऋण तथा ब्याज र नेपाल सरकारले देखाएको ऋण तथा ब्याज हिसाबमा तथा लेखाको टिप्पणी (४.४) मा उल्लिखित फरक पर्न गएको छ। साथै, उद्योगको लेखाअनुसार यस आर्थिक वर्षमा रु. ८ करोड ६२ लाख ५० हजार र गत आर्थिक वर्षमा रु. ८ करोड ६२ लाख ५० हजार ब्याज खर्च (उद्योगको लेखाको टिप्पणी (४.४) मा उल्लिखित) लेखिएको छ। यद्यपि सो ऋण तथा ब्याज रकम महालेखा नियन्त्रक कार्यालयको रेकर्डसंग भिडान गरिएको छैन। उद्योगले महालेखा नियन्त्रकको कार्यालयबाट समय समयमा ऋणको समर्थन पत्र (Confirmation Letter) लिनु पर्दछ। नेपाल सरकारको ऋण महालेखा नियन्त्रक कार्यालयको रेकर्डसंग भिडान गरी मिलान हुन बांकी रकमको reconciliation statement बनाई त्यस्तो मिलान हुन बांकी रकमको मिलानका लागि ठोस ध्यान दिनु पर्दछ।

४.७. भिडान हुन बांकी हिसाब

उद्योगले विगत लामो समयदेखि चालु सम्पत्ति र चालु दायित्वमा मिलान हुन बांकी रहेको रु. २६ लाख ८७ हजार बराबरको रकमलाई मिलान हुन बांकी हिसाब (उद्योगको सारभूत लेखा नीतिहरु (३.१२) मा उल्लिखित) मा समायोजन गरी आर्थिक विवरण तयार गरिएको छ।

४.८. नगद तथा बैंक मौज्दात

उद्योगले बैंक हिसाब मिलान विवरण अद्यावधिक गर्ने गरेको भए तापनि बैंक स्टेटमेन्टको मौज्दात र उद्योगले वित्तीय विवरणमा देखाएको मौज्दातको फरक रकमको कैफियतहरुको मिलान गरेको छैन। वासलातमा देखिएको नगद मौज्दात रु. १ करोड ८४ लाख १५ हजार रकमलाई व्यवस्थापनले प्रमाणित गरेअनुसार वित्तीय विवरणमा देखाईएको छ।

४.९. विगत वर्ष सम्बन्धित हिसाब

उद्योगले विगत वर्षमा नै हिसाब मिलान हुनुपर्ने रकम रु. ४४ लाख ७० हजारलाई यस वर्षको नाफा–नोक्सान हिसाबमा समायोजन गरिएको छ। (उद्योगको लेखाको टिप्पणी (४.१०) मा उल्लिखित)

४.१०. अवकाश सुविधाहरु

उद्योगको कर्मचारी सेवा शर्त नियमावलीमा कर्मचारीहरुले सञ्चित विदा पाउने भनिए तापनि २०७४ असार मसान्तसम्मको सञ्चित विदा, खर्चको व्यवस्था रकम यकिन हुन नसकेको तथा सोका लागि उद्योगले कुनै व्यवस्था नगरेकोले वित्तीय विवरणमा उद्योगको सारभूत लेखा नीति (३.८) तथा लेखाको टिप्पणी (४.६) मा उल्लिखित) दायित्व यथार्थभन्दा कम चित्रण भएको छ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ।

६. लेखापरीक्षकको राय

माथिको मौन रायको आधारमा उल्लिखित कुराहरुको महत्व र परिवर्तित प्रतिवेदन वित्तीय प्रतिवेदनमानहरु (NFRS) को आधारमा पहिलो पटक तयार गर्दा चाहिने एकीकृत वित्तीय सूचनाको पुनर्लेखन र थप खुलासा यस उद्योगबाट पालना नगरिएकोले, यसबाट पर्न जाने असरकोबारेमा लेखापरीक्षणको सिलसिलामा पर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकोले, यस उद्योगको आर्थिक वर्ष २०७३/७४ को वित्तीय विवरण उपर हामीले कुनै राय व्यक्त गरेका छैनौं।

उदयपुर सिमेण्ट उद्योग लिमिटेड, २०७४/७५

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले उदयपुर सिमेण्ट उद्योग लिमिटेडको यसै साथ संलग्न २०७५ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी प्रमुख लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको

वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण प्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन लगायत प्रचलित अन्य ऐन, नियम तथा अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अर्न्तगत वित्तीय विवरण जालसाजी, त्रुटि, लगायत सारभूतरुपमा गलत आंकडारहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको लेखापरीक्षण मार्गदर्शनबमोजिम सम्पन्न गरेका छौं । ती नेपाल लेखापरीक्षणमान तथा लेखापरीक्षण मार्गदर्शनअनुसार व्यावसायिक नैतिकताको पालना गर्न तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएकोबारेमा मनासिब आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउंदछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलासालाई पुष्टी गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस्, सारभूतरुपमा त्रुटियुक्त प्रस्तुति हुनसक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्बन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कन साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको रायको आधार

कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नअनुसार छन्:

४.१ वित्तीय विवरण: संस्थाले आर्थिक वर्ष २०७३।०७४ देखि नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्नेमा वित्तीय विवरण पुरानो नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त बमाजिम तयार गरेको छ । यसरी वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार नगरेकोमा सोको असर अनिश्चित छ तथा सारभूत हुन सक्छ ।

४.२ मध्य तथा दीर्घकालीन ऋण: संस्थाले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०५७।०५।१५ को निर्णयअनुसार उद्योग पुंजीकरण गर्दा कायम भएको ऋण रु. २ अर्ब ५५ करोड ६२ लाख मध्ये बांकी साँवा रु. १ अर्ब ७२ करोड ५० लाख तथा सो ऋणमा लागेको ब्याज रु. १ अर्ब ४८ करोड ८४ लाख २० हजार समेत गरी जम्मा रु. ३ अर्ब २१ करोड ३४ लाख २० हजार भुक्तानी गरेको छैन । उक्त तिर्न बांकी ऋण तथा ब्याज रकमको महालेखा नियन्त्रक कार्यालयसंग भिडान गरी समर्थन पत्र लिइएको छैन ।

४.३ अल्पकालीन ऋण लगानी: संस्थाले विराटनगर जुट मिल्स लिमिटेडलाई आर्थिक वर्ष २०५१।०५२ मा रु. २४ लाख तथा आर्थिक वर्ष २०५२।०५३ मा रु. १० लाख गरी रु. ३४ लाख अल्पकालीन ऋण प्रदान गरेकोमा सो ऋणमा ब्याज तथा हर्जानाबापत पुंजीकृत गरिएको रु. ११ करोड ३२ लाख ६ हजार गरी कायम भएको ऋण रु. ११ करोड ६६ लाख ६ हजारको हालसम्म असूली नगरेको र उक्त ऋणको हानिबापत जोखिमको व्यवस्था समेत गरेको छैन ।

४.४ शेयर लगानी: संस्थाको एक प्रा.लि.मा रु. ७६ लाख ९५ हजार बराबरको शेयर लगानी रहेकोमा उक्त कम्पनीको वित्तीय स्थिति तथा अन्य आवश्यक जानकारी समेत प्राप्त नभएकोले यो लगानी सुरक्षित छ/छैन भन्ने यकिन हुन नसकेकोमा सोको हानिबापत जोखिम व्यवस्था गरेको छैन ।

४.५ जिन्सी मौज्दात:

४.५.१ जापान सरकारद्वारा उद्योग हस्तान्तरण गर्दा जिन्सी सामानबमोजिमको मूल्य तथा वास्तविक परिमाण, ईकाइ आदि नभई एकमुष्ट मूल्य लेखाङ्कन गरिएकोमा उपरोक्त सामानहरुको वास्तविक मूल्याङ्कन सहितको खपतको सही विवरण विगत वर्षहरुबाटै प्राप्त हुन नसक्दा सो मौज्दातहरुको भौतिक अवस्था यकिन हुन नसकेकाले रु. १२ करोड ७१ लाख ७१ हजारको यथार्थ चित्रण भएको छैन ।

४.५.२ संस्थाले आर्थिक वर्ष २०४८।०४९ देखि २०६८।०६९ सम्म पटक पटक गरी फर्नेश आयल खरिद गरेको तर प्रयोगमा ल्याउन नसकेको फर्नेश आयलको भण्डारण तथा वास्तविक भौतिक स्थिति यकिन गर्न नसकिएकोले रु. १ करोड ३८ लाख १२ हजारको यथार्थ चित्रण भएको छैन ।

४.५.३ शाखा स्टोर अर्न्तगत देखाइएको मौज्दात रु. २३ लाख ४९ हजार यकिन हुन नसकेकोले सोको चित्रण सही भएको छैन ।

४.६ नगद तथा बैंक मौज्दातः

४.६.१ नेपाल बैंकको खातामा देखिएको विगत वर्षदेखि नै जिम्मेवारी सर्दै आएको मौज्दात रु. १ लाख ७९ हजार ८ सयको बैंक विवरण तथा बैंक सर्मथन पत्र प्राप्त नभएकोले मौज्दात यकिन गरिएको छैन ।

४.६.२ सनराईज बैंकको खातामा देखिएको रु. ७ लाख २७ हजार तथा बैंक सर्मथन पत्रअनुसार देखिएको रु. ५४ लाख ६१ हजारमा रहेको फरकमध्ये रु. १६ लाख ५५ हजारको आवश्यक पहिचान गरी हिसाब मिलान गरिएको छैन ।

४.७ कोष जम्माः

४.७.१ **उपदान कोष जम्माः** संस्थाको उपदानबापत व्यवस्था गरिएको दायित्व रकम रु. ४६ करोड ६ लाख २१ हजार रहेको र नागरिक लगानी कोषमा रु. ९ करोड २७ लाख ७७ हजार मात्रै जम्मा भएको देखिएकोले रु. ३६ करोड ७८ लाख ४४ हजार जम्मा गरिएको छैन ।

४.७.२ **औषधि उपचार कोष जम्माः** संस्थाको औषधि उपचारबापत व्यवस्था गरिएको दायित्व रकम रु. १० करोड २ लाख २४ हजार रहेको र नागरिक लगानी कोषमा रु. १ करोड ६० लाख ९५ हजार मात्रै जम्मा भएको देखिएकोले रु. ८ करोड ४१ लाख २८ हजार जम्मा गरिएको छैन ।

४.८ खरिद तथा अन्य पेश्कीः खरिद तथा अन्य पेश्की रु. ५ करोड ४२ लाख ४२ हजारमध्ये विभिन्न ७ वटा संघ, संस्था तथा व्यक्तिलाई दिईएको धेरै वर्ष अघिदेखि वक्यौता रहेको रकम रु. ४ करोड ३८ लाख २३ हजारको असुल उपर गरिएको छैन तथा असुल हुन नसक्ने रकमको यकिन गरी हानिबापतको व्यवस्था पनि गरिएको छैन ।

४.९ अन्य समायोजनः वर्षान्तमा जिन्सीबापतको बिल विजक प्राप्त भएको रकम रु. ३ करोड ५९ लाख २९ हजारलाई चालु आर्थिक वर्षमा खरिद प्रक्रिया पुरा नगरी आगामी वर्षमा खरिद प्रक्रिया पुरा गरिएकोमा कर प्रयोजनको उद्देश्यले अन्य समायोजन हिसाब खडा गरी सम्पत्ति तथा सोही बराबरको तिर्नुपर्ने दायित्व लेखाङ्कन गर्दा सम्पत्ति तथा दायित्व रकम रु. ३ करोड ५९ लाख २९ हजारले यथार्थ चित्रण भएको छैन ।

४.१० **प्रतितपत्र हिसाबः** पुरानो हिसाब नमिलेको अर्न्तगत देखाइएको प्रतितपत्रबापत रकम रु. १३ लाख ९८ हजारबारे बैंकबाट कुनै जानकारी प्राप्त नभएकोले सो प्रतितपत्रको मौज्दात यकिन गर्न सकिएन ।

४.११ अग्रिम आयकर कट्टी तथा दाखिला सम्बन्धमा :

४.११.१ आर्थिक वर्ष २०६८।०६९ देखि आर्थिक वर्ष २०७३।७४ सम्मको पारिश्रमिक आयकर कट्टीबापतको बक्यौता रकम रु. २ करोड ७५ लाख ४ हजार दाखिला गरिएको छैन ।

४.११.२ आयकर ऐन, २०५८ अनुसार गाडी भाडा भुक्तानीमा रु. ६९ हजार, हेलिकप्टर भाडा भुक्तानीमा रु. ८ हजार, विज्ञापन खर्चको भुक्तानीमा रु. ४७ हजार र ज्याला भुक्तानीमा रु. १ लाख ५ हजार कर कट्टी गरी दाखिला गरिएको छैन ।

४.११.३ आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्ने हरेक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र कर कट्टी विवरण सहित सो रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेकोमा संस्थाले सोबमोजिम विवरण तथा अग्रिम कर कट्टी रकम बुझाउने नगरेकोले सोबाट लाग्ने ब्याज तथा जरिवानाबाट सृजना हुने दायित्व रकमको निर्क्यौल गरी खर्च व्यवस्था गरिएको छैन ।

४.१२ **उपदान व्यवस्था :** संस्थाको कर्मचारीहरुको कर्मचारी सेवा शर्त नियमावली, २०५६अनुसार उपदान व्यवस्थाबापत आर्थिक वर्ष २०७४।०७५ सम्ममा रु. ५३ करोड ६९ लाख ६७ हजार व्यवस्था गर्नुपर्नेमा रु. ४६ करोड ६ लाख २१ हजार मात्र व्यवस्था गरेकोले उपदानबापतको व्यवस्था रु. ७ करोड ६३ लाख ४६ हजारले नपुग छ ।

४.१३ **संचित विदा:** संस्थाको कर्मचारीहरुको कर्मचारी सेवा शर्त नियमावली, २०५६ अनुसार कुनै कर्मचारी जुनसकै व्यहोराले उद्योगको सेवाबाट अलग भए तापनि निजको संचित रहेको घर बिदाबापत तथा बिरामी बिदाबापत निजले त्यसरी सेवाबाट अलग हुंदाको अवस्थामा खाईपाई आएको तलबमा चौथाइ रकम थप गरी आउने रकम भुक्तानी गर्नुपर्ने प्रावधान रहेकोमा सो अनुरुपको व्यवस्था गरिएको छैन ।

४.१४ **नेपाल लेखामानको परिपालना :** पुरानो नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तअनुसार वित्तीय विवरण तयार गरिएकोमा नेपाल लेखामान १ बमोजिम वित्तीय विवरणको प्रस्तुति, नेपाल लेखामान ४ बमोजिम जिन्सी मौज्दातको मूल्याङ्कन, नेपाल लेखामान ६ बमोजिम स्थिर सम्पत्तिको ह्रास कट्टी, नेपाल लेखामान ९ बमोजिम स्थगन करको गणना तथा लेखाङ्कन, नेपाल लेखामान ११ बमोजिम विदेशी मुद्रामा भएको कारोवारमा विनिमय दरमा भएको फरकको लेखाङ्कन, नेपाल लेखामान १६ बमोजिम सम्बन्धित पार्टीहरुको पहिचान र कारोवारको खुलासा र नेपाल लेखामान १८ बमोजिम स्थिर सम्पत्तिको क्षयीकरण गरिएको छैन ।

४.१५ कम्पनी ऐन, २०६३ को पालना:

४.१५.१ संस्थाले कम्पनी ऐन, २०६३ को दफा १६४(१) बमोजिम गर्नुपर्ने लेखापरीक्षण समिति गठन गरेको छैन ।

४.१५.२ संस्थाले कम्पनी ऐन, २०६३ को दफा ७६अनुसार कम्पनीको आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने तथा दफा ७८ तथा ८० बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आवश्यक कागजात तथा विवरणहरु पेश गर्नुपर्नेमा आर्थिक वर्ष २०६२।०६३ देखि नै उक्त दफाहरुको पालना गरेको छैन ।

४.१५.३ संस्थाले मिति २०७३।०५।३० मा सम्पन्न साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावली संसोधन गरी वित्तीय विवरणमा देखाइएबमोजिम साधारण शेयर जारी पुंजी रु. ४४ करोड ३७ लाख ५१ हजार तथा अग्राधिकार शेयर जारी पुंजी रु. ३ अरव २० करोड ४३ लाख कायम गरेकोमा कम्पनी ऐन, २०६३ को दफा ५६(३) बमोजिम सो संसोधनको कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण गरेको छैन ।

४.१६ **सार्वजनिक खरिद ऐन, २०६३ को पालना:** सार्वजनिक खरिद ऐन (पहिलो संशोधन), २०६३ को दफा ४१ तथा सार्वजनिक खरिद नियमावली (चौथो संशोधन), २०६४ नियम ८५ अनुसार पाँच लाख रूपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८५ को उपनियम १(ख)अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँच लाख रूपैंया भन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन । तर संस्थाले विभिन्न २० वटा पार्टीहरुबाट रु. ६ करोड ८८ लाख ९८ हजार बराबरको खरिद गर्दा ऐन तथा नियमावलीको उपरोक्त दफाहरु पालना गरेको छैन ।

५. **व्यवस्थापन पत्र:** व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. **लेखापरीक्षकको राय:**

हाम्रो रायमा माथि कैफियत सहितको रायको आधारका अनुच्छेद ४ मा उल्लिखित व्यहोराहरुबाट पर्ने असर बाहेक संलग्न वित्तीय विवरणले उदयपुर सिमेण्ट उद्योग लिमिटेडको ३२ असार, २०७५ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाह तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

उदयपुर सिमेण्ट उद्योग लिमेटेड, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न उदयपुर सिमेण्ट उद्योग लिमिटेडको २०७६, असार मसान्तको वासलात एवं

सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनूरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तूत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुन सक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपयुक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. कैफियत सहितको रायको आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्टचाई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **वित्तीय विवरण:** संस्थाले आर्थिक वर्ष २०७३।०७४ देखि नेपाल वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गर्नुपर्नेमा वित्तीय विवरण पुरानो नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तबमोजिम तयार गरेको छ । यसरी वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार नगरेकोमा सोको असर अनिश्चित छ तथा सारभूत हुन सक्छ ।

४.२ **मध्य तथा दीर्घकालीन ऋण:** संस्थाले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०५७।०५।१५ को निर्णयअनुसार उद्योग पुंजीकरण गर्दा कायम भएको ऋण रु. २ अर्ब ५५ करोड ६२ लाख मध्ये बांकी साँवा रु. १ अर्ब ७२ करोड ५० लाख तथा सो ऋणमा लागेको ब्याज रु. १ अर्ब ५७ करोड ४६ लाख ७० हजार समेत गरी जम्मा रु.३ अर्ब २९ करोड ९६ लाख ७० हजार भुक्तानी गरेको छैन । उक्त तिर्न बांकी ऋण तथा ब्याज रकमको महालेखा नियन्त्रक कार्यालयसंग भिडान गरी समर्थन पत्र लिएको छैन ।

४.३ **अल्पकालीन ऋण लगानी:** संस्थाले विराटनगर जुट मिलस लिमिटेडलाई आर्थिक वर्ष २०५१।०५२ मा रु. २४ लाख तथा आर्थिक वर्ष २०५२।०५३ मा रु. १० लाख गरी रु. ३४ लाख अल्पकालीन ऋण प्रदान गरेकोमा सो ऋणमा ब्याज तथा हर्जानाबापत पुंजीकृत गरिएको रु. ११ करोड ३२ लाख ६ हजार गरी कायम भएको ऋण रु. ११ करोड ६६ लाख ६ हजारको हालसम्म असुली गरेको छैन तथा उक्त ऋणको

हानिबापत जोखिम व्यवस्था गरेको छैन ।

४.४ **शेयर लगानीः** संस्थाको एक प्रा.लि.मा रु. ७६ लाख ९५ हजार बराबरको शेयर लगानी रहेकोमा उक्त कम्पनीको वित्तीय स्थिति तथा अन्य आवश्यक जानकारी समेत प्राप्त नभएकोले यो लगानी सुरक्षित छ/छैन भन्ने यकिन हुन नसकेकोमा सोको हानिबापत जोखिम व्यवस्था गरेको छैन ।

४.५ **जिन्सी मौज्दातः**

४.५.१ जापान सरकारद्वारा उद्योग हस्तान्तरण गर्दा जिन्सी सामानबमोजिमको मूल्य तथा वास्तविक परिमाण, ईकाइ नभई एकमुष्ट मूल्य लेखाङ्कन गरिएकोमा उपरोक्त सामानहरुको वास्तविक मूल्याङ्कन सहितको खपतको सही विवरण विगत वर्षहरुबाटै प्राप्त हुन नसकेको तथा मौज्दातहरुको भौतिक अवस्था यकिन हुन नसकेकाले रु. १४ करोड १९ लाख २६ हजारको यथार्थ चित्रण भएको छैन । सोको विश्वसनीय कारण पत्ता लगाई सम्पत्तिको दुरुपयोग गरेको पाइएमा सम्बन्धितलाई आवश्यक कारवाही गरी मौज्दातको आवश्यक समायोजन गर्नुपर्दछ ।

४.५.२ संस्थाको जिन्सी मौज्दातको भौतिक परीक्षण गरी मौज्दात यकिन गर्न गठित उपसमितिको भौतिक परीक्षण प्रतिवेदनअनुसारको भौतिक मौज्दात तथा उत्पादन विभागको अभिलेख अनुसारको लेखाङ्कन गरिएको कार्य प्रगतिमा रहेको चुनढुङ्गा (प्लाण्ट) को मौज्दातमा रु. १ करोड ८२ लाख ९ हजार कम तथा क्लीङ्करमा रु. १२ करोड ५८ लाख ५४ हजार बढी लेखाङ्कन भएकोले सो जिन्सी मौज्दातको यथार्थ चित्रण भएको भन्ने अवस्था छैन । सोको कारण पत्ता लगाई सम्पत्तिको दुरुपयोग गरेको पाइएमा सम्बन्धितलाई आवश्यक कारवाही गरी मौज्दातको आवश्यक समायोजन गर्नुपर्दछ ।

४.५.३ संस्थाले आर्थिक वर्ष २०४८।०४९ देखि २०६८।०६९ सम्म पटक-पटक गरी फर्नेश आयल खरिद गरेको तर प्रयोगमा ल्याउन नसकेको सो फर्नेश आयलको भण्डारण तथा वास्तविक भौतिक स्थिति यकिन गर्न नसकिएकोले रु. १ करोड ३८ लाख १२ हजारको यथार्थ चित्रण भएको छैन । सोको कारण पत्ता लगाई सम्पत्तिको दुरुपयोग गरेको पाइएमा सम्बन्धितलाई आवश्यक कारवाही गरी मौज्दातको आवश्यक समायोजन गर्नुपर्दछ ।

४.५.४ शाखा स्टोर अर्न्तगत देखाइएको मौज्दात रु. २३ लाख ४९ हजारको यकिन हुन नसकेकोले सोको चित्रण सही भएको छैन ।

४.६ **कोष जम्मा :**

४.६.१ **उपदान कोष जम्माः** संस्थाको उपदानबापत व्यवस्था गरिएको दायित्व रकम रु. ६४ करोड १२ लाख १७ हजार रहेको र नागरिक लगानी कोषमा रु. ८ करोड २२ लाख ९४ हजार मात्रै जम्मा भएको देखिएकोले रु. ५५ करोड ८९ लाख २३ हजार जम्मा गरिएको छैन ।

४.६.२ **औषधि उपचार कोषजम्मा :** संस्थाको औषधि उपचारबापत व्यवस्था गरिएको दायित्व रकम रु. १६ करोड ९३ लाख ८७ हजार रहेको र नागरिक लगानी कोषमा रु. ६४ लाख ६३ हजार मात्रै जम्मा भएको देखिएकोले रु. १६ करोड २९ लाख २४ हजार जम्मा गरिएको छैन ।

४.७ **खरिद तथा अन्य पेश्कीः** खरिद तथा अन्य पेश्की रु. ५ करोड ७ लाख ९४ हजार मध्ये विभिन्न ९ वटा संघ, संस्था तथा व्यक्तिलाई दिईएको धेरै वर्ष अघिदेखि बक्यौता रहेको रकम रु.३ करोड ८४ लाख ६८ हजार असुल उपर गरिएको छैन तथा असुल हुन नसक्ने रकमको यकिन गरी हानिबापतको व्यवस्था पनि गरिएको छैन ।

४.८ **प्रतितपत्र हिसाबः** पुरानो हिसाब नमिलेको अर्न्तगत देखाइएको प्रतितपत्रबापत रकम रु. १२ लाख १८ हजारको सम्बन्धमा बैंकबाट कुनै जानकारी प्राप्त नभएकोले सो प्रतितपत्रको मौज्दात यकिन गर्न सकिएन ।

४.९ **अग्रिम कर कट्टी तथा दाखिला सम्बन्धमाः**

४.९.१ आर्थिक वर्ष २०६८।०६९ देखि आर्थिक वर्ष २०७४।७५ सम्मको पारिश्रमिक आयकर कट्टीबापतको बक्यौता रकम रु. ३ करोड १८ लाख ७० हजार दाखिला गरिएको छैन ।

४.९.२ आर्थिक वर्ष २०७४।०७५ को सामाजिक सुरक्षा कर कट्टीबापतको बक्यौता रकम रु. ६ लाख ५१ हजार दाखिला गरिएको छैन ।

४.९.३ आयकर ऐन, २०५८ अनुसार गाडी भाडा भुक्तानीमा रु. ८३ हजार, विज्ञापन खर्चको भुक्तानीमा रु. ४ हजार र ज्याला भुक्तानीमा रु. ७ हजारमा कर कट्टी गरी दाखिला गरिएको छैन ।

४.९.४ आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्ने हरेक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र कर कट्टी विवरण सहित सो रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेकोमा संस्थाले सोबमोजिम विवरण तथा अग्रिम कर कट्टी रकम नबुझाएकाले सोबाट लाग्ने ब्याज तथा जरिवानाबाट सृजना हुने दायित्व रकमको निर्क्यौल गरी खर्च व्यवस्था गरिएको छैन ।

४.९.५ कर्मचारीहरुको जीवन बीमाबापत बीमा शुल्क रु. १ करोड ४० लाख ३० हजार आयकर ऐन, २०५८ बमोजिम कर्मचारीहरुको पारिश्रमिकमा समावेश गरी आयकर गणना गर्नुपर्ने र सोबमोजिम सरदर गणना गर्दा हुने रकम रु. १४ लाख ३ हजार कर कट्टी गरी दाखिला गरेको छैन ।

४.१० **संचित विदाबापतको व्यवस्थाः** संस्थाको कर्मचारीहरुको कर्मचारी सेवा शर्त नियमावली, २०५६अनुसार कुनै कर्मचारी जुनसकै व्यहोराले उद्योगको सेवाबाट अलग भए तापनि निजको संचित रहेको घर बिदाबापत तथा बिरामी बिदाबापत निजले त्यसरी सेवाबाट अलग हुंदाको अवस्थामा खाईपाई आएको तलबमा चौथाइ रकम थप गरी आउने रकम भुक्तानी गर्नुपर्ने प्रावधान रहेकोमा सो अनुरुपको व्यवस्था गरिएको छैन ।

४.११ **नेपाल लेखामानको परिपालनाः** पुरानो नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तअनुसार वित्तीय विवरण तयार गरिएकोमा नेपाल लेखामान १ बमोजिम वित्तीय विवरण प्रस्तुति, नेपाल लेखामान ४ बमोजिम जिन्सी मौज्दातको मूल्याङ्कन, नेपाल लेखामान ६ बमोजिम स्थिर सम्पत्तिको ह्रास कट्टी, नेपाल लेखामान ९ बमोजिम स्थगन करको गणना तथा लेखाङ्कन, नेपाल लेखामान १६ बमोजिम सम्बन्धित पार्टीहरुको पहिचान र कारोवारको खुलासा र नेपाल लेखामान १८ बमोजिम स्थिर सम्पत्तिको क्षयीकरण गरिएको छैन ।

४.१२ **मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को पालनाः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ अनुसार नेपाल सरकार, संवैधानिक निकाय वा प्रदेश वा नेपाल सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित संस्था वा स्थानीय तहले नेपालभित्र एक पटकमा बीस हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवाको खरिद गर्दा दर्ता भएको व्यक्तिसँग मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थाले विभिन्न ८ वटा मू. अ. कर दर्ता नभएको विक्रेताबाट रु. ३ लाख १८ हजारको वस्तु तथा सेवा खरिद गरेको छ ।

४.१३ **कम्पनी ऐन, २०६३ को पालनाः**

४.१३.१ संस्थाले कम्पनी ऐन, २०६३ को दफा ७६अनुसार कम्पनीको आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नुपर्ने तथा दफा ७८ तथा ८० बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा आवश्यक कागजात तथा विवरणहरु पेश गर्नुपर्नेमा आर्थिक वर्ष २०६२।०६३ देखि नै उक्त दफाहरुको पालना गरेको छैन ।

४.१३.२ संस्थाले मिति २०७३।०५।३० मा सम्पन्न साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावली संसोधन गरी साधारण शेयर जारी पुंजी रु. ४४ करोड ३७ लाख ५१ हजार तथा अग्राधिकार शेयर जारी पुंजी रु. ३ अरव २० करोड ४३ लाख कायम गरेकोमा कम्पनी ऐन, २०६३ को दफा ५६(३) बमोजिम सो सँशोधनको कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण गरेको छैन ।

४.१४ **सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को पालनाः**

४.१४.१ सार्वजनिक खरिद ऐन (पहिलो संशोधन), २०६३ को दफा ४१ तथा सार्वजनिक खरिद नियमावली (चौथो संशोधन), २०६४ नियम ८५ अनुसार पाँच लाख रूपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ नियम ८५ को उपनियम (१ख)अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा पाँच लाख रूपैंयाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन ।

तर संस्थाले विभिन्न १८ वटा पार्टीहरुबाट रु. ६ करोड ४४ लाख ९३ हजार बराबरको खरिद गर्दा ऐन तथा नियमावलीको उपरोक्त दफाहरु पालना गरेको छैन ।

४.१४.२ सार्वजनिक खरिद नियमावली (चौथो संशोधन), २०६४ को नियम ८५ को उपनियम (४)अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजूदा सूचीमा रहेका कम्तीमा तीन आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा संस्थाले ४ पार्टीहरुसँग रु. १९ लाख १० हजार बराबरको खरिद गर्दा उपरोक्त दफा पालना गरेको छैन ।

५. व्यवस्थापन पत्रः

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. कैफियत सहितको रायको आधार

हाम्रो रायमा माथि कैफियत सहितको रायको आधारका अनुच्छेद ४ मा उल्लिखित व्यहोराहरुबाट पर्ने असर बाहेक संलग्न वित्तीय विवरणले उदयपुर सिमेण्ट उद्योग लिमिटेडको ३१ असार, २०७६ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाह तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको २०७६, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टचाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा

पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार:** कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **अवकाश दायित्व :** नेपाल लेखामान १ तथा १२ बमोजिम वित्तीय विवरण सही र दुरुस्त हुनको लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा प्रतिष्ठानले कर्मचारी दायित्वमध्ये कर्मचारी अवकाश भएका वखत भुक्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरेको तर त्यसको लागि पर्याप्त कोष खडा गरेको छैन । यस वर्षको अन्त्यसम्म कुल अवकाश दायित्व रु. ३,७०,०५,९२७।८३ रहेको छ भने सम्बन्धित बैंक कोष रु. १,८३,४२,३८४।९३ रहेको छ । कर्मचारी व्यवस्थापन विनियम, २०५७, (संसोधन २०७३) बमोजिम कर्मचारीको उपदान तथा संचित बिदाको रकमबापत प्रति वर्ष खाइपाइ आएको तलबको औषतमा पचास दिन बराबरको रकम अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भए पनि सो अनुरुप कोषमा आम्दानी भएको पाईएन ।

४.२ **सम्पत्तिको ह्रास कट्टी :** यस वर्ष खरिद गरेको स्थिर सम्पत्ति यसै सालमा प्रयोगमा ल्याएको भए तापनि उक्त सम्पत्तिसँग सम्बन्धित ह्रास कट्टीको खर्च नेपाल लेखामान ६ मा गरिएको व्यवस्थाअनुसार यसै आर्थिक वर्षमा लेखांङ्कन गरेको पाइएन ।

५. **व्यवस्थापनपत्र :** व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. **लेखापरीक्षकको राय :** हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लिखित व्यहोराले पार्न सक्ने असर बाहेक औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको २०७६ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाह तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

कर्मचारी सञ्चय कोष, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले यसैसाथ संलग्न कर्मचारी सञ्चय कोषको २०७६ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकताअनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारेमा पुष्टचाइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा

त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **विमान खरिद कर्जा -** नेपाल वायुसेवा निगमसंग २०७४।२।२८ मा गरेको ऋण सम्झौताअनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रु. १२ अर्ब ऋण प्रवाह गरेकोमा निगमले २०७६ को तेश्रो र चौथो त्रैमासको व्याज भुक्तानी नगरेको र सोही व्याज संचय कोषद्वारा पुंजीकरण गर्ने भनी संचालक समितिको बैठक मार्फत निर्णय भएको छ । ठूला र दीर्घकालीन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरु र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विषयहरुमा अध्ययन, विश्लेषण र मूल्याँकन पश्चात् मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सो नगर्दा कोषको कर्जा रकम उठ्न नसक्ने जोखिम विद्यमान छ ।

४.२ **जलविद्युत क्षेत्रको कर्जा -** माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेड, मध्यभोटेकोशी जलविद्युत कम्पनी लिमिटेड र सान्जेन जलविद्युत कम्पनी लिमिटेडमा कोषले रु.२७ अर्ब १६ करोड ७ लाख ५५ हजार कर्जा लगानी गरेको छ । ती कम्पनीसँग ऋण सम्झौता गर्दा आयोजना निर्माण अवधि कर्जाको पहिलो किस्ता प्रवाह भएको मितिले ५ वर्षको हुने, सोपछि ऋण भुक्तानी सुरु हुने र अर्को १० वर्षमा सम्पूर्ण ऋण भुक्तानी भइसक्ने उल्लेख छ । ती आयोजनाको निर्माण अवधि बढ्न गई ८ वर्ष पुग्ने तथा लागत समेत बढ्ने अवस्था छ । तर ऋण भुक्तानी तालिकामा पर्ने प्रभाव, संशोधित लागत अनुमान र संशोधित लागतले ऋण पुंजी अनुपातमा पर्ने प्रभावबारे अध्ययन भइरहेको भए पनि सो अध्ययनअनुसार आवश्यक निर्णय गरी सकेको देखिएन ।

४.३ **भाडा असुली -** कोषको स्वामित्वमा काठमाडौँ, सुन्धारामा रहेको घर भाडामा लगाउने सम्बन्धी सम्झौतामा भाडामा लिनेसंग २०७६ असारसम्ममा भाडा र जरिवाना गरी रु.२२ करोड ३९ लाख उठाउन बांकी रहेको र सोको असुलीको लागि निज विरुद्ध काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर गरेको देखिन्छ । सोही भवनको अर्को एक भाडावालाको सम्झौता २०७२ आश्विनमा रद्द गरेकोमा उठ्न बांकी भाडा रकम रु. .१० करोड ८३ लाखमा भाडावालाले भवनमा जोडेको उपकरण तथा संरचनाहरूको मूल्यांकन रू.१ करोड ५९ लाख समायोजन गरी रू.९ करोड २४ लाख उठाउन बांकी रहेको छ भने लिन बांकी भाडा रकमको ब्याज तथा जरिबाना समेत असुल गर्नुपर्दछ ।

४.४ **साँवा ब्याज असुली -** कोषले कर्जा प्रवाह गरेको रकममध्ये एक सुगर मिलसँग साँवा र ब्याज रु.१ करोड ६ लाख, पोखरास्थित एक कम्पनीसँग साँवा र ब्याज रु.२७ करोड ५२ लाख असुल गर्न बांकी छ । त्यसै गरी एक निजी हाउजिंग कम्पनीको असुल नभएको साँवा र ब्याज रु.६३ करोड ३ लाख यो वर्ष पनि असुल गरेको छैन । गत वर्षको प्रतिवेदनमा सो व्यहोरा औँल्याए पश्चात् पोखरा स्थित कम्पनीसँगको कर्जा पुर्नसंरचनाको निर्णय भएको भए पनि सोअनुसार कार्य भएको पाइएन भने अन्य कर्जा सम्बन्धमा स्थिति यथावत् छ । साँवा, ब्याज तथा जरिवाना असुली गर्ने कार्यलाई अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

४.५ **बैङ्क हिसाब भिडान -** कोषको स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । बैङ्क मौज्दात भिडान नभएको रकम २०७२।७३ सम्म रु.१ अर्ब ५६ करोड ३३ लाख, २०७३।७४ सम्म रु. १ अर्ब ९० करोड ८८ लाख, २०७४।७५ सम्म रु.१ अर्ब ९७ करोड १६ लाख रहेकोमा यस वर्ष केही घटेर रु. १ अर्ब ५४ करोड २८ लाख पुगेको छ । बैङ्क हिसाब भिडान नहुंदा रकम हिनामिना भएमा समयमै पत्ता नलाग्ने अवस्था रहन्छ । बैङ्क हिसाब भिडान नभएको बांकी रकम

सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई हिसाब भिडान गर्नु पर्दछ ।

४.६ **संचयकर्ता खाता -** कोषले पूर्ण विवरण नआएका वा विवरणमा अपूर्ण वा द्विविधा भएका संचयकर्ताको सम्बन्धमा अस्थाई संचय कोष नम्बर/कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेकोमा कोषको आर्थिक वर्ष २०७५।७६ को अन्त्यसम्ममा अस्थाई संचयकर्ता खातामा संख्या जम्मा ४१,२३७ रहेको पाइयो भने आर्थिक वर्ष २०७५।७६ को अन्तमा बेचालु कोषमा रकमान्तर गरिएका अस्थायी खाताहरु ४५,८६३ रहेको पाइयो । कोषले अस्थाई संचय कोष खाताहरुलाई घटाउने र अबदेखि अस्थायी संचय कोष खाताहरु नखुल्ने व्यवस्था गर्नेतर्फ कदम चाल्नुपर्छ । साथै आर्थिक वर्ष २०७५।७६ को अन्त्यसम्म कोषमा रहेका ५,५१,६६६ नियमित संचयकर्ता मध्ये १,७५,५९२ संचयकर्ताको मात्र विवरण ग्राहक पहिचान विवरण अध्यावधिक भएकोले सो कार्यमा तिब्रता दिनुपर्ने देखियो ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा माथि बुंदा नं. ४.१ देखि ४.६ सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले कर्मचारी सञ्चय कोषको २०७६ असार मसान्तको वित्तीय अवस्था, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान, नगद प्रवाह, अन्य विस्तृत आयको अवस्था नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदनः

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०७६ अषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारीः

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण, आवश्यक अन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारीः

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको अन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो अन्तरिक नियन्त्रण

प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१. **सीमितता -** हामीले बोर्ड व्यवस्थापनले मिति २०७६/०७/१५ मा प्रदान गरेको आर्थिक वर्ष २०७५/०७६ को वित्तीय विवरणको लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा गरेका छौं । बोर्डले नेपाल सरकारबाट ऋण प्राप्त गरी आयोजना कार्यान्वयनका लागि रकम निकासा गर्ने र सोही प्रदान गरिएको रकमलाई पेश्की-कार्य प्रगति भुक्तानी भनी लेखाङ्कन गर्ने गरिएको तर त्यसरी प्रदान गरिएको रकम कुन हदसम्म कुन प्रक्रिया मार्फत खर्च गरियो र निकासा रकममध्ये कति रकम खर्च हुन बांकी छ सो विषयलाई प्रमाणित गर्ने आर्थिक विवरण/वित्तीय विवरण लेखापरीक्षणार्थ प्राप्त नभएकोले सो लेखाङ्कन गरिएका रकमहरुको यथार्थता यकिन गर्न सकिएन । साथै काठमाडौं उपत्यका खानेपानी लिमिटेड मार्फत गरिएका पुंजीगत तथा आयगत खर्चका कानुनी प्रक्रियासँग सम्बन्धित कानुनी निर्णयका कागजात र सो संस्थामा गरिएको ऋण लगानीलाई प्रमाणित गर्ने समर्थनपत्र तथा संस्थाको वित्तीय विवरण लेखापरीक्षणार्थ प्राप्त नभएकाले लेखाङ्कित रकमको यथार्थताबारे यकिन गर्न सकिएन ।

४.२. **लेखामानको पालना -** हामीले लेखापरीक्षण गरेको हदसम्म बोर्डले पालना नगरेका केही लेखामानको विवरण यस प्रकार छन्:

- नेपाल लेखामान १, "Presentation of Financial Statements"
- नेपाल लेखामान २०, "Accounting for Government Grants and Disclosure of Government Assistance"
- नेपाल लेखामान १६, "Property Plant and Equipment"
- नेपाल लेखामान ३७, "Provisions, Contingent Liabilities and Contingent Assets"

४.३. **बोर्डको कोष -** बोर्डको कोष अन्तर्गत बोर्डले खुद पुंजीकोष भनी लेखाङ्कन गरेको रकम बोर्ड स्थापना हुंदाको समयमा लेखाङ्कन गरिएको रकमको जिम्मेवारी सार्दै आएको पाईयो । जस अन्तर्गत नेपाल सरकारको शेयर लगानी, तत्कालीन नेपाल खानेपानी संस्थानको काठमाडौं उपत्यकाको मिति २०६४ माघ २९ गतेसम्मको खुद नोक्सानी, तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारको अनुदान तथा जाईका जापानको अनुदान समावेश गरिएको छ । यसरी जिम्मेवारी सरी आएको शेयर लगानीको विस्तृत विवरण लेखापरीक्षणार्थ प्राप्त भएन । त्यस्तै तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारको अनुदान तथा जाईका जापानको अनुदान रकमलाई प्रतिनिधित्व गर्ने सम्पत्तिको विवरण तथा अनुदान प्राप्त गर्ने समयका शर्त तथा अवस्थाहरु प्राप्त नभएकाले यी अनुदान रकमहरुको प्रयोग तथा हालको अवस्था यकिन गर्न सकिएन । त्यस्तै बोर्डको कोष अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदान, एशियाली विकास बैंकबाट प्राप्त अनुदान र ओफिडबाट प्राप्त अनुदान समेत समावेश गरिएको छ । बोर्डको व्यवस्थापनले दिएको जानकारीअनुसार नेपाल सरकार (सहरी विकास मन्त्रालय) बाट मिति २०७१ असार ३२ गते प्राप्त अनुदान रु.६,६७,१२,७४७।- तत्कालीन समयमा नेपाल सरकारले गरेको सडक विस्तारको क्रममा टुटफुट भएका खानेपानी तथा ढलका पाईपलाईन मर्मतको लागि प्राप्त भएको र सो रकम खर्च भईसकेको भए तापनि अनुदानको रकम हालका मितिसम्म पनि स्थगन आम्दानी लेखाङ्कन नगरी पूर्णतया जिम्मेवारी सारेर ल्याएको पाईयो ।

४.४. **दीर्घकालीन ऋण -** बोर्डले उपलब्ध गराएको आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरणअनुसार नेपाल

सरकारबाट रकम रु. १,४४७,९५२,०००। र एसियाली विकास बैंकबाट रु.५५,७९,३०,६००। नयाँ कर्जा लिइएको पाइयो ।

आयोजना कार्यान्वयनका लागि प्राप्त ऋण तथा अनुदान रकम जम्मा गर्न बोर्डको नाममा सहायक ऋण खाता खोलिएको पाईएन र सरकारबाट प्राप्त ऋण तथा अनुदान रकम विभिन्न खातामा राखेको पाईयो । बोर्डले आयोजना कार्यान्वयनका लागि प्राप्त गर्ने ऋणमा सम्झौतामा तोकिएको दर प्रयोग गरी व्याज खर्च लेखाङ्कन गर्ने गरेको तर Qualifying Assets का लागि प्राप्त गरेको ऋणको व्याज सो सम्पत्तिहरुमा पि.आई.डि.को व्याज पुंजीकृत गरेको पाईयो । तर के.यू.के.एल.को व्याजलाई पुंजीकृत गरेको पाईएन । सरकार तथा ए.डि.बि.बाट प्राप्त हुने ऋण र अनुदानको रकम प्राप्ति तथा कुनै निश्चित आयोजना कार्यान्वयनका लागि खर्च गरिने रकमको छुट्टै बैंक खाता तथा लेखाङ्कनका लागि बहीखाता नतोकी खर्च गर्ने गरिएकोले सो पुंजीकृत गर्नुपर्ने व्याज रकम यकिन गर्न सकिएन ।

४.५. **पुंजीगत जगेडा कोष -** बोर्डले पुँजीगत जगेडा कोष अन्तर्गत लेखाङ्कन गरेको रकमलाई प्रतिनिधित्व गर्ने सम्पूर्ण सम्पत्तिहरुको छुट्टै विवरण तयार नगरेको हुँदा पुंजीगत जगेडा कोषलाई प्रतिनिधित्व गर्ने सम्पत्तिहरुको वर्तमान अवस्था के छ यकिन गर्न सकिएन ।

४.६. **दायित्व व्यवस्था -** बोर्डले यस आर्थिक वर्षमा आफ्नो संस्थामा कर्मचारीहरुको स्थायी दरबन्दी परिपूर्ति नगरेका कारण कर्मचारीहरुको अवकाश कोष भुक्तानीका निमित्त अवकास कोषको व्यवस्था गरेको पाईएन । तथापि बोर्डले तत्कालिन नेपाल खानेपानी संस्थान (काठमाडौं उपत्यका मात्र) मातहत रहेका कर्मचारीहरुका लागि बोर्डले एक छुट्टै संस्थाको रुपमा स्थापना भएको मितिसम्मका लागि अवकाश कोष र जीवन बीमा कोष व्यवस्था गरी सोकोषका रकमहरु भुक्तानी गर्दै आएको छ । यस आर्थिक वर्षमा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डतर्फबाट रु. ८,९५,२९,९६६।७६ काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई सो संस्थाका स्थायी कर्मचारीहरुको २०६४ माघ मसान्त पश्चात्को अवकाश कोषबापत भुक्तानीका लागि खर्च लेखाङ्कन गरेको पाईयो । यसरी खर्च लेखाङ्कन गर्दा आर्थिक वर्ष २०६४/६५ को अवकाश कोष व्यवस्था र जिवन बीमा कोष व्यवस्था रकमको अनुपातको आधारमा गरिएको पाईयो जसमा बहालवाला कर्मचारीको संख्या र खाईपाई आएको तलवमानको पूर्ण विवरण प्राप्त नगरी अनुपातको आधारमा मात्रै खर्च व्यवस्था गर्दा लेखांकित रकमको यथार्थता यकिन गर्न सकिएन ।

४.७. **अचल सम्पत्ति -** बोर्डको यस आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरणमा अचल सम्पत्ति अन्तर्गत रकम रु. ३२,२१,६४,०२५। यस वर्ष थप गरिएको छ । बोर्डले स्थिर सम्पत्तिको बिस्तृत विवरण खुल्ने गरी अलग्गै खाता (Fixed Assets Register) तयार गरिरहेको अवस्था छ । तर पुरा भने भईसकेको छैन तथा स्थिर सम्पत्तिहरुमा पूर्ण रुपमा कोडिंग नगरेको पाइयो । लेखापरीक्षणार्थ प्राप्त बहीखातामा बोर्डका सम्पत्तिहरुलाई समूहगत रुपमा देखाईएको तर प्रत्येक समूहमा रहेका सम्पत्तिहरुको छुट्टै विवरण देखाईएको पाईएन । साथै बोर्डबाट आफ्नो स्वामित्वमा रहेका कुन स्थिर सम्पत्ति, कति मात्रामा, कुन स्थानमा, कस्तो अवस्थामा छन् भन्ने यस आर्थिक वर्षसम्मको अद्यावधिक विवरण लेखापरीक्षणार्थ उपलब्ध भएन । बोर्डले उपलब्ध गराएको विवरणअनुसार वासलातमा अचल सम्पत्ति शीर्षक अन्तरर्गत भूमि उपशीर्षकमा रु.१,५४,७८,६९१।५७ लेखाङ्कन गरिएको छ जुन नेपाल खानेपानी संस्थाबाट बोर्ड स्थापना हुंदा बोर्डलाई हस्तान्तरण गरिएको थियो जसमा काठमाडौं, ललितपुर र भक्तपुर गरी लालपुर्जा प्राप्त भएको जम्मा ८०७ रोपनी, १५ आना, २ पैसा जग्गा रहेको छ । बोर्डले उपलब्ध गराएको यी जग्गाहरुको विवरणमा जग्गाहरुको मूल्य रु.१,७७,५३,२३७।७७ रहेको पाईयो, जुन वासलातमा लेखाङ्कन गरिएको मूल्यभन्दा २२,७४,५४६।२ ले बढी पाईयो । बोर्डको लालपुर्जा प्राप्त हुन बांकी कुल जम्मा २१० रोपनी, २ आना ३ पैसा जग्गा विवरणमा देखियो जसको लेखाङ्कन वासलातमा गरिएको छैन । बोर्डको भैसेपाटी स्थित आफ्नो मुख्य कार्यलय भवनको नक्सा पास नगरी भवन निर्माण गरिएको पाईयो ।

४.८. **निर्माणाधीन सम्पत्ति -** निर्माणाधीन सम्पत्ति अर्न्तगत स्वयं बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, तथा नेपाल सरकार मार्फत गरिएका पुंजीगत तथा आयगत खर्चहरु क्रमश रु. २,८५,२९,७०५।१९, रु. ४०,७०,८८,१९७८१ र रु.१,११,११,३५,९७१। यस वर्ष थप रहेका छन् ।

बोर्डको अघिल्लो आर्थिक वर्षसम्म निर्माणाधीन सम्पत्तिको रुपमा लेखांकित सम्पत्तिहरु मध्ये काठमाडौं उपत्यका खानेपानी लिमिटेड र बोर्डको विवरणहरु उपलब्ध गराएको भए तापनि नेपाल सरकारको नाममा राखिएको निर्माणाधीन सम्पत्ति रु. १,१११,१३५,९७१। को विवरण लेखापरीक्षणार्थ प्राप्त हुन सकेन ।

४.९. **आसामी -** बोर्डले यस आर्थिक वर्षमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त गर्नुपर्ने लिज फि अन्तर्गतको रकम आसामी शीर्षक अन्तर्गत लेखाङ्कन गरेको पाईएन । खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ अन्तर्गत स्थापना हुंदाको समयमा तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरिआएको आसामी यस आर्थिक वर्षमा कुल रकम रु.६४,३६,२२,५७७।०३ यस शीर्षक अन्तर्गत लेखाङ्कन गरिएको छ । सो रकम बोर्डको आसामी भनी लेखाङ्कन गरिएको भए तापनि असुल उपर गर्ने जिम्मेवारी कसको हो भन्ने यकिन गर्न आवश्यक कागजात लेखापरीक्षणार्थ प्राप्त भएन । तर बोर्ड व्यवस्थापनले दिएको मौखिक जानकारीअनुसार सो कामको जिम्मा काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई दिईएको पाईयो । यसरी आर्थिक वर्ष २०६४/६५ देखि यस आर्थिक वर्षमा अ.ल्या हुँदै आएको रकम रु.६५,०६,१९,००६।६७ मध्ये रकम रु.६९,९६,४२९।६४ काठमाडौं उपत्यका खानेपानी लिमिटेडले संकलन गरेको भए तापनि सो संकलित रकम समेत बोर्डलाई भुक्तानी गर्ने गरिएको पाईएन । यस्तो अवस्थामा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले सो आसामीहरुको विस्तृत आयुगत विवरण तयार नपार्नु, यथाशिघ्र असुलीका लागि प्रभावकारी कार्ययोजना तर्जुमा नगर्नु तथा आसामी उठाउने जिम्मेवारी लिएको काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई समय समयमा शिघ्र असुलीका लागि तरताकेता नगर्नुले बोर्ड आसामी रकम असुलीमा जिम्मेवारीपूर्वक लागेको पाईएन । यसरी चालु आर्थिक वर्षमा काठमाडौं उपत्यका खानेपानी लिमिटेडले असुल उपर गरेको आसामी रु. ६९,९६,४२९।६४ सँगै जरिवाना रकम रु.१४,०५,९५२।०४ समेत असुल उपर गरिएको पाईयो तर सो जरिवाना रकमको गणनाको आधार लेखापरीक्षणार्थ प्राप्त भएन ।

साथै अघिल्लो वर्षदेखि जिम्मेवारी सरिआएको आसामी रकम बोर्डले के.यू.के.एल.ले पठाएको वित्तीय विवरणलाई नै लेखाङ्कन गरेको पाईयो । बोर्डको स्थापना हुंदाको अवस्थामा कायम रहेको उपत्यकाभित्रको आसामी रकमको शंकास्पद आसामी व्यवस्था गर्दा १० प्रतिशतको दरले कायम गर्ने गरिएको पाईयो । यसरी व्यवस्था कायम गर्दा उठ्न बांकी आसामीको आयुगत विवरण र ती आसामी रकमहरु उठ्न सक्ने अवस्थाका हुन कि होईनन् भन्ने कुनै पनि अध्ययन तथा विश्लेषण गरिएको पाईएन जसका कारण व्यवस्था गरेको रकम पर्याप्त हो या होईन यकिन गर्न सकिएन ।

४.१०. पेश्की तथा धरौटी

४.१०.१. **जीवन बीमा कोष सापटी (तत्कालीन नेपाल खानेपानी संस्थानको मौज्दात) -** बोर्ड व्यवस्थापनले दिएको जानकारीअनुसार तत्कालीन नेपाल खानेपानी संस्थान अस्तित्वमा रहँदा कर्मचारीहरुले लिएको सापट रकम रु.१६,०१९,७०८।७२ यस शीर्षक अन्तर्गत लेखाङकन गरिएको छ । तर सो सापट रकम कर्मचारी अवकाश हुंदा कट्टा गरिए नगरिएको विवरण बोर्ड व्यवस्थापनले अभिलेख गरिराखेको पाईएन । साथै सो रकमको यथार्थताबारे बोर्ड व्यवस्थापन समेत पूर्ण जानकार रहेको पाईएन ।

४.१०.२. **नेपाल खानेपानी संस्थान (उपत्यका बाहिर) -** बोर्ड व्यवस्थापनले दिएको जानकारीअनुसार काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको स्वामित्वमा रहेका कतिपय सम्पत्ति नेपाल खानेपानी संस्थानको अधिनमा रहेको र ती सम्पत्तिहरुको कायम हुन जाने रकम रु. १,८०२,४८८।७६ भएको भने तापनि उक्त रकमको विस्तृत विवरण बोर्डले अद्यावधिक गरेको पाईएन ।

४.१०.३. **अग्रिम कर भुक्तानी -** बोर्ड एक स्वायत्त संस्थाको रुपमा खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ अन्तर्गत स्थापना भई आएको संस्था हो । बोर्ड आयकर ऐन, २०५८ बमोजिम आयकरमा दर्ता भएको छैन । बोर्डले विभिन्न बैंकहरुमा जम्मा गरेको रकममा सम्झौताबमोजिम व्याज आय गर्दै आएको र बैंकहरुले सो आयमा अग्रिम कर कट्टी गर्दै आईरहेका छन् । अग्रिम कर भुक्तानी लेखाङ्कन गरिएको रकमको आयुगत विवरण लेखापरीक्षणार्थ प्राप्त नहुंदा सो सम्पूर्ण रकम दावीयोग्य हो या होईन यकिन गर्न सकिएन । साथै बोर्डले बैंकहरुलाई कर कट्टी नगर्नु हुन भन्नेबारे पनि कुनै पत्राचार गरेको पाईएन ।

४.१०.११. **काठमाडौं उपत्यका खानेपानी लिमिटेड -** बोर्डले प्राप्त गर्नुपर्ने स्थिर सम्पत्ति तथा आयको लिज फि, लगानीको व्याज, असुल भएका आसामी रकमहरु तथा जरिवाना र पुंजीगत निर्माणको लागि प्रदान गरिएको रकमहरुलाई अलग अलग शीर्षक अन्तर्गत लेखाङ्कन नगरी यसै शीर्षक अन्तर्गत एकमुष्ट लेखाङ्कन गर्ने गरेकाले प्रत्येक शीर्षक अन्तर्गतको कुल वक्यौता रकम कति हो यकिन गर्न सकिएन साथै कुनै आर्थिक वर्षमा असुल उपर भएको रकम कुन शीर्षक अन्तर्गत असुल भएको हो सो समेत यकिन गर्न सकिएन ।

बोर्डले यस आर्थिक वर्षसम्ममा काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट रु.२,३१,०९,३६,०९३।६२

प्राप्त गर्नुपर्ने भनी लेखाङ्कन गरेको पाईयो । तर सो रकम प्रमाणित गर्ने विवरण सम्बन्धित पक्षबाट प्राप्त गरेको पाईएन । यसरी प्राप्त गर्नुपर्ने रकम अघिल्लो आर्थिक वर्षसम्ममा रु.२,०७,७५,७७,३६७।७२ रहेको पाईयो । काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट प्राप्त गर्नुपर्ने रकम वर्षेनी बढ्दै गइरहेको अवस्थामा समेत सो रकम असुलीतर्फ बोर्डले पर्याप्त ध्यान दिएको पाईएन । स्थिर सम्पत्ति र आयको लिज फि, लगानीको व्याज तथा असुल भएको आसामी रकमहरु समयमा प्राप्त नहुनु र पुंजीगत निर्माणको लागि प्रदान गरिएको पेश्की रकम समयमै फछ्यौंट नहुनु आदि जस्ता कारणहरुले पेश्की रकम बढ्दै गएको देखिन्छ ।

४.१०.१२. **कर -** बोर्ड आयकर छुट संस्था भनी कतै व्यवस्था नभएको तथा बोर्ड आयकरमा दर्ता पनि नभएको र कर छुट प्रमाणपत्र पनि नलिएको सन्दर्भमा भविष्यमा अनावश्यक कर दायित्व सृजना हुन सक्ने देखिन्छ । बोर्डले स्थाई लेखा नम्बर नलिएकोले, कर विवरण पेश नगरेको साथै सम्बन्धित आर्थिक वर्षमा अग्रिम कर भुक्तानीको रकम दावी नगरेका कारणले अग्रिम कर भनी लेखाङ्कन गरिएको रकम रु.२०,९४,३५,२८२।४६ दाबीयोग्य देखिँदैन ।

४.१०.१३. **ह्रास कट्टी -** नेपाल लेखामान १६, "Property Plant and Equipment"अनुसार स्थिर सम्पत्ति प्रयोगमा ल्याईएको दिनदेखि ह्रास कट्टी गर्नुपर्ने भए तापनि बोर्डले चालु अवस्थामा आईसकेका सम्पत्तिहरुलाई पुंजीकृत गरी ह्रास कट्टी गरेको पाईएन ।

आम्दानी

४.१०.१४. **लिज फि -** काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेड बीच भएको सम्पत्ति लिजको सम्झौताको अनुसूची ७.१ (क)अनुसार बोर्डले काठमाडौं उपत्यका खानेपानी लिमिटेडले खानेपानी वितरण गरेर उठाएको महसुल मध्येको अघिल्लो त्रैमासिकको ४% बोर्डलाई फि स्वरुप हस्तान्तरण गर्नुपर्ने भनी उल्लेख भएको र भुक्तानी गर्न ढिलाई भइ सरकारको तीन महिने ट्रेजरी बिलमा थप ५% जरिवाना लाग्ने उल्लिखित भए तापनि बोर्डले आर्थिक वर्षको अन्तिममा गएर प्राप्त गर्नुपर्ने रकम हिसाब गर्ने गरिएको पाईयो । साथै काठमाडौं उपत्यका खानेपानी लिमिटेडले बेलाबेलामा बोर्डलाई तिर्नुपर्ने रकम भुक्तानी गरेको पाईयो तर त्यस्तो भुक्तानी कुन सालको तिर्नुपर्ने भुक्तानी हो भन्ने विवरण उपलब्ध नभएकाले सोमा लाग्ने जरिवाना र व्याज मूल्याङ्कन गर्न नसकिने देखिन्छ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेड बीच भएको सम्पत्ति लिजको सम्झैताको अनुसूची ७.१ को (ख)अनुसार काठमाडौं उपत्यका खानेपानी लिमिटेडले बोर्डलाई तिर्नुपर्ने फि त्रैमासिकरुपमा तिर्नुपर्ने भनी उल्लेख भए तापनि बोर्डले वर्षको अन्तिममा गएर मात्र खातामा लेखाङ्कन गर्ने गरिएको पाईयो ।

उपभोगमा रहेका सम्पत्तिहरुमध्ये बोर्डको नाममा सम्पत्ति हस्तान्तरण भएका र नभएका सम्पत्तिहरुको विवरण सहितको अद्यावधिक सम्पत्ति रजिष्टर नभएकाले के कति सम्पत्तिहरु बोर्डको स्वामित्वमा छन्, यकिन नहुंदा र सम्पत्तिलाई समयमै पुंजीकरण नगर्दा काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट पाउनु पर्ने लिज फिबापतको आम्दानीमा नोक्सानी भईरहेको देखिन्छ ।

४.१०.१५. **बैंक व्याज आम्दानी -** यस आर्थिक वर्षमा बोर्डले प्राप्त गरेको व्याज आम्दानी रकम रु.३५,९९,५९,४०८।८४ लेखाङ्कन गरेको पाईयो जसमा बैंकबाट प्राप्त हुन आएको व्याज रकम रु. ३४,२२,९४,१५९।५३ र के.यु.के.एल.मा लगानीबापत प्राप्त हुनुपर्ने व्याज लेखांकन रु. १,७६,६५,२४९।३१ गरिएको पाईयो । बैंकबाट प्राप्त हुन आएको व्याज रकमको पुष्टि गर्ने बैंकको सर्मथन पत्र हामीलाई उपलब्ध भएन जसले गर्दा त्यति नै रकम व्याज आम्दानी हो भनी यकिन गर्न सकिएन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा माथि बुंदा न. ४.१ देखि ४.१५ सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको २०७६ असार मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान, नगद प्रवाह, अन्य विस्तृत आयको अवस्था

नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ ।

कानुन किताब व्यवस्था समिति, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न कानुन किताब व्यवस्था समितिको २०७६, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुन सक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टचाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

५. लेखापरीक्षणको कैफियत सहितको राय

संलग्न वित्तीय विवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा यस समितिको २०७६ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

कृषि सामग्री कम्पनी लिमिटेड, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न कृषि सामाग्री कम्पनी लिमिटेडको २०७६, असार मसान्तको वासलात एवं सोही

मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटि रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जूमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ नेपाल सरकारको स्वामित्वमा रहेका कम्पनीहरुको वित्तीय विवरणहरु सन् २०१६ जुलाई १६ देखि नेपाल लेखामान बोर्डबाट जारी भएको नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार गर्नुपर्नेमा कृषि सामग्री कम्पनी लिमिटेडले उपरोक्त वित्तीय विवरणहरु सो अनुरुप तयार गरिएको छैन ।

४.२ नेपाल लेखामान ११ ले व्यवस्था गरेबमोजिम आपूर्तिकर्तालाई भुक्तानी गर्न बाँकी रकमलाई आर्थिक वर्षको असार मसान्तमा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको विनिमय दरकोअनुसार लेखांकन नगरी आर्थिक वर्षको असार मसान्तपछि भुक्तानी गर्दाको विनिमय दरमा लेखांकन गर्दा यस आर्थिक वर्षको हिसाबमा खरिद रकम र भुक्तानी गर्न बाँकी रकम रु. १३ करोड १ लाख ४९ हजार बढी लेखांकन गरिएको छ ।

४.३ आर्थिक वर्ष २०७४।७५ को सन् २०१७।०८।०६ मा के.पि.एन. ७८।०७४।७५ बाट २००० मे.टन±५ प्रतिशत डि.ए.पि. आपूर्तिको लागि सन् २०१७।०८।३० मा आइ. पि. एल. भारतसंग भएको सम्झौताबमोजिम मल आपूर्ति गर्दा कम्पनीले बिना कारण म्याद थप गरिएबाट कम्पनीले ढिला मल आपूर्ति गरेबापत दावी गरी असुली गर्नुपर्ने बिलम्ब शुल्क अमेरिकी डलर ४ लाख १६ हजार ४५७ को हुने रु. ४ करोड ५५ लाख ४३ हजार कानुनी रुपमा दावी गर्न नमिल्ने अवस्थाको सिर्जना भएको देखिए

तापनि कम्पनीले सो दावी गरी असुल गर्न सकिने तथा १० प्रतिशत भुक्तानी बांकीबाट कट्टी गर्ने प्रतिउत्तर दिए तापनि सो गरेको छैन । उक्त रकम असुली भए तापनि कम्पनीकोतर्फबाट बदनियतपूर्ण तरिकाबाट म्याद थप गरेकोमा सोको जिम्मेवारी व्यवस्थापनले लिनुपर्ने तथा सोको आन्तिरिक छानविन गरी संलग्न कर्मचारीहरुलाई आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ तथा यस्तो अवस्थाकाबारेमा बिगतको लेखापरीक्षणको प्रतिवेदनहरुमा समेत बारम्बार औंल्याइएकोमा कम्पनीको सञ्चालक समितिले समेत यसतर्फ ध्यान पुर्याउन सकेको देखिदैन ।

४.४ अन्तिम मौज्दातको मूल्याङ्कन गर्दा बिक्रीका बखत प्रदान गरिने बिक्री कमिशन प्रति मे.टन रु.२५०.०० मौज्दात मूल्यमा न्यून गरी मौज्दातको अन्तिम मूल्य लेखांकन भएको हुंदा यसले अन्तिम मौज्दातको मूल्याङ्कनमा रु. ४० लाख २ हजार ले घटी हुन गई आयव्यय विवरणमा असर पर्न गएको छ ।

४.५ नेपाल सरकारबाट दिने अनुदान कृषि तथा पशुपन्छी बिकास मन्त्रालयबाट गठित अनुदान हिसाब फरफारक उप समितिबाट अन्तिम गरेपछि मात्र यकिन हुने देखिन्छ । कम्पनीले यस हिसाबमा प्राप्त हुनु पर्ने अनुदान रकम रु. ५ अर्ब ५३ करोड ५९ लाख ९० हजार आम्दानी जनाई यस वर्ष प्राप्त भएको रु. ५ अर्ब ७५ करोड २२ लाख २४ हजार मध्ये बढी भएको रु. २१ करोड ६२ लाख ३४ हजार बढी प्राप्त अनुदान शीर्षकमा राखी हिसाबमा देखाएको छ ।

४.६ कम्पनीले बिदेशबाट आयात गरेको मलहरुको भुक्तानीमा आयकर ऐनको दफा ८९ को उपदफा ३ कअनुसार भुक्तानी रकममा छ प्रतिशत अग्रीम आयकर कट्टी गर्नुपर्नेमा सो गरेको छैन । यस हिसाबमा यस वर्षको खरिद रु. १० अर्ब ४१ करोड ९० लाख ४ हजारको ५ प्रतिशतले हुने रु. ५२ करोड ९ लाख ५० हजार कर कट्टी नगरी पुरा भुक्तानी भएको हुंदा सो बरावरको रकमको थप दायित्व सिर्जना भएकोमा सोको लागि हिसाबमा कुनै व्यवस्था गरिएको छैन ।

यस बाहेक २०७१।७२ को खरिदको भुक्तानी रकममा ५ प्रतिशत अग्रीम आयकर कट्टी गर्नुपर्नेमा सो नगरेबापत रु. ५८ करोड ५ लाख ७ हजार कर कार्यालयबाट आयकरमा थप गरेकोमा आ.व. २०७२।७३ देखि २०७४।७५ को खरिद रु. २५ अर्ब १३ करोड १८ लाख ११ हजारको ५ प्रतिशतले हुने रु. १ अर्ब २५ करोड ६५ लाख ९० हजार कर पनि थप हुने देखिएकोमा सोको लागि हिसाबमा कुनै व्यवस्था गरिएको छैन ।

४.७ विशेष सापटी अन्तर्गत कम्पनीमा कार्यरत स्थायी कर्मचारीहरुलाई रु. ५ लाख उपलब्ध गराउने निर्णय गरेकोमा कम्पनीको नियमावलीको नियम २१.४ बमोजिम सोको नेपाल सरकारबाट स्वीकृत लिएको पाइएन । यस आर्थिक वर्षको अन्त्यसम्म उपरोक्त शीर्षक अन्तर्गत कर्मचारीहरुबाट रु. ३ करोड ९८ लाख १३ हजार असुली बांकी देखिएको छ ।

४.८ धरौटी, पेश्की तथा सापटी रु. ८० करोड ६१ लाख १९ हजारको आयगत बिवरण तथा सम्बन्धित पार्टीहरुबाट समर्थन पत्र समेत उपलब्ध नभएबाट सो रकमहरुको वास्तविक स्थिति यकिनका साथ भन्न सकिएन ।

४.९ चालु दायित्वतर्फको रु. ८८ करोड ८६ लाख २ हजारको आयगत बिवरण तथा सम्बन्धित पार्टीहरुबाट समर्थन पत्र समेत उपलब्ध नभएबाट सो रकमहरुको वास्तविक स्थिति यकिनका साथ भन्न सकिएन ।

४.१० कम्पनीको बिभिन्न स्थानमा रहेका जग्गाहरुको मूल्य छुट्टाछुट्टै यकिन गरी नराखेको तथा कतिपय स्थानहरुमा जग्गा अतिक्रमण भई अवस्था यकिन गरी नराखेबाट सो जग्गाहरुको वास्तविक अवस्था तथा मूल्य यकिनका साथ भन्न सक्ने अवस्था छैन । यस अतिरिक्त जग्गा हिसाबमा निम्न कैफियतहरु देखिएको छ :

क. कृषि सामग्री संस्थान संचालक समितिको मिति २०५९।०२।०२ मा बसेको ८५६ औं वैठकबाट पारित कृषि सामग्री संस्थान कृषि सामग्री कम्पनीमा रुपान्तरण हुंदा कृषि सामग्री संस्थानको स्वामित्वमा रहेका विभिन्न स्थानका जग्गाहरु हस्तान्तरण प्रतिवेदनअनुसार रु. ५९ करोड ९८ लाख ३४ हजार देखाएकोमा कम्पनीले पछि खरिद गरेको रु. ५ लाख ५४ हजार तथा बिक्री गरेको रु. २ करोड ६५ लाख ३ हजार समायोजनपछि हाल कम्पनीको वासलातअनुसार उक्त हिसाबमा रु. ५७ करोड २० लाख ९ हजार मूल्य बराबरको जग्गा जमिन देखिएको हुंदा फरक परेको रकम रु. १८ लाख ७६ हजार हिसाब मिलान हुनुपर्ने देखिन्छ ।

ख. हस्तान्तरण विवरणमा उल्लेख भएको तर लालपुर्जा नभई कम्पनीको स्वामित्वमा नआएको रु. ४

करोड २६ लाख १८ हजार बराबरको जग्गा जमिनहरु कम्पनीको स्वामित्वमा ल्याउने प्रयास हुनुपर्ने देखिन्छ ।

ग. गजुरी शाखाको हिसाबअनुसार रु. ५५ लाख दोहोरो देखाएकोमा सो रकमले सम्पत्ति बढी देखिएको छ ।

४.११ कम्पनीको स्वामित्वमा रहेको घर जग्गाको मालपोत तथा सम्पत्ति करहरु कतिपय कार्यालयहरुमा बार्षिक रुपमा तिर्दै आएको तथा कतिपय कार्यालयहरुले कैयन वर्षहरुदेखि नतिरेको देखिन्छ । जग्गा तथा गोदामको एकीकृत सम्पत्ति कर स्थानीय स्वायत्त साशन नियमावली २०५६ को नियम १४४ को उपनियम १६ अनुसार छुट दिइएको जानकारी प्राप्त भएको कम्पनीले सो छुट प्राप्त गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

सोअनुसारले छुट प्राप्त नहुने भए कम्पनीले घर जग्गाको सम्पत्ति कर तथा मालपोतबापत तिर्न बांकी रहेको करहरुको हिसाब गणना गर्दा कतिपय कार्यालयहरुको आ.व. २०७४।७५ सम्मको मात्र हिसाब गरेबाट रु. २ करोड ८७ लाख १९ हजार तिर्न बांकी देखिएकोमा सोमा जरिवाना समेत लाग्न सक्ने तथा भवनहरुको कर हिसाब कसरी गरेको सो यकिनका साथ भन्न नसकिने अवस्था रहेबाट हिसाब गरिएको रु. ३ करोड १३ लाख ३५ हजारको व्यवस्था यथेष्ट रहे नरहेको यकिन हुन सकेन ।

४.१२ कम्पनीको स्वामित्वमा रहेको भवनहरुको नक्सापास नगरिएको कारणले भवन शीर्षक अन्तर्गत देखाइएको ह्रास कट्टी पछिको मूल्य रु. २२ करोड ४६ लाख ८२ हजार यकिन गर्ने कुनै कानुनी आधार छैन । नक्सा पास नगरेको कारण भरतपुर स्थित बिद्युत प्राधिकरणले बिद्युत जडान गर्न अस्वीकार गरेबाट पनि यस नक्सापास बिनाका भवनहरुको कानुनी आधार नरहेको देखिन्छ ।

४.१३ कम्पनीको स्वामित्वमा रहेको भवनहरु तथा अन्य सम्पत्तिहरुको बीमा नगरिएको हुंदा यी सम्पत्तिहरु उच्च जोखिममा रहेको छ ।

४.१४ धनगढी कार्यालयमा निर्मित सपिङ्ग कम्प्लेक्स भाडामा लगाउँदा '६ महिनाको भाडा रकम सम्झौता नवीकरण गर्नु पूर्व नै एकमुष्ट रुपमा क्षेत्रिय कार्यालय धनगढीमा बुझाउन पर्नेछ' उल्लेख गरिएको भए तापनि कुनै पनि पार्टीबाट सो रकम नलिकन सम्झौता गर्नुले कम्पनीलाई जानी जानी हानि पुऱ्याउने उद्देश्यले सम्झौता गरेको देखिन्छ । यस सपिङ्ग कम्प्लेक्सबाट भाडाबापत उक्त पेश्की नलिनुका अलावा २०७६ असार मसान्तसम्म रु. ३९ लाख ९९ हजार लिन बांकी देखिन्छ ।

४.१५ कम्पनीका कर्मचारीहरुको उपदान, जीवन वीमा कोष तथा निवृत्तिभरणबापतको रकम अनुमानित आधारमा खर्च लेख्ने व्यवस्था कायम रहेको छ । नेपाल लेखामानअनुसार यस्ता रकमहरु अक्चुरीयल पद्धतिको आधारमा व्यवस्था हुनु पर्नेमा अनुमानित आधारमा रकमको व्यवस्था गरेबाट यसको पर्याप्तताबारे यकिन गर्न सकिएन ।

४.१६ कम्पनीले कृषि बिकास बैंकको शेयरमा गरेको लगानीको कुनै कागजात उपलब्ध नभएका तथा कृषि बिकास बैंकले यस कम्पनीको नाममा कुनै शेयर नरहेको प्रति जवाफ प्राप्त भएकोमा सो लगानीबापतको रकम अपलेखन गर्नुपर्ने देखिन्छ ।

४.१७ कम्पनीले सहकारी मार्फत बिक्री गरिएको मलखादहरु सो सहकारीहरुले बिक्री गरेको किसानको नाम तथा मात्रा उल्लेख गरी विवरण बुझाउनु पर्नेमा त्यस्ता विवरणहरुमा कतिपय अवस्थामा यस्ता विवरणहरु प्राप्त नभएको तथा प्राप्त भएको विवरणहरुको समेत विश्वसनीयता यकिन गर्ने आधार नभएको देखिन्छ ।

५. व्ययवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा, हाम्रो जानकारी र हामीलाई उपलब्ध गराएको स्पष्टीकरणहरुको आधारमा सर्वमान्य लेखा प्रणालीअनुसार तयार गरिएका वासलात, आय विवरण, नगद प्रवाह विवरण शेयरधनी कोषमा परिवर्तनको विवरण तथा ती विवरण साथ रहेका टिप्पणीहरुले २०७६ असार ३१ को कृषि सामग्री कम्पनी लिमिटेडको आर्थिक स्थिति तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको स्थितिले यस प्रतिवेदनको दफा ४ को कैफियतहरुका कारणले गर्दा यथार्थ चित्रण गरेको छ भन्ने अवस्था देखिएन ।

गुठी संस्थान, २०७३/७४

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न गुठी संस्थानको २०७४, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ आर्थिक विवरणको ढाँचा - संस्थानले नेपाल लेखामानअनुसार आर्थिक वर्षको अन्त्यमा संस्थानको सम्पत्ति तथा दायित्वको यथार्थ स्थिति चित्रण गर्ने वासलात तथा आर्थिक वर्षको संचालन नतिजा चित्रण गर्ने नाफा नोक्सान हिसाब, नगद प्रवाह चित्रण गर्ने नगद प्रवाह विवरण र ईक्वीटीमा भएको परिवर्तन चित्रण गर्ने ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण तयार गरेको छैन । साथै संस्थानले आर्थिक विवरणको तयारीको आधार, लेखा नीति तथा प्रस्तुति सम्बन्धी खुलासा गरेको छैन । त्यस्तै, उपलब्ध गराइएका कतिपय आर्थिक विवरणको अनुसूचीहरुमा गत वर्ष लेखापरीक्षणबाट प्रमाणित विवरणहरुका आधारमा गतको जिम्मेवारी सार्नुपर्ने गरी ल्याइनु पर्ने रकम समेत फरक परेको देखिन्छ ।

४.२ **लेखा प्रणाली -** संस्थानले कारोबारको भौचर तयार गर्दा दोहोरो लेखा प्रणाली अवलम्बन गरेको भए तापनि कतिपय सम्पत्ति, दायित्व, खर्च तथा आम्दानीको वहिखाता तयार नगरेको, भौचरअनुसार बहिखातामा प्रविष्टी नभएको, सन्तुलन परीक्षण तयार नगरेको कारण संस्थानको लेखा दोहोरो लेखा प्रणालीको आधारमा राखिएकोमा विश्वस्त हुन सकिएन । संस्थानले सम्पत्ति, दायित्व, आम्दानी, खर्च र ईक्वीटीको लेखाङ्कन नीति तयार गरेको पाइएन । जसले गर्दा आर्थिक विवरणमा प्रस्तुत रकमहरुको मापन, लेखाङ्कन आधार, नीति तथा प्रस्तुतीकरण उचित भए नभएको यकिन गर्न सकिएन ।

४.३ **स्थिर सम्पत्ति -** संस्थानले आफ्नो स्वमित्वमा भएको कार्यालय उपकरण, भवन, जग्गा तथा अन्य स्थिर प्रकृतिको सम्पत्तिको लगत दुरुस्त तथा अद्यावधिक राख्ने तथा सम्पत्तिको भौतिक परीक्षण गर्ने गरेको पाइएन । संस्थाले आर्थिक विवरणमा स्थिर सम्पत्ति प्रस्तुत गरेको छैन ।

४.४ **आम्दानी -** संस्थानको आम्दानीसंग सम्बन्धित लेखा प्रभावकारी रहेको पाइएन । संस्थानले घर पसल बहाल, तैनाथी जग्गा, बगैंचा, पोखरी आदिको लगत दुरुस्त तथा अद्यावधिक नराखेकोले गर्दा सोबापत प्राप्त हुने आम्दानी दुरुस्त देखिने गरी हिसाब राखेको छैन जसबाट संस्थानको आय प्रोदभावी आधारमा लेखाङ्कन भएकोमा विश्वस्त हुन सकिएन । त्यस्तै संस्थानले आर्थिक विवरणमा शाखा तथा मालपोत कार्यालयबाट निकासा फिर्ता भएको रकमलाई समेत आयको रुपमा प्रस्तुत गरेको छ ।

संस्थानले समयमा नै बैंक हिसाब मिलान विवरण तयार नगर्ने तथा आवश्यक हिसाब समायोजन नगर्ने तथा कुनै आधार बिना श्रोत नखुलेका बैंक दाखिला रकमलाई आर्थिक विवरणमा अस्पष्ट आम्दानी लेखाङ्कन गरेको देखिन्छ भने आर्थिक विवरणमा आयको लेखाङ्कनको आधार खुलासा गरेको छैन । यसबाट आर्थिक विवरणमा प्रस्तुत आयले संस्थानको आयको चित्रण गर्नेमा विश्वस्त हुन सकिएन ।

४.५ **खर्च -** संस्थानले विभिन्न खर्चको लागि भुक्तानी गरेको पेश्की रकमलाई समेत खर्च लेखाङ्कन गरेको देखिन्छ । साथै खर्चको लेखाङ्कन नीति समेत खुलासा गरेको छैन ।

४.६ **निकासा -** संस्थानले वित्तियोजन कोषको आर्थिक विवरण (आर्थिक विवरणको अनुसूची-९) मा निकासा दिएको सम्पूर्ण रकमलाई खर्च देखाई बांकी फिर्ता गरेको रकमलाई पुनः आम्दानी जनाउने गरेको देखिन्छ । खर्च लेखाङ्कन पद्धतिमा स्पष्टता हुनुपर्दछ ।

५. व्यवस्थापन पत्र

लेखापरीक्षणको क्रममा देखिएका आन्तरिक नियन्त्रण प्रणालीमा गर्नुपर्ने सुधार तथा लेखापरीक्षण रायमा सारभूत रुपमा असर नपर्ने कैफियतहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षणको कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेद ४.१ देखि ४.६ सम्ममा उल्लेख गरी औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयले जारी भएको मार्गदर्शनको आधारमा यस संस्थानको २०७४ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

गुठी संस्थान, २०७४/७५

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न गुठी संस्थानको २०७५, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय

विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टचाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **स्थिर सम्पत्तिः** संस्थानले आफ्नो स्वामित्वमा भएको कार्यालय उपकरण, भवन, जग्गा तथा अन्य स्थिर तथा अचल सम्पत्तिको लगत दुरुस्त तथा अद्यावधिक राखेको पाइएन । संस्थानले आफ्नो संम्पत्तिको संरक्षण र नियन्त्रणका लागि भौतिक परीक्षण नगरेको तथा संकेत सहितको लगत राख्ने गरेको छैन ।

४.२ **बक्यौता आम्दानीः** संस्थानको स्वीकृति विना गुठी जग्गाको उपयोग भएकोमा रु. १ अर्ब ६३ करोड ५२ लाख ३६ हजार रकम आर्थिक वर्ष २०७४।७५ सम्म संस्थानले लिनुपर्ने भनी विवरण तयार गरेको छ । उपरोक्त बांकी बक्यौता रकम संस्थानले सरकारी बाँकी सरह सम्बन्धित व्यक्तिको धितो वा अन्य जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्ने व्यवस्था भए तापनि त्यसतर्फ संस्थानको ध्यानाकर्षण भएको छैन ।

४.३ **जग्गाको अतिक्रमणः** गुठी संस्थानको नाममा रहेका जग्गा अतिक्रमण नहुने गरी कुनै कदम नचालिएको र अधिकांश जिल्लाका गुठी संस्थानका जग्गाहरु अतिक्रमणको चपेटामा परे तापनि अतिक्रमित जग्गाको एकीकृत तथा अद्यावधिक लगत तयार गरेको छैन ।

४.४ **धरौटी खाता सम्बन्धमाः** लेखापरीक्षणको समयमा केन्द्रीय कार्यालयको विनियोजनको आर्थिक विवरण प्राप्त भएको छैन । यो वर्ष संस्थानले विभिन्न मितिमा कार्य संचालन खाताबाट खर्च गर्नुपर्नेमा धरौटी खाताबाट रु. १२ लाख २३ हजार ९९९ खर्च गरेको छ । सो रकम आर्थिक वर्षको अन्त्यसम्ममा पनि उपरोक्त कार्य संचालन खाताबाट सोधभर्ना गरिएको छैन ।

४.५ **लेखा प्रणालीः**

- गुठी संस्थान, २०७५, असार मसान्तको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) वा नेपाल सार्वजनिक लेखामानमा (NPSAS) आधारित वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी

लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरण उपलब्ध नगराई आर्थिक वर्ष २०७४/७५ को आर्थिक विवरण मात्र उपलब्ध गराएको हुंदा गुठी संस्थानको यसै साथ संलग्न २०७५ असार मसान्तमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरणको लेखापरीक्षण गरी देहाय वमोजिम प्रतिवेदन पेश गरिएको छ ।

- आर्थिक प्रशासन विनियमावली वमोजिम संस्थानको लेखा दोहोरो श्रेष्ता प्रणालीको सिद्धान्तमा आधारित हुनेछ भन्ने व्यवस्था रहेकोमा, संस्थानले भौचर तयार गर्दा दोहोरो लेखा प्रणाली अवलम्बन गरेको भए तापनि कतिपय सम्पत्ति, दायित्व, खर्च तथा आम्दानीको विवरण स्पष्ट राख्ने नगरेको तथा सन्तुलन परीक्षण तयार नगरेको कारण संस्थानको लेखा ऐन र विनियमावली अनुरुप दोहोरो लेखा प्रणालीको आधारमा राखिएकोमा विश्वस्त हुने आधार देखिएन ।

- आयतर्फ कुनै आय नगद आधारमा तथा कुनै प्रोदभावी आधारमा लेखांकन गरी प्रस्तुत गरिएको छ । विनियोजन हिसाबतर्फ निकासा दिएको रकमलाई नै खर्चमा देखाएको छ भने निकासा फिर्ता भएको रकमलाई आम्दानी देखाएको छ । यसले गर्दा असुल उपर हुने वा लेखाको सर्वमान्य सिद्धान्तअनुसार खर्च लेख्न नमिल्ने रकम समेत खर्च लेखेको पाइयो ।

- संस्थानले कतिपय बैंकमा रहेको खाताको बैंक नगदी किताब तयार गर्ने गरेको पाइएन । साथै संस्थानले समयमै बैंक हिसाब मिलान विवरण तयार नगर्ने तथा आवश्यक हिसाब समायोजन नगर्ने भएकोले श्रोत नखुलेका निक्षेप दाखिला रकमलाई आर्थिक विवरणमा अस्पष्ट आम्दानी भनी खुलाएको पाइयो ।

- संस्थानले स्थिर सम्पत्ति खरिद लगायतका पुंजीगत खर्चलाई समेत संचालन खर्चमा र खर्चका लागि दिएको पेश्की रकमलाई पेश्की फछ्यौंट नहुदै खर्चमा समावेश गर्ने गरेको कारण संस्थानको पुंजीगत खर्च तथा संचालन खर्च यकिन हुन सकेन ।

४.६ **आम्दानीः** संस्थानको आम्दानी संम्बन्धी लेखा प्रभावकारी रहेको छैन । संस्थानले घर, पसल, बहाल, तैनाथी जग्गा, बगैंचा, पोखरी आदिको ठेक्काबापत प्राप्त गर्न बांकी रकम दुरुस्त देखिने गरी हिसाब राखेको छैन जसबाट संस्थानको आय प्रोदभावी आधारमा लेखांकन भएकोमा विश्वस्त हुन सकिएन । त्यस्तै संस्थानले आर्थिक विवरणमा शाखा तथा मालपोत कार्यालयबाट निकासा फिर्ता भएको रकमलाई समेत आयको रुपमा प्रस्तुत गरेको छ ।

संस्थानले समयमा नै बैंक हिसाब मिलान विवरण तयार नगर्ने तथा आवश्यक हिसाब समायोजन नगर्ने तथा कुनै आधार बिना श्रोत नखुलेका बैंक दाखिला रकमलाई आर्थिक विवरणमा अस्पष्ट आम्दानी गरेको दखिन्छ भने आर्थिक विवरणमा आयको लेखांकनको आधार खुलासा गरेको छैन । यसबाट आर्थिक विवरणमा प्रस्तुत आयले संस्थानको आयको चित्रण गर्नेमा विश्वस्त हुन सकिएन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षणको कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेद ४.१ देखि ४.६ सम्ममा उल्लेख गरी औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयले जारी भएको मार्गदर्शनको आधारमा यस संस्थानको २०७५ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

गोरखापत्र संस्थान, २०७३/७४

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदनः

हामीले यसैसाथ संलग्न गोरखापत्र संस्थानको असार ३१, २०७४ (तद्नुसार जुलाई १५, २०१७) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश

भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाता तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकताअनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्नुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

३.१ संस्थानको वित्तीय विवरण नेपाल वित्तीय लेखामान प्रणाली (NFRS) अर्न्तगतको ढांचामा रही तयार नगरिएको : लेखापरीक्षणको क्रममा हेर्दा, संस्थानको वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अर्न्तगतको ढांचामा रही तयार गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०७३/०७४ बाट लागु भैसकेको छ । परिवर्तित वित्तीय रिर्पोटिङको ढांचा तयार गरी लागु गर्न NFRScg';f/को वित्तीय विवरणहरु श्रावण १, २०७३ को सुरुवातमा तयार गर्नुपर्ने हुन्छ र सोहीबमोजिम तीन वर्षको वित्तीय स्थितिको विवरण (Statement of Financial Position), दुई वर्षको विस्तृत आय विवरण (Statement of Comprehensive Income), दुई वर्षको आय विवरण (प्रस्तुत गरिने भए), दुई वर्षको नगद प्रवाहको विवरण, दुई वर्षको ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Changes in Equity) र सोसंग सम्बन्धित टिप्पणीहरु लगायत तुलनात्मक सूचनाहरु समेत तयार हुनुपर्दछ । तर हाल यस्तो व्यवस्था भए तापनि सुरुवाती अवस्थामा वित्तीय विवरणहरु NFRScg';f/ तयार गरिएको छैन । नेपाल वित्तीय प्रतिवेदनमान १ (NFRS 1) मा आधारित रही नयां लेखा सम्बन्धी नीतिहरु तयार गरी वित्तीय सूचनाहरुको पहिचान, पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरु दिनुपर्ने हुन्छ । यसरी नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरु नगरिंदा यिनीहरुको वित्तीय विवरणमा पर्ने समष्ठीगत प्रभाव अनिश्चित रहेको छ, जुन Material तथा Pervasive पनि हुनसक्छ ।

माथि उल्लिखित व्यवस्थाअनुसार पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) प्रयोगमा ल्याउंदा वित्तीय विवरणको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरुमा पर्न सक्ने समष्टिगत प्रभावको लागि पर्याप्त र उपयुक्त सबुद, प्रमाणहरु प्राप्त गर्न सकिएन । तसर्थ, यस संस्थानको वित्तीय विवरणहरु नेपाल वित्तीय

प्रतिवेदनमान (NFRS) को आधारमा तयार नगरिएकोले, सो उपर राय व्यक्त गर्नसक्ने अवस्था रहेको छैन ।

३.२ नेपाल लेखामानले गरेको व्यवस्था प्रभावकारी रुपमा पालना नभएको : संस्थानले तयार गरेको वित्तीय विवरण तयार गर्दा अपनाएको लेखामानको कार्यान्वयनको अवस्था हेर्दा निम्नअनुसारको कैफियत पाइयो:

३.२.१ **NAS 01: Presentation of Financial Statements**: संस्थानको समग्र वित्तीय अवस्था सही र दुरुस्त देखिने अवस्थाको वित्तीय विवरण प्रस्तूत गरिएको छैन । लेखामानले तोकेको उपार्जनको आधारमा लेखा राख्नु पर्नेमा उपदान कोष रकम र कर्मचारीहरुको बिदाबापतको पाउने रकमको लागि हालसम्मको सम्पूर्ण खर्चको व्यवस्था यस वर्ष पनि गरिएको देखिएन जसले गर्दा संस्थानको वित्तीय विवरणमा दर्शाइएको आर्थिक स्थिति सही नहुने देखिन्छ ।

३.२.२ **NAS 02: Inventories:** स्टोर्सको मूल्याकंन, भौतिक परीक्षण गरिएको परिमाणमा बजार मूल्य (Net Realisable Value) र लागत (Cost) मध्ये जुन घटी छ सोही रकम राख्नु पर्नेमा यस वर्षमा पनि त्यस्तो मूल्यांकन प्रभावकारी रुपमा गर्ने गरेको देखिएन ।

३.२.३ **NAS 16: Property Plant & Equipment:** संस्थानले स्थिर सम्पत्तिको मूल्यांकन, पूनःमूल्यांकन तथा ईम्पेयरमेन्ट एसेट्सको गणना एंव मूल्यांकन हालसम्म गर्न सकेको छैन । यस सम्बन्धमा गत वर्षमा नै सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिईएको भनिए तापनि हालसम्म यस सम्बन्धमा पनि सुधार भएको देखिदैन ।

३.२.४ **NAS 12: Deferred Tax:** नेपाल लेखामान ०९ को व्यवस्थाअनुसार कर आधार र लेखा आधार विच हुने अस्थायी फरकको कारण श्रृजना हुने स्थगन करको हालसम्म पनि गणना गरी वित्तीय विवरणमा व्यवस्था गरेको देखिदैन ।

३.२.५ **NAS 20: Accounting for Government Grants and Disclosure of Government Assistances:** नेपाल लेखामान २० को व्यवस्था अनुसार सरकारद्वारा सम्पत्तिको रुपमा प्राप्त अनुदान रकमलाई लेखाकंन गरेको देखिदैन ।

३.२.६ **NAS 37: Provisions, Contingent Liabilities and Contingent Assets:** अवकास सम्बन्धी व्यवस्थाहरु (उपदान तथा संचित विदाबापतको व्यवस्था) लेखामानले तोकेबमोजिम गणना गरी त्यसको व्यवस्था गरिएको छैन ।

३.३ कर्मचारी दायित्वबापतको अपुग व्यवस्थाका सम्बन्धमा : संस्थान व्यवस्थापनबाट उपलब्ध गराईएको विवरणअनुसार आर्थिक वर्ष २०७३/०७४ को अन्त्यसम्ममा कर्मचारी उपदान दायित्व रु. ६३ करोड ७५ लाख ३४ हजार रहेकोमा हालसम्म संस्थानले जम्मा रु. ९ करोड ८६ लाख २९ हजारमात्र व्यवस्था गरेको देखिन्छ। यसले संस्थानले उपदान कोषबापतको गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०७३/०७४सम्मको रु. ५३ करोड ८९ लाख ५ हजार बराबरको रकम कम व्यवस्था गरेको देखिन्छ। साथै व्यवस्था गरिएको उक्त उपदानको रकमलाई वासलातमा दायित्व तथा व्यवस्था अन्तर्गत देखाउनु पर्नेमा विगत वर्षहरु देखि नै साधारण जगेडा तथा कोष अर्न्तगत देखाउने गरिएको छ, जसले गर्दा संस्थानको नेटवर्थ नै सही नभएको देखिन्छ ।

साथै संस्थानले कर्मचारीहरुको संचित बिदाबापतको पाउने रकमको लागि वित्तीय विवरणमा हालसम्म कुनै पनि रकम व्यवस्था गरेको देखिदैन । यसरी कर्मचारी उपदान कोष र बिदाबापतको दायित्वको सम्पूर्ण रकम व्यवस्था गर्दा संस्थानलाई अतिरिक्त भार पर्न जाने र नोक्सानी बढ्न जाने हुँदा यसबाट संस्थानको निरन्तरतामा गम्भीर असर पुग्न सक्ने देखिन्छ ।

३.४ शंकास्पद आसामीको लागि अपुग व्यवस्था : यस आर्थिक वर्षको वित्तीय विवरणअनुसार विविध आसामी अन्तर्गत कुल लिनुपर्ने रकम रु. २८,२८,२७,८३०।५५ रहेकोमा शंकास्पद आसामीको लागि व्यवस्था रु. ७९,०७,७०१।६६ न्यून गर्दा खुद आसामी रु. २७,४९,२०,१२८।८९ रहेको देखिन्छ। जसमध्ये १ वर्षभन्दा पुराना आसामी तथा ५ वर्षभन्दा पुराना आसामी निकै बढी रहेको छ, जसको असुल हुने सम्भावना ज्यादै न्यून देखिन्छ। यसरी असुल हुने सम्भावना न्यून भएका आसामीबापतको व्यवस्था अपुग रहेको देखिन्छ ।

३.५ प्रतिकूल कर्मचारी खर्च अनुपातः-

संस्थानको आर्थिक वर्ष २०७३।७४ को कर्मचारी सम्बन्धी खर्चलाई विश्लेषण गर्दा, कुल प्रत्यक्ष आम्दानी

रु. ६२ करोड ६५ लाख १६ हजार रहेको देखिन्छ भने कुल कर्मचारी सम्बन्धी खर्च रु.३४ करोड ७६ लाख ४७ हजार रहेको छ, जुन कुल प्रत्यक्ष आम्दानीको ५५.५ प्रतिशत हुन आंउछ । यस बाहेक संस्थानले माथिको बुंदा नं. (क)अनुसारको कर्मचारीको उपदान कोष एवं बिदाबापतको पाउने रकमको लागि उपार्जनको आधारमा व्यवस्था गरेमा संस्थानले हाल आर्जन गरेको आम्दानीले कर्मचारीको खर्च धान्न समेत अत्यन्तै गाह्रो पर्न जान्छ । यसलाई मध्यनजर गरी संस्थानले आगामी दिनमा कर्मचारी व्यवस्थापनतर्फ पहल नदिने हो भने संस्थानको कर्मचारी खर्चमा अझ बृद्धि हुने र सोबाट संस्थानको घाटा अझ बढ्न गई संस्थानको निरन्तरतामा समस्या उत्पन्न गराउने सम्भावना रहन्छ ।

३.६ जगेडा तथा कोष :

३.६.१ साधारण जगेडा तथा पुंजीगत अनुदानलाई ईक्वीटीमा देखाइएको छ । गत आर्थिक वर्षको अन्त्यमा ईक्वीटीको साधारण जगेडा रु. ६६,१४,१६८।६२ रहेकोमा यस आर्थिक वर्षको वित्तीय विवरणमा शुरुको मौज्दातमा रु. ८७,८२,५१५।६२ देखाएको पाइयो । साधारण जगेडामा यस आर्थिक वर्षको थपमा रु. २१,६८,३४७। हुनुपर्नेमा शुरुको मौज्दातमा नै उक्त रकम समायोजन गरी देखाइएको छ ।

३.६.२ संस्थानले दायित्व शीर्षकमा लेखांकन गर्नुपर्ने उपदानको रकम, ह्रास कट्टी कोष व्यवस्था, क्षेत्रीय प्रकाशन अनुदान, लेखापरीक्षण शुल्कबापतको व्यवस्था वासलातमा दायित्व तथा व्यवस्था अन्तर्गत देखाउनुपर्नेमा विगत वर्षदेखि नै साधारण जगेडा तथा कोष अर्न्तगत देखाईएको छ जसले गर्दा संस्थानको नेटवर्थ नै यथार्थ नहुने देखिन्छ ।

३.६.३ **दीर्घकालीन ऋण :** संस्थानले हालसम्म सम्झौताबमोजिम भाँका नाँघेको साँवा तथा ब्याज नेपाल सरकारलाई भूक्तानी गरेको देखिदैन । उक्त ऋण रकममा तिर्नुपर्ने व्याज रकमको व्यवस्था गरेतापनि ऋणको सम्झौताअनुसार हाल प्रथम ऋण रु. ५ करोड अन्तर्गत भाका नाघेको साँवा तथा व्याज गणना गर्दा रु.२,५६,५८,८४८। तथा दोश्रो ऋण रु. २ करोड अन्तर्गत भाका नाघेको साँवा तथा व्याज गरी जम्मा रु.८९,८०,६०१। तिर्नुपर्ने दायित्व रहेतापनि सो हालसम्म उक्त साँवा तथा व्याज भुक्तानी गरेको देखिदैन ।

४. आयकर व्यवस्था :

आयकर ऐन, २०५८ अनुसार आय करको व्यवस्था गरिएको पाईएन । आयकर ऐनअनुसार अमान्य हुने कतिपय खर्चहरुलाई पनि खर्च दावी गरी आयकर व्यवस्था गरिएको पाईयो ।

५. अग्रिम आयकर :

अग्रिम आयकर अन्तर्गत लेखांकन भएको आर्थिक वर्ष २०७२।७३ को रु. ८७,५६,२२९।९१ तथा यस आर्थिक वर्ष २०७४।७५ मा थप लेखांकन गरिएको रु. १९,२४,६३६।८३ राजश्व कार्यालयमा जम्मा भएको प्रमाण रहेको देखिदैन ।

६. लेखापरीक्षकको राय :

हाम्रो रायमा माथि उल्लिखित बुँदा नं. ३.२.१ देखि ३.६.३ सम्म औंल्याइएका विषयले वित्तीय विवरणलाई प्रतिकुल असर पारेको छ तथा बुँदा नं. ४ र ५ मा औंल्याइएको विषयले गर्दा वित्तीय विवरणमा Material & Pervasive असर पार्न सक्ने हुनाले तथा सोको विवरण प्राप्त नभएको हुनाले सो उपर राय व्यक्त गर्न सकिएन ।

गोरखापत्र संस्थान, २०७४/७५

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न गोरखापत्र संस्थानको असार ३२, २०७५ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्ययविवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाता तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडासहित छैनन् भन्ने कुरामा विश्वस्तहुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकताअनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमागलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्थता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्नुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कनगर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्तगर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

४.१. संस्थानको वित्तीय विवरण नेपाल वित्तीय लेखामान प्रणाली (NFRS) अर्न्तगतको ढांचामा रही तयार नगरिएको:

४.२. लेखापरीक्षणको क्रममा हेर्दा, संस्थानको वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान अर्न्तगतको ढांचामा रही तयार गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०७३/०७४ बाट लागु भैसकेको छ । परिवर्तित वित्तीय रिर्पोटिङको ढांचा तयार गरी लागु गर्न NFRScg';f/को वित्तीय विवरणहरु श्रावण १, २०७३ को सुरुवातमा तयार गर्नुपर्ने हुन्छ र सोहीबमोजिम तीन वर्षको वित्तीय स्थितिको विवरण (Statement of Financial Position), दुई वर्षको विस्तृत आय विवरण (Statement of Comprehensive Income), दुई वर्षको आय विवरण (प्रस्तुत गरिने भए), दुई वर्षको नगद प्रवाहको विवरण, दुई वर्षको ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Changes in Equity) र सोसंग सम्बन्धित टिप्पणीहरु लगायत तुलनात्मक सूचनाहरु समेत तयार हुनुपर्दछ । तर हाल यस्तो व्यवस्था भए तापनि सुरुवाती अवस्थामा वित्तीय विवरणहरु NFRScg';f/ तयार गरिएको छैन । नेपाल वित्तीय प्रतिवेदनमान १ (NFRS 1) मा आधारित रही नयां लेखा सम्बन्धी नीतिहरु तयार गरी वित्तीय सूचनाहरुको पहिचान, पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरु दिनुपर्ने हुन्छ ।

४.३. नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरु नगरिंदा यिनीहरुको वित्तीय विवरणमा पर्ने समष्ठीगत प्रभाव अनिश्चित रहेको छ, जुन Material तथा Pervasive पनि हुन सक्छ । पहिलो पटक नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) प्रयोगमा ल्याउंदा वित्तीय विवरणको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरुमा पर्न सक्ने समष्टिगत प्रभावको लागि पर्याप्त र उपयुक्त सबुद, प्रमाणहरु प्राप्त गर्न सकिएन । तसर्थ, यस संस्थानको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) को आधारमा तयार नगरिएकोले, सो उपर राय व्यक्त गर्नसक्ने अवस्था रहेको छैन ।

४.४. नेपाल लेखामानले गरेको व्यवस्था प्रभावकारी रुपमा पालना नभएको:

संस्थानले तयार गरेको वित्तीय विवरण तयार गर्दा अपनाएको लेखामानको कार्यान्वयनको अवस्था हेर्दा निम्नअनुसारको कैफियत पाइयो :

४.४.१. NAS 01**:** Presentation of Financial Statements: संस्थानको समग्र वित्तीय अवस्था सही र दुरुस्त देखिने अवस्थाको वित्तीय विवरण प्रस्तुत गरिएको छैन । लेखामानले तोकेको उपार्जनको आधारमा लेखा राख्नुपर्नेमा उपदान कोष रकम र कर्मचारीहरुको बिदाबापतको पाउने रकमको लागि हाल सम्मको सम्पूर्ण खर्चको व्यवस्था यस वर्ष पनि गरिएको देखिएन जसले गर्दा संस्थानको वित्तीय विवरणमा दर्शाइएको आर्थिक स्थिति सही नहुने देखिन्छ ।

४.४.२. NAS 02: Inventories: स्टोर्स मूल्याकंन, भौतिक परीक्षण गरिएको परिमाणमा बजार मूल्य (Net Realisable Value) र लागत (Cost) मध्ये जुन घटी छ सोही रकम राख्नु पर्नेमा यस वर्षमा पनित्यस्तो मूल्यांकन प्रभावकारी रुपमा गर्ने गरेको देखिएन ।

४.४.३. NAS 16: Property Plant & Equipment: संस्थानले स्थिर सम्पत्तिको मूल्यांकन, पूनःमूल्यांकन तथा ईम्पेयरमेन्ट एसेट्सको गणना एवं मूल्यांकन हालसम्म गर्न सकेको छैन । यस सम्बन्धमा गत वर्षमा नै सुधार गर्न व्यवस्थापनलाई निर्देशन दिईएको भनिए तापनि हालसम्म यस सम्बन्धमा पनि सुधार भएको देखिदैन ।

४.४.४. NAS 12: Deferred Tax: नेपाल लेखामान ०९ को व्यवस्थाअनुसार कर आधार र लेखा आधार विच हुने अस्थायी फरकको कारण श्रृजना हुने स्थगन कर (Deferred Tax) को हालसम्म पनि गणना गरी वित्तीय विवरणमा व्यवस्था गरेको देखिदैन ।

४.४.५. NAS 20: Accounting for Government Grants and Disclosure of Government Assistances: नेपाल लेखामान २० को व्यवस्था अनुसार सरकारद्वारा सम्पत्तिको रुपमा प्राप्त अनुदान रकमलाई लेखाकंन गरेको देखिदैन ।

४.४.६. NAS 37: Provisions, Contingent Liabilities and Contingent Assets: अवकास सम्बन्धी व्यवस्थाहरु (उपदान तथा संचित विदाबापतको व्यवस्था) लेखामानले तोकेबमोजिम गणना गरी त्यसको व्यवस्था गरिएको छैन ।

४.४.७. कर्मचारी दायित्वबापतको अपुग व्यवस्थाका सम्बन्धमा: संस्थान व्यवस्थापनबाट उपलब्ध गराईएको विवरणअनुसार आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा कर्मचारी उपदान दायित्व करिब रु. ६६ करोड ४० लाख ९३ हजार रहेकोमा हालसम्म संस्थानले जम्मा रु. ३५,७९,८२,८४५।८० मात्र व्यवस्था गरेको देखिन्छ । कर्मचारी उपदान व्यवस्था खर्चमा २०५८ सालसम्मको उपदानबापत यस आर्थिक वर्षसम्ममा रु. २२,७६,०९,२८१।९० रकम व्यवस्था गरिएको पाइयो । संस्थानले उपदान कोषबापतको गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०७४/७५ सम्मको करिब रु. ३० करोड ६१ लाख १० हजार बराबरको रकम कम व्यवस्था गरेको देखिन्छ । साथै व्यवस्था गरिएको उक्त उपदानको रकमलाई वासलातमा दायित्व तथा व्यवस्था अन्तर्गत देखाउनुपर्नेमा विगत वर्षहरुदेखि नै साधारण जगेडा तथा कोष अर्न्तगत देखाउने गरिएको छ, जसले गर्दा संस्थानको नेटवर्थ सही नभएको देखिन्छ ।

संस्थानले कर्मचारीहरुको संचित बिदाबापतको पाउने रकमको लागि वित्तीय विवरणमा हालसम्म कुनै पनि रकम व्यवस्था गरेको देखिदैन । यसरी कर्मचारी उपदान कोष र बिदाबापतको दायित्वको सम्पूर्ण रकम व्यवस्था गर्दा संस्थानलाई अतिरिक्त भार पर्न जाने र नोक्सानी बढ्न जाने हुँदा यसबाट संस्थानको निरन्तरतामा गम्भिर असर पुग्न सक्ने देखिन्छ ।

४.४.८. शंकास्पद आसामीको लागि अपुग व्यवस्था : यस आर्थिक वर्षको अन्त्यसम्ममा विविध आसामी अन्तर्गत कुल लिनुपर्ने रकम रु. २७,५१,७५,०३८।२६ रहेकोमा शंकास्पद आसामीको लागि व्यवस्था रु. ७९,०७,७०१।६६ न्यूनगर्दा खुद आसामी रु. २६,७२,६७,३३६।६० रहेको देखिन्छ । गत वर्षको तुलनामा यस वर्ष शंकास्पद आसामीको लागि व्यवस्था परिवर्तन नभएको देखियो । असुल हुने सम्भावना न्यून भएका शंकास्पद आसामीबापतको पर्याप्त व्यवस्था भएको देखिएन र असुल हुने सम्भावना न्यून भएका शंकास्पद आसामीबापतको पर्याप्त व्यवस्था गर्दा संस्थानको नाफा अझ घट्न जान्छ । यसले गर्दा संस्थानको निरन्तरतामा समेत गम्भिर असर पर्ने देखिन्छ ।

४.४.९. प्रतिकूल कर्मचारी खर्च अनुपात (Adverse Personnel Expenses Ratio): संस्थानको आर्थिक वर्ष

२०७४/७५ को कर्मचारी सम्बन्धी खर्चलाई विश्लेषण गर्दा, कुल प्रत्यक्ष आम्दानी रु. ५६,०७,८७,२३२।२२ रहेको देखिन्छ भने कुल कर्मचारी सम्बन्धी खर्च रु. ६१,३६,७६,०७४।५९ रहेको छ, जुन कुल प्रत्यक्ष आम्दानीको १०९.४३ प्रतिशत हुन आंउछ। यस बाहेक संस्थानले माथीको बुंदाअनुसारको कर्मचारीको उपदान कोष एवं बिदाबापतको पाउने रकमको लागि उपार्जनको आधारमा व्यवस्था गरेमा संस्थानले हाल आर्जन गरेको आम्दानीले कर्मचारीको खर्च धान्न समेत गाह्रो पर्न जान्छ। यसलाई मध्यनजर गरी संस्थानले आगामी दिनमा कर्मचारी व्यवस्थापनतर्फ पहल नदिने हो भने संस्थानको कर्मचारी खर्चमा अझ बृद्धि हुने र सोबाट संस्थानको घाटा अझ बढ्न गई संस्थानको निरन्तरतामा समस्या उत्पन्न गराउने सम्भावना रहन्छ।

४.४.१०.जगेडा तथा कोषः

- साधारण जगेडा तथा पुंजीगत अनुदानलाई ईक्वीटीमा देखाइएको छ।
- संस्थानले दायित्व शीर्षकमा लेखांकन गर्नुपर्ने उपदानको रकम, ह्रास कट्टी कोष व्यवस्था, क्षेत्रिय प्रकाशन अनुदान, लेखापरीक्षण शुल्कबापतको व्यवस्था वासलातमा दायित्व तथा व्यवस्था अन्तर्गत देखाउनु पर्नेमा विगत वर्षदेखि नै साधारण जगेडा तथा कोष अर्न्तगत देखाईएको छ जसले गर्दा संस्थानको नेटवर्थ नै यथार्थ नहुने देखिन्छ।

४.४.११.दीर्घकालीन ऋणः संस्थानले हालसम्म सम्झौताबमोजिम भाका नाँघेको साँवा तथा ब्याज नेपाल सरकारलाई भुक्तानी गरेको देखिदैन। उक्त ऋण रकममा तिर्नु पर्ने व्याज रकमको व्यवस्था गरे तापनि ऋणको सम्झौताअनुसार हाल प्रथम ऋण रु. ५ करोड अन्तर्गत भाका नाघेको साँवा तथा व्याज गणना गर्दा रु.३,२०,७३,५६४।३७ तथा दोश्रो ऋण रु. २ करोड अन्तर्गत भाका नाघेको साँवा तथा व्याज गरी जम्मा रु.१,१५,४६,४८३।१७ तिर्नु पर्ने दायित्व रहे तापनि सो हालसम्म उक्त साँवा तथा व्याज भुक्तानी गरेको देखिदैन।

४.४.१२.आयकर व्यवस्थाः गत आर्थिक वर्ष २०७३/७४ को वित्तीय विवरणअनुसार आय कर व्यवस्था रु. २,६६,८१,६७२।०४ रहेको र सोही आर्थिक वर्षको आ.रा.का.मा पेश गरिएको आय विवरणअनुसार आय कर व्यवस्था रु. ४,१५,९०,०८४। रहेको पाइयो। आय विवरण र वित्तीय विवरण बीच आयकर व्यवस्थामा रु. १,४९,०८,४११।९६ को फरक देखिएको छ तर उक्त फरकलाई हिसाब मिलान गरिएको पाइएन।

यस आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरणमा आय कर व्यवस्था भएको देखिएन। आय करको नियमअनुसार अमान्य हुने कतिपय खर्चहरुलाई पनि वित्तीय विवरणमा खर्च दावी गरिएको पाइयो जसकारण आयकर व्यवस्था नभएको देखियो। संस्थानले वित्तीय विवरणमा आयकरको नियमअनुसार रु. १,४६,६०,०४५।०२ रकम बराबरको आयकर व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुंदा नं ४.१ देखि ४.४.१० सम्म औल्याएका विषयले विवरणहरुमा पर्ने असर बाहेक, सलग्न वित्तीय विवरणले सस्थानको २०७५ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्वीटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७२/७३

१. वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको २०७३ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान (NAS), सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन्।

३. लेखापरीक्षकको जिम्मेवारी :

३.१. हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। नेपाल लेखापरीक्षणको सिद्धान्त, सर्वमान्य लेखाको सिद्धान्त (GAAP) र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ। ती लेखाको सर्वमान्य सिद्धान्त तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

३.२. वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गारिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा सहित प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गर्ने भए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३.३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ। हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. कम्पनीले जिन्सी मौज्दात सम्बन्धी कारोबारको उपयुक्त तरिकाबाट तथा समुचित अभिलेख जस्तै भण्डार दाखिला, नेपाल लेखामान २ जिन्सीको प्रावधानहरु अनुरुप बिक्री बिल, माग फारम, जिन्सी खर्चको आधारमा परिमाण तथा लागत परल मोलमा दैनिक कारोबार देखिने गरी लेखांकन नगर्ने तथा सो अभिलेखहरु रीत पूर्वक तरिकाले नराख्ने गरेबाट कम्पनीको जिन्सी मौज्दातको लेखांकन तथा अभिलेखहरु विश्वसनीय तथा भरपर्दो नरहेको साथै २०७२/७३ अषाढ मसान्तमा रहेको मौज्दात रकम रु. ५,८५,७१,२४३।२० भौतिक परीक्षण उपर्युक्त तरिकाबाट सम्पादन नगरेकाले यथार्थ स्थिति यकिन गर्न सकिएन।

४.२. कम्पनीको स्थिर सम्पत्ति रु. १,७९,५७,३९१।२२ र जिन्सी मौज्दात रु. ५,८५,७१,२४३।२० को विभिन्न जोखिमबाट सुरक्षित राख्नको लागि बीमा नगराईएको साथै उक्त स्थिर सम्पत्तिहरुको आवधिक भौतिक परीक्षण पनि गर्ने नगरिएकोले स्थिर सम्पत्ति र जिन्सी मौज्दातहरु सुरक्षित रहेको देखिएन।

४.३. पेस्की सापटी धरौटी तथा असुल गर्न बांकी रु. ५३,०७,१८३।५५ को विवरण तथा सम्बन्धित पक्षहरुबाट मौज्दात समर्थन पत्र (confirmation) नलिएकोले सोको असुलीको यथार्थ स्थिति यकिन गर्न सकिएन।

४.४. भुक्तानी गर्नुपर्ने रु.८,७३,१४,०६९।६० को विवरण तथा मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नुपर्ने रकमतर्फको कम्पनीको दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन।

५. लेखापरीक्षकको राय :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि बुदा नं. ४ मा औल्याईएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले जडिबुटी उत्पादन

तथा प्रशोधन क. लिको २०७३ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्वीटीमा भएको परिवर्तनको लेखाको सर्वमान्य सिद्धान्त (GAAP) बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७३/७४

१. वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको २०७४ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान (NAS), सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी :

३.१. हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणको सिद्धान्त, सर्वमान्य लेखाको सिद्धान्त (GAAP) र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखाको सर्वमान्य सिद्धान्त तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

३.२. वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गारिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा सहित प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गर्ने भए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३.३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. कम्पनीले जिन्सी मौज्दात सम्बन्धी कारोबारको उपयुक्त तरिकाबाट तथा समुचित अभिलेख जस्तै भण्डार दाखिला, नेपाल लेखामान २ जिन्सीको प्रावधानहरु अनुरुप बिक्री बिल, माग फारम, जिन्सी खर्च आदिको आधारमा परिमाण तथा लागत परल मोलमा दैनिक कारोबार देखिने गरी लेखांकन नगर्ने तथा सो अभिलेखहरु रितपूर्वक तरिकाले नराख्ने गरेबाट कम्पनीको जिन्सी मौज्दातको लेखांकन तथा अभिलेखहरु विश्वसनीय तथा भरपर्दो नरहेको साथै २०७३/७४ असार मसान्तमा रहेको मौज्दात रकम रु.७,६१,७३,८७४।२५ भौतिक परीक्षण उपयुक्त तरिकाबाट सम्पादन नगरेकाले यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.२. कम्पनीको स्थिर सम्पत्ति रु. ३,१०,६१,६१०।७१र जिन्सी मौज्दात रु. ७,६१,७३,८७४।२५ को विभिन्न जोखिमबाट सुरक्षित राख्नको लागि बीमा नगराईएको साथै उक्त स्थिर सम्पत्तिहरुको आवधिक भौतिक परीक्षण पनि गर्ने नगरिएकोले, यी स्थिर सम्पत्ति र जिन्सी मौज्दातहरु सुरक्षित रहेको देखिएन ।

४.३. पेस्की सापटी धरौटी तथा असुल गर्न बांकी रु. ७४,८८,९१९।१२ को विवरण तथा सम्बन्धित पक्षहरुबाट मौज्दात समर्थन पत्र नलिएकोले सोको असुलीको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.४. भुक्तानी गर्नुपर्ने रु.७,०८,१७,०६०।१२ को विवरण तथा मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नपर्ने रकमतर्फको कम्पनीको दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.५. सरकारी स्वामित्वमा रहेका संस्थान (State Owned Organization) मा वित्तीय सम्प्रेषण खाका १६ जुलाई २०१७ देखि, प्रभावकारी रुपमा लागु भएको छ । नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमानहरु (NFRS) परिवर्तन भएकाले १६ जुलाई २०१५ देखि हालको वित्तीय सम्प्रेषण खाकालाई नेपाल वित्तीय प्रतिवेदनमानहरुमा परिवर्तन गर्नुपर्ने र कम्तिमा तिन वित्तीय विवरण, दुई विस्तारित आयको विवरण, दुई आयको विवरण, दुई नगद प्रवाहको विवरण, दुई ईक्वीटीमा भएको परिवर्तनको विवरण प्रस्तुत गर्नुपर्ने, तर यस संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम तयार नगरिएको साथै नया लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुति र खुलासा पनि गरिएको पाईएन ।

तसर्थ माथिको प्रतिदावी आधार हरफमा उल्लिखित कुराहरुको महत्व र परिवर्तित प्रतिवेदनमानहरु पहिलो पटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाको पुनर्लेखन र थप खुलासा यस संस्थाबाट पालना नगरिएकाले, यसबाट पर्न जान सक्ने असरकोबारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न सकिएन ।

५. लेखापरीक्षकको राय :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि बुदा नं. ४ मा औल्याईएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले जडिबुटी उत्पादन तथा प्रशोधन क. लिको २०७४ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्वीटीमा भएको परिवर्तन लेखाको सर्वमान्य सिद्धान्त (GAAP) बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७४/७५

१. वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको २०७५ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान (NAS), सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणको सिद्धान्त, सर्वमान्य लेखाको सिद्धान्त (GAAP) र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखाको सर्वमान्य सिद्धान्त तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा

गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गारिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा सहित प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गर्ने भए तापनि आन्तरिक नियन्त्रण प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गतपर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१. कम्पनीले जिन्सी मौज्दात सम्बन्धी कारोबारको उपयुक्त तरिकाबाट तथा समुचित अभिलेख जस्तै भण्डार दाखिला, नेपाल लेखामान २ जिन्सीको प्रावधानहरु अनुरुप बिक्री बिल, माग फारम, जिन्सी खर्च आदि को आधारमा परिमाण तथा लागत परल मोलमा दैनिक कारोबार देखिने गरी लेखांकन नगर्ने तथा सो अभिलेखहरु रितपूर्वक तरिकाले नराख्ने गरेबाट कम्पनीको जिन्सी मौज्दातको लेखांकन तथा अभिलेखहरु विश्वसनिय तथा भरपर्दो नरहेको साथै २०७४/७५ अषाढ मसान्तमा रहेको मौज्दात रकम रु.८४,५८९,६५७।२८, भौतिक परीक्षण उपयुक्त तरिकाबाट सम्पादन नगरेकाले यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.२. कम्पनीको स्थिर सम्पत्ति रु. ५,७४,६५,३०२।२२ र जिन्सी मौज्दात रु. ८४,५८९,६५७.२८को विभिन्न जोखिमबाट सुरक्षित राख्नको लागि बीमा नगराईएको साथै उक्त स्थिर सम्पत्तिहरुको आवधिक भौतिक परीक्षण पनि गर्ने नगरिएकोले, यी स्थिर सम्पत्ति र जिन्सी मौज्दातहरु सुरक्षित रहेको देखिएन ।

४.३. पेस्की सापटी धरौटी तथा असुल गर्न बांकी रु. १२,९१०,३८०।१७ को विवरण तथा सम्बन्धित पक्षहरुबाट मौज्दात समर्थन पत्र नलीएकोले सोको असुलीको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.४. भुक्तानी गर्नुपर्ने रु. १,०२,७०,१४१।८७ को विवरण तथा मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नु पर्ने रकमतर्फको कम्पनीको दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.५. सरकारी स्वामित्वमा रहेका संस्थान (State Owned Organization) मा वित्तीय सम्प्रेषण खाका १६ जुलाई २०१७ देखि, प्रभावकारी रुपमा लागु भएको छ । नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमानहरु परिवर्तन भएकाले १६ जुलाई २०१५ देखि हालको वित्तीय सम्प्रेषण खाकालाई नेपाल वित्तीय प्रतिवेदनमानहरुमा परिवर्तन गर्नुपर्ने र कम्तिमा तिन वित्तीय विवरण, दुइ विस्तारित आयको विवरण, दुइ आयको विवरण, दुई नगद प्रवाहको विवरण, दुइ ईक्वीटीमा भएको परिवर्तनको विवरण प्रस्तुत गर्नुपर्ने, तर यस संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम तयार नगरिएको साथै नया लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुति र खुलासा पनि गरिएको पाइएन ।

तसर्थ माथिको प्रतिदावी आधार हरफमा उल्लिखित कुराहरुको महत्व र परिवर्तित प्रतिवेदनमानहरु पहिलोपटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाको पुनर्लेखन र थप खुलासा यस संस्थाबाट पालना नगरिएकाले, यसबाट पर्न जान सक्ने असरकोबारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न सकिएन ।

५. लेखापरीक्षकको राय :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि बुदा नं. ४ मा

औल्याईएका विषयले वित्तीय विवरणहरुमा पर्ने असरबाहेक, संलग्न वित्तीय विवरणले जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको २०७५ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्वीटीमा भएको परिवर्तनको लेखाको सर्वमान्य सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको २०७६ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीति सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरु उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान (NAS), सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचितरुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणको सिद्धान्त, सर्वमान्य लेखाको सिद्धान्त (GAAP) र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखाको सर्वमान्य सिद्धान्त तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आँकडा सहित प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गर्ने भए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ यस कम्पनीले वित्तीय विवरणमा प्रयोग भएका प्रमुख लेखा निती तथा टिप्पणीहरु तयार नगरिएकोले लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्न सकिएन ।

४.२ कम्पनीको वासलतमा जिन्सी मौज्दात रु. ९४,७२,५४३७०१ रहेको छ । लेखामान २, "जिन्सी मौज्दातको मूल्य"अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा शुद्द नगदीकरण मूल्य (Net Realisable Value)

अथवा लागत मूल्य मध्ये जुन कम आउँछ त्यसमा मापन गर्नुपर्ने हुन्छ । यद्दपि यस कम्पनीले जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा लागत मूल्यमा मात्र मापन गरेको पाइयो ।

४.३ लेखामान १६ "सम्पत्ति तथा उपकरण" अनुसार कुनै पनि सम्पत्ति प्रयोगका लागि उपलब्ध भएपछि सम्पत्तिको ह्रास कट्टी सोही दिनदेखि गरिनु पर्नेछ तर यस जडिबुटी कम्पनीमा सम्पत्ति प्रयोगका लागि उपलब्ध भए तापनि यसको ह्रास कट्टी भने सोहीवर्षमा नगरी नयाँ आर्थिक वर्षदेखि ह्रास कट्टी गरेको पाइयो ।

४.४ स्थिर सम्पत्तिको खरिद बिक्री प्रक्रिया तथा ह्रास कट्टीको सही र नियमित रुपले अभिलेख राख्नको निम्ति छुट्टै स्थिर सम्पत्ति रजिस्टरको व्यवस्था गर्नुपर्ने हुन्छ तर यस कम्पनिमा स्थिर सम्पत्तिको रजिस्टर व्यवस्था नगरिएको हुनाले स्थिर सम्पत्तिहरुको वास्तविक अवस्था थाहा पाउन सकिने अवस्था देखिएन ।

४.५ कम्पनीले जिन्सी मौज्दात सम्बन्धी कारोबारको उपयुक्त तरिकाबाट तथा समुचित अभिलेख जस्तै भण्डार दाखिला, नेपाल लेखामान २ जिन्सीको प्रावधानहरु अनुरुप बिक्री बिल, माग फारम, जिन्सी खर्च आदिको आधारमा परिमाण तथा लागत परल मोलमा दैनिक कारोबार देखिने गरी लेखांकन नगर्ने तथा सो अभिलेखहरु रितपूर्वक तरिकाले नराख्ने गरेबाट कम्पनीको जिन्सी मौज्दातको लेखांकन तथा अभिलेखहरु विश्वसनिय तथा भरपर्दो नरहेको साथै २०७५/७६ अषाढ मसान्तमा रहेको मौज्दात रकम रु. ९४,७०६,८३९।७२, भौतिक परीक्षण उपयुक्त तरिकाबाट सम्पादन नगरेकाले यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.६ कम्पनीको स्थिर सम्पत्ति रु. ८०,१२१,७८१।१५ र जिन्सी मौज्दात रु.९४,७०६,८३९।७२ को विभिन्न जोखिमबाट सुरक्षित राख्नको लागि बीमा नगराईएको साथै उक्त स्थिर सम्पत्तिहरुको आवधिक भौतिक परीक्षण पनि गर्ने नगरिएकोले, यी स्थिर सम्पत्ति र जिन्सी मौज्दातहरु सुरक्षित रहेको देखिएन ।

४.७ पेस्की सापटी धरौटी तथा असुल गर्न बांकी रु. ५६,२९८,३२७।९० को विवरण तथा सम्बन्धित पक्षहरुबाट मौज्दात समर्थन पत्र नलिइएकोले सोको असुलीको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.८ भुक्तानी गर्नुपर्ने रु. ९८,७०,०९९।४८ को विवरण तथा मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नु पर्ने रकमतर्फको कम्पनीको दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४.९ सरकारी स्वामित्वमा रहेका संस्थानमा वित्तीय सम्प्रेषण खाका १६ जुलाई २०१७ देखि, प्रभावकारी रुपमा लागु भएको छ । नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदनमानहरु परिवर्तन भएकाले १६ जुलाई २०१५ देखि हालको वित्तीय सम्प्रेषण खाकालाई नेपाल वित्तीय प्रतिवेदनमानहरुमा परिवर्तन गर्नुपर्ने र कम्तिमा तिन वित्तीय विवरण, दुइ विस्तारित आयको विवरण, दुइ आयको विवरण, दुइ नगद प्रवाहको विवरण, दुइ ईक्वीटीमा भएको परिवर्तनको विवरण प्रस्तुत गर्नु पर्ने, तर यस संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित नेपाल वित्तीय प्रतिवेदनमानहरुबमोजिम तयार नगरिएको साथै नया लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुति र खुलासा पनि गरिएको पाइएन ।

तसर्थ माथिको प्रतिदावी आधार हरफमा उल्लिखित कुराहरुको महत्व र परिवर्तित प्रतिवेदनमानहरु पहिलो पटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाको पुनर्लेखन र थप खुलासा यस संस्थाबाट पालना नगरिएकाले, यसबाट पर्न जान सक्ने असरकोबारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न सकिएन ।

४.१० **कम्पनीको निरन्तरताको अध्ययन** : यस लिमिटेडको आ.व. २०७५।७६ मा संचालनबाट नोक्सान रकम रु. ८६,८८,०९७।०१ त्यस्तै आ.व. २०७४।७५ मा संचालनबाट नोक्सान रकम रु. ९,७२,३१८।९३ त्यस्तै आ.व. २०७३।७४ मा संचालनबाट नोक्सान रकम रु. १,४०,१९,७२८।२९ रहेको छ ।

४.११ **दक्ष जनशक्ति र प्रविधिको प्रयोग :** कम्पनीको लेखा प्रणाली व्यवस्थित तथा पभावकारी बनाउनका लागि कम्पनीले दक्ष जनसक्ति र समयानुसारको प्रविधिको प्रयोग नभएको देखिन्छ । हाल उपलब्ध कर्मचारी र प्रयोग हुदै आएको हस्तलिखित लेखा प्रणालीबाट कम्पनीको वित्तीय लेखांकनमा अपेक्षित सुधार भएको देखिएन ।

४.११.१ कम्पनीको उत्पादनमा प्रयोग हुने सन्चो बाम र लोगो (Sancho Balm & Logo) को ट्रेडमार्क दर्ता आवेदन रोकी दर्ता आवेदन खारेज गरी सजाय समेत गरी पाउँ भनी उद्योग विभागमा मिति २०७४।०३।१३ मा का.म.न.पा वडा न ३२ अनामनगर स्थीत वौद्धिक सम्पतीको लागि कानुनी व्यवसायी मञ्चकोतर्फबाट भएको उजुरी दर्ता न १५४/६३७ मा उजुरी दर्ता भएकोले हालको मितिसम्म उक्त उजुरी

प्रति कुनै काम कारवाही नभएको साथै उक्त उजुरी कम्पनीको वित्तीय विवरणमा केही खुलासा गरिएको छैन ।

४.११.२ औषधि उद्योगको स्थापना गरिसकेपछि औषधि उत्पादन गर्नुभन्दा अघि औषधि उत्पादन गर्ने व्यक्तिले तोकिएको दस्तुर तिरी तोकिएबमोजिम विभागबाट उत्पादन अनुज्ञापत्र (प्रोडक्ट लाईसेन्स) लिनु पर्ने व्यवस्था औषधि ऐन, २०३५ दफा ८ मा उल्लेख गरिएको छ र सो अनुज्ञापत्र पाएको मितिले दुई वर्षसम्म कायम रहने व्यवस्था दफा ११ मा उल्लेख गरिएको छ । म्याद नाघे पछी पनि नवीकरण नगराएको अनुज्ञापत्र, सिफारिशपत्र वा प्रमाणपत्र स्वतः रद्द हुने व्यवस्थथा दफा ११ मा उल्लेख गरिएको छ । तर यस सस्थाको हरेक प्रोडक्टको उत्पादन अनुज्ञापत्रको २०६८ देखि नवीकरण गरिएको पाइएन ।

माथि उल्लिखित अवस्थाहरुले कम्पनीको भौतिक अनिश्चितता (Material Uncertainty) इंगित गर्दछ । जसले गर्दा कम्पनी सन्चालनमा निरन्तरता दिन सक्ने अवस्था नरहेको देखिन्छ । साथै माथि उल्लिखित अवस्थाहरु कम्पनीको वित्तीय विवरणमा कही खुलासा गरेको पाइएन ।

४.१२ संचालक समितिको ३६१ औं निर्णय न ३६१।१४५२ काअनुसार यस कम्पनीको तामागढी शाखामा तत्कालिन महाप्रबन्धक कम्पनीको कर्मचारी सेवा शर्त नियमावली तथा अन्य नियम प्रकृया विपरित करारमा कर्मचारी नियुक्ति गरेको भनी श्री वन तथा वातावरण मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र तथा कम्पनीको बोर्डमा उजुरी परेकोमा उक्त सम्बन्धमा आवश्यक छानबिन गर्न २०७५।०१।०५ मा सचिवस्तरीय निर्णयबाट वन तथा वातावरण मन्त्रालयका सह सचिवको सयोजकत्वमा छानविन कमिटी गठन भएकोमा उक्त छानबिन कमिटीले दिएको प्रतिवेदन पश्चात् भएको संचालक समितिको निर्णय न ३६१।१४५२ प्रति कुनै प्रकिया अघि बढाएको पाइएन ।

४.१३ कम्पनी ऐन, २०६३ को दफा १६४ अन्तर्गत २०७५/०७६ मा लेखापरीक्षण समिति गठन गरिए तापनि सो प्रावधानहरुको कार्यान्वयनको लागि आफ्नो कार्यविधि नियमित नगरेको, आन्तरिक लेखापरीक्षक एक जना कर्मचारी रहे तापनि कार्य समापन गर्न ढिलाई भएको पाइयो । लेखापरीक्षण समितिले आन्तरिक लेखापरीक्षणको वार्षिक लेखापरीक्षण कार्यक्रम र कार्यविधि बनाएको पाइएन । दक्ष तथा अनुभवी कर्मचारी, कार्यविधि सम्बन्धी नियमावलीहरुको अभावले आन्तरिक नियन्त्रण कमजोर रहेको छ ।

४.१४ संस्थाको खर्चमा मितव्ययिता ल्याउन संस्थाले बनाएको वार्षिक बजेट कार्यक्रममा कुनै थपघट गर्नुपर्ने भएमा वर्षको अन्त्यमा रकमान्तर मार्फत स्वीकृत गराउने परिपाटीको अन्त्य गर्नुपर्ने देखिन्छ ।

४.१५ कम्पनीलाई आर्थिक वर्ष २०७२।७३ मा नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय,राष्ट्रिय निकुञ्ज तथा बन्य जन्तु संरक्षण विभागको मिति २०७०।०९।१८ को पत्रानुसार बा.१.झ. ९७११ नम्बरको गाडी उपलब्ध भएको थियो । त्यसै गरी नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालय, वन अनुसन्धान तथा सर्वेक्षण विभागको मिति २०७२।०२।१४ अनुसार यस कम्पनीलाई बा.१.झ. ५२९५ नं को गाडि १ गरी जम्मा २ थान गाडि उपलब्ध भएकोमा स्टोर दाखिला गर्ने गरेको पाइयो । उक्त गाडिहरु २०७४।७५सम्ममा पनि कम्पनीको नाममा नामसारी नभएकोले संचालक समितिबाट उक्त गाडिहरु आफ्नो नाममा हक हस्तान्तरण गर्न गत आर्थिक वर्ष २०७३।७४ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको दफा नं. २४ मा सुझाव उल्लेख भए तापनि यस आर्थिक वर्ष २०७५।७६ मा सोबारे कुनै कारवाही भएको पाईएन ।

४.१६ कम्पनीमा धेरै मात्रामा सामानहरु बिग्रेको अवस्थामा रहेको र आवधिक भौतिक स्थितिको परीक्षण र त्यसको अनुगमन गर्ने संयन्त्र पनि कम्पनीले नबनाएकोले गर्दा उक्त सामानहरुको काम नलाग्ने स्थितिमा रहेको देखिन्छ । सार्बजनिक खर्चमा मिताव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को नियम १४ अनुसार आर्थिक कार्यविधि ऐन र कार्यविधि नियमावलीबमोजिम प्रयोगमा नआउने पुराना सवारी साधन ६ महिनाभित्र लिलाम गरिसक्नु पर्ने भनिए तापनि उक्त सम्पत्तिहरु लामो समय देखि नै राखिएकाले लिलाम हुन सक्ने सम्पत्तिहरुलाई तत्काल लिलाम प्रक्रियामा लैजान र आँउदा आर्थिक वर्षहरुमा उक्त मार्गदर्शनको नियमानुसार नै कार्य अगाडी बढाउन व्यवस्थापनले ध्यान दिनुपर्दछ ।

४.१७ कुनै पनि कम्पनीले वस्तुको उत्पादन गर्न लाग्ने समयको बैज्ञानिक आकलन गरी उक्त समयसम्म पुग्ने गरी प्रयाप्त स्टक स्टोरमा रोक्नुपर्ने हुन्छ । जसले गर्दा उक्त समयाबधिभित्र आउने मागको सहज आपूर्ति गर्न सकिने र बजारमा वस्तुको आवश्यक उपस्थिति पनि सुनिश्चित गर्न सकिने हुन्छ । बजारमा वस्तुको पर्याप्त उपस्थिति नहुंदा कम्पनीको वस्तु बजारबाट विस्थापित हुने वा प्रतिस्पर्धीहरु बजारमा हावी

हुनसक्ने जोखिम बढ्ने हुन्छ। तर यस कम्पनीमा सन्चो जस्ता बजारमा अत्याधिक माग भएका वस्तुहरुको स्टक नभएको पाइयो। तसर्थ उत्पादन गर्न लाग्ने समयसम्मलाई पुग्ने स्टक स्टोरमा सुनिश्चित गर्नतर्फ व्यवस्थापनले ध्यान दिनु पर्दछ।

४.१८ कम्पनीले वस्तु उत्पादन गर्ने क्रममा विभिन्न जडिबुटी उत्पादन गर्ने सुत्र तथा बौद्धिक ज्ञान सम्पत्तिहरु (Intelectual Properties) विकास गरेको भए तापनि सोको रितपुर्वक दर्ता गरी कानुनी अधिकार सिर्जना नगर्नाले सोबाट हुने लाभ जस्तै रोयल्टीबाट विमुख भएको पाइयो। तसर्थ यसतर्फ व्यवस्थापनको आवश्यक ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

४.१९ कम्पनिले आर्थिक वर्षको अन्त्यमा जिन्सी मौज्दातको भौतिक परीक्षण गरी आन्तरिक लेखा परीक्षक तथा व्यवस्थापनबाट हरेक वर्ष प्रमाणित गर्नुपर्ने भए तापनि सो कार्य गर्ने नगरेको र स्टोर शाखाले देखाएको रकमलाई नै जिन्सी मौज्दात बांकी देखाएकाले उक्त जिन्सी मौज्दात ठिक छ भन्ने अवस्था नरहेकोले गत आर्थिक वर्षहरुको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा वर्षको अन्त्यमा जिन्सी सामानहरु भौतिक परीक्षण गरी व्यवस्थापकबाट प्रमाणित गर्न सुझाव गरिएको तर यस आर्थिक वर्ष २०७५।७६ मा पनि सो सम्बन्धी कुनै कारवाही नभएकोले संचालक समितिबाट आवश्यक निर्देशन हुनु पर्ने देखिन्छ।

५. कम्पनी ऐन, २०६३ मा उल्लेख भएका व्यवस्था सम्बन्धमा प्रतिवेदन

६.१. लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वासअनुसार आवश्यक सूचना एवं स्पष्टीकरण प्राप्त भयो।

६.२. कम्पनीको हिसाब किताब, बहीखाता, श्रेस्ता र लेखा प्रचलित कानुनबमोजिम राखिएको छ।

६.३. वित्तीय विवरणहरु कम्पनीले राखेको हिसाब किताब, बहीखाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेकोछ।

६.४. हाम्रो रायमा पेश भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु प्रचलित कानुनबमोजिम तोकिएको ढांचामा र तरीका अनुरुप तयार भएको छ।

६.५. हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र कम्पनीको हिसाब किताबको लेखापरीक्षणको सिलसिलामा संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले जानाजानी लेखा सम्बन्धी कानुनी व्यवस्था विरुद्ध कामकाज गरेको वा कम्पनीलाई हानि नोक्सानी गरेको वा गराएको वा कम्पनीको कोषको हिनामिना गरेको हाम्रो जानकारीमा आएको छैन।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि उल्लिखित बुँदा नं. ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले जडिबुटी उत्पादन तथा प्रसोधन कम्पनी लिमिटेडको २०७६ असार मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको २०७६, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको

तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा व्यवस्थापन पत्रमा समावेश छ ।

५. लेखापरीक्षकको राय

हाम्रो रायमा संलग्न वित्तीय अवस्थाको विवरणले कोषको ३१ अषाढ, २०७६ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण र नगद प्रवाह विवरणले कोषको वित्तीय अवस्थाको नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

जनकपुर चुरोट कारखाना लिमिटेड, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले जनकपुर चुरोट कारखानाको २०७६, असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम तथा कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

३.१. हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक

आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

३.२. वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे प्रष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्य विधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

३.३. हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

४.१ ऋण : यस वर्ष कारखानालाई नेपाल सरकारले रु.२ अर्ब ९४ करोड ६२ लाख ७७ हजार ३ सय १२ रुपैया ऋण दिएको छ । कारखानाले ऋण तमसुकबमोजिम व्याज खर्चको भुक्तानी गरेको छैन तथा वित्तीय विवरणमा लेखाङ्कन समेत गरेको छैन ।

४.२ स्थिर सम्पत्ति : कारखानाको देश भरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ । जनकपुरस्थित मुख्य कार्यालय रहेको घर जग्गा कर र महेन्द्रनगर स्थित जग्गाको मात्र कर तिरेको पाईयो । १९ ठाँउमा भएको जग्गाको कर नतिरेको र करको व्यवस्था पनि गरेको छैन ।

कारखानाले आफ्नो स्वामित्वमा रहेको चालु स्थितिमा रहेका ५ सवारी बाहेक अन्य मूल्यवान स्थिर सम्पत्तिको बीमा गरेको पाइएन । सम्पत्तिमा हुन सक्ने क्षतिबाट हानि न्यूनीकरण गर्न बीमाको व्यवस्था गर्नुपर्दछ ।

४.३ लगानी: कारखानाको लगानी मध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको र सो कम्पनीमा लगानीको मूल्य शुन्य हुने देखिएको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको तथा सेती चुरोट कारखाना लिमिटेड समेत बन्द रहेको अवस्थामा यी कम्पनीका शेयर मूल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानिबापत जोखिम व्यवस्थापन गरेको छैन ।

४.४ नेपाल लेखामान तथा वित्तीय प्रतिवेदनमानको पालना :

४.४.१ नेपाल लेखामान २ अनुसार अन्तिम मौज्दातको मूल्याङ्कन परल मूल्य र खूद प्राप्य मूल्यमध्ये कममा गर्नुपर्नेमा गत वर्षको मौज्दात रु.९ करोड १ लाख ५५ हजारलाई नै यो वर्ष पनि अ.ल्या. गरेको पाईयो जुन नेपाल लेखामान अनुरुप रहेको छैन ।

४.४.२ नेपाल लेखामान १२ बमोजिम स्थगन करको व्यवस्था गरेको छैन ।

४.४.३ कारखानाले नेपाल लेखामान १८ बमोजिम सम्पत्तिमा हुने क्षयीकरणको गणना नगरेकोले सोबापत वित्तीय विवरणमा पर्न जानसक्ने असरकोबारे यकिन गर्न सकिएन । कारखानामा रहेका बहुमूल्य मेसिनरी औजारहरु कारखाना बन्द भएदेखि प्रयोगमा नरहेको तथा नियमित मर्मत संभार नहुंदा हाल उपयोग र संरक्षण सम्बन्धमा यकिन गर्न सकिएन ।

४.४.४ सरकारी स्वामित्वका निकायलाई लागु हुने वित्तीय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएको छ । वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुंदा संक्रमणकालीन व्यवस्था अनुरुप तुलनात्मक जानकारी सहित २०७२ असार मसान्त र कम्तिमा तिनवटा आर्थिक अवस्थाको विवरण, दुईवटा नाफा वा नोक्सानको विवरण, दुईवटा नगद प्रवाह विवरण, दुईवटा ईक्वीटीमा भएको परिवर्तनको विवरण र सम्बन्धित टिप्पणी आवश्यक पर्दछ । वित्तीय

विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान ०१ को संक्रमणकालीन व्यबस्थाअनुरुप तयार गरिएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखा नीतिहरुका आधारमा वित्तीय सूचनाको पहिचान, पुनर्स्थापना, प्रस्तुतीकरण र खुलासा आबश्यक पर्दछ ।

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सूचनाको पुनर्स्थापना, प्रस्तुतीकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभूत र व्यापक हुन सक्दछ ।

४.४.५ व्यबस्थापनले वित्तीय विवरण तयार गर्दा कम्पनी निरन्तर रुपमा सञ्चालन हुने अनुमान गरिएको छ । जुन अनुमानलाई हालको परिस्थितिको विश्लेषण गर्दा हामीले विश्वास गर्ने आधार प्राप्त गर्न सकेनौं ।

४.५ कम्पनी ऐन, २०६३ को पालना : यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

४.५.१ ऐनको दफा १४(१)अनुसार कुनै पनि पब्लिक कम्पनीको शेयरधनीको संख्या सातभन्दा कम भएमा, उपदफा (१) बमोजिमको अवस्था परेमा सम्बन्धित पब्लिक कम्पनीले छ महिनाभित्र आफ्नो प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी प्राइभेट कम्पनीमा परिणत गर्नुपर्नेछ । उपदफा (२) बमोजिम संशोधन भएको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि संलग्न राखी सम्बन्धित पब्लिक कम्पनीले प्राइभेट कम्पनीमा परिणत हुनको लागि त्यसरी संशोधन भएको तीस दिनभित्र कार्यालय समक्ष तोकिएबमोजिमको दस्तुर सहित तोकिएबमोजिमको ढाँचामा निवेदन दिनु पर्ने भए तापनि त्यसो नगरेको देखियो ।

४.५.२ दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा २०५८ देखि बार्षिक साधरणसभा गरेको पाईएन । त्यसैगरी दफा ७८ र ८० बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा बार्षिक रुपमा बुझाउनुपर्ने कागजातहरु बुझाएको हो होईन सोबारे यकिन हुन सकिएन ।

५. व्यवस्थापन पत्र

माथि उल्लिखित कैफियतहरुको विस्तृत व्यहोरा र व्यस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लिखित व्यहोराले गर्न सक्ने असर बाहेक जनकपुर चुरोट कारखानाको २०७६ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा तथा नगद प्रवाहको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

तनहुँ हाइड्रोपावर लिमिटेड, २०७५/७६

1. Report on Financial Statements

We have audited the accompanying financial statements of Tanahu Hydropower Ltd, Trade Tower, Thapathali, which comprise the balance sheet as of 31 Asadh, 2076 (16 July 2019) and the Income statement, the statement of changes in equity and cash flow statement for the year then ended and significant accounting policies and other explanatory notes.

2. Management Responsibility for Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standards (NAS). This responsibility includes designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies and making accounting estimates that are reasonable in the circumstances.

3. Auditor's Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain

reasonable assurance whether financial statements are free from material misstatement.

The Audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

4. Auditor's Observation

4.1 According to the provision of section 4 of the Land Acquisition Act, 2034 the decision of the Government of Nepal has to be obtained for the acquisition of land. However, the decision for the acquisition of land required for the project was made by the Cabinet Minister then. Hence, the payments of NRs.1,22,15,49,623.60 made up to FY 2075/76 for land acquisition of 1262-4-2 Ropanis was not found in conformity with the provisions of Land acquisition Act, 2034.

4.2 As provisioned in the Project Administration Manual (PAM) of ADB, Tanahu Hydropower Limited has followed ADB Guidelines for Procurement of Goods by Shopping and made a payment of NRs 96,000,000 for purchase two electric cars after receipt of three sealed quotations. However, as the amount exceeds the threshold amount for the procurement under Sealed Quotations as specified in the Procurement Regulation, 2064, the procurement was not compiled with the Public Procurement Act, 2063.

4.3 Nepal Electricity Authority as the sole shareholder of the Company has not paid adequate paid up capital out of the issued capital for project construction works and overhead expenses that caused to incur NRs.16, 342, 362.39 up to FY 075/076 for interest during construction period, which appeared not to be appropriate.

4.4 During registration of Tanahu Hydropower Limited in the Office of Company Registrar, the Memorandum of Understanding of shareholders for bearing the pre-incorporation expenses related to the project was not submitted along with the Memorandum of Association and Articles of Association to the Office of Registrar of Company. However, the payment of NRs.42,28,590 was made in past to Nepal Electricity Authority as reimbursement for pre-incorporation expenses, which should be recovered from NEA.

4.5 Because of not having adequate paid up and working capital, Tanahu hydropower Limited has been taking loan and also paying interest for construction of Tanahu hydropower project itself. Despite this situation, after obtaining the Survey License of Generation, an amount of NRs. 4,966,144.16 was paid to Soil Rock & Concrete Laboratory of NEA for geological investigation of Lower Seti (Tanahu) Hydropower Project located downstream of Tanahu Hydropower Project. However, from the point of view of economy and propriety, the payment appeared not to be appropriate.

4.6 According to Section 3.2 of the Company Act 2063 at least seven shareholders are required for the formation of a Public Company. Despite the provision, Nepal Electricity Authority as the sole shareholder is operating the company since the date of formation, which appeared not to be appropriate.

4.7 As the retirement benefit to the employees of Nepal Electricity Authority on deputation to Tanahu Hydropower Limited, an amount of NRs.103.55 lakhs was paid to NEA as "overhead expenses" in FY 2075/76 as per the Board Decision of NEA but without appropriate calculation of the amount of retirement benefits. As the amount of the said retirement benefits was not appropriately calculated and not kept in a separate retirement benefit fund under the control of the Company, the provision of Nepal Accounting Standards -NAS 19 "Employee

Benefits" was not complied.

4.8 An amount of NRs.132.82 lakhs was paid in FY 2075/76 as wage expenses to daily wage employees engaged by the Company. However, appointment letters were not issued to those daily wage employees and also no other facilities such as public holidays, earned leaves, retirement benefits, festival allowance etc. except for accident insurance were provided despite having the provisions of such facilities in Labour Act, 2074 and Labour Regulations 2075.

4.9 As per the decision of the Meeting of the Board of Directors on 06 Falgun 2075, the Contract for Package 1 (Headworks) was terminated on 19 February 2019 due to the failure by the Contractor (CMC di Ravenna, Italy) to commence the Works under the Contract. THL has enforced the performance guarantees of CMC amounting to NRs. 1,949,220,746.89 in total and notified to the Contractor about the Employer's Claim, which could be assessed only after the award of the Contract to the new Contractor after the rebidding of Package 1 Contract. However, as CMC has filed the case to the Court of Bologna, Italy for the remedy, which is still underway, THL has deposited the amount in NMB bank in the time deposit and is shown under contingent liability. However, as per the provisions of Nepal Accounting Standards (NAS) -18, the received amount against the performance guarantees of the Contractor shall be shown as miscellaneous income out of compensation in the "Income Statement" of the Company for fair presentation of the financial condition of Company.

4.10 According to the provisions of Sections 108 and 109 of the Company Act, 2063, Tanahu hydropower Limited has to prepare its financial statements for FY 075/076 in conformity with the provisions of Nepal Accounting Standards (NAS). However, provisions of NAS-1,2,5,6,9,12,13,14,16 ,18 and 27 were not appropriately complied with.

5. Management Letter

A management letter consisting of detailed audit observations and recommendation on issues related to financial statement, weaknesses in accounting and internal control system and compliances with laws and regulations has been issued to the management for improving financial management of the Company**.**

6. Auditor's Opinion

In our opinion, except for the possible effects of the matters described above in the paragraphs 4.1 to 4.9 under Auditor's Observation, the financial statement give true and fair view of financial position of Tanahu Hydropower Limited, Trade Tower, Thapathali, Kathmandu, as of 31 Asadh, 2076 (16 July, 2019) and its financial performance and its cash flows for the year then ended in accordance with Nepal accounting standards and relevant provisions of Company Act, 2063.

तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७४/७५

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न तामाकोशी जलविद्युत कम्पनी लिमिटेडको २०७५, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जूमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खूलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ यस जलविद्युत कम्पनी लिमिटेडको कार्यालय परिसरमा नेपाल विद्युत प्राधिकरणको कम्प्यूटर लेखा प्रणालीमा लेखांकन हुने तामाकोशी ख (पाँचौ) जलविद्युत आयोजनाको हामीलाई उपलब्ध गराइएको विवरणअनुसार यस आर्थिक वर्षको अन्त्यसम्म स्थिर सम्पत्तितर्फ रु. २,४७,२८,९०५।८८ र कार्य प्रगति स्थिर सम्पत्तितर्फ रु. ४६,५८,४३,२०५। गरी जम्मा स्थिर सम्पत्ति रु. ४९,०५,७२,११०।८८ रहेको छ । सोही स्थिर सम्पत्तिहरु यस कम्पनीको नाममा हस्तान्तरण गरी वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्नेमा सो अनुरुप गरेको छैन ।

४.२ यस तामाकोशी जलविद्युत कम्पनी लिमिटेडको कार्यालय परिसरमा नेपाल विद्युत प्राधिकरणको कम्प्यूटर लेखा प्राणलीमा लेखांकन हुने तामाकोशी ख (पाँचौ) जलविद्युत आयोजनाको हामीलाई उपलब्ध गराइएको विवरणअनुसार यस आर्थिक वर्षको अन्त्यसम्म नगद तथा बैंक मौज्दाततर्फ रु. १,६९,३२,०५६।७८ र यस कम्पनीको वित्तीय विवरणमा उल्लेख गरिएको नगद तथा बैंक मौज्दातको रकम रु. १,१०,१०,०००। गरी जम्मा नगद तथा बैंक मौज्दात रु. २,७९,४२,०५६।७८ रहेको छ । सोही नगद तथा मौज्दातको रकमहरु यस कम्पनीको नाममा हस्तान्तरण गरी वित्तीय विवरणमा प्रस्तुत गर्नुपर्नेमा सो अनुरुप गरेको छैन ।

४.३ कम्पनीको जारी पुंजी अन्तर्गत कम्पनीको प्रबन्धपत्रको दफा १५ मा उल्लेख भएअनुसार सम्पूर्ण जारी पुंजी रु. २ अर्ब ५५ करोड (शेयर संख्या २ करोड ५५ लाख कित्ता) नेपाल विद्युत प्राधिकरणले लिन कवुल गरेको शेयर भए तापनि यसबापत कुनै पनि रकम विद्युत प्राधिकरणबाट प्राप्त भएको छैन तर यस कम्पनीको खातामा आर्थिक वर्ष २०७४।७५ सम्म नेपाल विद्युत प्राधिकरणबाट रु. १ करोड १० लाख १० हजार प्राप्त भएको र उक्त रकमलाई शेयर पुंजी अर्न्तगत लेखांकन गरिएको छ ।

शेयर पुंजी अन्तर्गत लेखांकन गरिएको रकम, नेपाल विधुत प्राधिकरणले सस्थालाई उपलब्ध गराउनुको उद्देश्यलाई प्रष्ट्याउने कुनै किसिमको कागजात हामीलाई उपलब्ध नगराइएकोले प्राप्त रकम शेयर पुंजी अन्तर्गत लेखांकन हुनुपर्ने हो होइन यकिन भएन ।

४.४ यस तामाकोशी जलविद्युत कम्पनी लिमिटेडको कार्यालय परिसरमा नेपाल विधुत प्राधिकरणको कम्प्युटर लेखा प्रणालीमा लेखांकन हुने तामाकोशी ख (पाँचौ) जलविद्युत आयोजनाको हामीलाई उपलब्ध गराइएको विवरणअनुसार यस आर्थिक वर्षको अन्त्यसम्ममा यस आयोजनाको निर्माण कार्यको लागि नेपाल विद्युत

प्राधिकरणले रु. ९०,१२,२०,०००। रकम लगानी गरेको सो रकमलाई आवश्यक प्रक्रिया पूरा गरी यस कम्पनीको शेयर पुंजी अन्तर्गत लेखांकन प्रस्तुत गर्नुपर्नेमा सो गरेको पाइएन ।

४.५ यस तामाकोशी जलविद्युत कम्पनी लिमिटेडको कार्यालय परिसरमा नेपाल विधुत प्राधिकरणको कम्प्युटर लेखा प्राणलीमा लेखांकन हुने तामाकोशी ख (पाँचौ) जलविद्युत आयोजनाको हामीलाई उपलब्ध गराइएको विवरणअनुसार यस आर्थिक वर्षको अन्त्यसम्ममा यस आयोजना अन्तर्गत चालु दायित्व तथा व्यवस्थातर्फ रु. ५,९२,३२,११३।९४ रकम रहेकोमा सो रकमलाई आवश्यक प्रक्रिया पूरा गरी यस कम्पनीको चालु दायित्व तथा व्यवस्था अन्तर्गत लेखांकन गर्नुपर्नेमा सो गरेको छैन ।

४.६ आर्थिक वर्ष २०७४।७५ को खर्चको विवरण परीक्षण गर्दा कम्पनी सञ्चालनको लागि लाग्ने प्रशासनिक खर्चहरु जस्तै, कार्यालय भाडा खर्च, कर्मचारी खर्च तथा कार्यालय अन्य खर्चहरु कम्पनीको आय व्यय हिसाबमा समावेश गरिएको पाईएन । जलविद्युत आयोजना अर्न्तगतको सम्पूर्ण खर्च नेपाल विद्युत प्राधिकरणबाट नै भुक्तानी भइराखेको र उक्त आयोजना कम्पनीलाई हस्तान्तरण नगरी सकेको हुनाले उक्त खर्चहरु कम्पनीको आय व्यय हिसाबमा प्रस्तुत गरिएको पाईएन । तर तामाकोशी जलविद्युत कम्पनी लिमिटेडले यस प्रतिवेदनको वूदा नं. १.१ वमोजिम नेपाल विद्युत प्राधिकरणले तामाकोशी ख (पाँचौ) जलविद्युत आयोजना अन्तर्गत लेखांकन गरिएको आय तथा खर्चहरुलाई आवश्यक प्रक्रिया पूरा गरी यस कम्पनीको आय व्यय हिसाबमा लेखांकन गर्नुपर्नेमा सो गरेको पाइएन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षणको कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय ब्यक्त गर्ने आधार अनुच्छेद ४.१ देखि ४.६ सम्म उल्लेख गरी औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयले जारी भएको मार्गदर्शनको आधारमा यस कम्पनीको २०७५ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले तामाकोशी जलविद्युत कम्पनी लिमिटेडको आ.व. २०७५।७६ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को आय विवरण, नगद प्रवाह विवरण, शेयर पुजी कोषमा परिवर्तनको बिवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. लेखापरीक्षणको सर्वमान्य सिद्धान्त र महालेखापरीक्षकले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती मार्गदर्शनअनुसार लेखापरीक्षण योजना तयार गरी तद अनसार लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणमा उल्लिखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं । कम्पनीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तीय विवरणहरु प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश गरेका छौं । लेखापरीक्षणले हाम्रो प्रतिवेदनलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

३. उपयुक्त आधारमा लेखापरीक्षणबाट देखिएका प्रमुख कैफियतहरु तथा त्यसबाट वित्तीय विवरणमा परेको परिमाणात्मक असरहरु निम्नबमोजिम छन् :

३.१ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (मिति २०७६ जेठ, १५ बाट लागु हुने गरी संशोधन भएको) को ६ग. मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अर्न्तगत आपूर्ति हुने वस्तु वा सेवाबापतको रकम सम्बन्धित ठेकेदार वा

आपूर्तीकर्तालाई भुक्तानी गर्दा निजलाई भूक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरी बाँकि रहने रकम मात्र भूक्तानी गर्नुपर्नेमा कम्पनीले मूल्य अभिवृद्धि करको सबै रकम भुक्तानी गरेको छ । कम्पनीले निम्नानुसार मू.अ. कर सम्बन्धित राजश्व शीर्षकमा राजश्व रकम रु. ३१,५१,३३१.३६ जम्मा गर्नुपर्दछ ।

३.२ करार अर्न्तगतको भुक्तानी शीर्षक अर्न्तगत लेखांकन भएको रकम प्राधिकरणको तामाकोशी पाँचौ आयोजनाको र अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको Connecting Tunnel को माथिल्लो केही खण्ड, Vertical Lift Gate, Gate Chamber र त्यहाँसम्म पुग्न आवश्यक Access Tunnel को सिभिल संरचना डिजाईन तथा निर्माण गर्नको लागि मिति २०७३।१०।१७ मा नेपाल विद्युत प्राधिकरण र अपर तामाकोशी हाइड्रोपावर लिमिटेड बीच भएको ने.रु. १५,३१,९६,३७२।०० र युरो ४,३५,९६८।०० गरी जम्मा रु. २०,४१,१३,०७४।७२ को करारबमोजिम अपर तामाकोशी हाइड्रोपावर लिमिटेडले प्राधिकरणको तामाकोशी पाँचौ आयोजनासंग मिति २०७५।१०।२७ को पं.सं/च.न. २०७५।७६-७३९ पत्रबाट रु. १५,००,००,०००।०० माग भए तापनि सम्झौताबमोजिम भुक्तानी हुन बांकी रकम रु. ७,०६,१३,०७४।७२ मात्र भुक्तानी हुनुपर्ने भनि नेपाल विद्युत प्राधिकरणको इन्जिनियरिङ्ग सेवा निर्देशनालयबाट सिफारिश भएबमोजिम प्राधिकरणको कार्यकारी निर्देशकबाट दर्ता नं. १८६३, मिति २०७६।०१।०४ को पत्र मार्फत स्वीकृत गरी यस कम्पनीले अपर तामाकोशी हाइड्रोपावर लिमिटेडलाई भुक्तानी गरेको छ ।

अपर तामाकोशी र यस आयोजना बीच भएको सम्झौताअनुसार हालसम्म भुक्तानी भएको रकम र कार्य सम्पन्न प्रतिवेदन यस आयोजनामा समेत रेकर्ड अद्यावधिक गरी बांकी रहेको रकम कम्पनीमा फिर्ता हुनुपर्दछ । अपर तामाकोशीले सम्बन्धित पार्टीलाई भुक्तानी गर्दा कर कट्टीको रकम, धरौटी रकम समेतको आधारमा यस कम्पनीले यथार्थ विवरण र रकम लिई खर्च अभिलेख व्यवस्थित गर्नुपर्ने देखियो । अपर तामाकोशीलाई भुक्तानी भएको रकममा आयकर ऐन, २०५८ का दफा ८९ मा व्यवस्था भएअनुसार ठेक्का वा करार अर्न्तगतको पचास हजारभन्दा बढि भुक्तानीमा १.५ प्रतिशत हुने रकम रु. १०,५९,१९६।१२ कर कट्टी गर्नुपर्नेमा यस कम्पनीले कर कट्टी गरेको छैन ।

३.३ अपर तामाकोशी हाइड्रोपावर लिमिटेडलाई गरिएको भुक्तानी नेपाल विद्युत प्राधिकरण र अपर तामाकोशी हाइड्रोपावर लिमिटेड बीच मिति २०७३।१०।१७ मा भएको सम्झौताको बुदा नं. ३.२ बमोजिम भएको भुक्तानी र उक्त रकम अपर तामाकोशी हाइड्रोपावर लिमिटेडबाट सेवा प्रदायक कम्पनीलाई भुक्तानी हुने कारण जनाई रकम भुक्तानी गर्दा रिटेन्सन रकम कट्टी नगरी भुक्तानी गरिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद ११, नियम १२३(४)अनुसार सार्वजनिक निकायले नियम १२३(१) बमोजिमको भूक्तानी गर्दा रिटेन्सन मनीबापत रनिङ्ग वा अन्य बिल भूक्तानी गर्दा बिल बिजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरी राख्नु पर्नेछ भनी व्यवस्था भएअनुसार कम्पनीले यस भुक्तानीमा पनि खरिद ऐनअनुसार रकम कट्टा गरेर मात्र भुक्तानी गर्नुपर्नेछ ।

३.४ कम्पनीको जारी पुंजी अन्तर्गत कम्पनीको प्रबन्ध पत्रको दफा १५ मा उल्लेख भएअनुसार सम्पूर्ण जारी पुंजी रु. २ अर्ब ५५ करोड (शेयर संख्या २ करोड ५५ लाख कित्ता) नेपाल विद्युत प्राधिकरणले लिन कवुल गरेको शेयर भए तापनि कम्पनी रजिष्ट्रार कार्यालयमा कुनै पनि रकम शेयर रकम अर्न्तगत दर्ता भएको छैन तर यस कम्पनीको खातामा आर्थिक वर्ष २०७५।७६ सम्म नेपाल विद्युत प्राधिकरणबाट रु. १९ करोड ५ लाख १० हजार प्राप्त भएको र उक्त रकमलाई शेयर पुंजी अर्न्तगत लेखांकन गरिएको छ ।

आर्थिक वर्ष २०७४।७५ को रकम शेयर रकमबापत रकम भए नभएको प्रष्ट्याउने कुनै पनि कागजात उपलब्ध नभएकोले उक्त रकमको यथार्थ यकिन गर्न सकिएन र यस आर्थिक वर्षको वासलातअनुसार शेयर पुंजीको रकम रु. १९,०५,१०,०००। भए पनि कम्पनीले मात्र रु. १८,१७,१०,०००। बराबरको कागजात उपलब्ध भएकोले बांकी रु. ८८,००,०००। कोबाट कहीले प्राप्त भएको यथार्थ यकिन गर्न सकिएन ।

३.५ यस जलविद्युत लिमिटेडले जलविद्युत सम्बन्धी सर्वेक्षण, निर्माण, उत्पादन, संचालन र व्यवस्थापन, उत्पादन, आपुर्ति, वितरण र प्रशारण सम्बन्धी कार्यमा आयोजना अर्न्तगत भएको खर्च जस्तै आम्दानी, स्थिर सम्पत्ति, चालू सम्पत्ति, चालू दायीत्व, लगानी अर्न्तगत भएको खर्चको लेखांकन नेपाल विद्युत प्राधिकरणको विद्युतीय लेखा प्रणाली (CAIS Accounts) मा मिति २०७६।०८।०१ गतेको सन्तुलन परीक्षणअनुसार आर्थिक वर्ष २०७५।०७६ को अभिलेखको विवरणअनुसार रु. ९८,०४,२२,५४५।१९ रहेको छः

आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पुरा गरी आयोजना अर्न्तगतका सम्पूर्ण कारोवारहरुलाई कम्पनीको वासलातमा प्रस्तुत गर्नुपर्नेमा सोअनुसार गरिएको छैन ।

३.६ बिज्ञापन खर्च अर्न्तगत जनताको जलविद्युत कार्यक्रमको विभिन्न संचार माध्यमहरुमा गरिएको विज्ञापनबापत उर्जा जल श्रोत तथा सिँचाई मन्त्रालयको पत्र संख्या ४४८ बाट नेपाल बिद्युत प्राधिकरणलाई उक्त कार्यक्रममा सहभागी भएबापत मिति २०७६।०३।०३ मा रु. ७,५०,०००। भुक्तानी गरेकोमा कम्पनीको स्वीकृत कार्यक्रम वेगर उक्त रकम भुक्तानी गरेको पाईयो ।

४ व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

५ लेखापरीक्षणको कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय ब्यक्त गर्ने आधार अनुच्छेद ४.१ देखि ४.६ सम्ममा उल्लेख गरी औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयबाट जारी भएको मार्गदर्शनको आधारमा यस कम्पनीको २०७६ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

तारागाउँ बिकास समिति, २०७४/७५

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न तारागाउँ विकास समितिको २०७५, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनूरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तूत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटि रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जूमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपयूक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय ब्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी

गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धमा

नेपाल चार्टर्ड एकाउनटेण्टस संस्थाले आर्थिक वर्ष २०७४।७५ बाट नेपाल सरकारको पूर्ण स्वामित्व (State Owned Enterprises) कम्पनीलाई लागु हुने गरी प्रभावकारी वित्तीय रिर्पोटिङ रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरेको छ । यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनूसार तयार गरिएको छैन । तसर्थ तोकिएबमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ ।

४.२ सम्पूर्ण पसल भाडा नउठेको सम्बन्धमा

तारा गाउँ विकास समितिले आफ्नो स्वमित्वमा रहेको न्युरोड अवस्थित भवन राम गृहका विभिन्न ५ पसलहरू भाडामा दिइएकोमा सोबापतको उठ्नुपर्ने पसल भाडाबापतको रकम रु. ४४ लाख ७२ हजार सम्झौता अवधि समाप्त भईसक्दा समेत हालसम्म उठेको देखिदैन । समितिको नगद प्रवाह सुधार गर्न सम्झौतामा भएको व्यवस्था वमोजिम बक्यौता रकम जरिवाना सहित असुल गर्नेतर्फ समितिले ध्यान दिनुपर्दछ ।

४.३ तारा गाउँ रेजेन्सी होटल लिमिटेडसंग भएको जग्गा कारोबार सम्बन्धमा

समितिको नाममा रहेको ३०४ रोपनी जग्गा मध्ये १४९ रोपनी ०५ आना १ पैसा ०३ दामको मूल्यांकन रु. १५ करोड तथा त्यसमा भएको घरको मूल्यांकन रु. २ करोड गरी जम्मा रु. १७ करोडको तारा गाउँ रिजेन्सी होटल्स लिमिटेडको साधारण शेयरमा लगानी गरेको छ र त्यसबापत कुल लगानी रु. ४२.७५ कराडको ३९.७७५ प्रतिशत शेयर लगानी गरेकोमा तारागाउं रेजेन्सी होटलले थप लगानी गरेको कारण देखाई उक्त होटलको मिति २०६४/४/१६ को पत्रअनुसार यस समितिको स्वामित्व ३९.७७५ प्रतिशतवाट १०.१५५ प्रतिशत मात्र भएको जनाएको छ । यसरी लगानी घटेकोमा थप छानविन गरी लगानी सुरक्षित गराउनु पर्दछ । लगानी भएको २५ वर्ष पश्चात् यस आर्थिक वर्ष रु.१,२५,२६,३१५।७९ नगद लाभांशको रुपमा प्राप्त भएकोमा यस अघिको लाभांसको अवस्था यकिन भएन ।

४.४ अग्रिम कर कट्टी समयमै दाखिला नगरेको

आयकर ऐन २०५८ को दफा ८७, ८८, ८९ बमोजिम अग्रीम आयकर कट्टी भएको रकम अर्को महिनाको २५ गतेभित्र राजश्व दाखिला गर्नुपर्नेमा समितिले सामाजिक सुरक्षा कर रु. २४,२५२।६५, पारिश्रमिक कर रु. २,१९,६५१।५५ तथा अग्रिम कर कट्टी रु. ४१,६९५।३३ समेत रु.२,८५,५९९।५३ राजस्वमा जम्मा गरेको छैन ।

४.५ नेपाल लेखामान सिद्धान्त २ (NAS 02 –Inventories) पालना नगरिएको

नेपाल लेखामान सिद्धान्त २ अनुसार कम्पनीसँग भएको सामानको मौज्दातको मूल्यांकन गर्दा परल मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ त्यहीअनुसार मूल्यांकन गरेर वित्तीय विवरणमा समावेश गरिनु पर्छ । तर समितिले आफूसँग भएको मौज्दातको मूल्यांकन गर्दा परल मूल्यको आधारमा गरेको छ र बजार मूल्यलाई आधार मानेको छैन । तसर्थ, सामानको मौज्दातको मूल्यांकनले यथार्थ चित्रण भएको छैन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षणको कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेद ४.१ देखि ४.८ सम्ममा उल्लेख गरी औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयले जारी भएको मार्गदर्शनको आधारमा तारा गाउँ विकास समितिको २०७५ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

दुग्ध विकास संस्थान, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले यसैसाथ संलग्न दुग्ध विकास संस्थानको असार मसान्त, २०७६ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाता तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकताअनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्नुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

४.१ राष्ट्रिय वाणिज्य बैंकको मुद्दती खाता सम्बन्धमा: मिति २०७६।०३।२७ मा बसेको राष्ट्रिय वाणिज्य बैंकको २२९४ औ सञ्चालक समितिको बैठकको निर्णय र मिति २०७६।०३।३० मा बसेको संस्थानको १३५१ औ

सञ्चालक समितिको बैठकको निर्णयअनुसार संस्थानको राष्ट्रिय वाणिज्य बैंकमा रहेको मुद्दती खाताको रकम डेलि फुड्स् (ईण्डिया) को एल.सी नं. ३२/१०२ को कारोबारबाट सृजित दायित्वसंग राफसाफ गर्ने निर्णय भएको र संस्थानको मुद्दती खाताहरुबाट भारु ८६,२५,१४९। ले हुने ने.रु १,३८,००,२३८।४० कट्टा हुने जनाइएको छ। तर सो रकम दिनु नपर्ने विषयमा विभिन्न निकायमा विभिन्न समयमा परेको मुद्दामा श्री पुनरावेदन अदालत, पाटनबाट मिति २०५४।०८।१३ र सर्वोच्च अदालतबाट मिति २०६०।०७।०७ मा भएको निर्णयअनुसार संस्थानले डेलि फुड्स् (ईण्डिया) बाट प्राप्त धुलो दुधमा अखाद्य पदार्थ फेला परेको र संस्थानले बांकी २० प्रतिशत रकम भुक्तानी दिन नपर्ने निर्णय भएको र Kualalumpur Regional Center for Arbitration (Malyasia) मा भएको दावीमा समेत डेलि फुड्स् (ईण्डिया) को रकम र व्याज भुक्तानीको दावी रीजेक्ट भएको पाइयो।

साथै संस्थानले नेपाल राष्ट्र बैंकमा मुद्दती खाता रोक्का भएकोमा फुकुवा गर्न दिएको निवेदनअनुसार नेपाल राष्ट्र बैंकको २०६६।०९।०५ को पत्रअनुसार राष्ट्रिय वाणिज्य बैंकले उक्त मुद्दती खाता फकुवा गर्नुपर्ने र साँवा तथा व्याज बैंकबाट असुल उपर गर्ने निर्देशन दिइएको पाइयो। यसरी सम्बन्धित निकायबाट भुक्तानी गर्नु नपर्ने निर्णय भए तापनि नियम विपरीत भएको भुक्तानीलाई स्वीकृत गरी मुद्दतीमा रहेको रकम राफसाफ गरिएको हुंदा संस्थानलाई आर्थिक नोक्सानी भएकोले उक्त रकम रु. १,३८,००,२३८।४० र हालसम्म पाउनु पर्ने थप ब्याज रु. १,७८,३७,१४३। (९ प्रतिशतको हिसाबले ११ वर्ष ७ महिनाको) गरी जम्मा कुल रकम रु. ३,१६,३७,३८१। राष्ट्रिय वाणिज्य बैंकबाट असुल उपर गर्नुपर्ने र सोसंग सम्बन्धित कार्य र निर्णयमा संलग्न भएका कर्मचारी तथा सञ्चालक समितिलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

४.२ **मखन बिक्री सम्बन्धमाः** एक डेरीले संस्थानबाट प्राप्त दुधबाट मखन उत्पादन गरी संस्थानलाई दिनु पर्नेमा, सो ढुवानी नगरी, बालाजु आयोजनाको मौज्दातमा सुजल डेरीसंग लिनुपर्ने मखनलाई मौज्दातमा गणना गरी र नियम विपरित विशेष अवस्था देखाई यस संस्थानलाई नोक्सानी हुने गरी मखनको हिसाब राफसाफ गरिएको देखिन्छ। सो मखन बिक्री गर्नु पूर्व यथार्थ रुपमा लागत अनुमान गर्नु पर्नेमा कनभरसन् शुल्क, र आयोजनामा हुने अन्य खर्चहरु (चिस्यान केन्द्र सम्बन्धी ह्रास कट्टी)लाई समाबेश नगरिएकोले कम लागत अनुमान बनाई संस्थानको मिति २०७५।१०।२९ को निर्णयअनुसार मखनको न्यूनतम प्रति के.जि मूल्य रु. ६९६।३५ तोकिएकोमा मिति २०७६।०१।१५ मा ५६ टन मखन एक डेरी प्रा.लि.लाई रु. ६१०। प्रति के.जि.मा बिक्री भएकोले प्रति के.जि रु. ८६,३५ का दरले ५६ टन मखनको कम मूल्यमा बिक्री भएको फरक रकम सम्बन्धित संलग्न कर्मचारीलाई जिम्मेवार बनाई रु. ४८,३५,६००। एक डेरीबाट असुल उपर गर्नुपर्ने देखिन्छ।

४.३ **दैनिक भर्पाई तथा ज्यालादारीको खर्च सम्बन्धमाः** संस्थानमा २०५३ साल देखि नै दैनिक भर्पाई तथा ज्यालादारीमा कर्मचारी कार्यरत रहेकोले २०७२ सालमा उक्त कार्य गराउन सक्ने कर्मचारी प्रशासन विनियमावली, २०६३ को दफा ३१ खारेज गरेको पाइयो। व्यवस्था खारेज भए पश्चात् पनि आ.व. २०७५।०७६ मा २३८ जनालाई दैनिक भर्पाई तथा ज्यालादारी मार्फत गरेको खर्च रु. ५ करोड ४ लाख ७८ हजार ३२७ नियमसंगत देखिदैन। त्यस्तै कर्मचारी प्रशासन विनियमावली विपरित आयोजना प्रमुखहरुले ज्यालादारी भर्पाईमा कर्मचारी राखी कार्य गराएको, उक्त कर्मचारीहरुको हाजिर मासिक रुपमा मात्र प्रमाणित भएको, उत्पादन नभएको दिनमा वा न्यून उत्पादन भएको दिनको समेत भुक्तानी गरिएको, एउटा व्यक्तिलाई वर्षौ देखि ज्यालादारी वा भर्पाइमा प्रयोग गरेको भए तापनि उनिहरुको परिचय खुल्ने कागजात नरहेको र सम्पूर्ण रकम नगदै भुक्तानी भएकाले प्रमाण बेगर खर्च गर्ने प्रवृत्ति रोक्नु पर्दछ।

४.४ **जग्गा सम्बन्धमाः** मिति २०७२।११।१३ मा धादिंङ जिल्ला अदालतको निर्णयबमोजिम कटुन्जे स्थित वडा न. ३(घ) कि.न. २७ पर्ने २-२-२-२ क्षेत्रफल भएको जग्गा मिति २०७२।१२।१८ मा भएको डाक लिलाम बढाबढमा संस्थानले सकार गरिसकेको भए तापनि हालसम्म पनि उक्त जग्गाको स्वामित्व संस्थानसंग नरहेकाले सम्पत्तिमा लेखांकन नगरेको देखियो। संस्थानले दाबि गर्दै आएको तर लालपुर्जा नभएको नेपाल अधिराज्य भरी २४ स्थानमा फरक फरक जग्गाहरु रहेका छन्। भक्तपुर भौखेल स्थित रहेको भनिएको जग्गाको भौतिक अस्तित्व यकिन गरेको छैन। संस्थानको अभिलेखअनुसार ती जग्गाहरु मध्ये केही जग्गाहरु मूल्यको आधारमा महत्वपूर्ण छन र केही जग्गाहरुमा चिस्यान केन्द्रहरु संचालनमा रहेका छन्। २०५३।११।२७ को सञ्चालक समितिको निर्णयअनुसार भौखेल स्थित जग्गा १६ रोपनी ५ आना संस्थानको नाममा दर्ता गरी जग्गा धनी प्रमाण पुर्जा लिएको छैन। नेपाल राज्यभरि संस्थानको स्वामित्वमा रहेको विभिन्न जग्गाहरुको लालपुर्जा, चारकिल्ला प्रमाणित लगायतका स्वामित्व सम्बन्धी कागजात अध्यावधिक

गरेको पाइएन । साथै भक्तपुर ताथलीको १ रोपनी ९ आना, भक्तपुर बागेश्वरीको १ रोपनी १० आना, भक्तपुर झौखेलको १६ रोपनी, काभ्रे कालिन्चोकको ३ रोपनी, रामेछाप क्यामाको १ रोपनी, सर्लाही नवलपुरको १ बिगाहा जग्गाहरु मूल्यवान भए तापनि यी जग्गाको लालपुर्जा नभएकोले वित्तीय विवरणमा मूल्याङ्कन गरिएको देखिएन ।

४.५ **अन्तर आयोजना हिसाब सम्बन्धमाः** यस संस्थानमा दुध तथा दुध जन्य पदार्थ अन्तर आयोजना दुवानी गर्दा चलानीको हिसाबले फ्याट तथा एस.एन.एफ (के.जी.) को हिसाब राख्नु पर्नेमा सिधैं अन्तर आयोजनाले प्राप्त गरेको फ्याट तथा एस.एन.एफ (के.जी.) को आधारमा संकलन तथा प्रशोधन शाखाले हिसाब मिलान गरेको देखियो । यसरि आयोजनाले वास्तविक क्षतिको गणना नगरेकोले उक्त क्षति प्रसोधन शाखामा गाभिन गएको देखिन्छ । अन्तरआयोजना क्षतिको मापदण्ड नभएको र दुवानीमा भएको क्षति यकिन गर्ने व्यवस्था नहुंदा आयोजनाले सम्बन्धित कर्मचारीबाट दुवानीमा भएको क्षति असुल उपर गर्ने अवस्था नरहेको देखिन्छ । तसर्थ अन्तर आयोजना क्षतिको वास्तविक क्षति रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

४.६ **डिस्ट्रिब्युटर तथा बुथम्यानहरुको माध्यमबाट बिक्री सम्बन्धमाः** संस्थानको विराटनगर र हेटौडा आयोजनाबाट हुने बिक्रीमा डिस्ट्रिब्युटर भाडा रकम र बुथम्यान कमिसन रकम बिक्री मूल्यबाट घटाइएको र अन्य आयोजनाहरुमा बुथ म्यान कमिसन रकम बिक्री मूल्यबाट घटाइ, डिस्ट्रिब्युटरहरुको नाममा बिजक जारी गरिएको देखिन्छ । यसरी बिक्री गर्दा खर्चमा देखिनु पर्ने भाडा र बुथ म्यान कमिसन, आम्दानीबाट सिधै घटेको देखिन्छ र सो खर्च बिल बिजक बिना नै रुजु भएको देखिन्छ । यसरी कमिशन एवं भाडा रकम सोझै बिक्री रकमबाट घटाउँदा संस्थानले मु.अ.कर लाग्ने दुध पदार्थमा कम मु.अ.कर तिरेको एवं बुथम्यानर डिस्ट्रिब्यूटरलाई दिइने रकममा कर कट्टी गरी भुक्तानी हुनु पर्नेमा नभएको पाइयो । यसको साथै सो रकम बिक्री मूल्यबाट घटाइएको कारणले संस्थानको कुल बिक्री रकम कम देखिने र बिक्रीको आधारमा लागिने आयकरको जरिवाना समेत संस्थानबाट कम भुक्तानी गरिएको देखिन्छ । कमिसन र भाडा रकम संस्थानको लागि खर्च भएकोले, सोबापतको प्यान बिजक वा मु.अ.क. बिजक नलिइ, सिधै लिनु पर्ने रकमबाट राफसाफ भएकोले, सो खर्च पुष्टि गर्ने आधार देखिएन ।

४.७ **बिक्री फिर्ता लेखांकन नभएको सम्बन्धमा :** यस संस्थानमा बिक्री भइसके पश्चात् फिर्ता गर्ने नीति नरहे तापनि यस आर्थिक वर्षमा बिक्री फिर्ता गरेको देखियो बिक्री भइसके पश्चात् फिर्ता हुंदा बिक्री शाखा मार्फत नै फिर्ता हुनुपर्ने र सो पदार्थको उपयोगिताको आधारमा सम्बन्धित शाखामा अभिलेख राखी लेखांकन गर्नुपर्नेमा संस्थानले दुध तथा दुध जन्य पदार्थ बिक्री फिर्ता बिक्री शाखामा अभिलेख नगरी सिधै प्रसोधन वा कोल्ड स्टोरमा नोक्सानीको मापदण्डको अधिनमा रही नोक्सानी देखाएकोले दुधको क्षति र कुल बिक्रीमा बिक्रीफिर्ताले गर्ने असरको अवस्था यकिन हुन सकेन साथै बिक्रीफिर्ता सम्बन्धी स्पष्ट नीति नियम वनाउनु पर्दछ ।

४.८ **मुद्दती निक्षेप सम्बन्धमाः** संस्थानको आर्थिक वर्ष २०७५।०७६ को असाढ मसान्तसम्म रु. १६ करोड ६० लाख निक्षेप रहेको छ । मुद्दती निक्षेपमा रकम लगानी गर्नुपूर्व स्वतन्त्र प्रतिस्पर्धा मार्फत उच्च प्रतिफल प्राप्त हुने गरी लगानी गर्नुपर्नेमा नगरिएको र सो लगानी सम्बन्धी नीति नियम नभएकोले एक बैंकले बढी ब्याज दरमा निक्षेप स्वीकार्दा पनि कम ब्याज दिने बैंकमा समेत निक्षेप लगानी गरिएकोले संस्थानले रु. ६५,९०,०००। (उच्चतम ब्याजदर १२ प्रतिशतको दरले) नोक्सानी व्यहोर्नु परेको देखिन्छ ।

४.९ **कर्मचारी संचित बिदा र उपदान व्यवस्था रकमको कोष नभएको सम्बन्धमाः** संस्थानले संचित बिदाबापत रु. १९ करोड ५९ लाख र उपदानबापत रु. ९५ करोड ८५ लाख व्यवस्था गरेको छ । सो व्यवस्था रकम प्रत्येक कर्मचारीको खाता खोलेर स्वीकृत अवकाश कोष खातामा राख्नु पर्नेमा राखिएको छैन । प्रत्येक कर्मचारीको खाता खोलेर स्वीकृत अवकाश कोष खातामा राख्नु पर्ने देखिन्छ ।

४.१० **लगानी सम्बन्धमाः** विगत वर्षहरु देखि चितवन मिल्क लिमिटेडमा रु. २ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रु. २० लाख १ हजार ७ सय र दोलखा डेरी उद्योगमा रु. १ करोड २७ लाख ५० हजार शेयर लगानी गरेकोमा चितवन मिल्क लिमिटेड र दोलखा डेरी उद्योगबाट शेयर प्रमाणपत्र प्राप्त गरेको पाइएन । संस्थानले उक्त लगानीबाट हालसम्म लाभांस पनि प्राप्त गरेको छैन । बिगत वर्षहरुको लेखापरीक्षण प्रतिबेदनमा कैफियत जनाए तापनि संस्थानबाट आवश्यक प्रमाण संकलन गरेको देखिएन ।

४.११ **पेश्की सम्बन्धमाः** आर्थिक विनियमावली, २०६६ मा सहकारी संस्थाहरुलाई पेश्की दिने प्रावधान नभएअनुसार यस आर्थिक वर्षमा पेश्की नदिएको तर बिगतमा विभिन्न सहकारी संस्थालाई दिएको पेश्की

पूर्ण रुपमा फछ्र्यौट नगरेको पाइयो । त्यसै गरी कर्मचारीलाई दिइएको कार्यालय प्रयोजनको पेश्की रकम तलबबाट काट्ने गरेको, एउटा पेश्की फछ्र्यौट नभई अर्को पेश्की दिइएको, बिगत वर्षको पेश्की फछ्र्यौट नगरिएको लगायतका कैफियत बिगत वर्षका लेखापरीक्षण प्रतिवेदनमा समेत कार्यान्वयन गरेको छैन ।

४.१२ **उपदान व्यवस्था सम्बन्धमा:** श्रम ऐन, २०७४ को दफा ५३ अनुसार प्रत्येक रोजगारदाताले सम्बन्धित श्रमिकले काम सुरु गरेको दिन देखि नै लागु हुने गरी निजलाई उपदानबापत ८.३३ प्रतिशत व्यवस्था गर्नु पर्नेमा सो नभएर ५ वर्षभन्दा बढी कार्यकाल पूरा गरेका कर्मचारीलाई मात्र संस्थानको कर्मचारी नियमावलीअनुसार उपदान व्यवस्था गरिएको पाइयो ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने अधारका रुपमा हाम्रो रायमा माथि बुदा न. ४.१ देखि ४.१५सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक,संलग्न वित्तीय विवरणले दुग्ध विकास संस्थानको २०७६ असार मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान, नगद प्रवाह, अन्य विस्तृत आयको विवरणको नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ ।

नगर विकास कोष, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले नगर विकास कोषको २०७६ असार मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी:

नेपाल वित्तीय प्रतिवदनमान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण, आवश्यक अन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी:

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको अन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो अन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको

उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्तिथिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. व्यवस्थापन पत्रः

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

५. लेखापरीक्षकको रायः

हाम्रो रायमासंलग्न वित्तीय अवस्थाको विवरणले कोषको ३१ अषाढ, २०७६ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण र नगद प्रवाह विवरणले कोषको वित्तीय अवस्थाको नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नागरिक लगानी कोष, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नागरिक लगानी कोषको यसै साथ संलग्न २०७६, असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरणहरुमा व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित प्रचलित अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण तयार गर्ने सिलसिलामा जालसाजी, त्रुटी लगायतका सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा रणनीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखा परीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुगमनको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा

सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **प्रतिबेदन**: नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४७ बमोजिम कोषले आर्थिक वर्ष समाप्त भएको नौ महिनाभित्र लेखापरीक्षणको प्रतिवेदन र कोषको काम तथा कारोबारसंग सम्बन्धित कुराको संश्लेषित बिबरण नेपाल सरकार समक्ष दिनुपर्नेमा सो भएको देखिदैंन । त्यस्तै ऐनको दफा १९ (१) मा लगानीकर्ता हिसाब योजनामा कोषले प्रत्येक आर्थिक वर्षमा दिने प्रतिफल दर नेपाल सरकारले समय समयमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुने व्यवस्था रहेतापनि नेपाल सरकारले तोकेको अवस्था देखिदैंन । नेपाल सरकारको सहमति वेगर कोषले प्रतिफल दिने र प्रतिफलको निर्धारण गर्ने व्यवस्था हुनुपर्दछ । बीमा योजना लगायत अन्य महत्वपूर्ण नीतिगत निर्णयमा सरकारको सहमति वा स्वीकृति लिएर मात्र निर्णय हुनु पर्दछ ।

४.२ **अन्तर कोष लेनदेन हिसाब :** कोषको बिभिन्न स्कीमको अन्तर योजनाको हिसाब अद्यावधिक तथा भिडान गरी राख्नुपर्नेमा कोषको अन्तर योजना हिसाबमा कोष तथा योजनाहरुको एक अर्काको कारोबारको भिडान नभएको रकम कुल डेविट फरक रु. ८० करोड ७० लाखबाट कुल केडिट फरक रु. ५२ करोड ९६ लाख घटाउदा खुद फरक डेविट रु. २७ करोड ७३ लाख रहेको छ । केन्द्र र विभिन्न स्कीमहरुतर्फको अन्तर हिसाब मिलानमा ठूलो रकम फरक परेको देखिन्छ । भिडान नगरी तयार गरेको वित्तीय विवरणले कोषको वित्तीय स्थितिको यथार्थ चित्रण नगर्ने हुंदा हिसाब भिडान गरी यथार्थ हिसाब राख्नु पर्दछ ।

४.३ **बैंक मौज्दात हिसाब मिलान :** कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम ८ बमोजिम कोषको श्रेस्ताले देखाएको बैंक मौज्दात रकम र बैंक स्टेटमेन्टअनुसारको कारोबारको मौज्दात रकम आवधिक रुपमा हिसाब मिलान गरी अध्यावधिक गर्नुपर्नेमा सो भए गरेको देखिदैंन । कर्मचारी बचत बृद्धि अवकाश कोषतर्फ रु.२८ अर्ब ५४ करोड, उपदान कोष योजनाको रु.६ करोड ६५ लाख, शिक्षक बीमा योजना अर्न्तगत रु.१ अर्ब ८९ करोड, लगानीकर्ता हिसाब योजनातर्फ रु.१ करोड ३३ लाख ऋणात्मक रहेको छ । यसैगरी नागरिक एकांक योजना, बीमा कोष, सशस्त्र प्रहरी बीमा कोष लगायतमा ऋणात्मक मौज्दात रहेको छ । कोषको केन्द्रतर्फ २०७६ असार मसान्तको वित्तीय विवरणमा १३ वटा बैंक खातामा मौज्दात रु. ९९ करोड ४९ लाख ऋणात्मक रहेको छ । कुल जम्मा केन्द्रतर्फ र विभिन्न योजनाहरुको बैंक खातामा जम्मा बैंक मौज्दात रु. ६ अर्ब ३५ करोड ७६ लाख रहेको छ भने रु. ३१ अर्ब ८८ करोड ६३ लाख ऋणात्मक मौज्दात रहेको छ । कोषको केन्द्रीय कार्यालयको बैंक मौज्दात रकम १४ वटा बैंकमा ४१ वटा बैंक खाताहरु रहेको छ । धेरै अनावश्यक बैङ्क खाताहरु राख्नु उपयुक्त देखिएन । बैंक हिसाब भिडान समयमै तयार नगर्दा बैंक स्टेटमेन्टले देखाउने मौज्दात र कोषको श्रेस्ताले देखाउने मौज्दातमा ठूलो अन्तर रहने, ऋणात्मक मौज्दात देखिने र रकम हिनामिना भएमा पत्ता नलाग्ने स्थिति देखिन्छ । समयमै हिसाब मिलान गर्न गत वर्ष समेत औंल्याईएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

४.४ **आवधिक वित्तीय बिबरण :** कोषको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०६८ को विनियम २१ बमोजिम जिम्मेवार व्यक्तिले आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक र बार्षिक लेखाको विवरण बुझाउनु पर्ने व्यवस्था गरेको छ । त्यस्तै विनियमावलीको विनियम २३ बमोजिम कोषको वार्षिक नाफा नोक्सान सहितको वासलात तयार गरी आर्थिक वर्ष समाप्त भएको पैतालीस दिनभित्र कार्यकारी निर्देशक समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । तर कोषले उल्लेख भएबमोजिमको विवरणहरु.समयमा तयार नगरेकाले कानुनको पालना भएको छैन । तोकिएको समयभित्र वित्तीय विवरण तयार गर्नुपर्दछ ।

४.५ **कोष नियन्त्रण र परिचालन :** नागरिक लगानी कोष आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम ४ अनुसार कोषको फण्डमा प्राप्त हुने सम्पूर्ण रकमहरु सञ्चालक समितिले तोकिदिएको बाणिज्य बैंकहरुमा कार्यक्रमगत रुपमा नन्अपरेटिभ खाता खोली जम्मा गर्नुपर्ने र भुक्तानी प्रयोजनको लागि कार्यक्रमगत कार्य संचालन खाता राख्नुपर्ने व्यवस्था रहेको छ । नन्अपरेटिभ खातामा जम्मा भएको रकम भुक्तानी खातामा ट्रान्सफर गरी खर्च गर्नुपर्ने उल्लेख भएकोमा कोषले नन्अपरेटिभ खाता संचालन नगरी प्राप्त भएका सबै आम्दानी कार्य संचालन खातामा जम्मागरी खर्च गरेको छ । यसबाट विनियमावलीमा उल्लेख भएको व्यवस्था पालना भएको छैन । बिनियमावलीको पालना नभएको एवं वित्त नियन्त्रणमा प्रभावकारिता नदेखिएको ब्यहोरा गत वर्षको प्रतिबेदनमा उल्लेख गरिएकोमा यस वर्ष पनि अवस्था यथावत रहेको छ ।

४.६ **गत वर्षको कारोवार :** लेखाको सर्वमान्य प्रोदभावी सिद्धान्तअनुसार जुन अवधिको आम्दानी वा खर्च हो सोही अवधिमा नै लेखांकन गर्नुपर्नेमा सो भए गरेको पाइएन । व्यवस्थापन शुल्क आम्दानीतर्फ केन्द्रले नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोषको व्यवस्थापन शुल्कबापतको आर्थिक वर्ष २०६९/२०७० को

आम्दानी रु. १८ हजार आर्थिक वर्ष २०७५/२०७६ मा मात्र आम्दानी बांधेको छ। लाभांश आयतर्फ केन्द्रले आर्थिक वर्ष २०७३/२०७४ र २०७४/२०७५ को लाभांश आय क्रमशः रु. ९ लाख ८३ हजार र रु. १३ लाख १३ हजार आम्दानी आर्थिक वर्ष २०७५/२०७६ मा बांधेको छ। खर्चतर्फ केन्द्रको आर्थिक वर्ष २०७१/२०७२ देखिको खर्च रु. ९ लाख ५२ हजार सम्बन्धित आर्थिक वर्षमा नै व्यवस्था गरी खर्च देखाउनु पर्नेमा यस वर्ष खर्च लेखेको पाईयो।

४.७ **कर्मचारी बोनस वितरण सम्बन्धमा :** बोनस ऐन, २०३० अन्तर्गत वितरण गरिने बोनस आर्थिक वर्ष समाप्त भएको आठ महिनाभित्र वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो बोनस आर्थिक वर्ष समाप्त भएको आठ महिनाभित्र वितरण गर्न नसक्ने भएमा सोको कारण उल्लेख गरी श्रम कार्यालय समक्ष निवेदन गरेमा श्रम कार्यालयले बढीमा तिन महिना म्याद थप गर्न सक्ने वा अर्को आर्थिक वर्षमा एकै साथ दुई वर्षको बोनस बांड्ने स्वीकृति दिन सक्ने व्यवस्था छ। कोषले आर्थिक वर्ष २०७३/७४ को कर्मचारी वोनश व्यवस्थाबापतको रकम दुई वर्ष पछि आर्थिक वर्ष २०७५/७६ मा वितरण गरेको देखियो।

४.८ **बोनस शेयर तथा लाभांशः** चालु आर्थिक वर्षमा खुद मुनाफा रु. ४६ करोड २२ लाख आर्जन गरेकोमा शेयरधनीहरुलाई २२ प्रतिशत बोनस शेयर, १.१६ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको र कर्मचारीहरुको लागि रु. ३ करोड ७ लाख ५८ हजार बोनस व्यवस्था गरेको पाईयो। कोष तथा कोष अन्तर्गतका स्किमहरुको हिसाब भिडान नभएको, बैङ्क खाताहरु भिडान नभएको तथा बैङ्क मौज्दात ऋणात्मक रहेको अवस्थामा वित्तीय विवरणले यथार्थ नाफा नोक्सान हिसाबको चित्रण नगर्ने हुनाले कोषले हिसाब यकिन गर्नुपर्ने देखिन्छ।

४.९ **तिर्नुपर्ने लांभास रकम :** चिलिमे जलविद्युत कम्पनी लिमीटेडको शेयर रजिष्ट्रारको कार्यभार सम्हाल्दै आएको यस कोषले उक्त कम्पनीको विगत देखिकै चिलिमेका शेयरहोल्डसलाई तिर्नुपर्ने लाभांस रकम रु. ५ लाख ३४ हजार र नागरिक लगानी कोषका शेयरहोल्डर्सलाई तिर्नुपर्ने लाभांश रु. ७ लाख ४६ हजार विगत देखि जिम्मेवारी सार्दै आएको देखिन्छ। कम्पनी ऐन, २०६३ को दफा १८२ को व्यवस्थाअनुसार ५ वर्षभन्दा अघिको भुक्तानी दिन बांकी लाभांशबापतको रकम राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी कुनै शेयर धनीहरुले दावी नगरेमा सो रकम लगानीकर्ता सुरक्षण कोषमा जम्मा गर्नुपर्ने उल्लेख छ। कम्पनी ऐनको व्यवस्थाअनुसार तिर्नुपर्ने बांकी रकम लगानीकर्ता सुरक्षण कोषमा जम्मा गनुपर्ने देखिन्छ।

४.१० **शेयर लगानी :** कोषको केन्द्रीय हिसाब र विभिन्न योजनाहरु समेत गरी कोषको लगानी शाखाअनुसारको बिबरणमा २०७५/२०७६सम्म कुल ३ करोड २४ लाख कित्ता शेयर रहेको र शेयर अभौतिकिकरणअनुसारको बिबरणमा २ करोड ८४ लाख कित्ता शेयर भएकाले ४० लाख कित्ता शेयर फरक परेको छ। समस्याग्रस्त घोषित भएको बैंक तथा वित्तीय संस्थाहरुमा भुक्तानी अवधि नाघेको मुद्दती निक्षेप रु. ६६ करोड ३ लाख रहेको छ। केन्द्र र कोष अन्तर्गतको योजनाहरुको समेत गरी आर्थिक वर्ष २०७५/२०७६ मा रु. ९ करोड ८१ लाख बराबरको लाभांश आय लेखांकनमा छुटेको छ। कोषले लगानीमा फरक परेको हिसाब मिलान गर्नुपर्ने, मुद्दती निक्षेपको रकम सुरक्षित गर्नुपर्ने, शेयर लागत अध्यावधिक गर्नुपर्ने र आफ्नो डिम्याट खाता र वित्तीय विवरणमा लेखांकन भएको लाभांश आय समय समयमा भिडान गर्नुपर्ने देखिन्छ।

४.११ **अन्य लगानी :** कोषले नेपाल वायुसेवा निगमसंग २०७४।२।२९ मा गरेको ऋण सम्झौताअनुसार वाइडवडी खरिद गर्न कोषले रु. १२ अर्ब ऋण प्रदान गरेकोमा हालसम्म सम्झौताअनुसार सावाँ रु. २७ करोड ५२ लाख र व्याज रु. ८९ करोड लिनुपर्ने हिसाबमा रहेको देखाएकोमा वायुसेवा निगमसंग लिनुपर्ने हिसाब यकिन गरेको छैन। कोषले ४५६ मेघावाट विद्युत क्षमता रहेको माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनीमा रु. २ अर्ब कर्जा लगानी गरेको छ। परियोजनाको सुरु लागत रु. ३५ अर्ब रहेकोमा हालसम्म रु. ७२ अर्ब पुगि सकेको छ। ५ वर्षमा समाप्त हुनुपर्ने उक्त परियोजना ९ वर्ष पुग्दा पनि सञ्चालनमा आउन सकिरहेको छैन। आर्थिक वर्ष २०७५/२०७६सम्म कोषको उक्त परियोजनाबाट कुल लिन बांकी रकम रु. ३ अर्ब ४९ करोड रहेको छ। त्यस्तै जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको दैनिक कार्य संञ्चालनको लागि चालु पुंजीको रुपमा कोषले पटक पटक छोटो अवधिको ऋण प्रवाह गरी आर्थिक वर्ष ७५/७६ को असार मसान्तसम्म यस कोषको सावाँ रकम २५ करोड देखिएको छ।

४.१२ **वित्तीय विवरणको प्रस्तुति :** कोषले केन्द्र र अन्य विभिन्न स्किमको वित्तीय विवरण बेग्ला बेग्लै प्रस्तुत गर्ने र केन्द्रले सोही विवरणको आधारमा व्यवस्थापन शुल्क कायम गर्ने गरेको छ। वित्तीय विवरण तयार

गर्दा सबै स्किमहरुको विवरण नेपाल वित्तीय प्रतिवेदनमानहरु अन्तर्गत प्रस्तुत गर्नुपर्नेमा केन्द्रको वित्तीय विवरणहरु सोअनुसार प्रस्तुत गरिए पनि कोष अन्तर्गतको बिभिन्न ११ स्किमको वित्तीय विवरण ऐतिहासिक लागतको आधारमा प्रस्तुत गरिएको छ । फरक लेखा नीति अन्तर्गतको वित्तीय विवरणको आधारमा कायम गरिएको व्यवस्थापन शुल्क नेपाल वित्तीय प्रतिवेदनमानका आधारमा प्रस्तुत गर्दा दोहोरो आधारमा वित्तीय प्रतिवेदन तयार गर्नु उपयुक्त नहुने हुंदा आवश्यक सुधार गर्नुपर्ने देखियो ।

४.१३ **लगानी जोखिम मूल्याङकन सम्बन्धमा :** कोषले लगानी गरेको रकमहरुको जोखिम मूल्यांकन गर्ने गरेको छैन । बिभिन्न योजनाहरुले उपलब्ध गराउने प्रतिफलको एक्चुअरी मूल्यांकन समेत भएको छैन । यसर्थ कोषको स्किमहरु अन्तर्गत रहेका अवकाश भुक्तानीको दायित्व र आय दुबैतर्फको वित्तीय अवस्थाको जोखिम एवं एक्चुअरी नहुंदासम्म कोषको वित्तीय स्वस्थताको यकिन मापन हुन नसक्ने हुंदा आवश्यक सुधार गर्नुपर्ने देखियो ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने अधारका रुपमा हाम्रो रायमा माथि बुदा न. ४.१ देखि ४.१३ सम्म औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नागरिक लगानी कोषको २०७६ असार मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान, नगद प्रवाह तथा अन्य विस्तृत आयको विवरणको नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ ।

निक्षेप कर्जा तथा सुरक्षण कोष, २०७५/७६

१ वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न निक्षेप तथा कर्जा सुरक्षण कोष,को २०७६, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२ वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनूरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जूमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपयूक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३ लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय ब्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्ता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन

गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४ लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ नेपाल सरकार, अर्थमन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको मिति २०७४।१२।२९ च.नं. ५१८ को निर्देशनबमोजिम आर्थिक वर्ष २०७४/७५ मा कर्जा सुरक्षण कोषबाट ३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट २ अर्ब ५४ करोड ७७ लाख पूँजीकरण गरी चुक्ता पूँजी रु. २ अर्ब ९३ करोड ४० लाखले बृद्धि भएको छ ।

५. व्यवस्थापन पत्र :

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको राय :

हाम्रो रायमा माथि कैफियत सहितको रायको आधारका अनुच्छेद ४ मा उल्लिखित व्यहोराहरुबाट पर्ने असर बाहेक संलग्न वित्तीय विवरणले निक्षेप तथा कर्जा सुरक्षण कोषको ३१ असार, २०७६ को वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाह तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल औषधी लिमिटेड, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नेपाल औषधि लिमिटेडको यसै साथ संलग्न २०७६ असार मसान्तको वासलात एवम् सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्विटीमा परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवंम् उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएकोबारेमा मनासिब आश्वस्तता प्राप्त गर्न

लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संलग्न हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन पेशागत विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारे परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता र गरेका लेखा अनुमानहरु र सम्बन्धित खुलासाको औचित्यको मूल्यांकन समेत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् ।

४.१ कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत कम्पनीको प्रबन्धपत्र र नियमावलीअनुसारको अधिकृत पुंजी एवम् चुक्ता पुंजी रु. १ करोड ५० लाखबाट बढाएर रु. १५ करोड कायम गर्ने गरी साधारण सभाबाट निर्णय भएको, तर कम्पनी ऐन, २०६३ को प्रावधान अनुरुप पुंजी वृद्धिको औपचारिक प्रक्रिया चालेको पाईएन ।

४.२ कम्पनी ऐन, २०६३ को दफा १०८ को उपदफा (२)अनुसार कम्पनीले राख्ने लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कम्पनीको कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले लागु गरेको लेखामान (एकाउन्टिङ्ग स्ट्याण्डर्ड) र यस ऐनबमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था अनुरुप राख्नु पर्नेछ । सो दफाबमोजिमको अधिकारप्राप्त निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत गठित लेखामान बोर्डले तयार गरी सोही ऐनबमोजिम स्थापित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको परिषद्ले लागु गर्ने नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) नै यस कम्पनीलाई लागु हुने लेखामान हुन् । तर नेपाल लेखामानअनुसारको वित्तीय विवरण तयार गरिएको पाइएन ।

४.३ लिमिटेडले विगत वर्षहरुमा विश्व स्वास्थ्यसंगठनले निर्धारण गरेको मापदण्डमा जान नसकेकोले औषधि व्यवस्था विभागबाट संचालन अनुमति नपाई ठप्प रहेको र लिमिटेडनको अविच्छिन्न रुपमा रहिरहने (Going Concern) मा शंका उत्पन्न हुने अवस्था रहेकोमा हालको वर्षमा लिमिटेडले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुरुप निर्माण कार्य सम्पन्न गराई WHO GMP लाईसेन्स लिने प्रक्रियामा रहेको र कारोबारमा सुधार आएको देखिन्छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

यस प्रतिवेदनको प्रथम परिच्छेदमा उल्लेख भइसकेको सन्दर्भलाई स्मरण गर्दै, लिमिटेडले NFRS, अपनाई सकेको अवस्था नरहेको हुँदा ती विवरणहरुले NFRS अनुरुप वित्तीय सूचना प्रवाह नभएको विषयलाई ध्यानाकर्षण गर्दै हामी राय व्यक्त गर्दछौं कि, माथि बुँदा नं ४. मा उल्लिखित कैफियतका विषयले वित्तीय विवरणमा पर्ने असर बाहेक,नेपाल औषधि लिमिटेडको संलग्न २०७६ असार मसान्तको वासलात,सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र महत्वपूर्ण लेखा नीति तथा लेखा टिप्पणीले विगतमा अपनाइएका लेखा नीतिहरु र नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल खाद्य संस्थान, २०७४/७५

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नेपाल खाद्य संस्थानको २०७५, असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक कशर्षको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम तथा कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतीकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्ग दर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे प्रष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्य विधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

४.१ आर्थिक वर्ष २०६२/०६३ को प्रारम्भिक लेखापरीक्षणमा उल्लेख भएअनुसार महालेखा नियन्त्रक कार्यालयको विवरणमा नेपाल सरकारको ऋण लगानी रु. ४२ लाख ४३ हजार र शेयर लगानी रु. ९९ करोड ९२ लाख ६१ हजार रहेको भनी जनाईएको तर संस्थानले शेयर पुँजीबापत रु. ९९ करोड ४ लाख ९५ हजार मात्र लेखाङ्कन गरेको तथा ऋण लगानीबापत कुनै पनि रकम लेखाङ्कन गरेको पाईएन ।

४.२ शंकास्पद् आसामी व्यवस्थाबापत रु. १ करोड १६ लाख १६ हजार विगत धेरै वर्ष अगाडि नै व्यवस्था गरेको तर रकमहरुको अपलेखन गरेको पाइएन । असुल हुन नसक्ने प्रकृतिका रकमहरु समेत चालु सम्पत्तिमा समावेश हुंदा संस्थानको चालु सम्पत्तिको रकम अनावश्यक रुपमा बृद्धि भएको पाइयो ।

४.३ विभिन्न दातृ संस्था तथा विदेशी सहयोग अर्न्तगत आर्थिक वर्ष २०३४/०३५ देखि भुक्तानी गर्नुपर्ने भनी देखाइएको रु. १४ करोड ३ लाख ५० हजार तथा भारतीय खाद्यान्न काउण्टर पार्ट फण्डलाई भुक्तानी गर्नुपर्ने भनी देखाइएको रकम रु. ११ करोड ५७ लाख १८ हजार भुक्तानी गर्नुपर्ने हो वा होइन यकिन गरी हिसाब मिलान गर्नेतर्फ कारवाही गरेको देखिएन ।

४.४ संस्थानमा रहेको धरौटी अन्तर्गत रु. ५ करोड ६४ लाख ८४ हजार रहेकोमा कतिपय रकमहरु निकै वर्ष पुरानो रहेको र कतिपय पार्टीहरु निकै वर्षदेखि सम्पर्कमा नै नरहेको अवस्थामा

धरौटी फिर्ता गर्नुपर्ने हो वा होइन यकिन गरी आम्दानी बाँध्ने वा हिसाब मिलान गर्नेतर्फ कारबाही अगाडि बढाएको देखिएन ।

४.५ संस्थानमा निम्न लिखित दायित्वहरु निकै वर्ष पुराना र जिम्मेवारी मात्रै सार्दै ल्याइएको छ, साथै सो रकमको दावी पर्न नआएकाले ती रकमहरु वास्तवमा नै संस्थानका दायित्व हुन् भन्ने यकिन हुन नसकेकाले आवश्यक कारवाही तथा छानविन गरी भुक्तानी गर्न नपर्ने रकमलाई अपलेखन गरी आम्दानी बाँधेको पाइएन ।

४.६ संस्थानको अग्रिम आयकर शीर्षक अन्तर्गत केही रकम बिगत लामो समयदेखि अल्या गर्दै ल्याइएका रकमहरुको सम्पूर्ण विवरण शाखा कार्यालयमा उपलब्ध नभएको हुनाले सो रकमको पुष्टि हुन सकेन ।

४.७ खाद्यान्नमा भएको असामान्य नोक्सानीको लागि गरिएको जर्ति सुख्ती व्यवस्था अन्तर्गत रु.८५६,९९५।४२ रकम रहेको र उक्त रकम विभिन्न शाखाहरुमा विगत बीसौँ वर्षदेखि जिम्मेवारी सार्दै ल्याइएको साथै सो सम्बन्धी विवरण उपलब्ध नभएकाले सो व्यवस्थाको वास्तविकता यकिन गरी समायोजन तथा अपलेखन गरेको पाइएन ।

४.८ अग्रिम भुक्तानी रकम, पेश्की, सापटी र धरौटी शीर्षकमा जम्मा रु. ७४,७२०,०६३।६१ रकम मध्ये पेश्की हिसाबमा रु. ५२,५८४,९४३।७३ रकम रहेको छ । पेश्की हिसाब अन्तर्गत रहेको कर्मचारीहरुलाई कार्यालय प्रयोजनका निम्ति प्रदान गरेको प्रशासकीय पेश्कीमा अवकाश प्राप्त कर्मचारीहरुका नाममा पनि ठूलो रकम पेश्कीका रुपमा देखाइएकोमा सो रकम प्राप्त गर्न सकिने नसकिने यकिन हुन नसकेकाले आवश्यक कारवाही गरी प्राप्त गर्न नसकिने रकमलाई अपलेखन गरेको पाइएन ।

४.९ यस संस्थानले बिगत लामो समयदेखि उज्राती हिसाब लिनुपर्ने शीर्षक अन्तर्गत रु. ७९४,९७८।५६ जिम्मेवारी सार्दै ल्याएको पाइयो । सो सम्बन्धी विवरण पनि उपलब्धनभएकाले उक्त रकम वास्तवमा नै सम्पत्ति हो र प्राप्त गर्न सकिन्छ भन्ने आधार नभएकाले आवश्यक कारबाही गरी अपलेखन गरेको पाइएन ।

४.१० संस्थानले सरकारी कार्यालयसँग र अन्य संघसंस्था तथा कारागारसँग लिनुपर्ने हिसाब अन्तर्गत यस आर्थिक वर्षको अन्त्यमा रु. १९७,२४९,९३९।५५ पुगेको छ र संस्थानको दिनुपर्ने (सरकारी कार्यालय) शीर्षक अर्न्तगत रु. ६१९,७८०,४५०।८६ रहेको सो रकम मध्ये कतिपयरकमहरु निकै पुराना रहेकोले त्यस्ता रकम असुल गर्ने वा भुक्तानी गर्नेतर्फ ठोस प्रयास गरेको पाइएन ।

४.११ संस्थानले लगानीको लागि संभावित नोक्सानीको व्यवस्थाबापत रु. ५,२७८,६००।०० लेखाङ्कन गरेकोमा लगानी गरिएका संस्थाहरु विघटन भइसकेको र लगानी फिर्ता हुने संभावना नरहेकोमा सम्भावित नोक्सानीको व्यवस्था र लगानी रकम बीच आवश्यक समायोजन गरी हिसाब मिलान गरेको पाइएन ।

४.१२ वि.सं. २०३१ मा खाद्य व्यवस्था समिति तथा कृषि खरिद बिक्री संस्थान यस खाद्य संस्थानसँग गाभिँदा यस संस्थानले लिनुपर्ने रकम रु.९,५०४,७६५।७६ र दिनुपर्ने रकम रु.४,४४१,६५९।१०, जम्मा लिनुपर्ने रकम रु. ५,०६३,१०६।७५ विगत चालीसौँ वर्षदेखि खातामा देखाइएको र उक्त रकमबारे सम्पूर्ण विवरण नभएको, दिनुपर्ने वा लिनुपर्ने पार्टीको निर्क्यौल गर्न नसकिएको तथा उक्त रकमले वित्तीय विवरणको यथार्थ चित्रणमा असर गर्ने निष्कर्षका साथ आवश्यक कारवाही गरी उक्त रकम समायोजन गरेको पाइएन ।

४.१३ संस्थानको स्वामित्वमा रहेका सवारी साधनहरु मध्ये केही सवारी साधनहरु उचित मर्मतसम्भार नभएका कारण प्रयोगमा नरहेको साथै संस्थानका केही सवारीहरुको बीमा गरिएको छैन । केही सवारीहरु भौतिक परीक्षण प्रतिवेदनबमोजिम लिलामी गर्नुपर्ने भएकोले लिलामी सम्बन्धी प्रकृया अघि बढाएको देखिएन ।

४.१४ संस्थानको सूचीकृत कम्पनीमा रु. १५,००,०००।- र सूचीकृत नभएको कम्पनीमा रु. ८७,४०,७००।- लगानी रहेको छ । संस्थानले साझा पसलमा रु. १,५००,०००।- को लगानी गरेको छ । जनकपुर धानचामल निर्यात कम्पनीको ७,०३९ कित्ता शेयर मध्ये १,६०६ कित्ताको शेयर प्रमाणपत्र प्राप्त भएको र नारायणी धानचामल निर्यात कम्पनीको ७,२१६ कित्ता शेयरमध्ये ७,०१३ कित्ताको शेयर प्रमाणपत्र प्राप्त भएकोमा अन्य शेयर कित्ताको प्रमाणपत्र प्राप्त गरेको पाईएन । संस्थानको लगानी रहेका केही कम्पनीहरु बिघटन भइसकेका र सो लगानीबापत संस्थानले व्यवस्था गरिसकेको तर विघटन भएको आधिकारिक प्रमाण लिएर लगानी तथा सो सम्बन्धी व्यवस्थालाई समायोजन गर्नेतर्फ औपचारिक पहल गरेको पाईएन ।

४.१५ संस्थानको नगद तथा बैंक मौज्दातमा रहेको रु. ६३७,२६६,३३८।२५ अन्तर्गत मार्गस्थ रकम रु. १,९२९,०५३।५३ रहेको र उक्त रकम आर्थिक वर्ष २०३३/०३४ देखि हालसम्म सार्दै-थपिदै आइरहेकोले असुल उपर हुन नसक्ने रकम अपलेखन गरेको पाईएन ।

४.१६ संस्थानमा रु. ८५५,५७४,६७३।११ बराबरको अन्तिम जिन्सी मौज्दात रहेको छ । उक्त रकममध्ये रु. ५५,८६३,१९५।९७ मार्गस्थ मौज्दात रहेकोमा अधिकांश रकम धरै वर्ष अगाडिदेखि जिम्मेवारी मात्र सार्दै आएको रकम समावेश छ । संस्थानले विभिन्न ठेकेदारहरुसँग सम्झौता गरी खाद्यान्न ढुवानी गराउँदा सम्झौतामा तोकिएको समय र शर्त अनुसार खाद्यान्न ढुवानी नगर्ने ठेकेदारहरुलाई कारबाही तथा हर्जाना असुल नगरी विगत आर्थिक वर्ष २०३७/०३८ देखि ठेकेदार भागी पत्ता नलागेको र मुद्दा मामिला परेको भनी हरेक वर्ष जिम्मेवारी मात्र सार्दै आएको पाइएकाले यसमा संचालक समितिबाट अदालतमा मुद्दा चलेकाबाहेक अन्य रकम असुल हुने नहुने यकिन गरी असुली गर्नेतर्फ आवश्यक कारबाही गर्नुपर्ने तथा असुल हुन नसक्ने रकमलाई अपलेखन गरेको पाईएन ।

४.१७ संस्थानमा रु. २९,६१७,५४५।४३ बराबरको कारवाही मौज्दात रहेको छ । उक्त मौज्दात रकम लामो समयदेखि खातामा देखिएको हुनाले सो रकम फछ्यौंट वा अपलेखन गर्नुपर्ने तर्फ ठोस प्रयास गरेको पाईएन ।

४.१८ संस्थानको वित्तीय विवरणअनुसार वर्षान्तमा ह्रास कट्टी पश्चातको स्थिर सम्पत्ति रु. ३० करोड १० लाख ५६ हजार रहेकोमा कतिपय अञ्चल तथा शाखा कार्यालयहरुको सम्पत्ति विवरणमा ती कार्यालयहरुको अधिनमा रहेका जग्गाहरुको विवरण (क्षेत्रफल) तथा मूल्य नै समावेश नगरिएको अवस्था छ भने केही जग्गाहरुको लेखाङ्न गरिएको पाईएन । साथै, सम्पूर्ण विवरण सहितको स्थिर सम्पत्ति रजिस्टर अद्यावधिक नगरिएकाले लेखापरीक्षणका कममा स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गर्न सकिएन ।

४.१९ नेपाल लेखामान १ अनुसार वित्तीय विवरणको अभिन्न अंग रहेको ईक्वीटीमा भएको परिवर्तनको विवरण संस्थानले वित्तीय विवरणमा समावेश गरेको छैन । ह्रासको खर्च तथा उपदान कोष व्यवस्थामा पर्न गएको फरक रकममा नेपाल लेखामान १२ "आय कर"अनुसार गणना गर्नुपर्ने स्थगन कर सम्पत्ति/दायित्वको हिसाब नगरिएको साथै वित्तीय विवरण तयार गर्दा Nepal Financial Reporting Standard (NFRS) अनुसरण गरी तयार गर्नुपर्नेमा सो विवरण तयार गर्दा नेपाल NFRS पालना गरेको पाईएन ।

४.२० आयकर ऐन, २०५८ को दफा ९० अनुसार प्रत्येक महिना श्रोतमा गरिएको कर कट्टीको रकम र सोको विवरण अर्को महिनाको २५ गतेभित्र बुझाउनुपर्ने व्यवस्था रहेकोमा यस संस्थानको केही कार्यालयहरुले उक्त रकम तथा सोको विवरण बुझाउन ढिलाई गरेको देखिन्छ ।

४.२१ सार्वजनिक खरिद नियमावलीले अर्नेस्ट मनी भुक्तानी गर्नलाई अनिवार्य रुपमा भुक्तानी लिने पार्टिले अन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर संस्थानको केही कार्यालयहरुले सोअनुसार गरेको पाइएन ।

४.२२ संस्थानले धान कुटानीमा लाग्ने खर्च सम्बन्धी प्राथमिकताका साथ अनुसन्धान गरी यथाशिघ्र उपयुक्त कदम चाल्नुपर्ने देखिन्छ । स्थानीय तहअनुसार धानको प्रकृति तथा तिनको मूल्य फरक हुने तथा धान खरिदको लागि किसानसँग प्रत्यक्ष समन्वयन आवश्यक रहेकाले धान खरिदको मूल्य निर्धारण आदि प्राथमिक खरिद कमिटीबाट हुनु जायज भए तापनी धान कुटानी सेवा खरिद प्राथमिक खरिद कमिटीबाट हुंदा प्रभावकारी भएको देखिदैन । त्यसैले संस्थानले धान कुटानी प्रक्रिया सम्बन्धी पुर्नविचार गर्नु आवश्यक देखिन्छ । यसको लागि संस्थानले सार्वजनिक खरिद ऐन तथा नियमावलीको भावना अनुरुप प्रधान कार्यालयबाट बोलपत्र आब्हान गरेर धान कुटानी सेवा खरिद गर्न सक्दछ ।

५. व्यवस्थापन पत्र

माथि उल्लिखित कैफियतहरुको विस्तृत व्यहोरा र व्यस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लिखित व्यहोराले गर्न सक्ने असर बाहेक नेपाल खाद्य संस्थानको २०७५ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा तथा नगद प्रवाहको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल खाद्य संस्थान, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न नेपाल खाद्य संस्थानको २०७६, असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जूमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. कैफियत सहितको राय व्यक्तगर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

४.१. आर्थिक वर्ष २०६२/०६३ को प्रारम्भिक लेखापरीक्षणमा उल्लेख भएअनुसार महालेखा नियन्त्रक कार्यालयको विवरणमा नेपाल सरकारको ऋण लगानी रु. ४२ लाख ४३ हजार र शेयर लगानी रु. ९९ करोड ९२ लाख ६१ हजार रहेको भनी जनाईएको तर संस्थानले शेयर पुँजीबापत रु. रु. ९९ करोड ४ लाख ९५ हजार मात्र लेखाङ्कन गरेको तथा ऋण लगानीबापत कुनै पनि रकम लेखाङ्कन गरेको पाईएन ।

४.२. शंकास्पद् आसामी व्यवस्थाबापत रु. १ करोड १६ लाख १६ हजार विगत धेरै वर्ष अगाडि नै व्यवस्था गरेको तर रकमहरुको अपलेखन गरेको पाइएन । असुल हुन नसक्ने प्रकृतिका रकमहरु समेत चालु सम्पत्तिमा समावेश हुंदा संस्थानको चालु सम्पत्तिको रकम अनावश्यक रुपमा बृद्धि भएको पाइयो ।

४.३. विभिन्न दातृ संस्था तथा विदेशी सहयोग अर्न्तगत आर्थिक वर्ष. २०३४/०३५ देखि भुक्तानी गर्नुपर्ने भनी देखाइएको रु. १४ करोड ३ लाख ५० हजार तथा भारतीय खाद्यान्न काउण्टर पार्ट फण्डलाई भुक्तानी

गर्नुपर्ने भनी देखाइएको रकम रु. ११ करोड ५७लाख १८ हजार भुक्तानी गर्नुपर्ने हो वा होइन यकिन गरी हिसाब मिलान गर्नेतर्फ कारवाही गर्नुपर्दछ ।

४.४. संस्थानमा रहेको धरौटी अन्तर्गत रु. ७ करोड ६ लाख ५९ हजार रहेकोमा कतिपय रकमहरु निकै वर्ष पुरानो रहेको र कतिपय पार्टीहरु निकै वर्षदेखि सम्पर्कमा नै नरहेको अवस्थामा धरौटी फिर्ता गर्नुपर्ने हो वा होइन यकिन गरी आम्दानी बाँध्ने वा हिसाब मिलान गर्नेतर्फ कारबाही अगाडि बढाउनु पर्दछ ।

४.५. संस्थानमा निम्न लिखित दायित्वहरु निकै वर्ष पुराना र जिम्मेवारी मात्रै सार्दै ल्याइएको छ, साथै सो रकमको दावी पर्न नआएकाले ती रकमहरु वास्तवमा नै संस्थानका दायित्व हुन् भन्ने यकिन हुन नसकेकाले आवश्यक कारबाही तथा छानविन गरी भुक्तानी गर्न नपर्ने रकमलाई अपलेखन गरी आम्दानी बाँध्नु पर्दछ ।

४.६. संस्थानको अग्रिम आयकर शीर्षक अन्तर्गत केही रकम बिगत लामो समयदेखि अल्या गर्दै ल्याइएका रकमहरुको सम्पूर्ण विवरण शाखा कार्यालयमा उपलब्धको हुनाले सो रकमको पुष्टि हुनुपर्दछ ।

४.७. खाद्यान्नमा भएको असामान्य नोक्सानीको लागि गरिएको जर्ति सुख्ती व्यवस्था अन्तर्गत रु.८५६,९९५।४२ रकम रहेको र उक्त रकम विभिन्न शाखाहरुमा विगत बीसौँ वर्षदेखि जिम्मेवारी सार्दै ल्याइएको साथै सो सम्बन्धी विवरण उपलब्ध नभएकाले सो व्यवस्थाको वास्तविकता यकिन गरी समायोजन तथा अपलेखन गर्नुपर्दछ ।

४.८. अग्रिमभुक्तानी रकम, पेश्की, सापटी र घरौटी शीर्षकमा जम्मा रु. ६०,९३८,२८६.२२ रकम मध्ये पेश्की हिसाबमा रु. ४४,७१८,९३४.४६ रकम रहेको छ । पेश्की हिसाब अन्तर्गत रहेका कर्मचारीहरुलाई कार्यालय प्रयोजनका निम्ति प्रदान गरेको प्रशासकीय पेश्कीमा अवकाश प्राप्त कर्मचारीहरुका नाममा पनि ठूलो रकम पेश्कीका रुपमा देखाइएकोमा सो रकम प्राप्त गर्न सकिने नसकिने यकिन हुन नसकेकाले आवश्यक कारवाही गरी प्राप्त गर्न नसकिने रकमलाई अपलेखन गर्नुपर्दछ ।

४.९. यस संस्थानले बिगत लामो समयदेखि उज्राती हिसाब लिनुपर्ने शीर्षक अन्तर्गत रु. ७९४,९७८।५६ जिम्मेवारी सार्दै ल्याएको पाइयो । सो सम्बन्धी विवरण पनि उपलब्ध नभएकाले उक्त रकम वास्तवमा नै सम्पत्ति हो र प्राप्त गर्न सकिन्छ भन्ने आधार नभएकाले आवश्यक कारबाही गरी अपलेखन गर्नुपर्दछ ।

४.१०. संस्थानले सरकारी कार्यालयसँग र अन्य संघसंस्था तथा कारागारसँग लिनुपर्ने हिसाब अन्तर्गत यस आर्थिक वर्षको अन्त्यमा रु. १९६,०७९,६२.९९ पुगेको छ र संस्थानको दिनुपर्ने (सरकारी कार्यालय) शीर्षक अर्न्तगत रु. ४८१,५३३,०१७ रहेको सो रकम मध्ये कतिपय रकमहरु निकै पुराना रहेकोले त्यस्ता रकम असुल गर्ने वा भुक्तानी गर्नेतर्फ ठोस प्रयास गर्नुपर्दछ ।

४.११. संस्थानले लगानीको लागि संभावित नोक्सानीको व्यवस्थाबापत रु.५,२७८,६००।०० लेखाङ्कन गरेकोमा लगानी गरिएका संस्थाहरु विघटन भइसकेको र लगानी फिर्ता हुने संभावना नरहेकोमा सम्भावित नोक्सानीको व्यवस्था र लगानी रकम बीच आवश्यक समायोजन गरी हिसाब मिलान गर्नुपर्दछ ।

४.१२. वि.सं. २०३१ मा खाद्य व्यवस्था समिति तथा कृषि खरिद बिक्री संस्थान यस खाद्य संस्थानसँग गाभिँदा यस संस्थानले लिनुपर्ने रकम रु.९,५०४,७६५।७६ र दिनुपर्ने रकम रु.४,४४१,६५९।१०, जम्मा लिनुपर्ने रकम रु. ५,०६३,१०६।७५ विगत चालीसौँ वर्षदेखि खातामा देखाइएको र उक्त रकमबारे सम्पूर्ण विवरण नभएको, दिनुपर्ने वा लिनुपर्ने पार्टीको निक्यौल गर्न नसकिएको तथा उक्त रकमले वित्तीय विवरणको यथार्थ चित्रणमा असर गर्ने निष्कर्षका साथ आवश्यक कारवाही गरी उक्त रकम समायोजन गर्नुपर्दछ ।

४.१३. संस्थानको सूचीकृत कम्पनीमा रु. १५,००,०००।- र सूचीकृत नभएको कम्पनीमा रु.८७,४०,७००।- लगानी रहेको छ । संस्थानको लगानी रहेका केही कम्पनीहरु बिघटन भइसकेका र सो लगानीबापत संस्थानले व्यवस्था गरिसकेको तर विघटन भएको आधिकारिक प्रमाण लिएर लगानी तथा सो सम्बन्धी व्यवस्थालाई समायोजन गर्नेतर्फ औपचारिक पहल गर्नुपर्दछ ।

४.१४. संस्थानमा रु. २८,३५८,८६४।५६ बराबरको कारवाही मौज्दात रहेको छ । उक्त मौज्दात रकम मध्य केही रकम लामो समय देखि खातामा देखिएको हुनाले सो रकम फछ्यौंट वा अपलेखन गर्नुपर्नेतर्फ ठोस प्रयास गर्नुपर्दछ ।

४.१५. संस्थानको वित्तीय विवरणअनुसार वर्षान्तमा ह्रास कट्टी पश्चातको स्थिर सम्पत्ति रु. २९ करोड ९६ लाख

७० हजार रहेकोमा कतिपय अञ्चल तथा शाखा कार्यालयहरुको सम्पत्ति विवरणमा ती कार्यालयहरुको अधिनमा रहेका जग्गाहरुको विवरण (क्षेत्रफल) तथा मूल्य नै समावेश नगरिएको अवस्था छ भने केही जग्गाहरुको लेखाङ्कन गरिएको पाईएन। साथै, सम्पूर्ण विवरण सहितको स्थिर सम्पत्ति रजिस्टर अद्यावधिक नगरिएकाले लेखापरीक्षणका कममा स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गर्न सकिएन। साथै संस्थानद्वारा पूर्ण रुपमा जिर्ण तथा द्वन्द्वकालमा ध्वस्त भएका गोदामहरु स्थायी सम्पत्तिबाट अपलेखन नगरिएको पाइयो। संस्थानले अञ्चल कार्यालय नेपालगञ्ज अर्न्तगतको गोदाम नं.३ को निर्माण सम्पन्न भएको १० वर्ष वितिसके तापनी उक्त गोदामलाई स्थिर सम्पत्तिमा नदेखाई निर्माणाधीन सम्पत्तिको रुपमा देखाउँदै आएकोले उक्त निर्माणलाई स्थिर सम्पत्तिमा देखाउनु पर्दछ।

४.१६. नेपाल लेखामान १ अनुसार वित्तीय विवरणको अभिन्न अंग रहेको ईक्वीटीमा भएको परिवर्तनको विवरण संस्थानले वित्तीय विवरणमा समावेश गरेको छैन। ह्रासको खर्च तथा उपदान कोष व्यवस्थामा पर्न गएको फरक रकममा नेपाल लेखामान १२ "आय कर"अनुसार गणना गर्नुपर्ने स्थगन कर सम्पत्ति/दायित्वको हिसाब नगरिएको साथै वित्तीय विवरण तयार गर्दा Nepal Financial Reporting Standard (NFRS) अनुसरण गरी तयार गर्नुपर्नेमा सो गरको देखिएन।

४.१७. आयकर ऐन, २०५८ को दफा ९० अनुसार प्रत्येक महिना श्रोतमा गरिएको कर कट्टीको रकम र सोको विवरण अर्को महिनाको २५ गतेभित्र बुझाउनु पर्ने व्यवस्था रहेकोमा यस संस्थानको केही कार्यालयहरुले उक्त रकम तथा सोको विवरण बुझाउन ढिलाई गरेको देखिन्छ।

४.१८. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१ख) बमोजिम, उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने प्रावधान रहेको भए पनि विभिन्न पार्टीहरुसंग पटक पटक सोझै खरिद गरिएको छ।

४.१९. संस्थानले धान कुटानीमा लाग्ने खर्च सम्बन्धी प्राथमिकताका साथ अनुसन्धान गरी यथाशिघ्र उपयुक्त कदम चाल्नुपर्ने देखिन्छ। स्थानीय तहअनुसार धानको प्रकृति तथा तिनको मूल्य फरक हुने तथा धान खरिदको लागि किसानसँग प्रत्यक्ष समन्वयन आवश्यक रहेकाले धान खरिदको मूल्य निर्धारण आदि प्राथमिक खरिद कमिटीबाट हुनु जायज भए तापनी धान कुटानी सेवा खरिद प्राथमिक खरिद कमिटिबाट हुंदा प्रभावकारी भएको देखिदैन। त्यसैले संस्थानले धान कुटानी प्रक्रिया सम्बन्धी पुनर्विचार गर्नु आवश्यक देखिन्छ। यसको लागि संस्थानले सार्वजनिक खरिद ऐन तथा नियमावलीको भावना अनुरुप प्रधान कार्यालयबाट बोलपत्र आव्हान गरेर धान कुटानी सेवा खरिद गरी सञ्चालन गर्नुपर्दछ।

५. व्यवस्थापन पत्र

माथि उल्लिखित कैफियतहरुको विस्तृत व्यहोरा र व्यस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

६. लेखापरीक्षकको राय

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले माथि बुंदा नं. ४.१ देखि ४.२१ मा उल्लिखित व्यहोराले गर्न सक्ने असर बाहेक नेपाल खाद्य संस्थानको २०७६ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा तथा नगद प्रवाहको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

नेपाल खानेपानी संस्थान, २०७२/७३

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसै साथ नेपाल खानेपानी संस्थानको २०७३ असार मसान्तसम्मको वासलात एवम् सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्विटीमा परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरूप यी वित्तीय विवरण तयारी गर्ने एवंम् उचित रूपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रूपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रूपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटीरहित भएकोबारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पुर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संलग्न हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरूपमा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारे परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणवाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षण प्राप्त प्रमाणहरूले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रूपमा वित्तीय बिबरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् ।

४.१ **संचालन नतिजा:** यस वर्षको नोक्सानी रू. ९० लाख ६६ हजार सहित हालसम्मको संचित नोक्सानी रू. १ अर्ब ३१ लाख देखिएकोमा संस्थानका आसामी हिसाब अन्तर्गत रहेका उठ्न बांकी रकम मध्ये कतिपय रकमहरू लामो समयदेखि असुल नभई हिसाबमा जिम्मेवारी सर्दै आएको देखिएकाले शंकास्पद आसामी लेखांकन गर्दा आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नुपर्नेमा सो नगरी शंकास्पद आसामी व्यवस्थाबापत अन्तिम आसामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद आसामी व्यवस्था गर्ने गरेकाले आसामि शंकास्पद व्यवस्था रकम यथार्थपरक नभई न्यून भएकाले सोहीअनुसार प्रमाणीकरण गर्न बांकी व्यवस्था रकमले नोक्सानी थप हुने देखिएको छ ।

कर्मचारी कल्याण कोष पेश्कीतर्फ देखाईएको रकम रू. ६०,७९,४८८।७२ मध्ये अ.ल्या रकम रू. ४३,४९,२३१।४१ बाहेक हुने रू. १७,३०,२५७।३१ प्रस्तुत वर्ष संचालक समितिको मिति २८।२।२०६९ को निर्णयानुसार अवकाशित कर्मचारीहरूलाई निजले पाउने उपदान रकमको ५ प्रतिशतले हुने रकम कर्मचारी कल्याण कोष खाताबाट उपदान रकममा थप गरी भुक्तानी तोक्ने भनी निर्णय भएअनुसार नाफा नोक्सानी हिसाबमा खर्च लेखांकन गर्नुपर्नेमा पेश्कीतर्फ देखाईएकाले नोक्सानी थप हुने देखिएको छ। पुनश्च: के.का. हिसाबमा समायोजन गरी पेश्की कर्मचारी कल्याण कोष १२,३४,७६७।०३ क्रेडिट सुरू मौज्दातबापत गत वर्ष नै गरिएको समायोजनका आधार सहित प्रस्तुत वर्षमा पनि नप्रष्ट्याईएकाले आधार कागजात हिसाब तयार गरी संलग्न गर्न बांकी रहेको अवस्था रहेको छ ।

४.२ **संस्थानको कोष:** आ.व. २०६९।७० मा खानेपानी तथा ढल निकास बिभागबाट मिति २०५६ श्रावण मसान्तमा हस्तान्तरित भई आएका १२ वटा शाखाहरूका ह्रास कट्टी पछिको खुद स्थिर सम्पत्तिबापतको रकम रू.३७,५६,५८,६९९.०१ मध्ये संस्थानको स्थिर सम्पत्तिमा सो सम्पत्तिहरूको वास्तविक अवस्था यकिन नगरी लेखांकन गरी कोष हिसाबमा आम्दानी जनाइ आएकाले उपरोक्त सम्पत्तिहरूको वास्तविक अवस्था यकिन गरी योग्य सम्पत्तिहरूलाई मात्र पुंजीकरण र पुंजीगत जगेडा कोषमा देखाई संस्थानको कोष तथा सम्पत्तिको उचित एवं यथार्थ चित्रण गर्ने गरी वित्तीय विवरण तयार नगरिएको पाईयो ।

४.३ **दीर्घकालीन ऋण**: बिश्व बैंकबाट प्राप्त ऋण रू. १४,२७,२८,८४०.०६ विगत वर्षमा नै भुक्तानी अवधि समाप्त भइसकेको अवस्था रहेको छ । उपरोक्त ऋणमा आर्थिक वर्ष २०६९।७० देखि प्रस्तुत आर्थिक वर्षसम्मको व्याज रकम रू. ४२.८१ लाख भुक्तानी दिन बांकी रहेको छ । नेपाल सरकारबाट प्राप्त ऋण गत वर्षसम्म रू. १,८६,११,०३,५१६। देखाइएकोमा यस वर्ष थप रू. २६.४५ करोड ऋण प्राप्त भई वर्षान्तमा कुल ऋण दायित्व रकम रू. २,१२,५६,०५,५१६। रहेको छ । संस्थानबाट गत वर्षसम्म भुक्तानी दिन बांकी ब्याज शीर्षकमा रू. ४०,६७,००,५७०। देखाईएकोमा वर्षान्तमा सो रकम रू. ५०,२१,८३,३६६। रहेको देखाईएको छ ।

ब्याजबापतको रकम प्रस्तुत वर्षमा भुक्तानी गरिएको छैन । संस्थानले विश्व बैंक ऋण तथा सोबापतको व्याज दायित्वको वर्षान्तमा सम्बन्धित निकायबाट समर्थन प्राप्त गर्न बांकी रहेको छ । तर संस्थानले नेपाल सरकारबाट प्राप्त बक्यौता ऋण रकम रू. २,१२,५६,०५,५१६। (म.ले.नि.का.) को अभिलेखसंग भिडान भएको र बांकी व्याज रकम रू. ५०,६४,६५,२३२।१८ खुलाइएकाले लेखांकित फरक व्याज रकम रू. ४२,८१,८६५।२१ पत्ता लगाई हिसाब रिकन्सिलियसन गरी म.ले.नि.का.संग भिडान गरी समर्थन पत्र लिन बांकी रहेको देखिएको छ ।

४.४ चालु दायित्व तथा व्यवस्था :

४.४.१ विगत वर्षबाट जिम्मेवारी सर्दै आएको दायित्व: विगत वर्षहरूबाट हिसाबमा जिम्मेवारी अ.ल्या. हुदै आएको निम्नानुसारको हिसाब शीर्षकहरू नियमानुसार यथासिघ्र हिसाब फरफारक गरी हिसाब मिलान गर्न बांकी देखिएको छ ।

विवरण	**रकम रू.**
शंकास्पद जिन्सी	२३१,७८२
बक्यौता ट्रान्सफर (खा.पा.तथा ढ.नि. विभाग)	१,२०,०९,७९३
का.उ.खा.पा. व्यवस्थापन बोर्ड	१,७५,२२,७०३
शंकास्पद हिसाब अ.ध.	५०,१९३
शंकास्पद महसुल लहान	१,२३,६५८
खानेपानी तथा सरसफाइ विभाग	१,५९,९५०
शंकास्पद बैंक कोष ००१ ५२४	१८,५००

४.४.२ **नयां धारा धरौटी दायित्व:** नयां धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैंक खाता (धरौटी) खोली जम्मा गर्ने नीति रहेको छ । वर्षान्तमा धारा धरौटीबापतको दायित्व रू. ८,७२,८८,४००। रहेकोमा सम्बन्धित नगद तथा बैंक धरौटी खातामा रू. ७,९५,९४,६५१। मौज्दात रही मौज्दात रकम रू. ७६,९३,७४९। (गत वर्ष रू. ७९,९०,४१२। ले न्यून रहेको छ । फरक परेको रकमको कारण पत्ता लगाई आवश्यक हिसाब भिडान प्रतिवेदन तयार गरी हिसाब फछ्यौंट/ समायोजन हुन बांकी रहेको छ । शाखा कार्यालयहरूले नया धारा धरौटी शीर्षकतर्फ पुरानो अल्या रकम नदेखाउने र एकीकृत वित्तीय विवरण प्रयोजनका लागि प्रधान कार्यालयले एकमुष्ट जोड देखाउने व्यवस्थामा परिवर्तन गरी सम्बन्धित शाखाहरूको हिसाबमा नै देखाउने व्यवस्था गर्ने कार्य बांकी रहेको अवस्थामा छ ।

४.४.३ संस्थानको जीवन बीमा कोष अन्तर्गत वर्षान्तमा दायित्व रू. ३,९९,६७,२३४। रहेकोमा सोबापत रू. १,५३,२२,८९७। जीवन वीमा कोष छुट्टै कायम गरेको अवस्था रहेको छ । यस सम्बन्धमा छुट्टै खडा गरी राखेको जिवन बीमा कोषको आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षण गर्ने गरिएको छ । तर सो सम्बन्धी भुक्तानी लगायतका हिसाब किताबहरू सस्थानमा नै लेखांकन गरिएकाले जिवन विमा कोषको लेखामा नै लेखांकन गर्ने व्यवस्था गर्न बांकी रहेको अवस्था रहेको छ ।

४.४.४ **शंकास्पद आसामी व्यवस्था:** शंकास्पद आसामी व्यवस्थाबापत अन्तिम आसामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद आसामी व्यवस्था गर्ने नीति रहेको छ । प्रस्तुत वर्ष नाफा नोक्सान हिसाबमा रू. ६३,१३,९२०। खर्च लेखी वर्षान्तसम्ममा व्यवस्था रू. ४,७७,१३,६५६। पुऱ्याईएको छ । शंकास्पद आसामी लेखांकन गर्दा आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्न बांकी रहेकाले व्यवस्था रकम यथार्थपरक नभई न्यून रहेको अवस्था रहेको छ ।

४.५ स्थिर सम्पत्ति:

४.५.१ संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्तिहरूको विस्तृत विवरणहरू जस्तै सम्पत्तिको नाम, मोडल र स्पेसिफिकेशन, कोड नं., जग्गाधनी नम्बर, ह्रास कट्टी रकम आपूर्तिकर्ता, प्रयोग भएको स्थान, सम्पत्तिहरूको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मूल्य आदि खुल्ने स्थिर सम्पत्ति रजिष्टर अद्यावद्यिक गर्न बांकी रहेको अवस्था छ । भौतिक परीक्षण गर्ने कार्य बांकी रहेको अवस्था छ।

४.५.२ नेपाल सरकारको निर्णय वमोजिम खानेपानी तथा ढल निकास विभागबाट १२ वटा शाखाहरू (भद्रपुर, राजविराज, लहान, जलेश्वर, मलंगवा, गौर, भरतपुर, तौलिहवा, कृष्णनगर, धनगढी, महेन्द्रनगर र कलैया) नेपाल खानेपानी संस्थानमा मिति २०५६ श्रावणबाट हस्तान्तरण भई आएकोमा आ.व. २०६९।७० मा उपरोक्त शाखाहरूको स्थिर सम्पत्तिबापतको खुद रकम रू. ३७५,६५८,६९९।०१ लाई स्थिर सम्पत्तिमा लेखांकन गरिएकाले सो सम्पत्तिहरूको वास्तविक अवस्था यकिन गरी स्थिर सम्पत्तिमा पुंजीकरण गर्न योग्य सम्पत्तिहरूलाई मात्र पुंजीकरण गरी आवश्यक समायोजन गर्ने कार्य बांकी रहेको छ ।

४.५.३ कार्य सम्पन्न निर्माणाधीन भएको पुंजीगत खर्च रजिष्टर: प्रत्येक कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्दै जाने क्रममा कार्य सम्पन्न भएको पुंजिगत खर्च रजिष्टर, निर्माणाधीन पुंजीगत खर्च रजिष्टर (सम्झौता नम्बर तथा मिति, कार्य सुरू आदेश मिति, कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य स्वीकार प्रतिवेदन जारी गरेको मिति, कार्य सम्पन्न प्रतिवेदन जारी गरेको मिति आदि सम्पूर्ण व्यहोरा खोलिएको) ढांचा विवरण निर्धारण तयार गरी अद्यावद्यिक राख्ने व्यवस्था विद्यमान नभएकाले सस्थानले सो कार्य गर्न बांकी रहेको छ ।

प्रस्तुत वर्षमा देखाईएको सम्पूर्ण पुंजिगत खर्चको शाखागत, शीर्षकगत खोलिएको विवरण रेकर्ड तयार गर्न बांकी रहेकाले एकमुष्ट रकम वित्तीय विवरण देखाईएको छ ।

अचल सम्पत्ति निर्माण सम्पन्न भईसकेका सम्पत्तिहरूका सम्बन्धमा तोकिएका सम्बन्धित ईन्जिनियरिंग विभाग/प्राविधिकबाट Certificate of completion and put to use को आधारमा पुंजीकरण गर्ने र निर्माणाधीन सम्पत्तिमा लेखांकन गरिएकाहरूमा Capital work stage completion certificate जारी गराई फायलमा संलग्न गरी आन्तरिक नियन्त्रण प्रणाली अझ बढी सुदृढ गर्दै जार्ने व्यवस्था लागु गर्ने कार्य सस्थागत गर्न बांकी रहेको अवस्था रहेको छ ।

विद्यमान व्यवस्था अन्तर्गत जारी कार्य सम्पन्न प्रमाणपत्रको आधारमा पुंजीकृत खर्च स्थिर सम्पत्तितर्फ लेखांकन गर्ने व्यवस्था चालु रहेको छ, तर पुंजीकरण गर्दा विगतमाझैं विवरणमात्र तयार गरी प्र.का.ले नै सोको पुष्टि हुने विस्तृत कागजात सहितको विवरण संलग्न नगरी पुंजीकरण गरिएकाले अविलम्ब सुधार गरी कार्य दुरूस्त गर्न पर्दछ । विरगज शाखामा कार्य सम्पन्न प्रतिवेदनमात्र जारी गर्ने व्यवस्था रहेको अवस्था छ

४.६ पेश्की तथा धरौटी: लिन बांकी रकमको समर्थन सम्बन्धितहरूबाट लिने गरेको छैन । साथै उक्त रकमको आयु वर्गीकरण गरी असुली हुन सक्ने नसक्ने अवस्था इकिन गरी आवश्यक शंकास्पद व्यवस्था गरेको छैन । धरौटीको हकमा सक्कल धरौटी रसिद छुट्टै फाईलिङ्ग गरी रसिद सुरक्षित राख्ने कार्य बांकी रहेको छ । नेपाल विद्युत प्राधिकरण, बुटवलतर्फ गएको पेश्की रकम फछर्योट गर्दा रू. २,२१,२८१।२९ को विजक प्राप्ति नभएकोमा पत्रको आधारमा फछर्यौट गरिएको छ । हेम्जा (पोखरा खानेपानी आयोजना) अ.ल्या. न्यून पेश्की रकम (रू २३,३४,०७०।८०) कसरी न्यून देखिन गएको हो सो छानविन गरी हिसाब टुंगो लगाउने कार्य बांकी रहेको छ ।

कर्मचारी कल्याण कोष पेश्कीतर्फ देखाईएको रकम रू. ६०,७९,४८८।७२ मध्ये अ.ल्या. रकम रू. ४३,४९,२३१।४१ बाहेक हुने रू. १७,३०,२५७३१ प्रस्तुत वर्ष संचालक समितिको मिति

२८।२।२०६९ को निर्णयानुसार अवकाशित कर्मचारीहरूलाई निजले पाउने उपदान रकमको ५ प्रतिशतले हुने रकम कर्मचारी कल्याण कोष खाताबाट उपदान रकममा थप गरी भुक्तानी तोक्ने भनी निर्णय भएअनुसार नाफा नोक्सानी हिसाबमा खर्च लेखांकन हुनुपर्नेमा पेश्कीतर्फ देखाईएको छ ।

के.का. हिसाबमा समायोजन गरी पेश्की कर्मचारी कल्याण कोष १२,३४,७६७।०३ केडिट सुरू मौज्दातबापत गरिएको समायोजनका प्रष्ट आधार प्रस्तुत वर्षमा पनि कागजात संलग्न नभएकाले आधार कागजात हिसाब तयार गरी संलग्न गर्न बांकी रहेको छ ।

४.७ नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) कार्यान्वयन सम्बन्धमा:

सस्थानले तयार गरेको वित्तीय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standard Board of Nepal) बाट जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard) अनुसार छैनन् जुन सार्वजनिक संस्थानको लागि आर्थिक वर्ष २०७२।७३ देखि लागु गरिएको छ । ।

४.८ काभ्रे पनौती नगरपालिका अन्तर्गत संस्थानले करीव ४ वर्ष अधिदेखि निर्माण सुरू गरेको मिनरल वाटर आयोजनाको निर्माण कार्य सम्पन्न भई उक्त प्लान्टबाट उत्पादन हुने प्रशोधित पानीको परीक्षण उत्पादन (१ लि. बोटल तथा २० लि. क्षमताको जार) भै सकेको र उक्त प्रशोधित पानीको उत्पादन गरी बजारमा बिक्री वितरण गर्नको लागि आवश्यक पर्ने खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुज्ञापन मिति ७।४।२०७१ मा प्राप्त गरेको तर प्रस्तुत वर्षमा बिक्री वितरण गर्ने कार्य अधि नबढेको अवस्था रहेको छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा हाम्रो रायमा, माथि बुंदा नं ४ मा औल्याएका विषयले विवरणहरूमा पर्ने असर बाहेक, सलग्न वित्तीय विवरणले सस्थानको २०७२ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल खानेपानी संस्थान, २०७३/७४

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसै साथ नेपाल खानेपानी संस्थानको २०७४ असार मसान्तसम्मको वासलात एवम् सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्विटीमा परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरूप यी वित्तीय विवरण तयारी गर्ने एवंम् उचित रूपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रूपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रूपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

३.१. हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरू उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार

व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरू सारभूत रूपमा त्रुटीरहित भएकोबारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

३.२. लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पुर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संलग्न हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरूपमा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारे परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

३.३. लेखापरीक्षणमा प्राप्त प्रमाणहरूले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रूपमा वित्तीय बिबरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् ।

४.१ **संचालन नतिजा:** यस वर्षको नोक्सानी रू. १९ करोड ७५ लाख सहित हालसम्मको संचित नोक्सानी रू. १२० करोड ७ लाख देखिएकोमा संस्थानका आसामी हिसाब अन्तर्गत रहेका उठ्न बांकी रकम मध्ये कतिपय रकमहरू लामो समय देखि असुल नभइ हिसाबमा जिम्मेवारी सर्दै आएको देखिएकाले शंकास्पद आसामी लेखांकन गर्दा आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नुपर्नेमा सो नगरी शंकास्पद आसामी व्यवस्थाबापत अन्तिम आसामी मौज्दातको १० प्रतिशतका दरले गर्ने गरेको छ । शंकास्पद आसामी व्यवस्था रकम यथार्थपरक नभई न्यून भएकाले सोहीअनुसार प्रमाणीकरण गर्न बांकी व्यवस्था रकमले नोक्सानी थप हुने देखिएको छ ।

कर्मचारी कल्याण कोष पेश्कीतर्फ देखाईएको रकम रू. ८०८३८३८।५५ मध्ये अ.ल्या रकम रू. ७३,१४,२५५।७५ बाहेक हुने रू. २०,०४,३४९।८३ प्रस्तुत वर्ष संचालक समितिको मिति २८।२।२०६९ को निर्णयानुसार अवकाशित कर्मचारीहरूलाई निजले पाउने उपदान रकमको ५ प्रतिशतले हुने रकम कर्मचारी कल्याण कोष खाताबाट उपदान रकममा थप गरी भुक्तानी तोक्ने भनि निर्णय भएको छ । नाफा नोक्सान हिसाबमा खर्च लेखांकन गर्नपर्नेमा पेश्कीतर्फ देखाईएकाले नोक्सान थप हुने देखिएको छ । कर्मचारी कल्याण कोषको आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण गर्न बांकी रहेको अवस्था रहेको छ ।

४.२ **संस्थानको कोष:** आ.व. २०६९।७० मा खानेपानी तथा ढल निकास बिभागबाट मिति २०५६ श्रावण मसान्तमा हस्तान्तरित भई आएका १२ वटा शाखाहरूको ह्रास कट्टी पछिको खुद स्थिर सम्पत्तिबापतको रकम रू.३७,५६,५८,६९९।०१ मध्ये स्थिर सम्पत्तिमा सो सम्पत्तिहरूको वास्तविक अवस्था यकिन नगरी कोष हिसाबमा आम्दानी जनाएको देखिन्छ । उपरोक्त सम्पत्तिहरूको वास्तविक अवस्था यकिन गरी योग्य सम्पत्तिहरूलाई मात्र पुंजीकरण र पुंजीगत जगेडा कोषमा देखाई संस्थानको कोष तथा सम्पत्तिको उचित एवं यथार्थ चित्रण गर्ने गरी वित्तीय विवरण तयार नगरिएको पाईयो ।

पुनश्च: प्रस्तुत वर्षमा बहादुरगंज स्थित उपभोक्ता समितिबाट हस्तान्तरित बक्यौता अनुदान रकम विवरण संलग्न नगरी रू. ८,१५,७७५।४९ सस्थानको कोषमा थप गरी देखाईएको,

बहादुरगंज खानेपानी आयोजना, खानेपानी तथा ढल निकास विभागद्वारा नेपाल खानेपानी संस्थानलाई हस्तान्तरण गर्ने नेपाल सरकार (सचिवस्तर) को मिति २१।९।२०७३ मा निर्णयअनुसार मिति २६।१०।२०७३ मा सस्थान र खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय कपिलवस्तु वीच बहादुरगंज खानेपानी आयोजना सचालन सम्बन्धमा भएको सम्झौतापत्र भएको देखिन्छ । योजना संचालानार्थ संस्थानलाई भोगाधिकार प्राप्त भएको सन्दर्भमा जग्गाधनी (कि.न. २१५,०-१३-७ र २१६, ०(३(३) एक व्यक्तिको नाममा रहेको देखिएकाले सम्झौताअनुसार जडान भएका धाराको विवरण, उठ्न वाकी महसुल रकमको विवरण, जिन्सी सामानको विवरण अचल सम्पत्तिको विवरण, अन्य धरौटी विवरण र अग्रिम महसुल रकमको विवरण, नया धारा धरौटीको विवरण र सो कार्यालयलाई भोगाधिकार प्राप्त जग्गाको विवरण लिई अभिलेख तथा लेखाकन गरी व्यक्तिगत नाममा भएको जग्गाधनी सम्बन्धमा आवश्यक कार्यवाही गरी जग्गाधनी नेपाल सरकार र संस्थानको नाममा हुनुपर्ने नपर्ने निर्क्यौलतर्फ आवश्यक कार्यवाही गरी टुङ्गो लगाउने कार्य बांकी रहेको पाईयो ।

४.३ दीर्घकालीन ऋण:

क) बिश्व बैंकबाट प्राप्त ऋण रू. १४,२७,२८,८४०।०६ विगत वर्षमा नै भुक्तानी अवधि समाप्त भइसकेको अवस्था रहेको छ । उपरोक्त ऋणमा आर्थिक वर्ष २०६९।७० देखि प्रस्तुत आर्थिक वर्षसम्मको व्याज रकम रू. ४२.८१ लाख भुक्तानी दिन बांकी रहेको छ ।

नेपाल सरकारबाट प्राप्त ऋण गत वर्षसम्म रू.२,१२,५६,०५,५१६।०० देखाईएकोमा यस वर्ष थप रू.१४६.८ करोड ऋण प्राप्त भई वर्षान्तमा कुल ऋण दायित्व रकम रू. ३,५९,३८,०५,५१६।०० रहेको छ । संस्थानबाट गत वर्षसम्म भुक्तानी दिन बांकी व्याज शीर्षकमा रू. ५०,३२,५३,८३३। देखाईएकोमा वर्षान्तमा सो रकम रू. ६१,९६,९२,०४३। रहेको देखाईएको छ ।

ब्याजबापतको रकम प्रस्तुत वर्षमा भुक्तानी गरिएको छैन । संस्थानले विश्व बैंक ऋण तथा सोबापतको व्याज दायित्वको वर्षान्तमा सम्बन्धित निकायबाट समर्थन प्राप्त गर्न बांकी रहेको छ । साथै नेपाल सरकारवाट प्राप्त बक्यौता ऋणको बांकी व्याज रकम रू. ६१,९६,९२,०४३।३२ म.ले.नि.का.संग भिडान गरी समर्थन पत्र लिन बांकी रहेको देखिएको छ ।

ख) पोखरा खानेपानी सुधार आयोजनाको कामका लागि नेपाल सरकार र जाइका (Japan International Cooperation Agency) वीच मिति १५ फेब्रअरी २०१७ मा अनुदान सम्झौताअनुसार भुक्तानी सम्बन्धमा जापान स्थित बैंकवाटै भुक्तानी हुने सम्झौताको सेडयुल ३ मा व्यवस्था गरिएको, नेपाल सरकार र नेपाल खानेपानी संस्थान बीच मिति ३२।२०७४ मा भएको सहायक ऋण सम्झौता दफा ३.०१अनुसार आयोजना कार्यान्वयनका सम्बन्धमा यस सम्झौता अर्न्तगत सरकारकोतर्फवाट जाइकासंग गर्नुपर्ने पत्राचार तथा अन्य आवश्यक काम कारवाही समेतका लागि सरकारले सस्थानका महाप्रवन्धकलाई यसै सम्झौताद्वारा आवश्यक अधिकार प्रत्यायोजन गरिएकोमा प्रोजेक्ट सम्बन्धित फण्ड प्राप्ति, भूक्तानी, काम कार्यवाही सम्बन्धमा Hazama Ando Corporation, Japan संग ठेक्का सम्झौता भई कार्य प्रारम्भ भैसकेको जानकारी बाहेक उपरोक्त ठेक्का सम्झौता तथा अन्य जानकारी प्राप्त नभएकाले सस्थानले आवश्यक कागजात अभिलेख सहित जानकारी उपलव्ध गराई हिसाब किताव सहित उपरोक्त कारोवार अद्यावाधिक नियमित गर्न बांकी रहेको देखिएको छ ।

४.४ चालु दायित्व तथा व्यवस्था:

४.४.१ **नयां धारा धरौटी दायित्व:** नयां धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैंक खाता (धरौटी) खोली जम्मा गर्ने नीति रहेको छ । वर्षान्तमा धारा धरौटीबापतको दायित्व रू. ९,७५,७२,९२०। रहेकोमा सम्बन्धित नगद तथा बैंक धरौटी खातामा रू. ७,७१,२७,२५०। मौज्दात छ । मौज्दात रकम रू. २,०४,४५,६६९। (गत वर्ष रू. ७६,९३,७४९।) फरक परेको कारण पत्ता लगाई आवश्यक हिसाब भिडान प्रतिवेदन तयार गरी हिसाब फछ्यौंट/

समायोजन गर्नुपर्नेमा गरेको छैन ।

४.४.२ **शंकास्पद आसामी व्यवस्था:** शंकास्पद आसामी व्यवस्थाबापत अन्तिम आसामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद आसामी व्यवस्था गर्ने नीति रहेको छ । प्रस्तुत वर्ष नाफा नोक्सान हिसाबमा रू. ५२,९३,७४१। खर्च लेखी वर्षान्तसम्ममा व्यवस्था रू. ५,३०,०७,३९८। पुऱ्याईएको छ । शंकास्पद आसामी लेखांकन गर्दा आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्न बांकी रहेकाले व्यवस्था रकम यथार्थपरक नभई न्यून रहेको अवस्था रहेको छ ।

४.४.३ **अवकाश कोष व्यवस्था:** अवकाश कोष व्यवस्था अन्तर्गत उपदान, औषधि उपचार, घर बिदाको रकम र बिरामी विदाको रकम लेखांकन गर्दा दीर्घकालीन सुविधा भएकाले नेपाल लेखामानअनुसार Actuarial Valuation गराउनु पर्नेमा Actuarial Valuation को प्रतिवेदन विना व्यवस्थापनले गरिएको व्यवस्था रकम पर्याप्त छ छैन भन्नेबारे इकिन हुन सकिएन ।

४.५ **स्थिर सम्पत्ति :** संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्तिहरूको विस्तृत विवरणहरू जस्तै सम्पत्तिको नाम, मोडल र स्पेसिफिकेशन, कोड नं., जग्गाधनी नम्बर, ह्रास कट्टी रकम आपूर्तिकर्ता, प्रयोग भएको स्थान, सम्पत्तिहरूको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मूल्य आदि खुल्ने स्थिर सम्पत्ति रजिष्टर तयार । अद्यावद्यिक गर्न बांकी रहेको अवस्था छ । भौतिक परीक्षण गर्ने कार्य बांकी रहेको अवस्था छ । सस्थानले आफनो स्वामित्वमा रहेका र भोगचलन गरिएका धरजग्गा मध्ये केही शाखाहरूमा लालपुर्जा लिन बांकी रहेको र स्वामित्वमा नरहेका तर भोगचलन गर्दै आईरहेको धरजग्गा लगायतका सम्पत्तिहरूको रेकर्ड रजिस्टर त्यस्तो भोगाधिकार कागजातहरू, नापि, नक्सा, फिल्ड उतार, वास्तविक क्षेत्रफल समेत उल्लेख, संकलन तथा सुरक्षित राखी तयार/अद्यावद्यिक गर्न बांकी रहेको अवस्था छ । सस्थानले भोगाधिकार गरी आएका सम्पत्तिहरू मध्ये सस्थानको स्वामित्वमा ल्याउन पर्ने सम्पत्तिहरू छुट्याई सस्थानको स्वामित्वमा ल्याउने कार्य बांकी रहेको अवस्था रहेको छ ।

४.६ **NFRS कार्यान्वयन सम्बन्धमा:** संस्थानले तयार गरेको वित्तीय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standard Board of Nepal) बाट जारी नेपाल वित्तीय प्रतिवेदनमानहरू (Nepal Financial Reporting Standard) अनुसार छैनन् जुन सार्बजनिक संस्थानको लागि आर्थिक वर्ष २०७२।७३ देखि लागु गरिएको छ ।

४.७ नेपाल सरकार, अर्थ मन्त्रालयको पत्र च.नं. ३६१।१।२।२०७३अनुसार Bank of Tokyo Mitsubishi UFJ Ltd मा खाता खोल्दा तिर्नुपर्ने बैंक कमिशन खानेपानी आयोजना कार्यान्वयनको लागि नेपाल सरकारलाई प्राप्त हुने अनुदान रकम नेपाल खानेपानी संस्थानलाई ऋण स्वरूप उपलव्ध गराएबापत सस्थानले बैंक कमिशनतर्फ रू. ५० लाख विना बैंक कमिशन कागजात नेराबैंकको आफ्नै खाता नं १२०६१०४००१०००५२४ डिपोजिट गरी नेराबैंकले उपरोक्त रकम डेविट गरेको डेविट एडभाइस विना खर्च लेखांकन गरेको, नेखासंको मिति २०७४।३।२ बाट नेराबैंक, बैकिङ्ग कार्यालयलाई मिति २०७४।३।२ पत्रानुसार जापान सरकारले नेपाल सरकारलाई पोखरा उपमहानगरपालिका अन्तरगत खानेपानी प्रणाली सुधार तथा विस्तार गर्नको लागि १५ फेब्रुअरी २०१७ मा सम्पन्न अनुदान सम्झौताअनुसार खानेपानी आयोजना कार्यान्वयनका लागि उपलव्ध हुने अनुदान रकम रू. ४ अर्ब ८१ करोड ३ लाख जापानी ऐन नेपाल खानेपानी संस्थानलाई उपलव्ध गराईएकोमा सोको कारोवार गर्न जापानिज बैंकमा खाता खोल्नु पर्ने भएको हुंदा अर्थ मन्त्रालयवाट बैंक कमिशनबापत लाग्ने रू. ५० लाख समेत यस सस्थानको नाउमा निकासा प्राप्त भैसकेको हुंदा त्यहाबाट खाता खोलिने व्यवस्था मिलाई दिन हुन अनुरोध सम्बन्धमा उपरोक्त बैंक अफ टोकियोमा संस्थानको नाममा खाता खोलिएको खाता नम्बर, स्टेटमेन्ट, नेराबैंकको स्वीकृति, उपरोक्त खातामा जम्मा भएको रू. ४.८१ अर्ब जापानी ऐन प्रमाणित हुने बैंक कागजात सम्बन्धमा व्यवस्थापकीय प्रतिकृया नभएकाले प्राप्ति नभए माग गरी सस्थानको लेखा अद्यावद्यिक तथा कारोवार नियमित गर्न बांकी रहेको छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रूपमा हाम्रो रायमा, बुंदा नं ४ मा औल्याएका विषयले विवरणहरूमा पर्ने असर बाहेक, सलग्न वित्तीय विवरणले सस्थानको २०७४ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र इक्वीटीमा भएको परिवर्तनको विवरणको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल खानेपानी संस्थान, २०७४/७५

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसै साथ नेपाल खानेपानी संस्थानको २०७५ असार मसान्तसम्मको वासलात एवम् सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा इक्विटीमा परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी संलग्न लेखा नीति तथा टिप्पणी सहितको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन लगायत अन्य ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवंम् उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्ने, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटीरहित भएकोबारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा संलग्न हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयार गरी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको उपयुक्तताबारे परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताका साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

लेखापरीक्षणमा प्राप्त प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय बिबरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्।

४.१ **संचालन नतिजाः** यस वर्षको नोक्सानी रु. ५ करोड ९३ लाख ६१ हजार सहित हालसम्मको संचित नोक्सानी रु. १ अर्ब २६ करोड २९ हजार देखिएको छ । संस्थानले खानेपानी महसुल निर्धारण आयोगबाट मिति २०७०।११।१ मा कायम गरेको खानेपानी महसुल दरबमोजिम नै खानेपानी शुल्क उठाउदै आएको

छ । संस्थानले लाभ लागतको विश्लेषण नगर्ने, खर्चमा नियन्त्रण नगर्ने (लागत अनुमान तथा स्वीकृति समेत एकै कर्मचारीले गर्ने, योजनाको लागत टुक्राई निर्माण र निर्माण सामाग्री खरिद अलग अलग गर्ने), प्रणाली मर्मतमा नियन्त्रण कमजोर रहनु तथा ऐनबमोजिम महसुल दर निर्धारणको लागि निवेदन समेत पेश नगर्ने परिपाटीले आयोजनाहरुको निर्माण खर्चमा समेत नियन्त्रण हुन सकेको देखिदैन भने नेपाल खानेपानी संस्थान ऐन,२०४६ दफा ११ बमोजिमको विवरण सहित सेवा प्रदायकले महसुल निर्धारणको लागि समय समयमा निवेदन समेत दिएको नदेखिंदा ऐनमा भएका कानुनी व्यवस्था तथा व्यावसायिक सिद्धान्तबमोजिम संस्थान संचालन भएमा संस्थान बार्षिक नोक्सानमा जानु पर्ने अवस्था देखिदैन । यस्तै अभ्यास भएमा संस्थान निरन्तर संचालन हुन सक्छ भन्ने अवस्था देखिदैन ।

४.२ **संस्थानको कोषः** आ.व. २०६८/६९ मा संस्थानको कोष शीर्षकमा रु. ४७०,०५३,७११.९० रहेकोमा आ.व. २०६९/७० मा खानेपानी तथा ढल निकास बिभागबाट मिति २०५६ श्रावण मसान्तमा हस्तान्तरित भई आएका १२ वटा शाखाहरुका ह्रास कट्टी पछिको खुद स्थिर सम्पत्तिबापतको रकम रु. ३७५,६५८,६९९।०१ लाई संस्थानको स्थिर सम्पत्तिमा लेखांकन गरी कोष हिसाबमा आम्दानी जनाइएको र यसरी हस्तान्तरण भएको १५ वर्ष पश्चात् हिसाबमा लेखांकन गर्दा सो सम्पत्तिहरुको हालको वास्तविक अवस्था यकिन गरी स्थिर सम्पत्तिमा पुंजीकरण गर्न योग्य सम्पत्तिहरुलाई मात्र पुंजीकरण गर्नुपर्नेमा सो बमोजिम नगरी एकमुष्ट रुपमा देखाइएकोले संस्थानको कोष तथा सम्पत्तिको रकमले उचित एवं यथार्थ चित्रण गरेको छैन । उक्त व्यहोरा विगतका लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा समेत कुनै सुधार भएको छैन ।

त्यस्तै गत वर्षको लेखापरीक्षणको प्रतिवेदनमा बहादुरगंज स्थित उपभोक्ता समितिबाट हस्तान्तरित बक्यौता अनुदान रकम विवरण संलग्न नगरी रु. ८ लाख ७५ हजार सस्थानको कोषमा थप गरी देखाईएकोमा उक्त बहादुरगंज खानेपानी आयोजनाको एक व्यक्तिको नाममा रहेको देखिएकाले सम्झौताअनुसार जडान भएका धाराको विवरण, अचल सम्पत्तिको विवरण, अन्य धरौटी विवरण र अग्रिम महसुल रकमको विवरण, नयाँ धारा धरौटीको विवरण र सो कार्यालयलाई भोगाधिकार प्राप्त जग्गाको विवरण लिई अभिलेख तथा लेखाकंन नगरेकोले संस्थानको वित्तीय विवरणले यथार्थ चित्रण नगरेको व्यहोरा उल्लेख गरिएकोमा स्थिति यथावत रहेको छ ।

४.३ **बैंक ऋणः** बिश्व बैंकबाट प्राप्त ऋण रु. १४ करोड २७ लाख २८ हजार र नेपाल सरकारको ऋण रकम रु. ५ अर्ब ५ करोड ७० लाख ५ हजारमा यस आर्थिक वर्षको व्याज रकम रु. १८ करोड ४९ लाख ३० हजार तिर्नको लागि व्यवस्था सहित आर्थिक वर्ष २०६९/७० देखि यस आर्थिक वर्षसम्मको व्याज रकम रु. ८० करोड ८९ लाख ४ हजार भुक्तानी दिन बांकी देखाईएकोमा महालेखा नियन्त्रक कार्यालयबाट भिडान गरी समर्थन नलिएबाट उक्त ऋण तथा व्याज रकमले यथार्थ प्रस्तुत गर्ने अवस्था देखिएन । त्यस्तै बिश्व बैंकबाट प्राप्त ऋण रु. १४ करोड २७ लाख २८ हजारको आर्थिक वर्ष २०६९/७० देखि व्याज समेत भुक्तानी गर्न नसकेको र संस्थान निरन्तर नोक्सानमा गएको अवस्थामा उक्त ऋण रकम चालु दायित्वमा देखाएबाट प्रस्तुत वर्गीकरण यथार्थपरक देखिदैन ।

त्यस्तै गत आर्थिक वर्षमा नेपाल सरकारसंग पोखरा खानेपानी सुधार आयोजनाका लागि सहायक ऋण सम्झौता जापानी ऐन ४ अर्ब ८१ करोड ३० लाख भएको सो प्राप्ति भएको प्रमाण पेश नभएबाट रकम प्राप्त भए नभएको लेखापरीक्षणबाट यकिन गर्न सकिएन ।

४.४ चालु दायित्व तथा व्यवस्थाः

४.४.१ **चालु दायित्वः** संस्थानको हिसाबमा रु. २९,८८४,७९८। विगत वर्षहरुबाट हिसाबमा जिम्मेवारी मात्र सर्दै आएको पाइयो । उक्त जिम्मेवारी सारी ल्याएको रकम मध्ये खानेपानी तथा ढल निकास विभागबाट हस्तान्तरण भई आएको रकम रु. १२ करोड अनुदान हिसाबमा सार्न व्यवस्थापनलाई निर्देशन दिइएको जवाफ प्राप्त भए तापनि चालु दायित्वबाट अनुदान हिसाब सारिएको छैन । उक्त रकमले चालु दायित्व र कोष हिसाबमा फरक परेको अवस्था देखिएको छ । त्यस्तै धरान शाखामा क्रेडिटर हिसाबमा खानेपानी आयोजना शीर्षकमा रु.११ लाख ८२ हजार विगत लामो समय देखि हिसाबमा जिम्मेवारी सार्दै ल्याएकोमा उक्त आयोजना हाल अस्तित्वमा नरहेकोले सो रकम भुक्तानी दिन नपर्ने जानकारी दिइएको तर सोको हिसाब समायोजन गरिएको छैन ।

४.४.२ **धरौटी दायित्वः** संस्थानले नयां धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैंक खाता (धरौटी) खोली जम्मा गर्ने नीति रहेको छ । संस्थान हिसाब भिडान गरेको तथा प्रतिकृयाबमोजिम समेत मिति २०७५

असार मसान्तमा धारा धरौटीबापतको दायित्व रु. १० करोड ८४ लाख ५९ हजार भएकोमा सम्बन्धित नगद तथा बैंक खातामा रु. १० करोड ४५ लाख ६९ हजार भएबाट रु. ३८ लाख ९१ हजार बैंकमा घटी मौज्दात रहेको छ । संस्थानको नीतिबमोजिम छुट्टै बैंक खातामा जम्मा नगरी खर्च खातामा रकम जम्मा हुने गरेबाट उक्त रकम फरक परेको व्यवस्थापनले जवाफ दिए तापनि सो हिसाब समायोजन गरेको छैन ।

त्यस्तै अधिकांश शाखा कार्यालयहरुले कतिपय निर्माण व्यवसायीहरुको धरौटी आर्थिक वर्ष २०५५।५६ साल देखिकै अल्या गर्दै आइराखेको हुंदा धरौटी दायित्वले यथार्थ प्रस्तुत गर्न सकेको देखिदैन ।

४.४.३ **शंकास्पद जिन्सी:** शंकास्पद जिन्सी व्यवस्थाको लागि संस्थानको स्पष्ट नीति रहेको छैन । संस्थानले विगत आर्थिक वर्षदेखि जिम्मेवारी सार्दै ल्याएको रकम रु. २,३१,७८२।२२ रहेकोमा यस आर्थिक वर्षमा भैरहवा शाखाको जिन्सी हिसाब मिलानको लागि रु. ९,२३,२१४।- वित्तीय विवरणमा थप गरेको छ । संस्थानकै एक शाखाको जिन्सी हिसाब समायोजनको लागि केन्द्रको हिसाबमा शंकास्पद व्यवस्था गर्नु सामान्य लेखा सिद्धान्त विपरित रहेबाट प्रस्तुत रकमले यथार्थ चित्रण गरेको छैन ।

४.४.४ **अवकाश कोष व्यवस्था:** गत वर्षसम्म अवकाश कोष शीर्षकमा रु. ६१६,२६३,९९७।५० रहेकोमा यस वर्ष नाफा नोक्सान हिसाबमा रु. १,८१,५५,९५७।३० थप व्यवस्था र रु. ९,७९,०१,५११।२९ भुक्तानी गरी वर्षान्तमा अवकाश कोष शीर्षकमा रु. ५३,६५,१८,४४३।५१ देखाइएकोमा नेपाल लेखामानबमोजिम Actuarial Valuation नगरिएकोले प्रस्तुत व्यवस्था रकमको पर्याप्तता यकिन गर्न सकिएन ।

४.४.५ **शंकास्पद आसामी व्यवस्था:** संस्थानले शंकास्पद आसामी व्यवस्थाबापत अन्तिम आसामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद आसामी व्यवस्था गर्ने गरेको पाइयो । गत वर्षसम्म शंकास्पद आसामी व्यवस्थाबापत रु. ५,३०,०७,३९८।१० रहेकोमा यस वर्ष नाफा नोक्सान हिसाबमा रु. ५०,७९,७२७।६४ खर्च लेखी वर्षान्तमा रु. ५८,०८७,१२५।७४ देखाईएको छ । शंकास्पद आसामी लेखांकन गर्दा आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नुपर्नेमा सो गरिएको पाइएन ।

अधिकांश शाखा कार्यालयहरुले यस वर्ष असुली गरेको रकमको तुलनामा शाखा कार्यालयहरुको उठ्न बांकी बक्यौता रकम धेरै नै रहेको पाइयो । जस्तै राजविराज शाखाको यस वर्ष धारा महसुल आम्दानी रु. ५८.७५ लाख देखिएकोमा लिन बांकी रकम रु. ११३.९२ लाख देखिई करीव १९३.९ प्रतिशत बक्यौता रहेको देखियो । यी सवैका आधारमा व्यवस्था संस्थानले हाल गरेको शंकास्पद आसामी व्यवस्था रकमले वित्तीय विवरण यथार्थपरक प्रस्तुत हुन सकेको छैन ।

४.४.६ **जीबन बीमा कोष:** वर्षान्तमा संस्थानको जीवन बीमा कोष अन्तर्गत वर्षान्तमा दायित्व रु. ३,२८,३१,९२६। रहेकोमा सोबापत रु. १,५३,२२,८७९। जीवन वीमा कोष खाता खोली जम्मा गरेको रकम गत वर्षकै रहको पाइयो । सस्थानबाट अवकाश हुंदा नियमानुसार भुक्तानी दिदै आएको संचित विमाको रकम यसै कोषबाट भुक्तानी गर्ने जवाफ प्राप्त भए तापनि उक्त कोष रकममा यस वर्ष थप व्यवस्था नगरेबाट संस्थान उक्त दायित्व यथार्थपरक भए नभएको यकिन गर्न सकिने अवस्था छैन ।

४.५ **स्थिर सम्पत्ति:** संस्थानले यस वर्ष स्थिर सम्पत्तिमा रु. २ अर्ब ३६ करोड ७० लाख ३३ हजार प्रस्तुत गरेकोमा उक्त सम्पत्तिमा भवन, भूमि, सर्भिस रिजर्भ्वायर, पाइपलाईन, ढल, वेल, प्लान्ट एण्ड मेशिनरी र अन्य गरी अनुसूचीमा उल्लेख गरेको छ । संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्तिहरुको विस्तृत विवरणहरु जस्तै सम्पत्तिको नाम, मोडल र स्पेसिफिकेशन, कोड नं., जग्गाधनी नम्बर, ह्रास कट्टी रकम, प्रयोग भएको स्थान, सम्पत्तिहरुको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मूल्य, निर्माण सम्पन्न भएको मिति र कार्य सम्पन्न मूल्य, योजनाहरु रहेको स्थान आदि खुल्ने गरी स्थिर सम्पत्ति अभिलेख तयार गरी अद्यावद्यिक गर्न बांकी रहेको अवस्था भएबाट स्थिर सम्पत्तिले यथार्थ चित्रण गरेको यकिन गर्न सकिदैन ।

सस्थानले आफनो स्वामित्वमा रहेका र भोगचलन गरिएका घरजग्गा मध्ये केही शाखाहरुमा लालपुर्जा लिन बांकी रहेको र स्वामित्वमा नरहेका तर भोग चलन गर्दै आईरहेको घरजग्गा लगायतका सम्पत्तिहरुको अभिलेख र त्यस्तो भोगाधिकार कागजातहरु, नापि, नक्सा, फिल्ड उतार, वास्तविक क्षेत्रफल समेत उल्लेख, संकलन तथा सुरक्षित राखी तयार/अद्यावद्यिक गर्न बांकी रहेको अवस्था रहेको छ । सस्थानले भोगाधिकार गरी आएका सम्पत्तिहरु मध्ये सस्थानको स्वामित्वमा ल्याउन पर्ने सम्पत्तिहरु

छुट्याई सस्थानको स्वामित्वमा ल्याउने कार्य बांकी रहेको अवस्था रहेको छ ।

संस्थानले नेपाल सरकारको निर्णय वमोजिम खानेपानी तथा ढल निकास विभागबाट १२ वटा शाखाहरु (भद्रपुर, राजविराज, लहान, जलेश्वर, मलंगवा, गौर, भरतपुर, तौलिहवा, कृष्णनगर, धनगढी, महेन्द्रनगर र कलैया) नेपाल खानेपानी संस्थानमा मिति २०५६ श्रावणबाट हस्तान्तरण भई आएकोमा आ.व. २०६९।७० मा आएर मात्र उपरोक्त शाखाहरुको स्थिर सम्पत्तिबापतको खुद रकम रु. ३७५,६५८,६९९।०१ लाई स्थिर सम्पत्तिमा लेखांकन गरिएको र यसरी हस्तान्तरण भएको १५ वर्ष पश्चात् हिसाबमा लेखांकन गर्दा सो सम्पत्तिहरुको वास्तविक अवस्था यकिन गरी स्थिर सम्पत्तिमा पुंजीकरण गर्न योग्य सम्पत्तिहरुलाई मात्र पुंजीकरण गर्नुपर्नेमा सो वमोजिम नगरी एकमुष्ट रुपमा देखाइएकोले संस्थानको स्थिर सम्पत्तिको रकमले उचित एवं यथार्थ चित्रण नगर्ने देखिएकोमा सो उपर आवश्यक पुनरावलोकन भएको देखिएन ।

४.६ **वित्तीय प्रतिवेदनको प्रस्तुतिः** सार्वजनिक संस्थानको लागि आ.व. २०७४।७५ (२०७२।७३ देखि) मा नेपाल वित्तीय प्रतिवेदनमानहरु (Nepal Financial Reporting Standard) लागु गरिएकोमा सस्थानले तयार गरेको वित्तीय विवरण सोबमोजिम तयार गरिएको छैन । उक्त लेखामानबमोजिम वित्तीय विवरणमा सम्पत्ति, दायित्व, आम्दानी तथा खर्चहरुको मूल्यांकन गरी प्रस्तुत गरिएको छैन ।

५. **व्यवस्थापन पत्रः** व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा, माथि बुंदा नं ४ मा औल्याएका विषयले विवरणहरुमा पर्ने असर बाहेक, सलग्न वित्तीय विवरणले सस्थानको २०७५ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह र ईक्वीटीमा भएको परिवर्तनको विवरणको सामान्य लेखा सिद्धान्तबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

नेपाल टेलिभिजन, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले यसैसाथ संलग्न टेलिभिजन संस्थानको असार ३१, २०७६ (तद्नुसार जुलाई १६, २०१९) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाता तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकताअनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्नुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने

क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

४.१. स्टोर सम्बन्धमा : स्टोर विवरण कम्प्युटरमा राख्न सुरु गरिए तापनि रजिस्टरमा टिपोट गरिएकोसँग मेल नखाएको पाइयो । सफ्टवेयर विगत वर्षदेखि नै यस कार्यको लागि खरिद गरिएको भए तापनि उपयोग अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

४.२. स्थिर सम्पत्ति सम्बन्धमा : स्थिर सम्पत्ति कुन ठाउंमा अवस्थित छन् भनी विवरण तयार पारिएको तर प्रत्येक स्थिर सम्पत्तिको कोडिङ नगरिएको पाइयो ।

४.३. समाचार महाशाखा सम्बन्धमा : समाचार महाशाखा व्यावसायिक रुपमा संस्थागत हुन नसकेको साथै सम्पूर्ण भूगोल तथा वर्ग समावेशी सूचना अझ विस्तार गर्नुपर्ने समेत देखियो ।

४.४. कार्यक्रम महाशाखा सम्बन्धमा : नेपाल सरकारको उद्देश्य प्राप्त गर्न सम्पूर्ण जनतालाई सुसूचित गर्ने सूचनामुलक कार्यक्रमका साथसाथै संस्थानको आन्तरिक कार्यक्रमको गुणस्तर, निर्माताहरुको लक्षित कार्यक्रम उत्पादनको दर तथा परिमाण निर्धारण तथा नेपाल टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम दर्शक श्रोतामाझ प्रभावकारी बनाउनेतर्फ अग्रसर हुनुपर्ने देखिन्छ ।

4. Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRSsand International Financial Reporting Standard (IFRS) wherever applicable NFRS has not been pronounced/updated, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

Those charged with governance are responsible for overseeing NRB's financial reporting process.

5. Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

a. Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control,
b. Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the internal control,
c. Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management and
d. Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in amanner that achieves fair presentation.

We communicate with the management regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

नेशनल ट्रेडिङ्ग लिमिटेड, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :

हामीले नेशनल ट्रेडिङ्ग लिमिटेडको २०७६ अषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी:

नेपाल वित्तीय प्रतिवदनमान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी:

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको अन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो अन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको

उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. राय व्यक्त गर्न अस्वीकारको लागि आधार

४.१ नेपाल सरकारको स्वामित्व भएको कम्पनीले आर्थिक वर्ष २०७२।७३ देखि लागु हुने गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ । यद्यपी कम्पनीले लेखा नीतिमा उल्लेख गरेअनुसार सर्वमान्य लेखा नीतिको आधारमा वित्तीय विवरण तयार गरेको छ । नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) लागु गरी वित्तीय विवरण तयार गर्दा वित्तीय विवरणमा पर्ने प्रभाव सम्बन्धमा पर्याप्त प्रमाण उपलब्ध नभएको र यसको प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्दछ ।

४.२ कम्पनीले लेखा नीतिको बुँदा ७ मा उल्लेख गरेअनुसार वर्षान्तको जिन्सी मौज्दातको मूल्यांकन परल मोलमा गरेको छ । गत वर्षसम्म बेचल्तीका सामानको ३० प्रतिशत, लिलाम गर्नुपर्ने सामानको ९० प्रतिशत र नास्नुपर्ने सामानको १०० प्रतिशत परल मूल्य न्यून गरिएको छ । यस आर्थिक वर्षमा कम्पनीले बजार मूल्य मूल्याङ्कन नगरी गत आर्थिक वर्षको मूल्य नै वित्तीय विवरणमा प्रस्तुत गरेको छ । हाम्रो विचारमा बजार मूल्य तय नगरी अनुमानका आधारमा जिन्सीको परल मूल्य न्यून गर्ने नीति प्रचलित अभ्यास अनुरुप रहेको छैन ।

४.३ वर्षान्तमा केन्द्रीय कार्यालय र शाखा कार्यालयको लिनुपर्ने र दिनुपर्ने हिसाब मिलान गर्नुपर्नेमा शाखा कार्यालयहरुले दिनुपर्ने रकम रु. ५,२१,२८,६७५।४९ र केन्द्रीय कार्यालयले लिनुपर्ने रकम रु. ६,३१,५८,६९३।८० भई खुद मौज्दात डे. रु. १,१०,३०,०१८।३१ को फरक भएको पाइयो । यद्यपी कम्पनीले केन्द्रीय र शाखा कायालयहरुको लिनुपर्ने र दिनुपर्ने रकमको हिसाब मिलान विवरण तयार गरेको छैन ।

४.४ कम्पनीले अनुसूची ७ मा प्रस्तुत गरेको विभिन्न आसामी रु. २१,०३,३९,८७६।८० र अनुसूची ९ मा प्रस्तुत गरेको धरौटी तथा अन्य पाउनुपर्ने रकम रु. ६,९६,७९,७०३।४४ को समर्थन पत्र र अवधिअनुसारको वर्गीकरण विवरण प्राप्त हुन सकेन । लेखापरीक्षणको क्रममा विगत वर्षहरुबाट अ. ल्या. हुदै आएको उक्त रकमको असुलीको लागि गरेको कारबाही सम्बन्धी प्रमाण पेश नभएको र यस आर्थिक वर्षमा असुली समेत नभएकोले उक्त प्राप्य रकम असुली हुनेमा विश्वस्त हुन सकिएन । कम्पनीले प्रत्येक वर्षान्तमा प्राप्त हुनुपर्ने रकम मध्ये असुली नहुने रकमको अनुमान गरी सोही आधारमा सम्भावित नोक्सानी व्यवस्था गर्नुपर्नेमा त्यस्तो अनुमान नगरेकोले कम्पनीले आर्थिक वर्ष २०५८।५९ सम्म गरेको रु. २,६६,१०,५५१।६५ को नोक्सानी व्यवस्था हाल पर्याप्त रहेकोमा विश्वस्त हुन सकिएन ।

४.५ लेखापरीक्षणको क्रममा कम्पनीले अवलम्बन गरेका देहाएका नीति, लेखांकन तथा खुलासा सर्वमान्य लेखा नीति अनुरुप रहेको छैन :

४.५.१ कम्पनीले नेपाल लेखामान तथा लेखाको प्रचलित अभ्यासअनुसार आर्थिक वर्षको अन्त्यमा कम्पनीको ईक्वीटीमा भएको परिवर्तन चित्रण गर्ने ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण तयार गरेको छैन ।

४.५.२ हाम्रो विचारमा लेखा नीतिको बुँदा ५ (घ) मा उल्लिखित टिप्पणीअनुसार कम्पनीले आयकर ऐन, २०५८ अनुसार ह्रास कट्टी गणना गरेकोमा सो विधि प्रचलित अभ्यास अनुरुप रहेको छैन ।

४.५.३ कम्पनीको अनुसूची ३ मा रहेको नेपाल सरकारबाट पाँच प्रतिशत ब्याज दरले प्राप्त सुरक्षित ऋण रु. ३५,९२,६४,२७५।९४ प्रत्येक वर्ष भुक्तनी गर्नुपर्नेमा यस आर्थिक वर्षमा कुनै पनि रकम भुक्तनी भएको छैन । साथै, सो ऋणबापत यस आर्थिक वर्षमा तिर्नु पर्ने ब्याज खर्च रु. १,७९,६२,२१३।८० को व्यवस्था गरेको पाइएन ।

४.५.४ २०७४ माघ १५ गतेको मन्त्रिपरिषद् बैठकले नेशनल ट्रेडिङ लिमिटेडको सम्पूर्ण सम्पत्ति नेपाल सरकारको नियन्त्रणमा रहने गरी नेशनल ट्रेडिङ लिमिटेडलाई खारेज गर्ने निर्णय गरेको थियो । तत् पश्चात् नेपाल सरकारको आ.व. २०७५/७६ को लागि संसदमा पेश भएको बजेट बक्तव्य मार्फत खाद्य संस्थानलाई राष्ट्रिय आपूर्ति कम्पनीको रुपमा पुनर्संरचना गरी नेशनल ट्रेडिङ्ग लिमिटेडको सम्पत्ति र दायित्व सो कम्पनीमा गाभ्ने निर्णय गरेको थियो । बैशाख ०३, २०७६ मा बसेको कम्पनीको ३१ औँ साधारणसभाले कम्पनीलाई गाभ्ने निर्णय गरेको तथा माघ २०७६ सम्ममा सम्पूर्ण कर्मचारीलाई अवकाश दिइ सकेको

देखिन्छ । यसैगरी मिति २०७६।०४।२८ गते नेशनल ट्रेडिङ लिमिटेड र नेपाल खाद्य संस्थान खारेज भई खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड स्थापना भएको र २०७६।०५।०३ देखि कारोबार सुरु भएको देखिन्छ । कम्पनी गाभिए पश्चात् स्थापना भएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको संचालक समितिले नेशनल ट्रेडिङ लिमिटेडको प्रस्तुत वित्तीय विवरण स्वीकृत गरेको छ । कम्पनीले वित्तीय विवरणमा यस सम्बन्धी विवरण खुलासा गरेको छैन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

यस प्रतिवेदनको प्रथम परिच्छेदमा उल्लेख भइसकेको सन्दर्भलाई स्मरण गर्दै लिमिटेडले NFRS अपनाई सकेको अवस्था नरहेको हुँदा ती विवरणहरुले NFRS अनुरुप वित्तीय सूचना प्रवाह नभएको विषयलाई ध्यानाकर्षण गर्दै हामी राय व्यक्त गर्दछौं कि, माथि बुँदा नं ४. मा उल्लिखित कैफियतका विषयले वित्तीय विवरणमा पर्ने असर बाहेक नेपाल नेशनल ट्रेडिङ्ग लिमिटेडको संलग्न २०७६ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र महत्वपूर्ण लेखा नीति तथा लेखा टिप्पणीले विगतमा अपनाइएका लेखा नीतिहरु र नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

प्रेश काउन्सिल नेपाल, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले यसैसाथ संलग्न प्रेस काउन्सिल नेपालको २०७६ असार मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाजी वा गल्तीबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, उपर्युक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षण आधारमा राय ब्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण गरेका छौ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणकाबारेमा प्रष्टाइएका यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूतरुपमा गलत आंकडा प्रस्तुति हुनसक्ने कुरा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने लेखापरीक्षण कार्यविधि निर्धारण एवं परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. लेखापरीक्षणको कैफियत सहितको राय व्यक्त गर्ने आधार

वित्तीय विवरणहरुमा उल्लिखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौ । लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

४.१ **खर्च निर्देशिका** - प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७ नियम १२ अनुसार अनुसूचीमा हेरफेर गर्नुपर्दा मन्त्रालयको स्वीकृति लिनुपर्ने र नियम १३ अनुसार काउन्सिलले निर्देशिका बनाई लागु गर्न सकिने अधिकार दिएको छ । सोअनुसार प्रेस काउन्सिल नेपाल खर्च निर्देशिका, २०६९ लाई संशोधन गरी प्रेस काउन्सिल नेपाल खर्च निर्देशिका, २०७५ बनाई लागु गर्दा काउन्सिल अन्तर्गत सञ्चालन हुने प्रत्येक क्रियाकलापमा आर्थिक कारोवारलाई मितव्ययी, प्रभावकारी यथार्थपरक र व्यवहारिक बनाई आधिकारिक उपलब्ध हासिल गर्न काउन्सिलले आम्दानी समेतलाई ध्यानमा राखी नेपाल सरकारलाई थप आर्थिक दायित्व नगर्ने गरी खर्च निर्देशिका तर्जुमा गरेको पाइयो । तर खर्च निर्देशिका, २०६९ को संशोधनले सो खर्चको सीमा बढाइएकोले आर्थिक दायित्व बढ्ने भएकोले मन्त्रालयको स्वीकृति लिएर मात्र खर्च निर्देशिका लागु गर्नुपर्ने देखिन्छ ।

४.२ **बैठक भत्ता-** यस आर्थिक वर्षमा बोर्ड बैठक, उपसमितिहरूको बैठक बसी बैठक भत्ता रु. १८,७४,९२७।- र परिवहन भत्तामा रु. ७,३०,६४३।८७ समेत जम्मा रु. २६,०५,५७०।८७ खर्च लेखिएको देखिन्छ । यस सम्बन्धमा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा कार्य सञ्चालन निर्देशिका, २०७० को दफा ७.१.१(६)अनुसार बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरू राख्न पाइने छैन । तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जना मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने छ भन्ने व्यवस्था छ । तर अधिकांश बैठकमा आमन्त्रित सदस्यको रुपमा प्रेस काउन्सिलको पदाधिकारी तथा कर्मचारीहरू कुनै बैठकमा २ जना, कुनै बैठकमा ३ जना गरी आमन्त्रित सदस्यको रुपमा बैठकमा भाग लिई बैठक भत्ता लिने गरेको देखिएको छ । त्यस्तै काउन्सिलका कर्मचारीहरूबाट नियमित काम गरी कार्य सम्पन्न गर्न सकिनेमा पनि निम्नअनुसार बैठक बसी रु. १८,२०,०००।०० बैठक भत्ता भुक्तानी गरेको पाइयो । तसर्थ अर्थ मन्त्रालयको निर्देशिकाको पालना भएको देखिएन । यस्तो किसिमको आर्थिक कृयाकलापलाई नियन्त्रण गरी आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षणको कैफियत सहितको राय

हाम्रो रायमा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेद ४.१ देखि ४.२ सम्ममा उल्लेख गरी औल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले नेपाल लेखामान र महालेखापरीक्षकको कार्यालयले जारी भएको मार्गदर्शनको आधारमा यस काउन्सिलको २०७६ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

रघुगंगा हाइड्रोपावर लिमिटेड, २०७५/७६

1. Qualified Opinion

We have audited the financial statements of Raghuganga Hydropower Ltd., which comprise the statement of financial position as at Ashadh 31, 2076, and the statement of profit or loss and other comprehensive income, statement of changes in equity and statement of cash flows for the year then ended, and notes to the financial statements, including a summary of significant accounting policies.

In our opinion, except for the effects of the matter described in the basis for qualified opinion

section, the financial statements:

- give a true and fair view of the state of the company's affairs as at Ashadh 31, 2076 and of its profit or loss for the year then ended;
- have been properly prepared in accordance with Nepal Financial Reporting Standards (NFRSs); and
- have been prepared in accordance with the requirements of the Companies Act, 2063 (First Amendment 2074).

2. Basis for Qualified Opinion

2.1 RaghugangaHydropower Ltd. (the company) was established as a public limited company through the 738th board meeting of Nepal Electricity Authority (NEA) dated 2073.06.16. The company was established for the construction of Rahughat Hydroelectricity Project (the project) which was being operated as a separate project of NEA. As required by Section 24 of Nepal Electricity Authority Act, 2041, the approval of Government of Nepal was not obtained to transfer the assets and liabilities of the Project to the company.

- However, even though the assets are under the control of the company and there is inflow of economic benefits from those assets, the company has not recognized those assets in the financial statements.
- Similarly, even though the obligations have been assumed and some are being settled by the entity which were originally originated from the project, the liabilities have not been recognized in the financial statements.

2.2 The company has been depreciating the property, plant and equipments purchased during the year at the rate half of the normal rate. The practice is against the provision of Paragraph 55 of Nepal Accounting Standards 16, Property, Plant and Equipments. That paragraph states that depreciation of an assets begins when and item of Property, Plant and Equipment is available for use.

As we could not obtain the information regarding both of the points above, we could not quantify the financial impact of both of the points in the financial statements.

We conducted our audit in accordance with Nepal Standards on Audit (NSA). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our qualified opinion.

3. Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with NFRSs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

4. Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a

whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with Nepal Standards on Audit will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with Nepal Standards on Audit, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Group's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Company to express an opinion on the financial statements. We are responsible for the direction, supervision and performance of the audit. We remain solely responsible for our audit opinion.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको (यसपछि कम्पनी भनिएको) २०७६ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं

उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन्।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन। व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्यांकन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ।

हामीले प्राप्त गरेको प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

४. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

४.१ **बाँडफाँड भएको शेयरमध्ये चुक्ता हुन बांकी शेयर सङ्ख्या :** बाँडफाँड भएको शेयरमध्ये नेपाल विद्युत प्राधिकरणबाट चुक्ता हुन बांकी शेयर सङ्ख्या २ करोड ३० लाख ३९ हजार ९ सय ९९ कित्ताबापत रकम भुक्तानी लिन कम्पनी ऐनबमोजिम आवश्यक कारबाही अगाडि बढाउनु पर्दछ।

४.२ **संचित विदा :** कम्पनीले कर्मचारी संचित विदा दायित्वबापत रु. १,३८१,९९४।२५ व्यवस्था गरेको छ। नेपाल लेखामान १९ को अनुच्छेद ६६ र ६७ बमोजिम कम्पनीले उक्त संचित घर विदा दायित्वलाई अक्च्युरियल मूल्यांकन गर्नुपर्दछ।

४.३ **शेयर लगानी :** कम्पनीले सूचीकृत नभएको शेयर लगानी रु.१९,५५०,०००। लागत मूल्यमा नै लेखांकन गरेको छ। नेपाल लेखामान ३६ बमोजिम उक्त शेयर लगानी रकमलाई क्षति जाँच गर्नुपर्दछ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ।

६. कम्पनी ऐन, २०६३ मा उल्लेख भएका व्यवस्था सम्बन्धमा प्रतिवेदन

क) लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वासअनुसार आवश्यक सूचना एवं स्पष्टीकरण प्राप्त भयो।

ख) कम्पनीको हिसाब किताब, बहीखाता, श्रेस्ता र लेखा प्रचलित कानुनबमोजिम राखिएको छ।

ग) वित्तीय विवरण्हरु कम्पनीले राखेको हिसाब किताब, बहीखाता, श्रेस्ता र लेखासंग दुरुस्त रहेको छ।

घ) हाम्रो रायमा पेश भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु प्रचलित कानुनबमोजिम तोकिएको ढांचामा र तरिका अनुरुप तयार भएको छ।

ङ) हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टीकरण र कम्पनीको हिसाब किताबको लेखापरीक्षणको सिलसिलामा संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले जानाजानी लेखा सम्बन्धी कानुनी व्यवस्था विरुद्ध कामकाज गरेको वा कम्पनीलाई हानि नोक्सानी गरेको वा गराएको वा कम्पनीको कोषको हिनामिना गरेको हाम्रो जानकारीमा आएको छैन ।

७. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा हाम्रो रायमा माथि उल्लिखित बुँदा नं. ४ मा औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको २०७६ असार मसान्तको वित्तीय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेड, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेडको २०७६ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतीकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । हामीले नेपाल वित्तीय प्रतिवेदनमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुति भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ ।

४. राय व्यक्त गर्न असमर्थता

हामीले यसैसाथ संलग्न राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेडको असार ३१, २०७६ (तदनुसार जुलाई १६, २०१९) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गर्न लेखापरीक्षकको रुपमा नियुक्त भएका छौं ।

लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरूको आधारमा, हाम्रो रायमा यसै प्रतिवेदनको बुँदा १.२ (क) मा उल्लेख भएको व्यहोराअनुसार कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरण तयार गर्नुपर्नेमा हाम्रो लेखापरीक्षणको क्रममा त्यस्तो वित्तीय विवरण उपलब्ध नभई कम्पनीको व्यवस्थापनले तय गरेको लेखा नीतिहरु अनुरुपको वित्तीय विवरण प्रस्तुत भएकोले प्रस्तुत वित्तीय विवरण उपर नेपाल वित्तीय प्रतिवेदनमानअनुसार राय व्यक्त गर्न असमर्थ रहेका छौं ।

४.१ राय व्यक्त गर्न असमर्थताको आधार

४.१.१. कम्पनी ऐन, २०६३ को दफा १०८ को उपदफा (२)अनुसार कुनै पनि कम्पनीले आफ्नो लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कम्पनीको कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्वित हुने गरी प्रचलित कानुनबमोजिम अधिकारप्राप्त निकायले लागु गरेको लेखमान र कम्पनी ऐनबमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था अनुरुप राख्नु पर्दछ । नेपालमा लेखामान जारी गर्ने आधिकारिक निकाय नेपाल लेखमान बोर्ड हो र सो बोर्डले जारी गरेका लेखामान नेपाल चार्टर्ड एकाउन्टेण्ट्स् संस्थाको निर्णयानुसार लागु हुने कानुनी व्यवस्था छ । सोहीबमोजिम नेपाल चार्टर्ड एकाउन्टेण्ट्स् संस्थाले नेपाल सार्वजनिक क्षेत्र लेखामान लागु नगर्ने सरकारी कम्पनीको हकमा आर्थिक वर्ष २०७२/७३ बाट नेपाल वित्तीय प्रतिवेदनमान पालना गरी वित्तीय विवरण तयार गर्नुपर्ने गरी तोकिएको छ । तर लेखापरीक्षणका सिलसिलामा वित्तीय प्रतिवेदनमानअनुसार वित्तीय विवरण तयार गरिएको छैन तथा सोबमोजिम अन्य खुलासा पनि गरिएको छैन ।

४.१.२. नेपाल लेखामान १६ **Property, plant and Equipment** बमोजिम स्थिर सम्पत्तिमा ह्रास कट्टी सम्पत्तिको ह्रासयोग्य मूल्यमा सम्पत्तिको आयु अवधिमा वैज्ञानिक ढंगले गर्नुपर्ने हुन्छ । कम्पनीको व्यवस्थापनले सम्पत्ति प्रयोगको तरिका तथा अवधि अनुमान गरी सोहीबमोजिमको ह्रास कट्टी नीति लिनु पर्दछ । तर कम्पनीले स्थिर सम्पत्तिमा ह्रास कट्टी आयकर ऐन, २०५८ को अनुसूची २ मा तोकिएको तरिका तथा दरले गरेको छ ।

४.१.३. नेपाल लेखामान **२ Inventoriescg';f/** अन्तिम जिन्सी मौज्दातलाई लागत मूल्य र खुद प्राप्त योगी मूल्य मध्येको कम मूल्यमा देखाउनु पर्ने हुन्छ । नेपाल लेखामान ०२ Inventories को Paragraph 10cg';f/ जिन्सी मौज्दातको लागतमा खरिद मूल्य, रुपान्तरण लागत तथा त्यस जिन्सीलाई वर्तमान स्थान र अवस्थामा ल्याई पुऱ्याउन लाग्ने अन्य खर्चहरु समावेश गर्नुपर्छ । तर कम्पनीले गहुको बिउको अन्तिम मौज्दातको मूल्याङ्कन खुद प्राप्त योग मूल्यमा गरेको र अन्य बिउको अन्तिम मौज्दातको मूल्याङ्कन खरिद मूल्यमा गरेको छ । कम्पनीले अन्तिम मौज्दातको मूल्यांकन गर्दा खरिदसँग सम्बन्धित खर्च जस्तै ढुवानी भाडा, औषधि खर्च, बिउ प्रशोधन ज्यालालाई समावेश गरेको छैन ।

४.२ विषयवस्तुमा जोड (Emphasis of Matter): प्रस्तुत वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीको बुँदा २.२ मा उल्लेख भएअनुसार यस कम्पनी कृषि सामग्री कम्पनी लिमिटेडसँग गाभिएको व्यहोरातर्फ ध्यानाकर्षण गराउन चाहन्छौं । यस सम्बन्धमा हाम्रो रायमा परिमार्जन (modify) गरिएको छैन ।

४.३ वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी: नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितका हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी राष्ट्रिय बिउ बिजन कम्पनी लिमिटेडको व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा कम्पनीको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत कम्पनीलाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ ।

४.४ सार्वजनिक खरिदसँग सम्बन्धित कानुनको अनुपालना सम्बन्धमा:

त्रुटिपूर्ण खरिद प्रक्रिया : कम्पनीको नेपालगञ्ज शाखा कार्यालयको बिउ बिजन राख्ने गोदाम निर्माण कार्यका लागि मिति २०७३/०५/२२ गतेको नेपाल समाचार पत्रमा ३० दिनको म्याद दिई बोलपत्र

आह्वान गरेको पाइयो । बोलपत्र आह्वान भए पश्चात् शिव शक्ति निर्माण सेवालाई ठेक्का दिएकोमा खरिद प्रक्रियाको उपयुक्तताको सम्बन्धमा लेखापरीक्षणको क्रममा देहायमा उल्लेख भएबमोजिम विभिन्न कागजात प्राप्त हुन सकेन । त्यस्तै, उक्त ठेक्का प्रक्रियासँग सम्बन्धित लेखापरीक्षणको क्रममा प्राप्त टिप्पणीहरु देहायबमोजिम रहेका छन् :

५. **व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६ **लेखापरीक्षकको राय**

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लिखित व्यहोराले पार्न सक्ने असर बाहेक राष्ट्रिय बिउ बिजन कम्पनी लि को २०७६ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाह तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरणको नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

राष्ट्रिय समाचार समिति, २०७५/७६

१. **वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन :**

हामीले यसैसाथ संलग्न राष्ट्रिय समाचार समितिको असार मसान्त, २०७६ को वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :**

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाता तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकताअनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

३. **लेखापरीक्षकको जिम्मेवारी :**

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । लेखापरीक्षण नेपालको लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा सम्पन्न गरिएको छ । ती लेखापरीक्षणमान तथा मार्गदर्शनअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुति गर्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्नुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणमा उल्लिखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणबारेमा पुष्ट्याइँ गर्ने यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन सहितको व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ, तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार :

४.१ उपदान कोष, औषधी उपचार कोष, बिदाबापतको रकमको व्यवस्था

रासस्मा रहेका कर्मचारीहरुको उपदान, औषधी उपचार र बिदाबापत यस आर्थिक वर्षसम्ममा सिर्जित दायित्व रु. ३०,९३,७७,१६१ लाई उपयुक्त व्यवस्था गरेर खर्च लेखी वासलातमा कर्मचारी व्यवस्था अन्तर्गत लेखांकन गर्नुपर्नेमा लेखा सम्बन्धी टिप्पणीमा मात्र उपदान कोष, औषधी उपचार कोष र बिदाबापतको रकमकोबारेमा उल्लेख गर्ने गरेको पाइयो ।

४.२ जग्गाहरुको लालपुर्जा

समिति अन्तर्गत रहेका जग्गा उपर समितिको हक दावी गर्न अनिवार्य रुपमा उक्त जग्गाहरुको लालपुर्जा समितिको नाममा हुनुपर्नेमा राजविराजमा अवस्थित १ कट्ठा २ धुर र धनगढी-४ कैलालीमा अवस्थित कित्ता नं २३३ को लालपुर्जा समितिसँग नभएको हुँदा उल्लिखित जग्गा उपर समितिको कानुनी नियन्त्रण/अधिकार भएको वा नभएको यकिन गर्न सकिएन ।

४.३ आसामीहरु

विगत वर्षहरुबाट अल्या हुँदै आएको आसामीहरुबाट रकम उठाउन आवश्यक कार्यवाही गरी रकम उठ्ने वा नउठ्ने हो यकिन गरी सोही अनुरुप हिसाब मिलान गर्नुपर्नेमा समितिमा रहेको आसामीहरुबाट उठ्नुपर्ने रकम रु. ४५,४२,२४३/- विगत धेरै वर्षहरुबाट अल्या हुँदै आए तापनि उक्त आसामीहरुबाट रकम उठाउन ठोस प्रयास गरेको पाइएन र उठ्ने वा नउठ्ने हो यकिन गरी हिसाब मिलान समेत गरेको पाइएन ।

४.४ समाचार शुल्क आम्दानी र विगतको खर्च

आर्थिक वर्षभरीमा भएका वा हुनुपर्ने आम्दानी तथा खर्चहरुलाई सोही आर्थिक वर्षमा लेखांकन गर्नुपर्ने व्यवस्था नेपाल लेखामानमा रहेको छ । यस समितिले सानो समाचारको शुल्कबापत उठेको रकम रु. २,६१,३००/- आर्थिक वर्ष २०७५/७६ मा दायित्व बाँध्नु पर्नेमा यो आर्थिक वर्ष २०७६/७७ सालमा आम्दानी जनाएको पाइयो । साथै यस समितिले आर्थिक वर्ष २०७४/७५ को पारिश्रमिकबापतको रकम रु. ३७,४९,४२७/- यस आर्थिक वर्षमा आएर खर्च लेखांकन गरेको पाइएकोमा यस्तो खर्च लेख्न मिल्ने देखिएन ।

५. व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

६. लेखापरीक्षकको राय

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने अधारका रुपमा हाम्रो रायमा माथि बुदा न. ४.१ देखि ४.४ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संलग्न वित्तीय विवरणले समितिको २०७६ असार मसान्तको वित्तीय अवस्था, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान, नगद प्रवाह, अन्य विस्तृत आयको विवरणको नेपाल वित्तीय प्रतिवेदनमानबमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ ।

राष्ट्रिय सहकारी विकास बोर्ड, २०७४/७५

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले राष्ट्रिय सहकारी विकास बोर्ड (यसपछि "बोर्ड" भनिएको) २०७५ साल असार ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७४।७५ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आम्दानी खर्च हिसाब र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी संलग्न भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, अभ्यास र प्रचलन अनुरुप वित्तीय विवरणहरु तयार गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी बोर्डको व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरु जालसाजी, त्रुटी र गलत आंकडा रहित सारभूत रुपमा प्रस्तुतीकरण गर्ने, बोर्डको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने र आवश्यकताअनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। नेपाल लेखापरीक्षणमानले निर्देशन गरेको मार्गदर्शन र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्ग निर्देशिकाको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणमानअनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आंकडा रहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्नका लागि लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणहरुमा खुलासा गरिएका सूचनाबारेमा पुष्ट्याई गर्ने, यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पुर्ण, आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ। लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरणहरु सारभूतरुपमा जालसाजी वा त्रुटि वा गलत आंकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्य नजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा बोर्डको वित्तीय विवरणहरु तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको व्यवस्था तथा उपयुक्तताबारेमा परीक्षण गरिएको छ। तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन। वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता लगायत वित्तीय विवरणहरुको समग्र स्थितिको मूल्यांकन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ।

हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियत सहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

४. कैफियत सहितको राय व्यक्त गर्ने आधार

४.१ निगौल गाई गौशाला : नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।०२।१८ को निर्णयअनुसार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयमा स्वामित्व रहने गरी महोत्तरी जिल्लामा रहेको निगौल गाई गौशाला अर्न्तगतका सम्पूर्ण चल अचल सम्पत्ति एवं उक्त गौशालामा रहने गाई (गाई, गोरु, बाछा, बाछी) को वध नहुने शर्तमा गौशाला संचालन एवं व्यवस्थापनको जिम्मा राष्ट्रिय सहकारी विकास बोर्डलाई दिएको पाईयो ।

हालसम्म उक्त गौशाला संचालन एवं व्यवस्थापन गर्न आवश्यक पर्ने नीति एवं निर्देशिकाको व्यवस्था भएकौ छैन। गौशालाको स्वामित्वमा रहेको उल्लिखित करीव १४८-१५-२ विगाहा सम्बन्धमा गौशालाको कुल जग्गा तथा भवन कति रहेको छ सो मध्ये कति क्षेत्रफलबाट आम्दानी भईरहेको छ र कति क्षेत्रफल गौशाला कार्यालय आफैले प्रयोग गरेको छ सोको विवरण पूर्ण रुपमा अभिलेखित गरी तयार गरेको छैन ।

४.२ कर्मचारी उपदान कोषः उपदान कोषमा २०७५ असार मसान्तसम्ममा रु. ६१९१९१८।४२ व्यवस्था गरेकोमा उक्त रकम नपुग रहेको छ ।

४.३ जग्गा तथा भवनः

४.३.१. भरतपुर बसपार्क, पोखरा महानगरपालिका, सुर्खेत र नेपालगञ्जमा प्रयोगविहिन अवस्थामा रहेका बोर्डको जग्गाहरुको उचित प्रयोग गरी आय आर्जन गर्नेतर्फ बोर्डबाट कुनै काम भएको पाईएन ।

४.३.२. कारकांदो ७ नेपालगंज, बांके स्थित बोर्डको जग्गामा रहेको नेपाल खाद्य संस्थानले भवन निर्माण गरेको हुंदा त्यसको सट्टामा जग्गा उपलब्ध गराईदिनका लागि लामो समयदेखि खाद्य संस्थानसंग बोर्डबाट बारम्बार पत्राचार गरिदै आएको सम्बन्धमा नेपाल खाद्य संस्थानबाट सट्टा जग्गा उपलब्ध गराउन

संस्थाका सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ ।

४.३.३. बोर्डको स्वामित्वमा रहेको केही जग्गाहरुको मालपोत घरजग्गा कर भुक्तानी अद्यावधिक भएको छैन । भुक्तानी गर्न बांकी मालपोत कर आदिको विवरण तयार गरी सोबमोजिम खर्च व्यवस्था गरेको छैन ।

४.३.४. कि.न. ११८६ को जग्गाको स्थान र प्रयोग अवस्थाबारे जानकारी हुन नआएको र व्यवस्थापकीय प्रतिकृयामा भोटाहिटी स्थित बोर्डको बजार घर जग्गाा सम्बन्धमा आवश्यक कार्य अगाडि बढाउन व्यवस्थापनलाई निर्देशन दिईसकेकाले अभिलेख सहित रेकर्ड दुरुस्त राख्न पर्दछ ।

४.३.५. ललितपुर उपमहानगरपालिका ३, पुल्चोकको १४ रोपनी जग्गा बुट प्रणाली अन्तर्गत लिजमा दिने सम्बन्धी सि.जि.डेप्लपर्ससंग मिति २०७१।१०।०४ मा ३० वर्षको लागि संझौता भएको छ । सम्झौतामा उल्लेख भएअनुसार कुनै पनि कार्य हालसम्म भएको देखिएन । सम्झौताअनुसार नक्सा पास भएको १२० दिन पछि मात्र लिज अवधि गणना गरिने र केही बुंदाहरु स्पष्ट किटानी नभएकोमा हालसम्म पनि नक्सा पास भएको छैन । यसैले उक्त सम्झौता रद्द गराउन संस्थाका संचालक समिति लगायतका व्यवस्थापनका प्रमुख पदाधिकारीलाई जिम्मेवार बनाउन पर्दछ ।

४.३.६. केन्द्रीय कार्यालय भवन निर्माणमा प्रस्तुत वर्ष थप खर्च रु. ४९,९७,५०१.३२ कार्य सम्पन्न प्रतिवेदन, कार्य सम्पन्न प्रमाण पत्र तथा कार्य स्वीकार प्रतिवेदन आदि समेत पेश तथा स्वीकृति भएपछि मात्र पुंजीकृत गर्नुपर्नेमा पुंजीकृत गरी देखाईएकाले नियमित गर्न बांकी रहेको छ ।

४.६ शेयर लगानी: वर्षान्तमा बोर्डको कुल शेयर लगानी रु. ७० लाख ४८ हजारलाई परल मूल्यमा देखाईएको छ । शेयरबापत लगानी गरिएका संस्थाहरुबाट लाभांश प्राप्त भएको नदेखिएकाले वास्तविक स्थिति पहिचान गरी संचालनमा रहे नरहेको इकिन गर्न तथा शेयर लगानी भएका संस्थाहरुमा बोर्डकातर्फबाट शेयर हक अनुपातमा संचालक प्रतिनिधित्व गराई बोर्डको हक हितका लागि संस्थाका सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाईनु पर्दछ ।

४.७ ऋण लगानी: गत वर्ष बोर्डको लगानी रू. ८ करोड १ लाख ५७ हजार रहेकोमा यस वर्षान्तमा रू. १ करोड १५ लाख ८ हजारले बृद्धि भई रू. ८ करोड १६ लाख ६५ हजार रहेको छ । सो कर्जा लगानीबापत कर्जा वर्गीकरण गरी कर्जा जोखिम व्यवस्था कायम गरेको देखिएन । यस सम्बन्धी कुनै नीति पनि देखिएन । सो सम्बन्धी आवश्यक नीति निर्माण तथा विनियम संशोधन गरी सापेक्ष सुधार गर्न विगतमा एक उप समिति गठन भएको पाईयो । उक्त समितिबाट कुनै कार्य भएको भने देखिएन ।

४.८ भुक्तानी दिन बांकी हिसाब: प्रतिबद्धताको आधारमा खर्च लेखाकन गरी विगत वर्षहरू देखि वैकल्पीक उर्जा प्रबर्द्धन केन्द्र, खुमलटारको नाममा देखाउदै आएको दायित्व रकम रू. ३५,३१,९४०।०० रिभर्स गरी हिसाब मिलान गर्न पर्दछ ।

४.९ ऐन नियमहरूको पालना:

४.९.१ लगनखेल स्थित साझा किनमेल केन्द्र भवनका पसल हेतु भाडा माघ महिना २०७४ देखि पूर्ववत व्यापारीहरूलाई हालको भाडा दरमा २० प्रतिशतबृद्धि गर्ने निर्णय गरी नया ११ पार्टिहरूलाई बहालमा दिएको तथा उक्त भवन परिसरभित्र पार्किग तथा फोहोर मैला भाडा दर रू. ६००० प्रति महिना विगत देखि कायम सम्बन्धमा अवधि किटान गरी बोर्डको आर्थिक प्रशासन नियमावली २०५० दफा ४२ को प्रावधानअनुसार गर्न गराउन नयां प्रक्रिया सुरू गरी कार्यान्वयन गरिनुपर्नेमा नगरेकाले बोर्डको आर्थिक प्रशासन नियमावलीबमोजिम हुने गरी दर प्रतिस्पर्धात्मक सुनिश्चितता नगरिएको, केन्द्रमा मोटरसाइकल कोटेशनको आधारमा खरिद गर्दा साख ऐनको पूर्ण पालना नगरिएको तथा निगौल गाई गौशाला कार्यालय महोत्तरीमा केही कोटेशन नलिई खरिद गरिएकाले सार्वजनिक खरिद ऐन नियमको पूर्ण पालन गर्न पर्दछ ।

४.९.२ सहकारी मार्फत तरकारी तथा फलफुलमा सम्भाव्यता अध्ययन (चितवन जिल्ला भरतपुरमा सहकारी बजार निर्माण) परियोजना तयार गरेबापत स्मार्ट प्रा.लि.लाई जम्मा रू. ६,१०,५३९ खर्च भएकोमा रिसर्च एण्ड म्यानेजमेन्ट कन्सलटेन्सी प्रा लि रू. ५९८९०० भ्याट न्यूनतम रहेको, मिति १०।१।२०७५ को मूल्याकन प्रतिवेदनमा अन्य २ वटा कोटेशनदाताको कोटशन मूल्य नखुलाइएको र एक कृषि अर्थ विज्ञ प्रोफेसनल र स्मार्ट दुवै पार्टीको श्रोत एउटै व्यक्ति भएकाले दरभाउपत्र रद्द हुनुपर्ने देखिएकोमा नगरिएकाले सार्वजनिक खरिद ऐन नियमको पूर्ण पालना नभएको ।

४.९.३ सम्भाव्यता प्रतिवेदन तयार गर्नका लागि रू. ६०४,५५० शिलवन्दीका आधारमा खरिद नगरी दरभाउपत्र मार्फत खरिद कार्य गरिएको सार्वजनिक खरिद ऐन नियमको पूर्ण पालना नभएको ।

४.१० निगौल गाई गौशाला स्थित जग्गामा अतिक्रमण गरिएका घर टहरा भत्काइ गौशाला कार्यालयका नाउंमा रहेका सम्पत्तिहरू सुरक्षितका लागि व्यवस्थापनले तत्काल कार्य अगाडि बढाउन पर्दछ ।

४.११ कार्यक्रम संचालन खर्चतर्फ विभिन्न सहकारी संघ संस्थाहरुलाई सहकारी संघ संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि २०७४अनुसार बीउपुंजी, पुंजीगत तथा कार्यक्रम खर्च अनुदान प्रदान गर्दा सम्बन्धित संस्थाबाट सोको सदुपयोग खर्च फाटवारी सहितको प्रगति विवरण प्रतिवेदन कार्य सम्पन्न भएपछि बोर्डमा पेश गर्नुपर्ने व्यवस्था अन्तर्गत अनुदान प्रदान गर्दा सुरूमै खर्च शीर्षक अन्तर्गत लेखांकन गर्ने नीति व्यवस्था रहेको छ ।

५ व्यवस्थापन पत्रः

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा दर्शाइएको छ ।

६. लेखापरीक्षकको रायः

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा माथि उल्लिखित बुंदा नंम्बर ४.१ देखि ४.११ सम्म औल्याइएका विषयले विवरणहरुमा पर्ने असर बाहेक, सलग्न वित्तीय विवरणले बोर्डको २०७५ असार मसान्तको वित्तीय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको संचालन नतिजा नेपाल लेखामानबमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

स्यार्पू पावर कम्पनी लिमिटेड, २०७५/७६

१. वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

An audit includes examining, on a *test basis*, evidence supporting the amounts and disclosures in the financial statements. An audit also includes assessing the accounting principles used and significant estimates made by management, as well as evaluating the overall financial statement presentation. We believe that our audit provides a reasonable basis for our opinion.

3. Basis for Opinion

The company has not conducted actuarial assessment for the provision for leave encashment made in lieu of employee's entitlement for compensatory leave payments which is not in conformity with the requirements of Nepal Accounting Standard-19 "Employee Benefits".

4. Opinion

In our opinion, based on the information and explanation provided to us and our audit except for the effects of the matter described in the Basis for Opinion paragraph, the financial statements give true and fair view of the financial position as at Ashadh 31, 2076 (July 16, 2019), and of the result of operations and cash flows of Remit Hydro Ltd. for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRS) and comply with the requirements of the Companies Act, 2063.

5. Report on other legal and regulatory requirements

On the basis of our examination, we would like to further report that:

1. We have obtained all the information and the explanations, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit.
2. The Statement of Financial Position as at Ashadh 31, 2076 (*July 16, 2019*), Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Cash Flow, Statement of Changes in equity for the year then ended and Notes to the Financial Statements are in agreement with the books of accounts maintained by the company.
3. In our opinion, proper books of accounts as required by law have been kept by the company in so far as it appears from our examination of those books of accounts.
4. In our opinion and to the best of our information and according to the explanations and from our examination of the books of accounts of the company, we have not come across the cases where the Board of Directors or any member thereof or any employee of the company has acted contrary to the provisions of law or caused loss or damage to the company or committed any misappropriation causing loss or damage to the company.

साझा भण्डार सहकारी संस्था लिमिटेड, २०७५/७६

१. वित्तीय विवरण उपर प्रतिवेदन

हामीले **साझा भण्डार सहकारी संस्था लिमिटेड**को यसैसाथ संलग्न २०७६ असार मसान्तको वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, ईक्वीटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र वित्तीय विवरणसँग सम्बन्धी प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

२. लेखापरीक्षण रायको आधार

हाम्रो रायमा, लेखापरीक्षण रायको आधार परिच्छेदमा उल्लेख भएको बुँदा नं २.१ देखि २.९ सम्म उल्लिखित कारणले वित्तीय विवरणमा पर्ने असर बाहेक प्रस्तुत वितिय विवरणले २०७६ अषाढ मसान्तको संस्थाको वित्तीय अवस्था र सोही अवधीमा समाप्त कारोबारको नतिजा, नगद प्रबाह, ईक्वीटीमा भएको परिवर्तनको उचित एवं यथार्थ चित्रण गर्दछ ।

प्रस्तुत वित्तीय विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको नदेखिएकोले सो उपर राय ब्यक्त गर्न हामी असमर्थ छौ ।

२.१ संस्थाले चालू सम्पत्ति शीर्षकमा आसामी, पेश्की तथा धरौटी हिसाब अन्तर्गत लिनुपर्ने आसामी बांकी अन्यमा देखाएको एक आयर स्टोर सँग लिनुपर्ने ३८,९४,८१६।३७ र अर्को आयलसँग लिनुपर्ने रु.२१,४९,०९०।५९ सहितको रु. ६७,८२,०००।००, लिनु पर्ने भाडा रु.१८,८७,४९८, आपूर्तिकर्ताबाट लिनुपर्ने रु.१,५२,६७५।२५ र कर्मचारी पेश्की अन्तर्गत देखाएको रु. १५,८४,५७२।९४ विगत वर्षहरु देखि कारोबार नदेखिएको पुरानो रकमको सम्बन्धमा समर्थन पत्र प्राप्त भएको छैन । साथै आवश्यक छानबिन गरी उठ्न नसक्ने रकम किटान गरी सोको नोक्सानी व्यवस्था गरेको छैन ।

२.२ चालू दायित्व शीर्षक अन्तर्गतको तिर्नु पर्ने खरिदबापत तिर्न बांकी साहुहरु रु.४८,६७,६३५।११ र अन्य दायित्वतर्फको अन्य हिसाब मध्ये रु. २५४४७९१।६२ विगत वर्षहरु देखि कारोबार नदेखिएको पूरानो रकमको सम्बन्धमा समर्थन पत्र प्राप्त गरेको छैन साथै आवश्यक छानबिन गरी तिर्नु पर्ने रकम किटान गरी सोको आम्दानी जनाएको छैन ।

२.३ संस्थाले यस आ.व.मा कर्मचारी औषधोपचारबापत तिर्नुपर्ने रकम विगत वर्षहरुमा सम्बन्धित पेट्रोल पम्पहरुबाट भुक्तानी भइ सके तापनि दायित्वमा देखिएको भन्दै इन्द्रायणी आयल स्टोरको लगानी रकमबाट रु.३,५९,११७।०० र ऋषि एण्ड ब्रदर्शको लगानी रकमबाट २,९२,६५०।०० घटाएको छ । २०७६ अषाढ मसान्तको वित्तीय विवरणमा उक्त समायोजन पश्चात् इन्द्रायणी आयल स्टोरमा रु. ५,६६,८५२।८० र ऋषि एण्ड ब्रदर्शमा रु., २३,३२,३५०।०० लगानी बांकी देखिए तापनि उक्त पेट्रोल पम्पहरु संचालनमा नरहेको र यस आ.व.मा उक्त फर्महरुको वित्तीय विवरण एवं समर्थनपत्र उपलब्ध नभएको सम्बन्धमा आबश्यक छानबिन गरी उठ्न नसक्ने रकम किटान गरी सोको नोक्सानी व्यवस्था गरेको छैन ।

२.४ मध्यपुर आयल सप्लायर्समा गरिएको लगानी रु. ९,७७,०९१ सम्बन्धमा हामीलाई उपलब्ध गराईएको उक्त फर्मको लेखापरीक्षण भएको वित्तीय विबरणमा सो लगानीबारेमा उल्लेख भएको पाइएन । साथै मध्यपुर आयल सप्लायर्सको आ.व. २०७५।७६ को लेखापरीक्षण भएको वित्तीय विवरणमा उल्लेख भएबमोजिम आयकर पछिको नाफामा श्रोतमा कर कट्टी पश्चातको खूद रकम रु. १४,२९,६३५।४६ लाई संस्थाले यस वर्ष अन्य व्यवसाय आम्दानीमा जनाएको छ ।

२.५ संस्थाले वित्तीय विवरणमा देखाएको बैंक मौज्दात रकम रु. ४,६४,९०९।९८ मध्ये रु. २,८४,८०३।१० बराबर रकमको बैंक सर्मथन पत्र प्राप्त नभएको साथैं सो बैंक खाताहरुमा कुनै कारोबार भएको छैन ।

२.६ संस्थाले श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम पारिश्रमिक, भत्ता, संचय कोष र उपदानबापतको व्यवस्था गरेको पाइएन ।

२.७ संस्थाले बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरेको छैन ।

२.८ लेखा सम्बन्धित टिप्पणीको बूंदा नं ८ मा उल्लेख भएबमोजिम यस आ.व.मा संस्थाले सहकारी ऐन २०७४ को दफा ६८, ६९ र ७० बमोजिमको जगेडा कोष तथा अन्य कोषमा कुनै रकम बांडफांड गरेको छैन ।

२.९ संस्थाले साझा पेट्रोलि पम्प संचालन र अन्य स्थिर सम्पत्ति भाडामा प्रदान गर्दा सहकारी ऐन, २०७४ को दफा १३५ पालना गरेको पाइएन ।

हामीले लेखापरीक्षणको दौरान प्राप्त गरेका प्रमाणहरु हाम्रो रायको लागि पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौ । हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत गरेको कुराहरुको जवाफ एवं स्पष्टीकरण सन्तोषजनक पायौं । लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाब किताब र विवरणहरु सन्तोषजनक रहेको र संलग्न वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु संस्थाले राखेको लेखासँग दुरुस्त रहेका छन् । हामीलाई लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका जानकारी एवं स्पष्टीकरणको आधारमा तथा हामीले गरेको हिसाब किताबको परीक्षणबाट माथि उल्लेख गरिएका कैफियतहरु बाहेक संस्थाको संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज गरेको वा प्रत्यक्ष रुपमा बेहिसाब गरेको वा संस्थालाई हानि नोक्सानी गरेको सूचना हाम्रो जानकारीमा आएन ।

३. व्यवस्थापनको उत्तरदायित्व

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण सहितको वित्तीय विवरण तयार एवं प्रस्तुत गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्यको साथै उपयुक्त लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थितिअनुसार लेखा सम्बन्धी अनुमान गर्ने उत्तरदायित्व समेत पर्दछन् ।

४. लेखापरीक्षकको उत्तरदायित्व

व्यवस्थापनले तयार गरेका वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय दिनु हाम्रो उत्तरदायित्व हो ।

हामीले नेपाल लेखापरीक्षणमान तथा अन्य लेखासंग प्रचलन समेतलाई आधार लिई लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरणहरु सारभूतरुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरीक्षणमानअनुसार लेखापरीक्षण योजना तयार गरि लेखापरीक्षण सम्पन्न गरिनु पर्दछ । वित्तीय विवरणमा उल्लिखित रकमहरु र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के जाँच समेत लेखापरीक्षणमा समावेश हुन्छ । व्यवस्थापनले अवलम्बन गरेका प्रमुख लेखा सिद्धान्तहरु एवं तय गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तता एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

साझा यातायात सहकारी संस्था लिमिटेड, २०७५/७६

१. कैफियत सहितको राय (Qualified Opinion)

हामीले साझा यातायात सहकारी संस्था लिमिटेड (यसपछि 'संस्था' भनिएको) को यसैसाथ संलग्न वित्तीय विवरणहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं, जसमा २०७६ आषाढ ३१ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीति तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश रहेका छन्।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले "कैफियत सहितको रायको आधार (Basis for Qualified Opinion)" अनुच्छेदमा उल्लेख भएका विषयवस्तुले पार्न सक्ने असर बाहेक साझा यातायात सहकारी संस्था लिमिटेडको २०७६ आषाढ ३१ गतेको वित्तीय अवस्था, सो मितिमा समाप्त भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाह तथा ईक्वीटीमा भएको परिवर्तनको नेपाल लेखामानबमोजिम उचित तथा यथार्थ चित्रण गर्दछ।

२. कैफियत सहितको रायको आधार (Basis for Qualified Opinion)

(क) संस्थाले मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम कर लाग्ने विज्ञापन सेवाको कारोबारमा कर बीजक जारी गरी मूल्य अभिबृद्धि कर संकलन गर्ने गरेको छैन। संस्थाले आ.व. २०७१।७२ देखि आ.व. २०७५।७६ सम्ममा रु. ४,२५,२९,८८९।२३ बराबरको मूल्य अभिबृद्धि कर लाग्ने विज्ञापन सेवा प्रदान गरेको र सो सेवाबापत असुल गर्नुपर्ने मूल्य अभिबृद्धि कर रु. ५५,२७,८४४।५६ असूल गरेको छैन। मूल्य अभिबृद्धि करबापतको रु. ५५,२७,८४४।५६ र सोमा लाग्ने ब्याज तथा जरिवानाबापत हुने दायित्व हिसाबमा लेखाङ्कन समेत भएको छैन।

(ख) संस्थाको स्वामित्वमा रहेको जग्गा तथा भवनको एकीकृत सम्पत्ती कर लामो समयदेखि भुक्तानी नगरेको र सो कर लगायत जरिवानाबापत हुने दायित्व हिसाबमा लेखाङ्कन समेत भएको छैन।

(ग) संस्थाले असूल गर्नुपर्ने आसामी तथा पेश्की अन्तर्गत रु. ५२,४२,२२८।०७, कर्मचारी पेश्की अन्तर्गत रु. १३,८४,६४६।८९ र धरौटी अन्तर्गत रु. १,६२,७७६।९० गरी जम्मा रु. ६७,८९,६५१।८६ लामो समयदेखि असूली नभएको र यी रकमहरूको असुली शंकाष्पद (Doubtful) देखिएको तर नाफा नोक्सान हिसाबमा खर्च लेखी आवश्यक व्यवस्था (Provision) गरेको छैन।

(घ) संस्थाको खातामा "जिन्सी मौज्दात" शीर्षक अन्तर्गत देखिएको रु. ८५,०५,६७८ बराबरको जिन्सी मौज्दात लामो समयदेखि प्रयोगमा नआएको र संस्थाको प्रयोगमा आउने अवस्था समेत नदेखिएको साथै उक्त मौज्दातको भौतिक परीक्षण नभएको, मौज्दातको विस्तृत विवरण उपलब्ध नभएको र प्राविधिक अध्ययनसमेत नभएको पाइयो। आ.व. २०७५।७६ को वित्तीय विवरणमा सो मौज्दातलाई चालु सम्पत्ती अन्तर्गत प्रस्तुत गरिएको तर उक्त मौज्दातमा हुन सक्ने सम्भावित नोक्सानीबापत नाफा नोक्सान हिसाबमा खर्च लेखी आवश्यक व्यवस्था (Provision) गरेको छैन।

(ङ) श्रम ऐन, २०७४ मा तोकिएबमोजिम संस्थामा कार्यरत कर्मचारीहरुलाई उपदान भुक्तानी नभएको र सोबापतको दायित्व लेखाङ्कन भएको छैन।

(च) आयकर ऐन, २०५८ को व्यवस्थाबमोजिम श्रोतमा कर कट्टी नगरी भुक्तानी भएको रकममा लाग्ने कर रु. ३,०५,६४४।९५ र सोमा लाग्ने ब्याज तथा जरिवानाबापत हुने दायित्व हिसाबमा लेखाङ्कन भएको छैन।

(छ) संस्थाले निःशुल्क प्राप्त गरेको जग्गा, भवन र सवारी साधनको पुष्ट्याँइ गर्ने कागजात तथा लेखाङ्कनका आधारहरू उपलब्ध नभएको कारणले स्थिर सम्पत्ति अन्तर्गत लेखाङ्कन भएको जग्गा रु. १७,६६,३६५, भवन रु. १४,१७,७९,३४० र सवारी साधन रु. ३,४२,९८८ तथा पुँजीगत जगेडा (स्थगित आय) अन्तर्गत लेखाङ्कन भएको रु. १४,३८,८८,६९३ को यकिन गर्न सकिएन।

बुँदा नं. (क) देखि (च) सम्म उल्लेखित व्यहोराहरूले पार्न सक्ने असरको व्यवस्थापनले यथार्थपरक अनुमान नगरेको कारणले वित्तीय विवरणमा पार्न सक्ने असरको परिमाणीकरण (Quantification) गर्न सकिएन।

हामीले नेपाल लेखापरीक्षणमान (Nepal Standards on Auditing) बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौ। ती मानहरु अन्तर्गत हाम्रो उत्तरदायित्वहरुकोबारेमा प्रस्तुत प्रतिवेदनको "वित्तीय विवरणहरु उपर लेखापरीक्षकको उत्तरदायित्व (Auditor's Responsibilities for the Audit of the Financial Statements" शीर्षकमा थप व्याख्या गरिएको छ। वित्तीय विवरणको लेखापरीक्षण गर्दा नेपालमा पालना गर्नुपर्ने व्यावसायिक नैतीकताको आधारमा हामी स्वतन्त्र हुनुको साथै अन्य व्यावसायिक नैतिकता समेत पालना गरेका छौं। हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य जानकारी** (Other Information)

नेपाल सरकारको मिति २०७६।०३।२९ को निर्णयअनुसार ३०० थान नयाँ विद्युतीय बस खरीदको लागि प्राप्त भएको रु. ३ अर्व रकम नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नाममा

आ.व. २०७५।७६ मा शेयर कायम भएकोमा २०७६।१०।०६ को नेपाल सरकार, मन्त्रिपरिषदको बैठकले संस्थामा शेयरबापत लगानी गरेको रु.३ अर्ब र सो रकम उपलब्ध गराएको मितिदेखि हालसम्मको ब्याज रकम समेत नेपाल सरकारको नाममा फिर्ता लिने निर्णय भएको हुँदा शेयरबापतको रकम नेपाल सरकारलाई फिर्ता हुन गएमा संस्थामा वित्तीय श्रोतको चरम अभाव हुने र बैकल्पिक वित्तीय श्रोतको ब्यवस्था नभएमा संस्थाको अविछिन्नतामा समेत असर पर्ने देखिन्छ।

४. वित्तीय विवरणहरु उपर ब्यवस्थापन तथा शासकिय ब्यवस्था बहन गर्ने अधिकारीको उत्तरदायित्व (Responsibilities of Management and Those Charged with Governance for Financial Statements) नेपाल लेखामान अनुरुप वित्तीय विवरणहरु तयार एवं उचित प्रस्तुती गर्ने उत्तरदायित्व ब्यवस्थापनमा रहेको छ। जालसाजी वा त्रुटीका कारणले हुने सारभूत त्रुटिरहित वित्तीय विवरणहरुको तयारी एवं उचित प्रस्तुतीका निम्ति ब्यवस्थापनले आवश्यक ठाने अनुरुपको आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी समेत ब्यवस्थापनको हो।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नता (Ability to continue as a Going Concern) यकिन गर्नु र संस्थाको अविछिन्नतासंग सम्बन्धित बिषय बस्तुहरुको आवश्यकताअनुसार खुलासा गर्नु ब्यवस्थापनको उत्तरदायीत्व हो। ब्यवस्थापनले संस्थाको खारेजी वा कारोवार बन्द गर्ने मनसाय राखेमा वा यस बाहेकका कुनै बास्तविक विकल्प नरहेको अवस्थामा बाहेक अविछिन्नताको मान्यतामा आधारित लेखाङ्कन पद्धती (Going Concern Basis of Accounting) अपनाउन समेत ब्यवस्थापन उत्तरदायी हुन्छ।

शासकिय ब्यवस्था बहन गर्ने अधिकारी संस्थाको वित्तीय प्रतिवेदन तयारी प्रकृयाको रेखदेखको लागि जिम्मेवार हुन्छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व** (Auditor's Responsibility for the Audit of the Financial Statements)

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरु जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत प्रस्तुती रहित (**Free from Material Misstatement)** छन् भन्ने मनासिव आश्वासन प्राप्त गरी हाम्रो राय सहितको प्रतिवेदन पेश गर्नु हो। मनासिव आश्वासन भन्नाले उच्च स्तरको आश्वासन हो। तर, नेपाल लेखापरीक्षणमानमा आधारित भएर गरिने लेखापरीक्षणले सारभूत रुपमा गलत प्रस्तुति भएको खण्डमा ती बिषय बस्तुलाई सधैं पत्ता लगाउने कुराको प्रत्याभूति चाँहि गर्दैन। जालसाजी वा त्रुटीको कारण गलत प्रस्तुती हुन सक्दछ र यस्ता गलत प्रस्तुतीहरुको अलग–अलग वा समग्र कारणले गर्दा प्रयोगकर्ताहरुले वित्तीय विवरणहरुको आधारमा लिने आर्थिक निर्णयमा मनासिव तवरले प्रभाव पार्ने भएमा चाँहि सारभूत रुपमा गलत प्रस्तुती भएको मानिन्छ।

नेपाल लेखापरीक्षणमानअनुसार गरिएको लेखापरीक्षणको अङ्गको रुपमा हामीले व्यावसायिक ठहर (**Professional Judgement)** को प्रयोग गर्नुको साथै लेखापरीक्षण अवधिभर व्यावसायिक संशयता (**Professional Skepticism)** समेत कायम गर्दछौं। यस बाहेक हामीलेः

- वित्तीय विवरणहरु जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत प्रस्तुतीकरण हुने जोखिमको पहिचान तथा आँकलन गर्ने, ती जोखिमहरुलाई सम्बोधन गर्ने लेखापरीक्षण प्रकृया तर्जुमा गरी लागु गर्ने र हाम्रो रायलाई पर्याप्त तथा उचित हुने किसिमका लेखापरीक्षण सम्बन्धी प्रमाणहरु संकलन गरेका हुन्छौं। त्रुटीको कारणलेभन्दा जालसाजीको कारणले सारभूत गलत प्रस्तुतीकरण पत्ता नलाग्ने जोखिम बढी हुन्छ। किनकी, जालसाजीमा साँठ–गाँठ, मिलेमतो, नियतवश हुने छुट, गलत प्रस्तुति वा आन्तरिक नियन्त्रण प्रणालीको अवज्ञा भएको हुन सक्दछ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा राय ब्यक्त गर्न नभई परिस्थतिजन्य रुपमा उचित लेखापरीक्षण योजनाको तर्जुमा गर्न लेखापरीक्षणमा उपयुक्त हुने आन्तरिक नियन्त्रणको जानकारी लिएका हुन्छौं।
- ब्यवस्थापनले प्रयोग गरेको लेखानीतिहरुको उपयुक्तता तथा लेखाङ्कन सम्बन्धी अनुमान तथा

सम्बन्धित खुलासाहरुको औचित्यताको मूल्याङ्कन गरेका हुन्छौं।

- कुनै घटना वा अवस्थाले संस्था अविछिन्न रुपमा सञ्चालन हुने क्षमतामा गम्भिर संसय श्रृजना गर्ने सारभूत अनिश्चितता कायम रहेको भए लेखापरीक्षणको सिलसिलामा प्राप्त भएका प्रमाणहरुको आधारमा व्यवस्थापनद्वारा लागु गरेको अविछिन्नताको मान्यतामा आधारित लेखाङ्कन पद्धती (**Going Concern Basis of Accounting)** उचित भए नभएको निष्कर्श निकालेका छौं। यदि हामीले सारभूत अनिश्चितता कायम रहेको भनि निष्कर्श निकालेको खण्डमा वित्तीय विवरणमा त्यससंग सम्बन्धित खुलासातर्फ लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराउनुपर्ने हुन्छ अथवा ती खुलासाहरु पर्याप्त नभएको खण्डमा हाम्रो रायमा नै परिवर्तन गर्नुपर्ने हुन्छ। हाम्रो निष्कर्श लेखापरीक्षण प्रतिवेदनको मितिसम्ममा प्राप्त लेखापरीक्षणका प्रमाणहरुमा आधारित छन्। तैपनि भविश्यमा घट्ने घटना वा अवस्थाका कारण संस्था अविछिन्न रुपमा सञ्चालनमा नरहन सक्दछ।
- निहित कारोवार तथा घटनाहरुको यथार्थ प्रस्तुतीको उदेश्य प्राप्त हुने गरी वित्तीय विवरणहरुको प्रस्तुती भए नभएको तथा वित्तीय विवरणको खुलासाहरु र समग्र प्रस्तुति, ढाँचा तथा बिषयबस्तुलाई मूल्याङ्कन गरेका हुन्छौं।

हामीले शासकिय व्यवस्था बहन गर्ने अधिकारीहरुसंग अन्य बिषयबस्तुका अतिरिक्त लेखापरीक्षणको योजनाअनुसारको कार्यसूची, कार्यतालिका तथा लेखापरीक्षणको सिलसिलामा पहिचान गरेका आन्तरिक नियन्त्रण प्रणालीका मुख्य कमजोरीहरुका साथै लेखापरीक्षणका क्रममा देखिएका मुख्य कैफियतहरु समेत जानकारी गराएका छौं।

साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७४/७५

१. **वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले **साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको** ३१ असार २०७५ को वासलात, सोही मितिमा समाप्त भएको वर्षको आय विवरण तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. नेपाल लेखापरीक्षण मान तथा प्रचलित सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कूरामा विश्वस्त हूनका लागि लेखापरीक्षण योजना तयार गरी तदानूसार लेखापरीक्षण सम्पन्न गर्नू पर्दछ । वित्तीय विवरणमा उल्लिखित रकम र खूलाईएका अन्य विवरणलाई पूष्ट्याई गर्ने प्रमाणको नमूना परीक्षण (Test Check) समेत लेखापरीक्षणमा समावेश हून्छ । संस्थाले अवलम्वन गरेका लेखा नीति, व्यवस्थापनले गरेका महत्वपुर्ण अनूमान एवं वित्तीय विवरणको प्रस्तूतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हून्छ । यस लेखापरीक्षणले हाम्रो रायलाई प्रर्याप्त आधार प्रदान गरेको कूरामा हामी विश्वस्त छौं ।

३. हामी देहायबमोजिमको प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी गरेका कूराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौं ।

ख) वासलात, आय विवरण तथा नगद प्रवाह विवरण सहकारी ऐन, २०७४ बमोजिम तयार भएका छन् । प्रस्तूत वित्तीय विवरणहरु संस्थाले राखेको हिसाब किताबहरुसंग दुरुस्त छन् ।

ग) हाम्रो रायमा संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलित कानून तथा प्रचलनबमोजिम राखेको छ ।

घ) हाम्रो रायमा संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

ङ) हाम्रो रायमा, हामीले प्राप्त गरे सम्मको सूचना, स्पष्टीकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा व्यवस्थापन समिति वा अन्य कूनै कर्मचारीले लेखा सम्बन्धी कानुनी व्यवस्था विरुद्ध कामकाज गरेको वा संस्थालाई हानि नोक्सानी पूऱ्याएको वा संस्थाको कोषको हिनामीना गरेको हाम्रो जानकारीमा आएको छैन ।

च) वित्तीय विवरणको प्रस्तुति, अन्तिम मौज्दातको मुल्याकंन, स्थिर सम्पत्तिको लेखांकन र आयको लेखांकन नेपाल लेखामान अनूसार नभएको पाइयो ।

छ) सन्ड्री क्रेडिटर्स शीर्षक अन्तर्गत रु. २६,८४,६५,७५६।०७ रहेको देखिन्छ । कतिपय सन्ड्री क्रेडिटर्स दूई दशकभन्दा पूराना छन्, जून वर्षेनी अल्या. गर्दै ल्याईएको छ । त्यस्तो पूरानो हिसाबको यथार्थ स्थिति यकिन गरी आवश्यक हिसाब मिलान गर्नूपर्ने देखिन्छ ।

ज) सन्ड्री डेब्टर्स शीर्षक अन्तर्गत रु.१८,८१,७३,३४८।०९ रहेको देखिन्छ । संस्थाको वित्तीय विवरणमा दूई दशकभन्दा अघिदेखिका आसामीहरु पनि देखियो । तर तिनबाट असूल उपर गर्नेतर्फ प्रभावकारी कदम चालेको पाईएन ।

झ) खरिद अन्तर्गत रु. ५८,६०,४५,५१२।४९ रहेको देखिन्छ । सस्थांले औषधि खरिद गर्दा खरिद ऐन तथा नियमावलीको पालना नगरी विभिन्न आपुर्तिकर्ताहरुबाट सम्झैता नगरी सोझै खरिद गरेको पाइयो ।

४. माथि उल्लिखित बूंदा नं. ३ को (च) देखि (झ) सम्म उल्लिखित बूंदाहरुले वित्तीय विवरणमा पार्ने असरहरु बाहेक हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरु लेखासंग सम्बद्ध टिप्पणीहरुको साथ अध्ययन गर्दा, २०७५ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त भएको आर्थिक वर्षको सञ्चालन नतिजाको यथार्य चित्रण गर्दछ ।

सान्जेन जलविद्युत कम्पनी लिमिटेड, २०७५/७६

Report on the Audit of the Financial Statements:

1. Opinion

We have audited the financial statements of **Sanjen Jalavidhyut Company Limited**, which comprise of Statement of Financial Position as at 16 July 2019, Statement of Profit or Loss, Statement of Other Comprehensive Income (OCI), Statement of Cash Flows, Statement of Changes in Equity and Schedules for the period covering 17 July 2018 to 16 July 2019 and Notes to financial statement, including Summary of accounting policies.

In our opinion, the accompanying Financial Statements present fairly, in all material respects, the financial position of **Sanjen Jalavidhyut Company Limited** as at 16 July 2019 and of its financial performance and its Cash flows for the period covering 17 July 2018 to 16 July 2019, in accordance with Nepal Financial Reporting Standards (NFRS) and other relevant practices.

2. Basis for Opinion

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities for the audit of Financial Statements* section of our report. We are independent of Sanjen Jalavidhyut Company Limited in accordance with International Code of Ethics for Professional Accountants issued by International Federation of Accountants (IFAC) and have fulfilled our other ethical responsibilities in accordance with theses requirements and IESBA Code. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

3. Other information

Management is responsible for the other information. The other information comprises all information in the annual report other than the financial statements and our auditors report thereon. Our opinion on the financial statements doesnot cover the other information and we do not express any form of assurance conclusion thereon. In connection with our audit of the financial statements, our responsibilty is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial staements or our knowledge obtained in the audit, or otherwise appears to be materially misstaed. If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information; we are required to report the fact. We have nothing to report in this regard.

4. Responsibilities of Management and those charged with Governance for the Financial Statements

The management of Sanjen Jalavidhyut Company Limitedis responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financinal Reporting Standards (NFRS), and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial staements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using going concern basis of accounting unless management either intendes to liquidate the Company or cease operations, or has no relaistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the financial reporting process.

5. Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgement and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatements of the financial statements, whether due to fraud or error. We design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than from one resulting from error, as fraud may involve collusion, forgery, intentional omission, misrepresentation, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainity exists, we are required to draw attention in our auditor's report to the related disclosure in the financial statements or, if such disclosure are inadequate, to modify our opinion. Our conclusion are based on the audit evidences obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

6. Report on the Other Legal & Regulatory Requirements

We further report that we have obtained information and explanations asked for, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit. In our opinion, the balance sheet, the statements of income and the cash flows have been prepared in accordance with the requirements of the Companies Act, 2063 and are in agreement with the books of account of the Company; and proper books of account as required by law have been kept by the Company.

To the best of our information and according to explanations given to us and so far appeared from our examination of the books of account of the Company necessary for the purpose of our audit, we have not come across cases where Board of Directors or any employees of the Company have acted contrary to the provisions of law relating to the accounts, or committed any misappropriation or caused loss or damage to the Company relating to the accounts in the Company.

सिडिएस एण्ड क्लियरिङ लिमिटेड, २०७५/७६

१. लेखापरीक्षकको मन्तव्य

हामीले **सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड**को (यस पछि 'कम्पनी' भनिएको) यसै साथ संलग्न २०७६ असार मसान्त (१६ जुलाई २०१९) को आर्थिक अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य आयको विवरण, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले:

- कम्पनीको २०७६ असार मसान्त (१६ जुलाई २०१९) को आर्थिक अवस्थाको स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रही यथार्थ चित्रण गर्दछ
- कम्पनीलाई लागु हुने नेपाल वित्तीय प्रतिवेदनमानअनुसार तयार पारिएका छन् र
- कम्पनी ऐन, २०६३ बमोजिम तयार पारिएका छन् ।

२. मन्तव्यका आधारहरु

हामीले हाम्रो लेखापरीक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले लेखापरीक्षकको निम्ति जारी गरेको आचारसंहिताबमोजिम हामी यस कम्पनीबाट स्वतन्त्र छौं तथा उक्त आचारसंहिताबमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरु हाम्रो मन्तव्यलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. वित्तीय विवरणप्रति व्यबस्थापन तथा सुशासनसँग जिम्मेवारको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यबस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थितिअनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा कम्पनीको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भएअनुसारको संस्थागत निरन्तरता सम्बन्धी व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले कम्पनी खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धी लेखाको आधार प्रयोग गर्नुपर्दछ । सुशासनसँग जिम्मेवारको जिम्मेवारी कम्पनीको वित्तीय प्रतिवेदनको प्रकृया निरीक्षण गर्नुपर्दछ ।

४. वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी

व्यवस्थापनले तयार गरेको वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो जिम्मेवारी हो ।

हामीले नेपाल लेखापरीक्षणमानबमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । यी लेखापरीक्षणमानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएकोबारेमा मनासिब आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लिखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धी सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले कम्पनीको आन्तरिक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभई, परिस्थितिअनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, कम्पनीले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको तथा मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।

५. कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को आबश्यकता सम्बन्धी प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफहरु सम्पूर्ण रुपमा पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब बहिखाता श्रेष्ता र लेखासँग दुरुस्त रहेका छन् ।

ग) हाम्रो रायमा कम्पनीको हिसाबकिताब ऐनबमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टीकरण तथा कम्पनीको हिसाब किताबको परीक्षणको आधारमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरीत कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानि नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेष्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

हाम्रो लेखापरीक्षणको प्रतिफलस्वरुप प्रतिपादित यस स्वतन्त्र लेखापरीक्षण प्रतिवेदनमा संलग्न साझेदार सिए. शेष मणि दाहाल रहनु भएको छ ।

त्रिशुली जलबिद्युत कम्पनी लिमिटेड, २०७५/७६

1. Report on Financials Statements

We have audited the accompanying financial statements of **Trishuli Jalvidhyut Company Limited** (the "Company"), which comprises of the Statement of Financial Position as at 31 Ashad, 2076 (corresponding to 16 July, 2019), and the Statement of Profit or Loss and Cash Flow Statement for the yearthen ended, and a summary of significant accounting policies and other explanatory information, which we have signed under reference to this report.

2. Management Responsibility for the Financial Statements

The Company's Management is responsible for the preparation of these financial statements that give a true and fair view of the financial position, financial performance and cash flows

of the Company in accordance with the Nepal Financial Reporting Standards (NFRS). The responsibility includes the design, implementation and maintenance of internal control relevant to the preparation and presentation of the financial statements that give a true and fair view and are free from material misstatement, whether due to fraud or error.

3. Auditor Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Standard on Auditing and other applicable authoritative pronouncements issued by Institute of Chartered Accountants of Nepal. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free from material misstatements.

An audit involves performing procedures to obtain audit evidence, about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditors' judgement, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditors consider internal control relevant to the company's preparation and fair presentation of the financial statements in order to design audit procedure that the appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit also includes evaluating the appropriateness ofaccounting policies used and the reasonableness of the accounting estimates made by Management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

4. Basis of opinion:

The following are some of the important issues that may have impact on financial position and operating result of the company presented in accompanying financial statements.

4.1. Report on requirements of Companies Act, 2063 and other regulatory matters:

4.1.1 We have obtained information and explanation, which, to the best of our knowledge and belief, were necessary for the purposes of our audit;

4.1.2 In our opinion, proper books of accounts as required by law have been kept by the Company as far as appears from our examination of those books;

4.1.3 In our opinion, the Statement of Financial Position, Statement of Profit or Loss and Other Comprehensive Income, Statement of Cash Flows and Statement of Changes in Equity with Explanatory Notes dealt with by this report are in compliance with the provisions of the Companies Act, 2063 except matters referred to at 4.3. and at Para 4.4. and are in agreement with the books of accounts maintained by the company;

4.1.4 In our opinion, so far as appeared from our examination of the books, the business of the company has been conducted satisfactorily.

4.1.5 **During** our examination of the books of account of the Company, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any of office holder or any employee of the Company has acted contrary to the provisions of law or caused loss or damage to the Company.

4.2 Non-compliance of provision of Sec. 86 of Companies Act, 2063

As per Section 86 of Companies Act 2063, the board of director of a public limited company shall have an one independent director if it has up to 7 number of board of directors and it shall have two independent director having knowledge and experience in the concerned business if it has more than 7 board of directors. Since the company has more than 7 members in BOD during the year and up to 7 members in BOD at the end, so the company is required

to comply with this provision. However, no independent director is appointed in BOD till the date.

4.3 Non-compliance of provision of Sec. 92 of Companies Act, 2063

As per Section 92(1) of Companies Act, 2063, a director shall, no later thanfifteen days, after assuming the office of director, disclose in writing to the companyon prescribed matters such as his/her or relative's conflict of interest on any transaction of the Company, directorship in other companies. Further, the company shallsubmit such information to the Company Registrar Officewithin sevendays of the receipt of such information. However, none of the director has disclosed such information to the Company.

4.4 NFRS – NAS read with IFRIC 12, non – adoption and non-compliance

The Institute of Chartered Accountants of Nepal (ICAN) has made Nepal Financial Reporting Standards (NFRS) mandatorily applicable to all entities having public accountability with effect from Financial Year 2073/74.

4.4.1. As per NFRS. in following situation, in preparation of Financial Statement, IFRIC 12 **should** befollowed:

- The Grantor controls or regulates what services the operator must provide with theinfrastructure, to whom it must provide them(services), and at what price and
- The Grantor controls-through ownership, beneficial entitlement or otherwise- any significant residual interest in the infrastructure at the end of the terms of the agreement.
- The grantor includes public sector entity together with any regulators acting in the public interest.

4.4.2 The Company is setting up the project under the license granted by Department of **ElectricityDevelopment** (DoED) under Ministry of Energy and is required to supply power to NEA pursuant to agreement with NEA and at a rate determined under the contract. The company is bound by rate contract between NEA and the Company as per Agreement including any rate variation. Further in terms of License, significant residual interest in the infrastructure lies with Government.

The company is bound by price agreement between NEA and Company, PPA having been endorsed by Licensing Authority (Department of Electricity Development) and being inseparable condition of the Power Generation License issued by Grantor, price control by Grantor is established as prescribed in IFRIC 12. Further, the grantor controls significant residual interest at the end of terms of the agreement, in terms of IFRIC 12, amongst others having continuing right of use throughout the period of the arrangement and restricting operator's practical ability to sell or pledge the infrastructure.

Accordingly, in our opinion, IFRIC 12 is applicable and its non-compliance has implications on recognition, measurement and disclosure of items impacting the financial statements. The company has not complied with IFRIC 12. Theimpact of the non-adoption/non-compliance on the financial statement has not been ascertained by the management and is not ascertainable at our end as well.

5. Auditors' Opinion:

In our opinion, subject to the observations made in and impact of the above-mentioned paragraphs 4.3, 4.4 and non-adoption/non-compliance of NAS 11 in regard to IFRIC 12 as mentioned in Paragraph 4.5 above, the Financial Statements, read together with the Significant Accounting Policies and Notes to the Accounts forming part of the accounts, give a true and fair view of the financial position of the Company as at Ashad 31, 2076 (July 16, 2019) and the financial performance, changes in equity and cash flows for the year then ended in accordance with applicable Nepal Financial Reporting Standards and comply with provisions of the Companies Act, 2063.

खण्ड - ग

लेखापरीक्षण नगराउने संगठित संस्थाः - लेखापरीक्षण ऐन तथा प्रचलित कानुनको व्यवस्थाअनुसार लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षक समक्ष समयमा स्रेस्ता तथा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने सन्दर्भमा संगठित संस्थाका जिम्मेवार पदाधिकारीलाई महालेखापरीक्षकबाट पटक पटक निर्देशन भएकोमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्ति गरिएका ४५ संगठित संस्था मध्ये निम्नलिखित १२ संगठित संस्थाले १४ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्:

क्र.सं.	संगठित संस्था	आर्थिक वर्ष
१.	गुठी संस्थान	२०७५।७६
२.	नेपाल खानेपानी संस्थान	२०७०।७१,२०६९।७०
३.	गोरखापत्र संस्थान	२०७५।७६
४.	तारागाउँ विकास समिति	२०७५।७६
५.	साँस्कृतिक संस्थान	२०७४।७५, २०७५।७६
६.	बन पैदावार विकास समिति	२०७५।७६
७.	द टिम्बर कर्पोरेशन	२०७५।७६
८.	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७५।७६
९.	मोदी जलविद्युत कम्पनी लिमिटेड	२०७५।७६
१०.	राष्ट्रिय आवास कम्पनी लिमिटेड	२०७५।७६
११.	राष्ट्रिय सहकारी विकास बोर्ड	२०७५।७६
१२.	हेटौंडा सिमेन्ट उद्योग लिमिटेड	२०७५।७६

संगठित संस्थाबाट लेखापरीक्षण ऐनअनुसार लेखापरीक्षकको नियुक्तिको लागि परामर्श माग भएबमोजिम महालेखापरीक्षकको कार्यालयबाट २०७५।७६ मा लेखापरीक्षक नियुक्तिको लागि परामर्श गरिएका ३९ संगठित संस्थाको विगतको समेत गरी ७० आर्थिक वर्षको लेखापरीक्षण परामर्श माग गरेको छ। ३९ संस्थामध्ये ३२ आर्थिक संगठित संस्थाले लेखापरीक्षण गराएको र ७ संस्थाले कुनै पनि आर्थिक वर्षको लेखापरीक्षण गराएको छैन। जिम्मेवार पदाधिकारीलाई महालेखापरीक्षकबाट पटक पटक निर्देशन भएकोमा पनि निम्नलिखित ८ संगठित संस्थाले ३७ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्:

क्र.सं.	संगठित संस्था	आर्थिक वर्ष
१.	साझा स्वास्थ्य सेवा	२०७५।७६
२.	साझा प्रकाशन	२०६८।६९ — २०७५।७६ (८ वर्ष)
३.	ओरियन्टल म्याग्नेसाइट	२०६५।६६ — २०७५।७६ (११ वर्ष)
४.	हिमाल सिमेन्ट	२०५३।५४ — २०५५।५६ (३ वर्ष)
५.	काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड	२०७५।७६
६.	राष्ट्रिय बीमा संस्थान	२०६९।७० — २०७५।७६ (७ वर्ष)
७.	राष्ट्रिय बीमा कम्पनी	२०७३।७४—२०७५।७६ (३ वर्ष)
८.	दुधकोशी जलविद्युत कम्पनी लिमिटेड	२०७३।७४—२०७५।७६ (३ वर्ष)